सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी

विशेष छानबिन प्रतिवेदन

२०८१

संघीय संसद
प्रतिनिधि सभा

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति, २०८१

सिंहदरबार, काठमाडौं

संघीय संसद
प्रतिनिधि सभा
(सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति)

सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००१२०
Email: fpssahakari81@gmail.com

प.सं.: २०८१/०८२
च.नं.:

मितिः २०८१ भदौ ३१

सम्माननीय सभामुखज्यू,
प्रतिनिधि सभा।

विषयः <u>प्रतिवेदन पेस गरिएको</u>।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम मुलुकको वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याको समाधान गर्न प्रतिनिधि सभाबाट मिति २०८१ जेठ १५ गते सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न गठित यस समितिले सभाले प्रदान गरेको कार्यादेश बमोजिम छानबिन कार्य सम्पन्न गरी प्रस्तुत प्रतिवेदन प्रतिनिधि सभामा पेस गरेका छौं।

मा. सूर्य बहादुर थापा क्षेत्री
सभापति

मा. ईश्वरी देवी न्यौपाने
सदस्य

मा. लेख नाथ दाहाल
सदस्य

मा. दिलेन्द्र प्रसाद बडू
सदस्य

मा. शिशिर खनाल
सदस्य

मा. ध्रुव बहादुर प्रधान
सदस्य

मा. सरिता भुसाल
सदस्य

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१



संघीय संसद

प्रतिनिधि सभा

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति

गठन मितिः २०८१ जेठ १५ गते

कार्यारम्भः २०८१ जेठ २३ गते

समितिका माननीय सदस्यहरू

क्र.सं.	पद	नाम, थर	कैफियत
१.	माननीय सभापति	सूर्यबहादुर थापा क्षेत्री	
२.	माननीय सदस्य	इश्वरी देवी न्यौपाने	
३.	माननीय सदस्य	दिलेन्द्र प्रसाद बडू	मिति २०८१ साउन १५ गते समितिमा मनोनीत
४.	माननीय सदस्य	ध्रुबबहादुर प्रधान	
५.	माननीय सदस्य	लेखनाथ दाहाल	
६.	माननीय सदस्य	शिशिर खनाल	
७.	माननीय सदस्य	सरिता भुसाल	

समितिमा आंशिक समय रहनुभएका माननीय सदस्य

क्र.सं.	पद	नाम, थर	कैफियत
१.	माननीय सदस्य	बद्रीप्रसाद पाण्डे	२०८१।०३।३१ मा नेपाल सरकारको मन्त्री नियुक्त

समिति सचिवालयमा कार्यरत कर्मचारीहरू

क्र.सं.	पद	नाम, थर
१.	सहसचिव (समिति सचिव)	श्री बबिता मिश्र
२.	उपसचिव	श्री नुमराज खनाल शर्मा
३.	शाखा अधिकृत	श्री जयराम खड्का
४.	नायब सुब्बा	श्री डिलेश्वरी बिष्ट
५.	कार्यालय सहयोगी	श्री धना मगर

छानबिनमा संलग्न विज्ञ परामर्शदाता

क्र.सं.	पद	नाम, थर
१.	वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट	श्री पियुष आनन्द
२.	अधिवक्ता	श्री राधा जि.सी.
३.	सचिवालय व्यवस्थापन	श्री कल्पना गिरी

मन्तव्य

नेपालको संविधानले अर्थतन्त्रका तीन खम्बाको रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई लिएको देखिन्छ। अर्थतन्त्र र समग्र वित्तीय प्रणालीको महत्त्वपूर्ण खम्बा स्वीकारिएको सहकारी क्षेत्रमा समस्या देखिएको र सहकारीका सदस्यको बचत रकम अपचलन र दुरुपयोग भएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेपछि तत्कालीन प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस र अन्य विपक्षीहरूले संसदीय छानबिन समितिको माग राखी लामो समय सदन अवरूद्ध गरेका थिए। सदनमा उठेका मागका सम्बन्धमा अध्ययन, छानबिन गरी समाधानका उपाय सिफारिस गर्न प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम २०८१ जेठ १५ गते सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा सात सदस्यीय संसदीय छानविन विशेष समिति गठन भएको थियो। सभाले समितिलाई चार कार्यादेशमा सीमित रही सुझाव सिफारिस गर्ने जिम्मेवारी दिएकोमा यस प्रतिवेदनमा सबै कार्यादेशमा केन्द्रित रही सुझाव प्रस्तुत गरिएको छ। समितिलाई प्राप्त तीन महिनाको कार्यावधिमा कार्यसम्पन्न गर्न समय अभाव भएका कारण २०८१ भदौं १८ गते १५ दिन म्याद थप गरिएको थियो र आज नवौं दिन बित्दा नबित्दै सभासमक्ष यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

समितिले जेठ २३ गते पहिलो बैठक बसी कार्यारम्भ गरेको थियो। समितिले आन्तरिक कार्यविधि पारित गरी कार्ययोजनाका आधारमा कामकारबाही सुचारू गरेको थियो। समितिका माननीय सदस्य बद्रीप्रसाद पाण्डे २०८१ असार ३१ गते मन्त्री नियुक्त हुनुभएपछि सभाले माननीय सदस्य दिलेन्द्रप्रसाद बडूलाई मनोनीत गरेको थियो। समितिले आफ्नो कामलाई व्यवस्थित गर्ने सन्दर्भमा विज्ञ समूहको सहयोग समेत लिएको थियो।

समितिले यस अवधिमा आफूलाई प्राप्त कार्यादेशमा केन्द्रित रही समग्र सहकारी क्षेत्रका समस्याहरूलाई जरैदेखि केलाउँदै अध्ययन, विवेचना र विश्लेषण गरी यो साझा निष्कर्ष निकालेको छ। यसबीचमा समितिका ६६ वटा र सचिवालयस्तरका दुईवटा गरी ६८ वटा बैठक बसेका छन्। समितिको ६३औं बैठकमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू उपस्थित भई नेपाल सरकारको तर्फबाट स्पष्ट प्रतिबद्धता राख्नु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु। त्यसैगरी सम्माननीय सभामुख देवराज घिमिरे, माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, माननीय गृहमन्त्री रमेश लेखक, माननीय भूमि व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्री बलराम अधिकारी, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले समितिको कामसँग सम्बन्धित विभिन्न बैठकहरूमा उपस्थित भएर समितिको कामको थालनी गर्न एवं महत्त्वपूर्ण सुझाव उपलब्ध गराउनुभएकोमा आभार व्यक्त गर्दछु। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, महालेखापरीक्षक तोयम राया, महान्यायाधिवक्ता रमेश बडाल, नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीलगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु। समितिले कार्यारम्भ गर्दाकै बखत उपस्थित भई समितिको कार्यादेश (TOR) को मर्म, भावना र औचित्यका सम्बन्धमा स्पष्ट पारिदिनुभएकोमा कार्यादेश तयारी कार्यदलका माननीय सदस्यहरू जीवन परियार, महेशकुमार बर्तौला, रमेश लेखक, हितराज पाण्डे र ज्ञानेन्द्रबहादुर कार्कीप्रति पनि आभार व्यक्त गर्दछु।

समितिले विभिन्न सहकारी संस्थामा रहेका बचतकर्ताको बचत रकम दुरुपयोग र अपचलनमा आरोपित ४७ जना सहकारी सञ्चालक र गोरखा मिडिया नेटवर्क प्रा.लि.सँग सम्बन्धित तीनजना गरी ५० जना तथा सहकारी नियामक निकायमा काम गरिसकेका पाँचजना निजामती कर्मचारीहरूसँग समेत सोधपुछ गरी संघीय संसद र सार्वजनिक रूपमा

उठेका प्रश्नको सम्बन्धमा जिज्ञासा र जवाफ माग गरेको छ। समितिले सोधपुछ गर्नुपर्ने आवश्यकता ठानी सोधपुछ गर्न चाहेकोमा समितिमा उपलब्ध हुन नसकेका गितेन्द्रबाबु राई सहित २९ जनालाई खोजी गरी समितिमा उपलब्ध गराइदिन गृह मन्त्रालयमार्फत नेपाल सरकारलाई पत्राचार गरेकोमा सरकारले ती व्यक्तिहरूलाई उपलब्ध गराउने सन्दर्भमा प्रयास गरेता पनि सफलता प्राप्त हुन नसकेको जानकारी दिएको थियो। त्यस्तै समितिको सोधपुछ गर्नु पर्ने सूचीमा रहेका दुई जनाले लिखित रूपमा प्रेषण गरी समितिमा प्राप्त हुन आएका दुईवटा निवेदन र पत्रलाई समितिको सोधपुछको अङ्ग बनाई सोसमेतका आधारमा विश्लेषण गरी समिति निष्कर्षमा पुगेको हो।

समितिमा सहकारीसँग सम्बन्धित विभिन्न उजुरी र निवेदनहरू प्राप्त भई ती उजुरीको यथोचित सम्बोधनका लागि प्रयास गरिएको थियो। मुलुकमा सहकारी समस्या विकराल राष्ट्रिय समस्या बनिरहँदा समितिले जरैदेखि सहकारीका खास समस्या पहिचान र समाधान गर्नेतर्फ कोशिस गर्ने क्रममा सरोकारवाला विभिन्न निकाय, विज्ञ एवं सरोकारवाला व्यक्तिहरूसँग परामर्श, तथ्य र जानकारीको लागि पत्राचार, छलफल, अन्तरक्रिया र सोधपुछ लगायतका कार्य गरेको थियो। त्यसै सन्दर्भमा समितिले उपत्यकामा रहेका सहकारी संस्था तथा केही सहकारी नियामक निकायका कार्यालयको स्थलगत निरीक्षण समेत गरेको थियो।

मूलतः समितिले यस अध्ययनको क्रममा सञ्चालकको नियतजन्य, परिस्थितिजन्य र कानूनी वा अन्य कारणले समस्यामा परेका सहकारी संस्थाहरूको प्रवृत्तिगत अध्ययन गरी निष्कर्षमा पुगेको थियो। सहकारीका आजको समस्याका मूल कारणहरूमा सञ्चालकहरूको मनोमानी कार्यशैली, बचतकर्ताको कानून विपरीत बचत रकम निजी कम्पनी तथा अन्य व्यापार व्यवसायमा परिचालन लगायत रहेको देखिएका छन्। सदस्य नियन्त्रित स्वनियमनको मूल्य सहकारी संस्थाहरूमा असफल सावित हुँदा आजको समस्या देखिएको पाइयो। साधारणसभा र सहकारीका अन्य क्रियाकलापमा सदस्यहरूले राख्नु पर्ने निगरानी र ध्यान सदस्यहरूले दिएको पाइएन। आफ्नो बचत कहाँ परिचालन भइरहेको छ भन्ने कुरामा सदस्यहरूले चासो समेत नराखी ब्याज रकममा मात्र जोड दिने प्रवृत्ति सहकारी समस्याको अर्को कारण हो भन्ने कुरालाई आत्मसात नगरिएसम्म सहकारी क्षेत्रको पुनर्जागरण र पुनर्उत्थान गर्न कठिन देखियो। अध्ययनका क्रममा खासगरी बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूमा सबैभन्दा बढी समस्या देखिएको छ। सहकारी बचतकर्ताको बचत रकम लगानी गरी खरिद गरिएका सम्पत्ति धितो राखी ऋण लिएकोमा बैङ्क तथा वित्तीय संस्थाहरूले त्यस्तो धितोलाई ऋण मूल्यमै लिलाम गरी सकार गर्ने प्रवृत्ति छानबिनका क्रममा देखिएको छ। त्यस्तै ऋणी सदस्यहरूले धितो राखेको सम्पत्तिलाई सम्बन्धित सहकारी संस्थाले राष्ट्रिय सहकारी बैङ्क र अन्य वित्तीय संस्थामा धितो (Collateral) राखिदिने गरेका कारण आफ्नो ऋण चुक्ता गर्दा समेत धितो फुकुवा नहुने समस्या रहेको पाइएको छ। गोरखा मिडिया नेटवर्क प्रा.लि. मा प्रवाह भएको रकमको बारेमा अध्ययन गर्दा आम्दानी भएको १० करोड बाहेक रकम नै सम्पूर्ण सहकारी संस्थाहरूबाटै लिएको तथा खुलेको छ। त्यसकै अपचलन र दुरूपयोग भएको स्पष्ट देखिएको छ।

संविधानले परिकल्पना गरेको अर्थतन्त्रका तीन खम्बामध्ये आज निजी क्षेत्र फलामको खम्बाका रूपमा, सार्वजनिक क्षेत्र काठको खम्बाका रूपमा र सहकारी क्षेत्र बाँसको खम्बाका रूपमा अवस्थित रहेको अनुभूति गर्न सकिन्छ। कमजोर खम्बाले सिङ्गो अर्थव्यवस्थाको आफूतिर ढल्केको भार खेप्नु अत्यन्त कष्ट भइरहेको छ र यो क्षेत्र यतिबेला धर्मराएको छ। यद्यपि यस क्षेत्रका प्रचुर सम्भावना पनि छन्। हामीले चुनौतिलाई हल गर्दै सम्भावनातर्फ अग्रसर भई सहकारी क्षेत्रलाई सुधारमार्फत पुनर्उत्थान र पुनजगेर्ना गर्नु पर्ने छ। यसका लागि हामी सबैको साझा प्रयास आवश्यक छ।

नेपालको सहकारी क्षेत्रले "नक्कली दृष्टान्त" को महामारी भोगिरहेको छ। विवाह नक्कली, अंशबण्डा नक्कली, पुनःविवाह नक्कली, साधारणसभा नक्कली, प्रतिवेदन नक्कली, शेयर सदस्य नक्कली, ऋणी नक्कली, खाता नक्कली, लेखापरीक्षण प्रतिवेदन

नक्कली, आश्वासन नक्कली, बचनवद्धता नक्कली र सिङ्को कार्यप्रणाली नक्कली। सहकारी होइन, सहकारी विपरीत, कानून विपरीत र इमान विपरीतका कार्य यत्रतत्र अभ्यासमा रहेका छन्। यस स्थितिको अन्त्य गरी सहकारी क्षेत्रको विश्वसनीयता र साख बचाएर पुनर्उत्थान गरी अघि बढाउन हामीले विशेष समितिबाट सतत् कोशिस गरेका छौं।

समितिको कार्यादेशमा रहेका २२ वटा समस्याग्रस्त सहकारी र सार्वजनिक रूपमा प्रश्न उठेका १८ गरी जम्मा ४० वटा सहकारीको बचत रकम रू ७१ अर्ब ३० करोडसहित जम्मा ८७ अर्ब ८९ करोडको दायित्व रहेको देखिन्छ तर उक्त सहकारीहरूमा ५३ अर्ब ७८ करोड ऋण सहित जम्मा सम्पत्ति ८२ अर्ब ३२ करोड मात्र रहेको छ। उक्त ऋण, उठ्नुपर्ने ब्याज, अन्यत्र गरिएको लगानी र गैरबैङ्किङ्ग सम्पत्तिको उठ्ने आधार भने कमजोर देखिएको छ। प्रतिवेदनले कार्यादेशमा केन्द्रित रही केही सुझाव प्रस्तुत गरेको छ। सहकारी संस्थाको नियमनसँग सम्बन्धित सुझाव १४, बचतकर्ताको बचत सुरक्षासँग सम्बन्धित ६, समस्याग्रस्त सहकारी व्यवस्थापनसँग सम्बन्धित ४ र सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी संस्था र सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत कम्पनीमा प्रवाह भएको रकमका सम्बन्धमा ८ वटा सुझाव प्रस्तुत गरिएको छ।

सहकारीको काम, कारबाही, बचत परिचालन, ऋण असुली तथा सहकारी नियमन गर्न प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सरोकार भएका र जोडिएका सरकारी निकायहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, सहकारी विभाग, प्रदेश सहकारी सम्बद्ध निकाय र स्थानीय तहका कर्मचारीहरूसँग छलफल गरी अवश्यक विवरण माग गरिएको थियो। समितिले आफ्नो कार्यसम्पादनमा सहजीकरण र समन्वय गर्न सहकारी विभाग, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र नेपाल प्रहरीका सम्पर्क व्यक्तिहरू तोकेरै सूचनाको साझेदारी गरेको थियो। ती सबै संस्थाका प्रमुख तथा सम्बद्ध पदाधिकारीप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु। तत्कालीन साझा सहकारी अभियानका परिकल्पनाकार समेत रहनुभएका ९७ वर्षीय विश्वबन्धु थापाले समितिमै उपस्थित भई आफ्ना धारणा राखिदिनुभयो, उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस्तै सहकारी महासंघका पूर्वअध्यक्षहरू दीपकप्रकाश बास्कोटा र केशब बडाललले पनि समितिमा आई महत्त्वपूर्ण मार्गनिर्देश गर्नुभयो।

समितिले अध्यननको सन्दर्भमा सहकारी क्षेत्रको कर तथा राजस्व प्रशासनसँग सम्बन्धित रही माग गरिएका विवरण अर्थ मन्त्रालय र मातहतका निकायबाट प्राप्त हुन सकेन। दुई-दुई पटक राजस्व सचिवको उपस्थितिमा निर्देशन दिँदा समेत माग गरिएका विवरण उपलब्ध नहुनुलाई समितिले गम्भीर लापरवाहीका रूपमा लिएको छ। त्यस्तै ७५३ स्थानीय तह नै सहकारीको नियामकका रूपमा रहेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, सचिव, सहसचिवका साथै नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष, महासचिव र कार्यकारी निर्देशकसहित दुई-दुई पटक बैठक बसी तीनपटक मन्त्रालयबाट निर्देशन हुँदा समेत ५३.४ प्रतिशत स्थानीय तहले माग गरिएको विवरण उपलब्ध नगराउनुलाई पदीय दायित्व विपरीत, अनुत्तरदायी र गैरजिम्मेवार कार्यसम्पादनभन्दा अरू केही भन्न सकिन्न। स्थानीय नियामक निकायका प्रमुख प्रशासकीय अधिकृतहरू अटेरी र अनुशासनहीन देखिए। सार्वभौम संसदको निर्देशनको अवज्ञा लोकतन्त्रमा शोभनीय विषय होइन।

समितिको बैठकमा उपस्थित भई महत्त्वपूर्ण सुझाव दिनुहुने पूर्वअर्थमन्त्रीहरू डा. प्रकाशचन्द्र लोहनी, महेश आचार्य, सुरेन्द्रप्रसाद पाण्डे, मुख्यसचिव एकनारायण अर्याल, संघीय संसदका महासचिव पद्मप्रसाद पाण्डेय, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकाल, नेपाल सरकारका सचिवहरू, प्रहरी महानिरीक्षक सहितका उच्च प्रहरी अधिकृतहरू, पूर्वमहालेखापरीक्षक टंकमणी शर्मा (दंगाल), पूर्वसचिवद्वय गोपीनाथ मैनाली र डा. दामोदर रेग्मी, सहकारी क्षेत्रसँग सम्बन्धित यसअघि गठन भएका विभिन्न अध्ययन समिति/कार्यदल/आयोगका अध्यक्ष/संयोजकहरू राधाकृष्ण मैनाली,

डा. युवराज खतिवडा, डा. जयकान्त राउत, गौरीबहादुर कार्की धन्यवादका पात्र हुनुहुन्छ। त्यस्तै राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष ओमदेवी मल्ल, निवर्तमान अध्यक्ष मीनराज कँडेल, उपाध्यक्ष डी.बी. बस्नेत र महाप्रवन्धक चित्राकुमारी थाम्सुहाङलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। पटक-पटकका छलफलमा राष्ट्रिय सहकारी बिकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, सदस्य-सचिव विष्णु पौडेल, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतम र सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेको निरन्तर सहयोग रह्यो, उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ।

समितिको समग्र छानबिन र यो प्रतिवेदन तयारीका सन्दर्भमा हरतरहले सहयोग गर्ने डा. प्रकाशकुमार श्रेष्ठ, प्रा.डा. युवराज लुईटेल, डा. महेशकुमार आचार्य, डा. सुरेश तिवारी, नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक मुक्तिनाथ सापकोटा, नेपाल सरकारका सहसचिवहरू मानबहादुर अर्याल, हुमबहादुर के.सी, सुदर्शन गौतम, शम्भु भट्ट, रुद्रप्रसाद पण्डित, प्रदीप अधिकारी, राष्ट्रिय सहकारी बैङ्क लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाई, पूर्वरजिष्ट्रार केशवप्रसाद रेग्मी, बागमती प्रदेश बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत केशब दाहाल, श्रीधर आचार्य, सुशील पन्त, बिजय पराजुली, माधवप्रसाद तिवारी, सोभित थपलिया अधिवक्ताद्वय टिकाध्वज खड्का र सहदेव बस्नेत विशेष धन्यवादका पात्र हुनुहुन्छ।

सचिवालयको कामको सम्बन्धमा सम्पर्क व्यक्ति रहनुभएका नेपाल प्रहरीका प्रहरी नायब महानिरिक्षक जनक भट्टराई, नेपाल राष्ट्र बैङ्कका उपनिर्देशक डा. रमेशप्रसाद चौलागाईं, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य-सचिव केशवप्रसाद पौडेल, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका निर्देशक शिवहरी पोखरेल, प्रहरी नायब उपरीक्षक धनबहादुर बोहरा, कम्पनी रजिष्ट्रारको कार्यालयका कानून अधिकृत शम्भु निरौला, सहकारी विभागका शाखा अधिकृत देवराज लुइँटेलप्रति धन्यवाद ज्ञापन गर्दछु। समितिमा विज्ञका रूपमा योगदान गर्नुभएका वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट पियुष आनन्द, अधिवक्ता राधा जिसी, सचिवालय व्यवस्थापनमा निरन्तर खट्ने कल्पना गिरी र शंकरबहादुर जि.सी. एवम् प्रहरी निरीक्षक शिशिर थापा, आस्था सुवाल, दिलकुमारी लिम्बु र संगिता शाहीको अहोरात्र खटन स्मरणयोग्य छ। सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सर्वसम्मत रूपमा गठन भएको समितिले सर्वसम्मतिमै १५ दिन म्याद थप भएर प्रतिवेदनको अन्तिम टुङ्गो सहमतिमै लगाएको छ। यस निम्ति समितिमा रहेर अहोरात्र योगदान गर्नु हुने समितिका सबै माननीय सदस्यज्यूहरूलाई म अन्तरहृदयदेखि आभार व्यक्त गर्दछु। समितिको सम्पूर्ण कामको संयोजन गर्नुका साथै अहोरात्र खट्ने समितिका सचिव बबिता मिश्र, प्रतिवेदनलाई अन्तिम रूप प्रदान गर्न अहोरात्र सक्रिय रहने उपसचिव नुमराज खनाल शर्मा, शाखा अधिकृत जयराम खड्का, नायब सुब्बा डिलेश्वरी बिष्ट, फोटोग्राफर शालिग्राम तिवारी र कार्यालय सहयोगी धना मगरलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु।

३१ भदौ २०८१

सूर्यबहादुर थापा क्षेत्री
सभापति
सहकारी संस्थामा बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति

विषय-सूची

परिच्छेद-१

प्रारम्भिक

१.१ पृष्ठभूमि १
१.२ समितिको गठन ४
१.३ समितिको कार्यक्षेत्र ६
१.४ छानबिन विधि ७
१.५ छानबिनको अवधि ८
१.६ छानबिनको सीमा ८
१.७ प्रतिवेदनको संरचना ८

परिच्छेद-२

विश्व सहकारी अभियानः संक्षिप्त झलक

२.१ सहकारीः अवधारणात्मक विकास १०
२.१.१ सहकारीताका पारम्परिक रूपहरू १०
२.१.२ सहकारीताका प्राज्ञिक दृष्टिकोण १२
२.२ सहकारी विकासका चरण १३
२.२.१ परम्परागत अभ्यास १४
२.२.२ सङ्गठित पहल १४
२.३ सहकारीताको अन्तर्राष्ट्रियकरण १४
२.३.१ सिद्धान्तसम्मत आन्दोलन १६
२.४ सहकारी मूल्य र सिद्धान्त १९
२.४.१ सहकारी मूल्यहरू १९
२.४.२ सहकारी सिद्धान्तहरू २०
२.५ सहकारी क्षेत्रको अन्तर्राष्ट्रिय विकास २२
२.५.१ संयुक्त अधिराज्य (बेलायत) २३
२.५.२ जर्मनी २४
२.५.३ संयुक्त राज्य अमेरिका २५
२.५.४ रसिया (रुस) २६
२.५.५ चीन २७
२.५.६ जापान २८
२.५.७ दक्षिण कोरिया २८
२.५.८ भारत २९
२.५.९ श्रीलङ्का ३५
२.५.१० ब्राजिल ३६
२.५.११ केन्या ३७
२.५.१२ युगान्डा ३८
२.५.१३ इजरायल ३८

२.५.१४ ऋण सम्झौताहरू..... ३९
२.६ विश्वका तीनसय ठूला कृषि सहकारीहरू..... ४०
२.७ विश्वव्यापी सहकारी कारोबारमा फ्रेन्चहरूको २५ प्रतिशत हिस्सा..... ४०
२.८ विश्वको सबैभन्दा ठूलो श्रमिक सहकारी मोन्डर्यागन..... ४१

परिच्छेद-३

नेपालमा सहकारीको ऐतिहासिक विकास

३.१ अवधारणा विकासको चरण (२०००-२००५)..... ४४
३.२ प्रारम्भिक (सङ्गठन र नीति निर्माण) चरण (२०१०-२०१६)..... ४५
३.३ नियन्त्रित चरण (२०१७-२०४६)..... ४६
३.३.१ संवैधानिक प्रयास..... ४६
३.३.२ नीतिगत परिवर्तन..... ४६
३.३.३ संस्थागत प्रयास..... ४७
३.३.४ योजनाबद्ध प्रयास..... ४७
३.३.५ कार्यक्रमरूपी प्रयास..... ४८
३.३.६ सहकारी क्षेत्र सुधार..... ५०
३.४ प्रवर्द्धनको चरण (२०४७-२०५७)..... ५०
३.५ बिस्तारको चरण (२०५८-२०६७)..... ५२
३.६ सङ्कट र भविष्य सुनिश्चितताको चरण (२०६८-२०८१)..... ५४

परिच्छेद-४

नेपालमा सहकारी समस्याको अध्ययन र सिफारिस कार्यान्वयन

४.१ समितिले अध्ययन गरेका प्रतिवेदनहरू..... ५७
४.२ अध्ययन गरिएका प्रतिवेदनको सारसंक्षेप..... ५८
४.२.१ केन्द्रीय सहकारी छानबिन समितिको अध्ययन प्रतिवेदन, २०२४..... ५८
४.२.२ साझा विकास योजना, २०३६..... ५९
४.२.३ नेपालमा साझा अभियानको विकास र बिस्तारसम्बन्धी योजनाको प्रतिवेदन, २०४२..... ६०
४.२.४ राष्ट्रिय सहकारी महासंघ परामर्श समिति, २०४७..... ६१
४.२.५ राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यक पर्ने कानूनी स्वरूप तथा संस्थागत व्यवस्था सम्बन्धी उच्चस्तरीय समिति,२०६१..... ६१
४.२.६ उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव समिति, २०६१..... ६३
४.२.७ राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति, २०६१..... ६३
४.२.८ सहकारी क्षेत्रका समस्या समाधानको लागि नीतिगत, प्रक्रियागत र संस्थागत विषयमा सिफारिस गर्न गठित कार्यदल, २०६६..... ६४
४.२.९ बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति, २०६९..... ६५
४.२.१० समस्याग्रस्त बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति, २०६९..... ६५
४.२.११ बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०७०..... ६७
४.२.१२ सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०..... ६८

४.३ समीक्षा संक्षेप ६९

परिच्छेद-५

सहकारी विधिशास्त्र

५.१ संवैधानिक प्रबन्ध ७३
५.१.१ नेपाल सरकार वैधानिक कानून, २००४ ..... ७३
५.१.२ नेपालको अन्तरिम शासन विधान, २००७ ..... ७३
५.१.३ नेपाल अधिराज्यको संविधान, २०१५ ..... ७३
५.१.४ नेपालको संविधान, २०१९ ..... ७४
५.१.५ नेपाल अधिराज्यको संविधान, २०४७ ..... ७४
५.१.६ नेपालको अन्तरिम संविधान, २०६३ ..... ७४
५.१.७ नेपालको संविधान ७५
५.२ कानूनी प्रबन्ध ७६
५.२.१ सहकारी संस्था ऐन, २०१६ ..... ७७
५.२.२ सहकारी बैङ्क ऐन,२०१९ ..... ७८
५.२.३ साझा संस्था ऐन, २०४१ ..... ७८
५.२.४ सहकारी ऐन, २०४८ ..... ७९
५.२.५ राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ ..... ७९
५.२.६ सहकारी ऐन, २०७४ ..... ८०
५.३ नेपालका आवधिक विकास योजनामा सहकारी ८४
५.३.१ पहिलो विकास योजना ८६
५.३.२ दोस्रो योजना ८७
५.३.३ तेस्रो योजना ८८
४.३.४ चौथो योजना ८९
५.३.५ पाँचौ योजना ८९
५.३.६ छैठौं योजना ९०
५.३.७ सातौं योजना ९१
५.३.८ आठौं योजना ९१
५.३.९ नवौं योजना ९२
५.३.१० दशौं योजना ९३
५.३.११ एघारौं योजना ९४
५.४.१२ बाह्रौं योजना ९५
५.३.१३ तेह्रौं योजना ९७
५.३.१४ चौधौं योजना ९७
५.३.१५ पन्ध्रौं योजना ९८
५.३.१६ सोह्रौं योजना ९९
५.४ सहकारीः राष्ट्रिय प्राथमिकता १००
५.४.१ राष्ट्रिय सहकारी नीति,२०६९ ..... १००
५.४.२ आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा सहकारी क्षेत्र १०१
५.५ अन्य कानूनी व्यवस्था १०२

५.५.१ सहकारी संस्था नियमहरू, २०१८ ..... १०२
५.५.२ साझा संस्था नियमहरू, २०४३ ..... १०२
५.५.३ सहकारी नियमावली, २०४९ ..... १०३
५.५.४ सहकारी नियमावली, २०७५ ..... १०४
५.६ सहकारी कानूनको व्याख्या र केही नजिर १०५

परिच्छेद-६

सहकारी सङ्कट समाधान र यसका सीमा

६.१ पृष्ठभूमि ११२
६.२ सहकारीमा समस्या र यसका कारण ११४
६.३ सहकारीमा सङ्कटको समाधान १२०
६.४ सहकारी सङ्कट समाधानमा अन्तर्राष्ट्रिय अभ्यास १२०
६.४.१ सेभिङ्गस् एण्ड लोन सङ्कट समाधानमा अमेरिकी अनुभव १२०
६.४.२ जर्मनीमा बचत सङ्कट समाधान १२५
६.४.३ भारतः सङ्कट बचत तथा ऋणमै १२६
६.४.४ इण्डोनेशिया १२६
६.५ समस्याग्रस्त सहकारी घोषणा प्रक्रिया १२७
६.६ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गठन, कार्यादेश र भूमिका १२८
६.७ सम्पत्ति व्यवस्थापन र यसमा विद्यमान समस्या १२९
६.८ समितिबाट भएका अन्य प्रयास र समस्याहरू १२९

परिच्छेद-७

सहकारीमा वित्तीय सुशासनः निरन्तर अनुगमन, सुधार शून्य

७.१ आधारभूत चुनौति १३१
७.२ स्थलगत निरीक्षणको क्रममा देखिएका मुख्य कैफियतहरू १४१
७.३ नेपाल राष्ट्र बैङ्क र सहकारी १४५
७.४ निष्कर्ष १४६

परिच्छेद-८

सहकारी कसुरमा कारबाही

८.१ परिचय १४८
८.२ कानूनी प्रबन्ध १४८
८.२.१ सहकारी ऐन, २०७४: १४९
८.२.२ मुलुकी अपराध संहिता २०७४ ..... १५२
८.२.३ संगठित अपराध निवारण ऐन, २०७० ..... १५४
८.२.४ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ ..... १५६
८.३ कसुरको वर्तमान अवस्था १५८
८.३.१ कसुरको सूचना दर्ता सम्बन्धी विवरण १५९
८.३.२ अदालतमा दायर भएका मुद्दाहरूको विवरण १५९
८.३.३ सहकारी ठगी एवं रकम हिनामिना सम्बन्धी विचाराधीन मुद्दाको जिल्लागत विवरण १६०
८.३.४ अदालतमा चलेका मुद्दामा भएको सजाय र सोको कार्यान्वयनसम्बन्धी अवस्था १७२
८.४ निष्कर्ष १८०

परिच्छेद-९

समस्यामा रहेका सहकारीका वित्तीय विश्लेषण र देखिएका समस्या

खण्ड कः सहकारीसँग सम्बन्धित वित्तीय विश्लेषण १८१
९क.१ समस्याग्रस्त सहकारीको विश्लेषण १८१
९क.२ सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी संस्थाको विश्लेषण १८१
९क.३ ऋण तथा नोक्सानी व्यवस्थाको तुलना १८२
९क.४ ऋण र बचत खाताको संख्याको तुलनात्मक विश्लेषण १८३
९क.५ कम्पनी तथा सञ्चालकलाई प्रवाह गरिएको ऋण १८४
९क.६ कूल सम्पत्तिमा ऋण लगानी अनुपात विश्लेषण १८४
९क.७ कूल सम्पत्तिमा बचत अनुपात विश्लेषण १८५
९क.८ कूल सम्पतिमा बाह्य ऋण अनुपात विश्लेषण १८६
९क.९ कूल सम्पत्तिमा शेयर पुँजीको अनुपात (Share capital to total asset ratio) विश्लेषण १८६
९क.१० कूल सम्पत्तिमा जगेडा तथा अन्य कोषको अनुपात (Reserves and other funds to total asset ratio) विश्लेषण १८७
९क.११ आयआर्जन नगर्ने सम्पत्ति अनुपात विश्लेषण १८७
९क.१२ तरल सम्पत्ति र कूल बचतको अनुपात (Liquid asset to total deposit ratio) विश्लेषण १८८
९क.१३ कूल ऋणमा ठूला ऋणको अनुपात (Larger value loan to toal loan ratio) विश्लेषण १८९
९क.१४ निष्कर्ष १८९
खण्ड खः गोर्खा मिडिया नेटवर्क प्रा.लि.सँग सम्बन्धित वित्तीय विश्लेषण १९३
९ख.१ गोर्खा मिडिया नेटवर्क प्रा.लि.को शेयर पुँजी १९३
९ख.२ गोर्खा मिडियाले गरेको खर्च विश्लेषण १९४
९ख.३ निष्कर्ष १९६
खण्ड गः समस्यामा रहेका सहकारीका वित्तीय विश्लेषण र देखिएका समस्या १९७
९ग.१ कान्तिपुर सेभिंग्स एण्ड क्रेडिट को-अपरेटिभ लि., मिनभवन, काठमाडौं १९७
९ग.२ गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कूलेश्वर, काठमाडौं २०२
९ग.३ गोरखा सेभिंग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, सातदोवाटो, ललितपुर २०५
९ग.४ कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था, कुमारीपाटी, ललितपुर २०९
९ग.५ नेपाल सहकारी वित्तीय संस्था, नयाँ बानेश्वर, काठमाडौं २१२
९ग.६ श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पुल्चोक, ललितपुर २१४
९ग.७ शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कौशलटार, भक्तपुर २१८
९ग.८ समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड २२३
९ग.९ सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड २२५
९ग.१० सुप्रिम बचत तथा ऋण सहकारी संस्था, बुटवल २२७
९ग.११ सूर्यदर्शन बचत तथा ऋण सहकारी, पोखरा, कास्की २३०
९ग.१२ सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड २३३
९ग.१३ आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड २३७
९ग.१४ स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था, कालिमाटी, काठमाडौं २३९
९ग.१५ इमेज बचत तथा ऋण सहकारी, पोखरा २४३
९ग.१६ तुलसी बहुमुखी सहकारी संस्था २४४
९ग.१७ प्राइम बहुउद्देश्यीय सहकारी संस्था २४६

९ग.१८ लुनिभा बहुउद्देश्यीय सहकारी संस्था २५०
९ग.१९ सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड,पुल्चोक ललितपुर २५३
९ग.२० जेस्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड २५९
९ग.२१ छिपछिपे उपभोक्ता सहकारी संस्था, कावासोती, पूर्वी नवलपरासी २६१
९ग.२२ मित्रमिलन बचत तथा ऋण सहकारी संस्था २६५
सीमित विवरण प्राप्त सहकारीहरू २६६
९ग.२३ पशुपती सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, मानभवन, ललितपुर २६६
९ग.२४ ओरेन्टल को-अपरेटिभ, मैतिदेवी, काठमाडौं २६९
९ग.२५ सोसाइटल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ २७२
९ग.२६ हाम्रो नयाँ कृषि सहकारी संस्था २७३
९ग.२७ कन्जुमर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ २७४
९ग.२८ कुबेर बचत तथा ऋण सहकारी संस्था २७५
९ग.२९ कोहिनूर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड २७७
९ग.३० चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड २७८
९ग.३१ प्रभु बचत तथा ऋण सहकारी संस्था २८२
९ग.३२ भेगास बचत तथा ऋण सहकारी संस्था २८५
९ग.३३ स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड, ... २८६
९ग.३४ स्ट्यान्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि., पुतलीसडक, काठमाडौं २८८
९ग.३५ प्यासिफिक सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड २९४
९ग.३६ बराह बचत तथा ऋण सहकारी संस्था, सुनसरी धरान ३०१
९ग.३७ दर्शन बचत तथा ऋण सहकारी संस्था (कीर्तिपुर) ३०३
९ग.३८ मितेरी बचत तथा ऋण सहकारी संस्था ३०५
९ग.३९ कुमारी बचत तथा ऋण सहकारी संस्था ३०६
९ग.४० क्यापिटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड ३०७
९ग.४१ सहकारीमा समस्या देखापर्नुका कारण ३१३
९ग.४२ सहकारीमा देखापरेका समस्या समाधानका उपायहरू ३१४
९ग.४३ निष्कर्ष ३१४

परिच्छेद-१०

केही सूचकमा हेर्दा राम्रा सहकारी र अनुकरणीय अभ्यास

१०.१ सदस्यहरूसम्म वित्तीय पहुँच बिस्तार ३१७
१०.२ समुदायमा आधारित र सदस्यकेन्द्रित भई चलेका केही प्रतिनिधि सहकारी संस्थाको वित्तीय स्थिति ३१८
१०.३ समुदायमा आधारित र सदस्यकेन्द्रित भई महिलाहरूबाट प्रबर्द्धित केही प्रतिनिधि सहकारी संस्थाहरूको वित्तीय स्थिति ३२३
१०.४सदस्यहरूको उद्यमका लागि स्थापित केही प्रतिनिधिमूलक साना किसान सहकारी संस्थाहरूको २०८१ असार मसान्तको वित्तीय स्थिति ३२७
१०.५ बामगती प्रदेश भित्रका जिल्ला तथा प्रदेशस्तरीय बचत तथा ऋण सहकारी संघहरूको २०८१ असार मसान्तसम्मको अवस्था ३३५

परिच्छेद-११

नेटवर्किङ्ग व्यवसायसँग जोडिएको सहकारी ठगी

११.१ गोल्डक्वेष्टदेखि हर्बो हुँदै सहकारी ३३७

११.२ सङ्गतबाट कामाद हुँदै स्वर्णलक्ष्मी ३३८
११.३ हर्बोबाट गोर्खा ग्रुपसम्म, ९ सय शेयरधनी पीडित ३३९
११.४ नयाँ कम्पनीहरूको सञ्जाल, लगानी नगरी शेयर ३३९

परिच्छेद-१२

सहकारीमा बचत दुरूपयोगः फैलिएको जरा

१२.१ पृष्ठभूमि ३४४
१२.२ गोरखा ग्रुप र ब्रिटिश गोरखा ग्रुप ३४६
१२.३ गोरखामा खटपट र विभाजन ३४७
१२.४ बम्जन परिवारको "सहकारी जालो" ३४८
१२.४.१ दर्जबहादुर तामाङको पहिलो श्रीमती बिबिमाया तामाङको तर्फका सन्तानहरू ३४९
१२.४.२ दर्जबहादुर तामाङको दोस्रो श्रीमती आइतमाया तामाङको तर्फका सन्तानहरू ३४९
१२.४.३ उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., ललितपुर ३४९
१२.४.४ कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., चाबहिल ३४९
१२.४.५ हिमाल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. भक्तपुर ३५०
१२.४.६ बज्रयोगिनी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ३५०
१२.४.७ लालीगुराँस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ३५०
१२.४.८ यूनाइटेड गोरखा सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. ३५०
१२.४.९ स्वर्णलक्ष्मी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. कालीमाटी ३५०
१२.४.१० मुकूल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ३५०
१२.४.११. देवदर्शन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ३५१
१२.४.१२ शिखर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., ठिमी ३५१
१२.४.१३ गोरखाद्वीप सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ३५१
१२.४.१४ कल्याण सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. जावलाखेल ३५१
१२.४.१५ कस्मिक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ३५१
१२.४.१६ मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटी ३५१
१२.४.१७ जनमुक्ति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., धुम्बाराही ३५२
१२.५ सूर्यदर्शनबाट उपत्यकाबाहिर प्रवेश ३५२
१२.६ सूर्यदर्शनपछि ईमेजको जन्म ३५३
१२.७ शिवशिखरको उदय ३५४
१२.८ सूर्यदर्शन र सुप्रिम फाइनान्स कम्पनी ३५४
१२.९ गोरखा विकास बैङ्क ३५४
१२.१० गोरखा विकास बैङ्कमा निर्मल गुरुङको इन्ट्री ३५५
१२.११ निचोड ३५७

परिच्छेद-१३

सहकारी सङ्कट र राजनीतिक दल

१३.१ नेपाली काँग्रेस ३५८
१३.२ नेपाल कम्युनिष्ट पार्टी (एमाले) ३६०
१३.३ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ३६२
१३.४ राष्ट्रिय स्वतन्त्र पार्टी ३६३
१३.५ राष्ट्रिय प्रजातन्त्र पार्टी ३६५

१३.६ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)..... ३६६
१३.७ जनता समाजवादी पार्टी..... ३६८
१३.८ जनमत पार्टी..... ३६९
१३.९ जनता समाजवादी पार्टी नेपाल..... ३६९
१३.१० लोकतान्त्रिक समाजवादी पार्टी नेपाल..... ३७०
१३.११ नागरिक उन्मुक्ति पार्टी..... ३७१
१३.१२ नेपाल मजदुर किसान पार्टी..... ३७१
१३.१३ राष्ट्रिय जनमोर्चा..... ३७१
१३.१४ आम जनता पार्टी..... ३७२
१३.१५ नेपाल समाजवादी पार्टी..... ३७३
१३.१६ नेपाल कम्युनिष्ट पार्टी..... ३७५

परिच्छेद-१४

संघीयतामा सहकारी नियमन

१४.१ पृष्ठभूमि..... ३७६
१४.२ सहकारी नियमनमा देखिएका समस्या..... ३७६
१४.२.१ सहकारीको विकासको स्पष्ट मार्गचित्र नहुनु..... ३७६
१४.२.२ आवश्यकताको आधारमा भन्दा लहडमा सहकारी संस्थाको गठन..... ३७७
१४.२.३ नियमनसम्बन्धी कमजोर कानूनी तथा संस्थागत प्रबन्ध..... ३७८
१४.२.४ एकीकृत दर्ता सूचनाको अभाव..... ३७८
१४.२.५ बचत तथा ऋण सहकारी संस्थाको गैरसदस्यसँग कारोबार..... ३७९
१४.२.५ बचत तथा ऋणको कारोबार संस्थालाई राष्ट्र बैङ्कको नियमन दायरामा नल्याइनु..... ३७९
१४.२.६ बचत तथा ऋण सहकारीको असीमित कार्यक्षेत्र बिस्तार हुनु..... ३८०
१४.२.७ उत्पादनमूलक र बजारीकरणसँग सम्बन्धित सहकारी प्रवर्द्धनमा कमी..... ३८०
१४.२.८ सहकारी ऐन, २०७४ मा नियमन..... ३८१
१४.२.९ सहकारी विभागमा दक्ष जनशक्तिको अभाव..... ३८२
१४.३ संविधानको अनुसूची ५,६,७,८ र ९ मा सहकारी रहनु पछाडिको विधायकी उद्देश्य र कारण..... ३८२
१४.४ नियमन र विद्यमान सहकारी समस्याबीचको सम्बन्ध..... ३८३
१४.५ नियमनका समस्या समाधानका लागि गरिनु पर्ने सुधार..... ३८६
१४.५.१ सहकारी क्षेत्र सुधार..... ३८७
१४.५.२ कानूनी सुधार..... ३८८
१४.५.३ संस्थागत सुधार..... ३९०
१४.६ प्रदेश र स्थानीय तहका नियामकीय क्षमता र व्यवस्थित गरिनु पर्ने सवालहरू..... ३९१

परिच्छेद-१५

सहकारी सङ्कटः स्थलगत निरीक्षणको वस्तुस्थिति

१५.१ अनुगमन गरिएका संस्था तथा कार्यालयहरू..... ३९३
१५.२ स्थलगत अनुगमनबाट प्राप्त विवरणः..... ३९३
१५.२.१ सहकारी विभाग..... ३९४
१५.२.२ स्थलगत अनुगमन गरिएका सहकारी संस्थाहरुः..... ३९५
१५.३ अनुगमन टोलीको निष्कर्ष..... ३९६

परिच्छेद-१६

१६.१ सहकारी कानूनको सीमा र दिशाहिनता ३९९
१६.२ अत्यधिक प्रवर्द्धन, स्वनियमनमा समस्या ४०३
१६.३ कमजोर नियामक, फितलो नियमन ४०५
१६.४ कमजोर अनुगमन र सुपरिवेक्षण ४०६
१६.५ कानून कार्यान्वयनमा उदासिनता ४०७
१६.६ स्वविवेकीय अधिकारको अनियन्त्रित प्रयोग ४०९
१६.७ सहकारी अभियानः सीमारहित नियामक र प्रवर्द्धक ४१०
१६.८ नियमनमा रहेका कानूनी समस्या ४११
१६.९ विषयगत संघ, महासंघः छाता सङ्गठन कि प्रारम्भिक सहकारी ? ४१३
१६.१० सुरक्षणबिनाको बचतः जोखिम र सङ्कटको दीर्घ रोग ४१४
१६.११ बचत तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्रः अपरिहार्य आवश्यकता ४१५
१६.१२ बचत तथा ऋणः सहकारीभित्रको बेलगाम बैङ्किङ्ग कारोबार ४१६
१६.१३ बचत तथा ऋण सहकारीको आर्थिक कारोबार नै मूल समस्या ४१८
१६.१४ व्यवस्थापन समस्यामा उद्देश्यहीन बहुउद्देश्यीय ४२०
१६.१५ आवश्यकता उत्पादन र सेवाकेन्द्रित सहकारी ४२१
१६.१६ सहकारी-कम्पनी लगानी सम्बन्धः कानून विपरीतको अभ्यास ४२३
१६.१७ सहकारी नियमन र अन्तर-तह नियामकीय अधिकार ४२४
१६.१८ दोस्रो तहको नियमन निकायः कार्यान्वयन नभई बितेका दुई दशक ४२५
१६.१९ सहकारी एकीकृत सूचना प्रणालीको अभाव ४२७
१६.२० प्रतिवेदनका सिफारिस कार्यान्यनमा सरकारी उदासिनता ४२९
१६.२१ समस्याग्रस्त सहकारी व्यवस्थापनमा ढिलाई ४३०
१६.२२ सञ्चालन र नियमनको द्वन्द्वमा बचत तथा ऋणको बैङ्किङ्ग कारोबार ४३०
१६.२३ औचित्यको बहसमा बचत तथा ऋण सहकारीको भिन्न नियमन ४३२
१६.२४ सम्पत्तिमा गणनाअयोग्य असुरक्षित ऋण ४३४
१६.२५ सहकारी-गोरखा मिडिया कारोबारः बेखबर सञ्चालक र नियामक ४३५
१६.२६ नयाँ संरचनाको प्रस्तावः वित्तीय अपराध अनुसन्धान ब्युरो ४३६
१६.२७ सम्पत्ति व्यवस्थापनको उपाय विशिष्टीकृत पब्लिक कम्पनी ४३७
१६.२८ संस्थागत नक्कली अभ्यास ४३८
१६.२९ सहकारी सूचना प्रणालीः आवश्यकता अद्यावधिक अभिलेखको ४३९
१६.३० बचत तथा ऋणको सीमा र वित्तीय सुशासनको उपाय ४३९
१६.३० सहकारीको समग्र नियमनःआवश्यकता सक्षम नियामकको ४४०
१६.३१ तत्कालको नियमन भूगोलमाथि सीमा ४४१
१६.३२ नवीकरणीय प्रबन्ध नहुँदा समस्या ४४१
१६.३३ आवश्यकता कर्जा असुली न्यायाधिकरणको ४४२

परिच्छेद-१७

निष्कर्ष

१७.१ कार्यदेश एकमा समितिको निष्कर्ष ४४३
१७.२ कार्यदेश दुईमा समितिको निष्कर्ष ४४४
१७.३ कार्यदेश तीनमा समितिको निष्कर्ष ४४६

१७.४ कार्यदिश चारमा समितिको निष्कर्ष ४४८

परिच्छेद-१८

सुझाव तथा सिफारिस

१८.१ सुझाव तथा सिफारिसहरू ४५२
१८.१.१ कार्यदिश एकका सम्बन्धमा सिफारिस ४५२
१८.१.२ कार्यदिश दुईका सम्बन्धमा सिफारिस ४५४
१८.१.३ कार्यदिश तीनका सम्बन्धमा सिफारिस ४५६
१८.१.४ कार्यदिश चारका सम्बन्धमा सिफारिस ४५७
१८.२ अन्य सुझावहरू ४५९
सन्दर्भ सामग्रीहरू ४६०

अनुसूचीहरू

अनुसूची १: राजनीतिक सहमतिका आधारमा तयार पारिएको समितिको कार्यदिश ४६३
अनुसूची २: समितिको आन्तरिक कार्यविधि ४६६
अनुसूची ३: सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष समितिको ६३औं बैठकमा राख्नुभएको प्रतिबद्धता मन्तव्य ४७६
अनुसूची ४: समितिको बैठक संख्या र बैठकमा आमन्त्रित व्यक्तिहरूको सूची ४८२
अनुसूची ५: समितिको बैठकमा सोधपुछ गरिएका व्यक्तिहरूको सूची ४९४
अनुसूची ६: समितिको बैठकमा सोधपुछ गरिएका व्यक्तिहरूले खुलाउनुभएको विवरण ४९९
अनुसूची ७: फरार रही समितिमा उपलब्ध हुन नसकेका सहकारी सञ्चालकलाई उपस्थित गराइदिनका लागि सरकारलाई निर्देशन दिइएका व्यक्तिहरूको सूची ८७५
अनुसूची ८: फरार रहेका सहकारी सञ्चालकको खोजी सम्बन्धमा गृह मन्त्रालयबाट प्राप्त पत्र ८७७
अनुसूची ९: समितिमा प्राप्त उजुरी/निवेदनहरूको सूची ८८२
अनुसूची १०: राजनीतिक दलहरूबाट प्राप्त सुझाव ८९३
अनुसूची ११: कार्यदिशको अनुसूचीमा रहेका सहकारी संस्थाहरूको वित्तीय विश्लेषण ९९५
अनुसूची १२: गोर्खा मिडिया नेटवर्क प्रा.लि.सँग सम्बन्धित वित्तीय विश्लेषण १००५
अनुसूची १३: सहकारी संस्थाहरूबाट विभिन्न मितिमा गोरखा मिडिया नेटवर्क प्रा.लि.को ग्लोबल आईएमई बैङ्कको खातामा गएको रकम १०११
अनुसूची १४: गोर्खा मिडिया नेटवर्क प्रा.लि.को ग्लोबल आईएमई बैङ्कमा रहेको खाताबाट विभिन्न मितिमा झिकिएको रकम १०१६
अनुसूची १५: गोर्खा मिडिया नेटवर्क प्रा.लि.को आ.व.२०७७/७८ र २०७८/७९को तलबी विवरण १०१९
अनुसूची १६: गोरखा मिडिया नेटवर्क प्रा.लि.को कारोबारसँग सम्बन्धित केही कागजात र रवी लामिछानेले निवेदनसाथ समितिमा उपलब्ध गराउनुभएको नागरिकता १०२५
अनुसूची १७: गोरखा मिडिया नेटवर्क प्रा.लि. को खाता सञ्चालन सम्बन्धी विवरण १०३२
अनुसूची १८: गितेन्द्रबाबु राईलाई यात्रा अनुमति रोक्का राख्ने र राहदानी फुकुवा गरिदिने सम्बन्धी सहकारी विभागको पत्र १०३४
अनुसूची १९: समितिको मिति २०८१ असार २६ गतेको बैठकमा उपस्थित भई धारणा राख्नुहुने सहकारी पीडित बचतकर्ताका प्रतिनिधिहरूको सूची १०४०
अनुसूची २०: सहकारी विभागबाट प्राप्त सहकारी विभागको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संघ, संस्थाहरूको आधारभूत जानकारी, वित्तीय सूचक र कार्यरत कर्मचारीको विवरण १०४२

अनुसूची २१: सहकारी विभागबाट प्राप्त राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघहरू तथा राष्ट्रिय सहकारी बैङ्कको आधारभूत विवरण १०५०
अनुसूची २२: धनराज गुरूङ र ज्योती गुरूङ्गबीच ललितपुर जिल्ला अदालतमा भएको सम्बन्ध विच्छेद २०५२
अनुसूची २३: भरत-राजमाया महर्जनबीच पुनः विवाह दर्ताको लागि पेस भएको सूचना फाराम १०५४
अनुसूची २४: नेपाल सरकार र सहकारी पीडित बचतकर्ता महासंघ संघर्ष समितिबीचका सम्झौताहरू १०५५
अनुसूची २५: समितिले तयार पारेको अनलाइन सर्वेक्षण (Google Form) बाट सहकारी संस्थासम्बन्धी विवरण उपलब्ध गराउने प्रदेश र स्थानीय तहहरू १०६२

परिच्छेद-१

प्रारम्भिक

१.१ पृष्ठभूमि

ऐतिहासिक दृष्टान्तअनुसार नेपालमा बिक्रम सम्बत् २००० सालमै सहकारी स्थापना भएको पाइन्छ। गरीब किसानहरूलाई साहुको ऋणबाट मुक्त गर्न किसानको हडपिएको जग्गाजमिन फिर्ता गराउने समेतको उद्देश्य लिई हालको काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा लाएण्ड मोर्टगेज बैङ्क र को-अपरेटिभ सोसाइटी २००५ साल भदौंमा स्थापना भएको पाइन्छ। तत्कालीन अवस्थामा गरिएको नमूना औद्योगिक सर्वेक्षणको सुझावका आधारमा उक्त संस्था खोलिएको सरदार भिमबहादुर पाण्डेले आफ्नो पुस्तक *त्यस बखतको नेपाल*मा उल्लेख गरेका छन्।[१]

प्रतिवेदनको सिफारिसका सम्बन्धमा तत्कालीन श्री ३ जुद्धशमशेरलाई लामो व्याख्या गरेपछि हाल एक ठाउँमा चलाउनलाई पटके एक लाख रूपैँया र कर्मचारीको दरबन्दी पास गरिदिनू भन्ने आदेश भई सोही कुरालाई सरदार भूपध्वज कार्कीले खड्ग निशाना लगाइदिएपछि सहकारी अर्थात् को-अपरेटिभ सोसाइटीको स्थापना भएको पाइन्छ।[२] सोहीबमोजिम पूर्व १ नम्बर बनेपामा बैङ्क र को-अपरेटिभ सेसाइटीका नाममा जनतालाई ऋण मुक्त गराउने अभियान सरकारले नै सुरु गरेको तथ्य फेला परेको भएतापनि औपचारिक स्तरमा अहिलेसम्म २०१३ साल चैत २० मा स्थापना भएको चितवनको बखानपुर सहकारी ऋण समितिलाई नै पहिलो सहकारी मानी उक्त संस्था स्थापना भएको दिनलाई नेपालमा सहकारी दिवसका रूपमा समेत मनाउने गरिएको छ।

तत्कालीन समयका अति लोकप्रिय राजदास बादे श्रेष्ठको सहयोगमा बनेपामा कृषिदेखि कुटीर उद्योगको केन्द्र, यातायातको सुविधा, पूर्वी पहाडको ढोका जस्तो र बनेपालीहरूको औद्योगिक मनोवृति भएका कारण निज राजदास बादे श्रेष्ठकै नेतृत्वमा लाएण्ड मोर्टगेज बैङ्क र को-अपरेटिभ सोसाइटी स्थापना भएको थियो। नवगठित लाएण्ड मोर्टगेज बैक (साहुको ऋण चुक्ता गरी हलुका ब्याज लिने गरी जमीन साहुबाट निखनी किसानलाई फिर्ता दिने) र को-अपरेटिभ सोसाइटी भन्ने नयाँ अड्डाका हाकिममा गोविन्दप्रसाद गोर्खाली, उनको मातहतमा श्री हरिबहादुर प्रधान, अजिरमान श्रेष्ठ, मुखियामा रामकृष्ण श्रेष्ठ, कारिन्दा हरिकृष्ण मल्ल र पालेहरू तुरुन्त नियुक्ति भएका थिए। बीरगञ्जका भक्तबहादुर श्रेष्ठ मेनेजेर थिए।[३]

श्री ३ कै खड्ग निशानाबाट सदर भएको भएता पनि उक्त संस्थाको कामको उद्देश्य तत्कालीन शासक संरक्षितभन्दा पनि जनतालक्षित थियो। संवत् २००५ चैत्र १ गतेदेखि उक्त संस्थालाई खारेज गरी असिस्टेन्ट हरिबहादुर प्रधान र इन्पेक्टर अंजिरमानसिं प्रधानलाई ५ सय ५० तलब खान पाउने गरी राष्ट्रिय आर्थिक योजना समितिको काममा लगाउने गरी २००६ साल जेठ १० गते निर्णय भएको देखिएबाट पनि उक्त संस्था स्थापनामा सरकारी संलग्नता र स्वामित्वलाई पुष्टि गर्दछ। तथापि नेपालको सहकारी इतिहासमा यस सम्बन्धमा उल्लेख भएको पाइँदैन।

२०१० भदौमा योजना, विकास तथा कृषि मन्त्रालयमातहत सहकारी विभाग खडा गरिएपछि नेपालमा सहकारी विकासको काम थालिएको हो। उक्त विभाग स्थापनाको पूर्वतयारीकै क्रममा २००९ सालमा कोलम्बो योजनाअन्तर्गत दुई जना वरिष्ठ अधिकृतहरूलाई श्रीलङ्का पठाएर सहकारी विकासका विभिन्न पक्षहरूको

---

[१] सरदार भिमबहादुर पाण्डे, त्यस बखतको नेपाल, भाग-२ र भाग-३, पृष्ठ २५३-२६०।

[२] सोही, पृष्ठ २५७।

[३] सोही, पृष्ठ २५८।

जानकारी दिलाइएको थियो। सहकारी संस्थाको गठन, दर्ता र सञ्चालनसम्बन्धी कानूनी व्यवस्थाको अभावपूर्ति गर्न २०१३ साल मङ्सिरमा नेपाल सरकारद्वारा कार्यकारी आदेश जारी गरियो। २०१३ साल चैत २० गते कार्यकारी आदेशअन्तर्गत चितवन जिल्लामा १३ वटा संस्था स्थापना भए। दर्ताक्रम १ मा रहेको बखानपुर सहकारी ऋण समितिलाई नै पहिलो सहकारी संस्था मानिदै आएको छ। सोको तीन वर्षपछि २०१६ सालमा "कृषक, कालिगढ र कम पुँजीवाला व्यक्तिहरूको आर्थिक विकासार्थ स्वावलम्बन, पारस्परिक सहयोग र किफायतको वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न" भन्दै सहकारी संस्था ऐन, २०१६ जारी भयो र मुलुकको सहकारी अभियानले औपचारिक रूपमा कार्य गर्दै आएको छ।

मुलुकको राजनीतिक व्यवस्थामा आएको परिवर्तनसँगै सहकारी क्षेत्रले पनि आरोह र अवरोहको सामना गऱ्यो। सदस्य नियन्त्रित र वास्तविक प्रजातान्त्रिक अभ्यास हुने संस्थाका रूपमा स्वीकारिएको सहकारी क्षेत्र खासगरी नियन्त्रित पञ्चायती व्यवस्थामा धेरै फस्टाउन सकेन। त्यसबखत सरकार नियन्त्रित साझा सहकारी अभियानले सर्वसाधारण जनता समेतको सहभागितामा यो अभियानमा केही योगदान भने अवश्य गरेको छ।

विक्रम संवत् २०४७ सालमा राजनीतिक व्यवस्थामा परिवर्तन आएसँगै सरकारले राधाकृष्ण मैनालीको संयोजकत्वमा एक अध्ययन कार्यदल निर्माण गरी सहकारी अभियानको भविष्यको खाका कोर्ने जिम्मेवारी दिएको थियो।[४] उक्त समितिले भारतका विभिन्न सहकारी संस्थाहरूको अध्ययन समेत गरी सहकारी सञ्चालन सम्बन्धी केही नीतिगत र कानूनी मार्गदर्शनसहित सुझाव पेश गरेको थियो।[५] पछि सोही प्रतिवेदन समेतका आधारमा सहकारी ऐन, २०४८ जारी गरियो। त्यसपश्चात् सहकारी संस्थाहरूको बढोत्तरी निरन्तर रहिरह्यो। उक्त ऐनमा खास गरी बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षणलाई सीमित नियमन समेतको उद्देश्य राखी नेपाल राष्ट्र बैङ्कबाट सहमति लिनु पर्ने[६] गरी प्रबन्ध गरिए अनुरूप त्यसरी अनुमति लिएका संस्थाहरूको संख्या तीन दर्जन नाघेको थियो।

राजनीतिक परिवर्तनको क्रमसँगै निरन्तर चलिरह्यो। २०६२/०६३ को (राजनीतिक परिवर्तनको जगमा) लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र प्रणालीलाई अङ्गिकार गरी २०७२ साल असोज ३ मा जारी नेपालको संविधानअनुरूप सहकारी कानूनलाई पनि परिमार्जन गरियो। २०७४ सालको कार्तिक महिनाको १ गते मुलुकले नयाँ सहकारी कानून अर्थात् सहकारी ऐन, २०७४ पायो। यस ऐनमा सहकारीलाई सदस्यनियन्त्रित स्वनियमनमा आधारित संस्थाका रूपमा परिकल्पना गरी सोही बमोजिमको कानूनी व्यवस्था गरियो र सहकारी संस्थाहरूको बिस्तार निरन्तर भइरह्यो।

सहकारी संस्थाहरूको संख्यात्मक वृद्धि जुन रूपमा भइरहेको थियो, सोही बमोजिम गुणात्मकतामा सुधार हुन सकेन। सहकारी संस्थाहरूमा साना बचतकर्ता शेयर सदस्यसँगै ठूलो-ठूलो रकमसमेत बचत हुन थाल्यो।

---

[४] तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्को मिति २०४७ कार्तिक ३० गतेको निर्णयबाट गठित समितिले २०४७ फागुनमा प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाएको थियो। समितिका सदस्यहरू सुवास नेम्वाङ्, डा. मदनकुमार खतिवडा, डा. चैतन्य मिश्र, मुकुन्दराज सत्याल र कुलचन्द्र अधिकारी तथा सदस्य-सचिव भोगेन्द्र चौधरी "भुवन" रहनुभएको थियो।

[५] समितिका संयोजक राधाकृष्ण मैनालीले समितिको मिति २०८१।०३।१६ को बैठकमा गराउनु भएको जानकारीमा आधारित।

[६] सहकारी ऐन, २०४८ मा २०५७।०८।२१ मा भएको पहिलो संशोधनबाट उक्त ऐनको दफा २६ मा "बैङ्किङ्ग कारोबार गर्न सक्ने" भन्ने शीर्षक अन्तर्गत उपदफा (१), (२) र (३) मा देहायको व्यवस्था रहेको पाइन्छः-

"(१) संस्था वा संघले आफ्ना सदस्यहरूबाट बचत निक्षेप स्वीकार गर्न र आफ्ना सदस्यहरूलाई कर्जा दिन सक्नेछ।

(२) संस्था वा संघले उपदफा (१) मा उल्लिखित कारोबार बाहेक आफ्ना सदस्यहरूभित्र मात्र सिमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ। यस्ता संस्था वा संघले नेपाल राष्ट्र बैङ्कले तोकेको शर्त तथा दिएको निर्देशन पालन गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भई कारोबार गरेका संस्था वा संघले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (१) वा उपदफा (२) बमोजिम कारोबार सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।"

उद्यमशीलता, उद्योगधन्दा र कलकारखानाको विकास सोचेअनुरूप हुन नसकेका कारण ६० को दशकबाटै सहकारीमा जम्मा भएको बचत रकम बढ्न थाल्यो। कर्जा प्रवाह कम भई रकम थुप्रिन थालेपछि सहकारी संस्थाहरूले सहकारीको भावना र मर्मविपरीत बचतकर्ताको बचत रकम असुरक्षित ढङ्गले अनुत्पादक क्षेत्रमा लगानी गर्न थाले र सहकारी क्षेत्रमा सङ्कट बढ्दै गयो। सहकारी ऐन, २०७४ पछि यसमा संख्यात्मक बढोत्तरी भयो। सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताले बचत रकम फिर्ता नपाउने स्थिति बनेपछि सहकारीका मुख्य सञ्चालकहरू मुलुक छाडेर भाग्नेसम्मको स्थिति बन्यो।

यस पृष्ठभूमिका सहकारी संस्थामा बचतकर्ताको बचत रकमको सुरक्षा हुन नसकेको र राज्य सञ्चालनको महत्त्वपूर्ण औपचारिक भूमिकामा रहेका राजनीतिज्ञहरूको नै यस्तो कार्यमा सहभागिता रहेको भन्ने गुणासो बढ्दै गयो।

बचतकर्ताको बचत रकम सुरक्षाको प्रश्न सार्वजनिक फोरम हुँदै संसदसम्म पुग्यो र सडक र सदनमा एकैपटक आवाजहरू उठ्न थाले। खासगरी तत्कालीन समयको प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले यस विषयमा संसदीय छानबिन समितिको माग गरी निरन्तर संसद अबरूद्ध गरेका कारण लामो समयसम्म संसद अवरूद्ध रह्यो।

सो सम्बन्धमा नेपाली काँग्रेसका प्रमुख सचेतक रमेश लेखकले मिति २०८० चैत ६ गतेको बैठकमा सहकारी संस्थाहरूमा लाखौं नागरिकहरू आफूले जम्मा गरेको रकम हिनामिना, अपचलन र दुरुपयोग भएबाट पीडित भएको र सरकारका माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेजी उक्त कार्यमा संलग्न रहेको उल्लेख गर्दै "माननीय मन्त्रीजी अनुसन्धानको घेरामा आउनुभो, राज्यको कुनै सक्षम निकायले अनुसन्धान गर्नुपर्ने स्थिति भयो भने त्यस्तो माननीय मन्त्रीजी मन्त्रीको पदमा रहन पाउनुहुन्न, रहनुहुन्न। त्यसकारण उहाँले राजिनामा गर्नुपर्दछ" भन्ने माग गर्नु भएको थियो। सोही सम्बोधनमा उहाँले भन्नु भएको थियो, "एउटा छानबिन समिति गठन गरौं, यो संसदीय अभ्यास हो, संसदभित्र संसदको छानबिन समिति गठन गरौं र दुधको दुध पानीको पानी निष्पक्ष छानबिनको वातावरण सुनिश्चित गरौं" भनी संसदीय समिति गठनको प्रस्ताव गर्नुभएको थियो।[७]

त्यस्तै सदन अवरोधकै बीचमा मिति २०८० चैत ७ गतेको बैठकमा माननीय सदस्य इश्वरीदेवी न्यौपानेले अप्ठ्यारोमा काम लाग्छ भनेर आफ्नो र आफ्नो बच्चाको समेत "पेट काटेर" १०/२० रुपैयाँ गर्दै सहकारीमा जम्मा गरेको पैसा हिनामिना भयो। त्यो हिनामिना गर्नेलाई कारबाही र पीडितको पैसा फिर्ता हुनुपर्दछ। त्यो हिनामिना गर्नेमध्येको एक वर्तमान गृहमन्त्री रवि लामिछानेज्यू हुनुहुन्छ। यो हामीले भनेको होइन सूर्यदर्शन सहकारी पीडितले उजुरी गरेपछि गठन गरेको विज्ञटोलीको रिपोर्टको पृष्ठ ७८ मा उल्लिखित तथ्य हो। उहाँले सदनमा प्रधानमन्त्रीले सम्बोधन गरी प्रमाण छैन भनेकोमा आपत्ति जनाउँदै पीडितलाई न्याय चाहिएको र सोका लागि समिति गठन गर्नु पर्ने देखिएको हुँदा सदनमा समिति गठन भएन भने प्रतिपक्षले सदन अवरुद्ध गर्ने उल्लेख गर्नुभएको थियो।[८]

हाल यस समितिका सभापति समेत रहनुभएका माननीय सदस्य सूर्यबहादुर थापा क्षेत्रीले २०८० चैत २८ गते सदनमा बोल्दै तत्कालीन प्रतिपक्षी दलले उपप्रधान एवं गृहमन्त्री रवी लामिछानेलाई बोल्न नदिएकोमा

---

[७] माननीय रमेश लेखकले उक्त दिन सदनमा बोलेको पूर्णपाठ संघीय संसदको सम्पूर्ण विवरण अभिलेखबाट र सोसँग सम्बन्धित भिडियो https://hr.parliament.gov.np/np/videos/Meeting-of-House-of-Representative-2024-March-19-Tuesday-11-00-AM-1710859226 बाट प्राप्त गर्न सकिन्छ। यो लिङ्क मिति २०८१ भदौं १६ गते हेरिएको हो।

[८] माननीय इश्वरीदेवी न्यौपानेले उक्त दिन सदनमा बोलेको पूर्णपाठ संघीय संसदको सम्पूर्ण विवरण अभिलेखबाट र सोसँग सम्बन्धित भिडियो https://hr.parliament.gov.np/np/videos/Meeting-of-House-of-Representative-2024-March-20-Wednesday-11-00-AM-1710941298 बाट प्राप्त गर्न सकिन्छ। यो लिङ्क मिति २०८१ भदौं १६ गते हेरिएको हो।

सार्वभौम जनताको सार्वभौमिकताको अभ्यास हुने थलोमा बोल्न पाउनु पर्ने बताउनुभएको थियो। उहाँले एजेन्डा उठाउँदा प्रतिपक्षमा भए पनि सत्तापक्षमा भए पनि तथ्यमा आधारित भएर उठाइएको छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण हुने उल्लेख गर्नु भयो। सहकारीमा बचत रकम अपचलनको विषय आज देशव्यापी घरघरको, समाजको, टोलटोलको र राष्ट्रको बहसको विषय भएको भन्दै यसको सम्यक बहस चाहेको उल्लेख गर्नुभयो। सहकारीको विषय बचतकर्ताको बचतलाई सुरक्षित गर्ने विषय भएको र व्यक्तिकेन्द्रित नभई विषयकेन्द्रित विवाद भएको हुँदा सहकारीका सन्दर्भमा राष्ट्रिय बहस सिर्जना गरी समाधान खोज्नु पर्ने उल्लेख गर्नु भयो। उहाँले सत्ता र प्रतिपक्षको सौदाबाजी र दाउपेचको विषय नबनाउन समेत अनुरोध गर्नुभएको थियो।[९]

त्यस्तै माननीय गगनकुमार थापाले २०८१ बैशाख १८ गते सदनमा बोल्दै सहकारी ठगीका सन्दर्भमा यो संसद्ले छानबिन समिति बनाओस् भन्नुहुँदै संसदले छानबिन समिति बनाउँदै गर्दा, त्यहाँ सबै दलका माननीयहरू रहने र माननीयहरूले नयाँ तथ्य नबनाउने उल्लेख गर्नुभयो। समिति बनाएर छानबिन गरिदिए, सबैले थाहा पाउँने हुँदा कोही डराउनु नपर्ने बताउदै प्रहरी र महान्यायाधिवक्तालाई दुरुपयोग गरिएको समेत बताउनुभयो। उहाँले प्रमुख प्रतिपक्षी दलले गम्भीरताका साथ यो विषय उठाइसकेपछि संसदीय छानबिन समिति बनाउन अरु केही पनि चाहिँदैन, सरकार तपाईहरूले चलाउनुहोस् भन्दै संसदीय समिति गठन गर्न माग गर्नुभएको थियो।[१०]

सदनमा निरन्तर उठेको विषयमा आफूलाई सदनमै जवाफ दिन नदिएकोमा गुणासो पोख्दै आउनुभएका तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रवी लामिछानेले २०८० जेठ ६ गते सदनमा जवाफ दिनुभएको थियो। उहाँले आफू छानबिनका लागि तयार रहेको र आफ्नो दलसम्बद्ध कुनै सदस्य संलग्न नरही निष्पक्ष छानबिन गर्नु परेमा पनि तयार रहेको उल्लेख गर्नुभएको थियो। राज्यका नियमित अङ्गबाटै सम्पादन हुन सक्ने काममा नियमित रूपमा काम भइरहेको भन्दै उहाँले सदनबाट निर्माण गरिने नजिरका बारेमा भने सोच्न आग्रह गर्नुभएको थियो।[११]

सदनमा नियमित उठेका यही विषयलाई सम्बोधन गर्ने सम्बन्धमा राजनीतिक सहमति गरी राजनीतिक प्रतिनिधित्वका आधारमा गठित समितिले विशेष समितिको कार्यादेशमा सहमति गरी मस्यौदा गरेको समितिको कार्यादेश बमोजिम राजनीतिक सहमतिकै आधारमा वर्तमान सहकारी क्षेत्रमा रहेका समस्या समाधान एवं बचतकर्ताको बचत रकमको सुरक्षालाई केन्द्रमा राखी चार बुँदे कार्यादेश सहित संघीय संसदको प्रतिनिधि सभाले २०८१ जेठ १५ गते यस सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति गठन गरेको हो।

१.२ समितिको गठन

संसदीय समितिहरू मिनी पार्लियामेन्ट हुन्। संसदमा पहिलो अधिवेशन प्रारम्भ भएपछि वा संसदीय समिति गठन भएदेखि संसदको कार्यकालभर निरन्तर क्रियाशील रहन्छन्। यद्यपि समिति सदस्यको कार्यकाल निर्धारित

---

[९] माननीय सूर्यबहादुर थापा क्षेत्रीले उक्त दिन सदनमा बोलेको पूर्णपाठ संघीय संसदको सम्पूर्ण विवरण अभिलेखबाट र सोसँग सम्बन्धित भिडियो https://hr.parliament.gov.np/np/videos/Meeting-of-House-of-Representative-2024-April-10-Wednesday-11-00-AM-1712758782 बाट प्राप्त गर्न सकिन्छ। यो लिङ्क मिति २०८१ भदौं १६ गते हेरिएको हो।

[१०] माननीय गगनकुमार थापाले उक्त दिन सदनमा बोलेको पूर्णपाठ संघीय संसदको सम्पूर्ण विवरण अभिलेखबाट र सोसँग सम्बन्धित भिडियो https://hr.parliament.gov.np/np/videos/Meeting-of-House-of-Representative-2024-May-10-Friday-2-00-PM-1715336980 बाट प्राप्त गर्न सकिन्छ। यो लिङ्क मिति २०८१ भदौं १६ गते हेरिएको हो।

[११] माननीय रवी लामिछानेले उक्त दिन सदनमा बोलेको पूर्णपाठ संघीय संसदको सम्पूर्ण विवरण अभिलेखबाट र सोसँग सम्बन्धित भिडियो https://hr.parliament.gov.np/np/videos/Meeting-of-House-of-Representative-2024-May-19-Sunday-4-30-PM-1716122285 बाट प्राप्त गर्न सकिन्छ। यो लिङ्क मिति २०८१ भदौं १६ गते हेरिएको हो।

गरिएकोमा सदस्यको पदावधि भने समाप्त हुन सक्दछ। संसदले दिएको निर्देशन बमोजिम कुनै पनि विषयमा सघन छलफल गरी संसदीय समितिहरूले राज्य व्यवस्था सञ्चालनका लागि मार्गदर्शन गरिरहेका हुन्छन्।

नेपालको संविधानमा संघीय संसदका दुवै सदन प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानून बमोजिम समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ।[१२] त्यस्तै सभाहरूले आफ्नो काम कारबाही र कार्यविधिलाई नियमित गर्ने सम्बन्धमा जारी गर्ने नियमावलीबाट पनि आवश्यकता अनुसार समिति गठन गर्न सक्ने व्यवस्था संविधानमा गरिएको छ।[१३] संविधानले प्रदान गरेको सोही नियम बनाउने अधिकारअन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभाले आ-आफ्ना नियमावलीहरू पारित गरी जारी गरेर संसदमा स्थायी समिति र विशेष समितिको गठन हुने व्यवस्था गरेका छन्। जारी प्रतिनिधि सभा नियमावली र राष्ट्रिय सभा नियमावलीले पनि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था गरेको छ।[१४] नियमावलीहरू बमोजिम प्रतिनिधि सभामा १० वटा र राष्ट्रिय सभामा चारवटा स्थायी समितिहरू गठन भई क्रियाशील रहेका छन्। त्यसका अतिरिक्त विशेष विषयमा तोकिएको अध्ययन गरी प्रतिवेदन दिन पनि संसदीय विशेष समितिहरू गठन गर्न सकिने र त्यस्तो समिति गठन गर्नु परेमा समितिले गर्नु पर्ने काम र समयावधि समेत उल्लेख गरी समितिमा रहने सदस्यहरूको नामावलीसहितको प्रस्ताव सभामुख-अध्यक्षले बैठकमा प्रस्तुत गर्नु पर्ने व्यवस्था रहेको छ।[१५]

यसका अतिरिक्त दुवै सदनको सरोकार र सम्बन्ध जोडिएको विषयमा संयुक्त समिति समेत गठन हुन सक्ने प्रबन्ध संविधानले गरेको छ। त्यसरी संयुक्त समिति गठन गर्दा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यको प्रतिनिधित्व ५:१ को अनुपातमा हुनेगरी गर्नु पर्ने र समिति बढीमा २५ सदस्यीय हुने व्यवस्था गरिएको छ।[१६] त्यसका अतिरिक्त संविधानका अलग-अलग धाराले निर्देशित गरेबमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समिति र संसदीय सुनुवाइ समिति संघीय संसदका दुवै सदनको प्रतिनिधित्व रहने गरी गठित एवं क्रियाशील स्थायी संयुक्त समितिहरू रहेका छन्।[१७]

त्यस्तै प्रतिनिधि सभा र राष्ट्रिय सभाले विशेष समितिको गठन गर्न सक्ने व्यवस्था पनि नियमावलीले गरेका छन्।[१८] सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम सभाले गठन गरेको विशेष समिति हो। संघीय संसदमा तत्कालीन प्रमुख विपक्षी दल नेपाली काँग्रेस र अन्य विपक्षी दलका प्रतिनिधि सभाका सदस्यहरूले मुलुकको वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याको बारेमा उठाएका मुद्दा र कानून विपरीत बचतकर्ताहरूको बचत रकम दुरुपयोग भएको सम्बन्धमा अध्ययन गर्नका लागि यस समितिको गठन भएको हो।[१९] समितिलाई मुख्य चारवटा कार्यदिशामा केन्द्रित रही सुझाव सिफारिस गर्ने कार्यदिश प्रदान गरिएको छ। समितिको कार्यावधि तीन महिना निर्धारण गरिएको छ।

---

[१२] धारा ९७, नेपालको संविधान।

[१३] धारा १०४ को उपधारा) १(, नेपालको संविधान।

[१४] नियम १७२, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १४६, राष्ट्रिय सभा नियमावली, २०७५।

[१५] नियम १८०, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १६७, राष्ट्रिय सभा नियमावली, २०७५।

[१६] धारा ९७ को उपधारा (२), नेपालको संविधान।

[१७] नेपालको संविधानको धारा ५४ ले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समिति र धारा २९२ ले संसदीय सुनुवाइ समिति संघीय संसदका दुवै सदनको प्रतिनिधित्व रहने गरी गठन हुने प्रबन्ध गरेका छन्। ति समितिहरू धारा ९७ को उपधारा (२) बमोजिम गठन भएका संयुक्त समिति भने होइनन्।

[१८] नियम १८०, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १६७, राष्ट्रिय सभा नियमावली, २०७५।

[१९] प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेले समिति गठनका लागि प्रस्ताव गर्दाका बखत सभाको मिति २०८१।०२।१५ को बैठकमा वाचन गरेको व्यहोरा।

समितिमा देहायका माननीय सदस्यहरू रहनुभएको छः-

१. माननीय सभापति सूर्यबहादुर थापा क्षेत्री
२. माननीय सदस्य इश्वरी देवी न्यौपाने
३. माननीय सदस्य दिलेन्द्र प्रसाद बडू*
४. माननीय सदस्य ध्रुबबहादुर प्रधान
५. माननीय सदस्य लेखनाथ दाहाल
६. माननीय सदस्य शिशिर खनाल
७. माननीय सदस्य सरिता भुसाल

समितिले मिति २०८१।०२।२३ गतेबाट कार्यप्रारम्भ गरेको थियो। सुरूदेखि नै समितिमा रहनुभएका माननीय सदस्य बद्रीप्रसाद पाण्डेले २०८१।०३।३० सम्म सदस्यको रूपमा कार्य गर्नुभएको थियो।

१.३ समितिको कार्यक्षेत्र

समितिलाई चारवटा कायदिशमा सीमित रही कार्य गर्ने गरी कायदिश तोकिएको छ। प्रतिनिधि सभाको मिति २०८१ जेठ १५ गतेको बैठकबाट स्वीकृत प्रस्तावअनुसार समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्:-

(क) सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानूनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने,

आर्थिक वर्ष २०६२/०६३ तिर पुष्पराज सहितले स्थापना गरेको कामाद सहकारीलाई पनि सञ्चालकहरूको इच्छाविपरीत कब्जा गरेर अरु सहकारीमा एकीकरण गराएको देखिन्छ। कामाद सहकारीका अरू सञ्चालकहरूको शेयर आफुखुसी शून्य बनाइदिएको, बैङ्क खाताको पैसा पनि आफुखुसी चलाउने गरेका थिए। सहकारी एकीकरणपछि कतिपय बचतकर्तालाई पासबुक पनि नबनाइदिएको वा पैसाको ग्राहकलाई हिसाब दिएका थिएनन्।[१३१] शेयरधनी र बचतकर्ताको पनि छुट्याएर २/३ करोडको कारोबार नमिलाएको तर स्वर्णलक्ष्मी र प्रणोदयिनीका कानूनी समस्याहरू लुकाउन कामादको विधान प्रयोग गर्न एकतर्फी एकीकरण गरेर हिसाब नदिएको भन्ने निवेदन यस समितिमा पनि परेको देखिन्छ।

---

[१३०] पुष्पराज पौडेल (पुरूष)ले समितिमा २०८१ भाद्र ६ मा भएको सोधपुछमा यस्तो कुरा खुलाएका हुन्। सोधपुछको पूर्ण विवरण अनुसूचीमा समावेश छ।

[१३१] एकीकरणपछि उक्त सहकारीलाई गितेन्द्रबाबुले स्वर्णलक्ष्मी बनाएका थिए।

११.३ हर्बोबाट गोर्खा ग्रुपसम्म, ९ सय शेयरधनी पीडित

हर्बो इन्टरनेसनल प्रा.लि. र साविक हाम्रो ग्रुप अफ कम्पनी हाल गोर्खा ग्रुप अफ कम्पनी प्रा.लि. लाई आफ्नो हिसाब मिलाउन हर्बोका तत्कालिन अध्यक्ष गोकूल श्रेष्ठले जग्गा दिने निर्णय भएको तर किर्ते कागज बनाएर निज गितेन्द्रबाबु राईले दुबै कम्पनीलाई ठगी गरेको देखियो। त्यसैले उक्त जग्गाहरूको विषय अहिले पनि विवादित छ।

गोर्खा ग्रुप र हर्बोको नाममा जग्गा पास गरेको भनेर लालपूर्जा ल्याएर दिने र जग्गा किन्ने कार्य लगायत कम्पनीको कारोबार सबै गोकूल श्रेष्ठले गर्ने गरेको देखिदा गोकूल श्रेष्ठ र गितेन्द्रबाबु राई गोर्खा ग्रुपमा सञ्चालक समितिमा सँगै काम गरेका र अन्य कम्पनीमा पनि साझेदार देखिएकाले र जग्गा किन्न भनेर हर्बोको ४ करोड भन्दा बढी र जिबी राई बाट १ करोड २५ लाख पैसा पनि गोकूल श्रेष्ठले लगेको देखिएको तर अहिले आएर कम्पनीको नाममा उक्त जग्गा रहेको देखिँदैन। गितेन्द्रबाबु राई र गोकूल श्रेष्ठ दुबै जनाले कागजपत्र पनि नदिने, जानकारी पनि नदिने हर हिसाव पनि नगर्ने गरेर पुष्पराज पुरुष लगायत गोर्खा ग्रुपका ९०० भन्दा बढी शेयरधनीहरूलाई ठगी गरेको भन्ने अर्को छुट्टै विवाद रहेको छ।[132]

११.४ नयाँ कम्पनीहरूको सञ्जाल, लगानी नगरी शेयर

गितेन्द्रबाबु राई राई सञ्चालक समितिमा आएपछि प्रणोदयिनी सहकारी र स्वर्णलक्ष्मी सहकारीबाट ऋण लिएर नेचरनेस्ट प्रा.लि. र ८४ परिकार कम्पनी, कपास सटिङ् एण्ड सुटिङ कम्पनी र कामद बहुउद्देश्यीय सहकारी लगायत सञ्चालन गरेका गितेन्द्रबाबु राईले सबै कम्पनी सम्पत्ति र सहकारी कब्जा गरेर लेखापरीक्षणमा कुनै हिसाब सम्म नदेखाएको र खिमानन्द कँडेल र पुष्पराज पुरुषको नामबाट ऋण पनि नहटाएको तथा लगानी पनि हिसाब नगरिदिएको देखिन्छ। कम्पनी जिम्मा लिएपछि कम्पनीको ऋणधन पनि जिम्मा लिनेकै हुनु पर्ने हो तर जिबी राईले पैसा र शक्तिको दुरुपयोग गरे, तर हिसाव मिलाएनन्।

गितेन्द्र बाबु राई (जिबी राई)ले आफु खुसी कम्पनी चलाउन शेयरधनी बाट अवरोध भए पछि कानूनी झन्झटबाट बच्न आफ्ना कर्मचारीको नाममा शेयर पटक-पटक किनबेच र नामसारी गरेको देखिएको छ। अझ पैसा नै नहाली कागजपत्र मिलाएर आफु खुसी आफ्नै ग्रुपको शेयर किर्ते गरी धेरै बनाएर बहुमत देखाएर कम्पनीहरू नियन्त्रण गरेको भन्ने पनि निवेदन आएकोले कारबाही चलाउनु पर्ने देखिन्छ।

नयाँ बानेश्वरमा भएको ८/९०० शेयरधनीहरूको ८४ परिकार रेष्टुरेण्ट र कपास टेलरिङ रहेको त्यो स्थानमा नाटकीयरूपमा जिबी राईले आफ्नो निजी रेस्टुरेण्ट चलाए र पछि निजी सरह बेचे र पब्लिक कम्पनीको सम्पत्ति नीजि बनाए भन्ने रोदन उनका साझेदारहरूको अहिले पनि छ।

राईले त्यसपछि तिनकुनेमा रहेको ९ आनामा बनेको २ वटा घर जग्गा, काभ्रे र मकवानपुर ठिङ्गनका लगभग ३०० रोपनी जग्गा, जयसङ्गत आश्रमको नाममा भएको गोदावरीको ६ रोपनीभन्दा बढी जग्गा, वाँडीगाउँको १४ रोपनी जग्गा, बडिखेलको २० रोपनी जग्गा र भक्तपुरको ५ रोपनीभन्दा बढी जग्गा लगायत अन्य सहयोगी सदस्यहरूको लगानी सम्पत्ति सबै विभिन्न नाममा

---

[132] पुष्पराज पौडेल (पुरूष)ले यस समितिमा दिएको निवेदनमा खुलाएको तथ्यका आधारमा।

नामसारी गरिदिएको तर सम्झौताअनुसार कम्पनी र सम्पत्तिहरू लिएपछि गोकूल श्रेष्ठ र जिबी राईको मिलेमतोमा हिसाब नगरेको र कम्पनी र सम्पत्ति लिएर भागेकोले लगभग ५० करोड जतिको ठगी गरिएको भन्ने दावी गरिन्छ।

हर्बोको २ लाख ५० हजार मान्छे भएको संगठनको सफ्टवेयर नेचर हर्ब्स भन्ने निजी कम्पनीमा लगेर जिबी राईले प्रयोग गरेको र हरेक व्यक्तिबाट हर्बोको अपडेट भनेर गैरकानूनीरूपमा २५/३० हजार सामान पनि नदिई २५/३० करोड पैसा उठाएको र उक्त कुरा कान्तिपुर दैनिक पत्रिकामा समाचार आएपछि रातारात आफ्नो मातहतका कर्मचारीको नाममा शेयर नामसारी गरेर सबै कम्पनीबाट शेयरधनीलाई सूचना नदिई आफै हटेको कागज खडा गरेको हुँदा नेचर नेस्ट र नेचर हर्ब्सको सबै कारोबार छानबिन गर्नु पर्ने पुष्पराज समूहको माग पनि छ। सोही नेचर हर्ब्स कम्पनीमा २०७७ सालतिर सेवानिवृत्त प्रहरी नायब निरीक्षक छबिलाल जोशी जीबी राईको व्यावसायिक साझेदार बनेर भित्रिएका थिए। सोही बखत नेचर हर्ब्सको प्रतिनिधित्व गरी जोशी डाइरेक्ट सेलिङ्ग एसोसीयसनको अध्यक्ष समेत बन्नुभएको थियो।[१३३]

गोर्खा ग्रुप अफ कम्पनीमा लगानी गरेका १/१ लाख हाल्ने ८/९ सय शेयरधनीहरूले भने विशेष साधारणसभा माग गर्न थालेका छन्। विशेष साधारणसभा गरेर नयाँ सञ्चालक समितिले छानबिन गरेर हिसाब हेर्दा जिबी राईका अरु थप गल्तिहरू देखिने बुझिएको छ। गोर्खा ग्रुपचाहिँ निजी प्रा.लि. कम्पनी नभएको र लिमिटेड कम्पनी देखिएकोले साधारणसभा गरेर नयाँ सञ्चालक समिति गठन गर्न दिनु पर्ने देखिएको छ। त्यसमा सहकारीको कति पैसा अपचलन भएको छ भन्ने बारे पछि सुचना आउने नै छ।

समग्रमा जिबी राईको समूहले हर्बो र गोर्खा ग्रुपका मातहतका व्यक्ति र कम्पनीहरूमा सहकारीको पैसा ऋण दिने, ऋण दिएवापत शेयर लिने, बिस्तारै सबै ऋणीहरूलाई धोका दिने र सम्पत्ति र कम्पनी सबै कब्जा गर्ने र ऋणीहरूलाई कुनै न कुनै कानूनी परिबन्द पारेर फसाउने गरेको र धेरैको कम्पनी र सम्पत्ति कब्जा गरेको देखिएको छ।

जोसँग मिलेर काम गर्यो उसैलाई धोका दिदै सहकारीको रकम दुरुपयोग गरी विभिन्न व्यक्ति एवं कम्पनीको शेयर र सम्पत्ति कब्जा गरेको देखिएका निकटवर्तीहरू खुलाउछन्।

११.५ जीबी-पुष्पराज साझेदारी

यसपछि देशैभरी सहकारीको सञ्जाल बनाउने क्रममा पुरानो आफैले काम गरेका कम्पनीका सञ्चालक पुष्प राज पुरुषसँग ऋण लिने सिलसिलामा भेट हुन्छ। ६८ साल चैतमा यूनिटी लाईफ इन्टरनेशनल लि. को हकमा अख्तियारप्राप्त अध्यक्ष काशीराम गुरुङ्ग बिरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा न्यायाधीशद्वय भरतराज उप्रेती र शुसिला कार्कीको संयुक्त इजलासले निर्देशिका खारेजलाई सदर गर्दै कानून बनाउन निर्देशन दिएपछि हर्बोको नेटवर्क व्यापार बन्द हुन्छ।[१३४] उक्त फैसलामा भनिएको थियोः-

---

[१३३] गोरखा मिडिया नेटवर्क प्रा.लि.का तत्कालीन सञ्चालक सदस्य समेत रहनुभएका जोशीले समिति समक्ष मिति २०८१ भदौ ७ गते भएको सोधपुछमा खुलाउनुभएको तथ्यमा आधारित।

[१३४] नेपाल कानून पत्रिका २०६९, अंकः ४, निर्णय नं. ८८१४, काशीराम गुरुङ्ग विरूद्धप्र धानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत, मुद्दाः उत्प्रेषणयुक्त परमादेश, आदेश मितिः २०६८।१२।१५।

- *कुनै व्यक्ति, संस्था वा कम्पनीहरूबाट सञ्चालित गैरकानूनी कारोबार तथा अन्य अनियमित कामकारवाहीबाट आमजनताको सम्पत्तिसम्बन्धी हकमा असर परेको, जनताहरू ठगिने, झुक्किने कामकारवाही भए गराइएका छन् भन्ने कुरा सार्वजनिक जानकारीमा आएपछि यस सम्बन्धमा सत्य तथ्य पत्ता लगाई दोषीहरू माथि कानूनी कारवाहीको प्रक्रिया सुरु गर्ने गराउने कुरा नेपाल सरकारमा अन्तर्निहीत संवैधानिक दायित्व तथा कर्तव्य हुने। (प्रकरण नं.४)*
- *नेपाल सरकारले अधिकारप्राप्त निकायको ध्यानाकर्षण गराउन वा प्रतिवेदनमा उल्लेख गरिएका सत्य तथ्यहरूको विश्लेषण गरी दोषीमाथि कानूनी कारवाही चलाउने भनी पत्राचार गर्दैमा कानूनअनुसार अधिकारप्राप्त निकायको अखितयारीमा हस्तक्षेप हुने वा निजहरूको क्षेत्राधिकार सीमित हुन्छ भन्ने अनुमान गर्न नसकिने। (प्रकरण नं.५)*
- *कम्पनीका सञ्चालक वा कम्पनी आफै कुनै विकास बैङ्कको सञ्चालक समितिमा भए रहेको कारणले मात्र कम्पनीले सर्वसाधारणहरूबाट निक्षेप संकलन गर्ने र बैंकिङ्ग कारोबार सञ्चालन गर्ने अनुमति प्राप्त गरेको भनी मान्न नमिल्ने। (प्रकरण नं.८)*
- *गैरकानूनी रूपमा सर्वसाधारण ठगिने वा झुक्किने वा निजहरूको हितविपरीत हुने काम भए गरेको विषयमा नेपाल सरकारले छानबिन गरेको कारणले कम्पनीको व्यवसाय गर्ने अधिकारमाथि आघात भयो भनी मान्न नमिल्ने। (प्रकरण नं.१६)*
- *कम्पनीको स्वतन्त्र अस्तित्व र सीमित दायित्वको सिद्धान्त व्यावसायिक सुगमताको लागि दिइएको सुविधा हो र यो सुविधा प्रचलित कानूनअनुरूप कम्पनीको पूर्व निर्धारित उद्देश्यअनुरूप भए गरेका वा सञ्चालन भएका कारोबारहरूको सम्बन्धमा मात्र प्राप्त हुने।*
- *मूल रूपमा निम्न अवस्था प्रमाणित भएमा कम्पनीको आवरण हटाई गैरकानूनी वा अनियमित काममा संलग्न देखिएका कम्पनीका संस्थापक, सञ्चालक, कर्मचारी वा कम्पनीको तर्फबाट काम गर्ने भनिएका अन्य व्यक्तिहरूलाई व्यक्तिगत रूपमा जिम्मेवार बनाइन्छः*
    - *कुनै अनुचित कार्य, गैरकानूनी कार्य वा जालसाजी वा धोकेवाजीपूर्ण काम कारवाहीको लागि कम्पनीको आवरण प्रयोग भएको देखिएमा,*
    - *कम्पनीको फाइदाको लागि नभई कुनै व्यक्ति वा अन्य निकायको हितको लागि मात्र कम्पनीको आवरण प्रयोग भएको अवस्थामा,*
    - *राजश्व चुहावट वा कर छल्ने कार्यको लागि कम्पनीको आवरण प्रयोग भएमा,*
    - *कुनै कम्पनीको आवासीय स्थिति (Residential Status) पत्ता लगाउनको लागि। (प्रकरण नं.१९)*
- *कम्पनीको नाममा गैरकानूनी कारोबार सञ्चालन गरेको देखिएमा कम्पनीका संस्थापक, सञ्चालक, कर्मचारी तथा यसको प्रतिनिधि मानिएको कुनै पनि व्यक्तिउपर प्रचलित नेपाल कानूनअनुसार अधिकारप्राप्त निकायले आवश्यक कानूनी कारवाही गर्नसक्ने नै देखिँदा कम्पनीको नाममा काम गरेको भन्ने आधारमा उन्मुक्ति पाउन नसक्ने।(प्रकरण नं.२०)*

- *कम्पनीको भौतिक अस्तित्व नभई अमूर्त हुने हुँदा यसलाई कैद गर्न नसकिने, यसको स्वतन्त्र मन, मस्तिस्क वा सोच्न सक्ने दिमाग तथा आत्मा नभएको हुनाले यसले आत्मदाह गर्ने अवस्था पनि नहुने हुँदा कुनै फौजदारी आपराधिक मनसाय (Mens Rea) पनि राख वा बोक्न नसक्ने।*
- *संस्थापक वा शेयरधनीहरूको मन मस्तिष्कबाट सञ्चालन हुने साधारण सभा, सञ्चालक समिति, प्रवन्ध सञ्चालक वा प्रवन्धक जस्ता अंग वा पद वा समितिमार्फत् नै कम्पनीको कारोबार सञ्चालन हुने हुँदा सामान्यतयाः मानसिक तत्वको विद्यमानता हुनै पर्ने कुनै फौजदारी अपराधमा कम्पनीलाई सजाय गर्ने अवस्था नहुने।*
- *कुनै ऐनमा नै कम्पनीको तर्फबाट काम गर्ने सञ्चालक, कर्मचारी वा व्यक्ति नै व्यक्तिगत रूपमा सजायका भागी हुने भन्ने स्पष्ट व्यवस्था गरिएको अवस्थामा यस्तो कसुरमा यस्तो कम्पनीको नाममा काम गर्ने सञ्चालक, कर्मचारी वा व्यक्तिउपर कारवाही चलाउन पाइने। (प्रकरण नं. २१)*
- *कम्पनीको कारोबार सञ्चालन गर्ने प्रक्रियामा सिर्जना भएको देवानी दायित्वबाट कम्पनी उम्कन सक्तैन। यसको नाममा भए गरेका कुनै काम वा कारवाहीबाट कुनै व्यक्तिको सम्पत्ति नोक्सान भएमा वा कसैको ज्यान गएमा यसबाट पीडित पक्षहरूलाई क्षतिपूर्ति वा उपयुक्त राहत दिने कर्तव्य कम्पनीको हुन्छ र यस्तो अवस्थामा कम्पनीको अमूर्त अस्तित्व वा मनसायरहित अवस्थाको दावी वा जिकीर कम्पनीले लिन नसक्ने।*
- *कम्पनीको तर्फबाट काम गर्ने सञ्चालक, कर्मचारी वा अन्य व्यक्तिको हेलचेक्र्याइको कारणले क्षति भएको वा निजलाई यस्तो अधिकार कम्पनीले दिएको थिएन भन्ने प्राविधिक आधार र कारण देखाई उक्त क्षतिपूर्ति वा राहत दिने दिलाउने दायित्वबाट कम्पनी उम्कन सक्दैन। यसको लागि कम्पनीको कोष तथा सम्पत्ति प्रयोग गरी आवश्यक भुक्तानी हुन सक्ने।*
- *प्रचलित कानूनले नै कुनै निरपेक्ष फौजदारी दायित्वको परिकल्पना (Strict Liability Offence) गरेको भएमा यस्तो अपराधमा कम्पनीको संलग्नता देखिएमा सो अनुसार जरीवानासम्म हुने कुरा हो। तर कम्पनीको भौतिक अस्तित्व नहुने हुँदा यस्तो अमूर्त तथा अभौतिक व्यक्तिलाई कैदको सजाय हुन नसक्ने।*
- *कम्पनीको नामबाट काम गरेको भनी आपराधिक कार्यमा संलग्न संस्थापक, शेयरधनी वा यसका कर्मचारी वा अन्य व्यक्तिलाई व्यक्तिगत रूपमा यस्तो आपराधिक कार्यको सजाय हुने हुँदा कम्पनीहरूको फौजदारी दायित्वको सीमा अति सीमित रहेको मानिनु पर्ने।(प्रकरण नं. २२)*

तर त्यो समयमा नेटवर्क बन्द गरेपछि अन्य तरिकाले कम्पनी चल्न सक्ने हुँदा पनि विभिन्न चलखेल गरिएको र हर्बो लगायतका जडीबुटी बेचेर बजार बनाउने समूह सक्न नै कुनै समूह सक्रिय रहेको भन्ने हर्बोवालाहरूको गुणासो पनि रहेछ। हर्बो समस्यामा परेपछि सञ्चालकहरूको श्री सम्पत्ति र कम्पनी हत्याउने नियतले जिबी राईले केही पैसा दिएर धेरै कम्पनी र सम्पत्ति लिएको देखिन्छ।

पछि नेटवर्क व्यापारको कानून बनाउन अदालतको निर्देशन भएपछि कानून बनाउन सुरु गरिएको र संसदबाट "बस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने ऐन, २०७४" पास भएको तर

त्यसमा नेटवर्कमा हुनु पर्ने न्यनतम कानूनी व्यवस्था नभएको तर त्यही कानून देखाएर वाणिज्य विभागले नेटवर्क नै गरिरहेका कम्पनीलाई अनुमती दिएको र हाल २ दर्जन जती कम्पनी बजारमा प्रत्यक्ष बिक्री प्रणालीको नामबाट नेटवर्क नै गरिरहेको देखियो।

यसरी नेटवर्कको संजाल बनाएर नेपाल बाहिर ६ वटा देशमा सहकारीको पैसा लगानी गरेको भन्ने सार्वजनिक बहससँगै कति लगानी बाहिरीयो? भन्ने सम्बन्धमा थप अनुसन्धान आवश्यक देखिएको छ। हर्बो ग्रुपले खोलेको साविक हाम्रो ग्रुप अफ कम्पनी लि. कब्जा गरेर गोर्खा ग्रुप अफ कम्पनी बनाएर ८-९०० मान्छेको बिचल्ली बनाएको देखिएको छ। अहिले गोर्खा ग्रुपमा आफ्नो बहुमत बनाउन किर्ते शेयर बढाएको भन्ने पनि शेयरधनीहरूको गुणासो छ। यो कम्पनी लिमिटेड कम्पनी भएकोले छानविन गरेर नयाँ सञ्चालक समिति बनाएर शेयरधनीहरूलाई न्याय दिनु पर्ने देखिएको छ।

११.५ निष्कर्ष

समग्रमा जिबी राईको समूहले हर्बो र गोर्खा ग्रुपका मातहतका व्यक्ति र कम्पनीहरूमा सहकारीको पैसा ऋण दिने, ऋण दिएवापत विनालगानी शेयर हिस्सा लिने, बिस्तारै सबै ऋणीहरूलाई धोका दिने र सम्पत्ति र कम्पनी सबै कब्जा गर्ने र ऋणीहरूलाई कुनै न कुनै कानूनी परिबन्द पारेर फसाउने गरेको र धेरैको कम्पनी र सम्पत्ति कब्जा गरेको देखिएको छ। यो सबै विषयको लागि सरोकार वाला सबै निकायमा निर्देशन दिएर सत्य तत्थ छानबिन गर्दै कारबाही गर्नु पर्ने देखिन्छ।

परिच्छेद-१२

सहकारीमा बचत दुरूपयोगः फैलिएको जरा

नेपालमा सहकारीको सुरुवात ग्रामीण अर्थतन्त्रसँग जोडिएर भएको पाइन्छ। बैङ्कको पहुँचमा वा पर्याप्त पहुँचमा नरहेका गाउँबस्तीका सहकारीहरू अहिले पनि नमुना सावित छन्। साहुँको चर्को व्याजको मारबाट गरीव र सिमान्तीकृतहरूलाई बचाएका छन्। दृष्टिबन्धक लगायत तरिकाबाट मिटरव्याज चलाउने र गरीवको सम्पत्ति हडप्नेहरूका विरुद्ध गाउँ-गाउँमा खुलेका सहकारी स्वाभिमान र वित्तीय स्रोतका विम्ब बनेका छन्। सामुदायिक परिचालनका उद्देश्यले खोलिएका स-साना समूहबाट विकास भएर बनेका सहकारीहरू अझै नमुनालायक छन्। सहकारी सदस्यहरूका बीचमा भातृत्व र प्रेम छ। दुःख र खुसीमा सहानुभूति र खुसी छ। सहरमा चलेका सहकारी पनि जो समुदायमा सीमित छन्, उनीहरू उत्कृष्ट छन्। उनीहरूमा समस्या नै छैन, समस्या भएकामा पनि समाधानको विश्वास छ। चिनजानका आधारमा समुदायका सदस्यहरूका बीचमा त्यसलाई चलाउने शक्ति छ। बचतकर्तामा धैर्य पनि छ। आफ्नो बचत आजै फिर्ता हुन नसके पनि चिनेकै अर्को सदस्यमा लगानी भएको भरोसा छ।

अहिले देखिएको मूल समस्या तामझाम र तडकभडकमा खुलेका र हेर्दा बैङ्कजस्ता लाग्ने "स्याटेलाइट" सहकारीहरूमा छ। जुन सहकारीका सञ्चालकहरू त्यस समुदायका होइनन्, साना र दैनिक बचतकर्ताहरू उनीहरूको लक्ष्य पनि होइनन्, केही अपवादबाहेक त्यस्ता सहकारी मूलतः समस्यामा छन्। उनीहरूले सहकारीलाई सहकारीतामा आधारित आर्थिक व्यवसाय होइन बैङ्किङ्ग संस्था जस्तो बनाए। एक सहरको सहकारीको शाखा अर्को सहरमा रहने गरी देशव्यापी कार्यक्षेत्र बनाए। सहकारीलाई बचतकर्ताको बचत जम्मा गर्ने र निजी फाइदाका लागि उपयोग गरी ठगी गर्ने धन्दा बनाए। अहिले तिनै सहकारी समस्यामा छन्। यस परिच्छेदमा सहकारीलाई नेटवर्किङ्ग र साझेदारी व्यवसायजस्तो बिस्तार गर्ने जालो र तिनीहरूका सम्बन्धका बारेमा केही खोतल्ने र अध्ययन गर्ने प्रयत्न गरिएको छ।

लाखौं सर्वसाधारणले सहकारी संस्थामा जम्मा गरेको बचत रकम सञ्चालकहरूद्वारा हिनामिना, दुरूपयोग, अपचलन गरी सर्वसाधारण बचतकर्तालाई बिचल्ली बनाउने यो परिघटनाको सुरूआत कहाँबाट भएको हो ? सहकारीमा समस्या कहाँबाट आएको हो? भनी सहकारी बचत हिनामिना, अपचलन, दुरुपयोग र ठगीका अन्तर्सम्बन्धित जराहरूको फैलावट (Nexus) यहाँ प्रस्तुत गरिएको छ।

१२.१ पृष्ठभूमि

ब्रिटिश गोरखा सैनिकको परिवारलाई बेलायतले हङ्कङ्मा राख्ने व्यवस्था गरेको थियो। हङकङमा परिवार राखेर गोरखा सैनिकहरूलाई बेलायत, ब्रुनाई लगायत देशमा ब्रिटिश सरकारले ड्युटी गर्न पठाउँथ्यो। हङकङलाई चीनले लिने भएपछि सन् १९९० को दशकदेखि ब्रिटिश गोरखा परिवार नेपाल फर्किए। १ जुलाई १९९७ मा बेलायतले हङकङ छोड्ने निश्चित भएको थियो।[१३५]

हङकङमा हुर्के बढेका बालबच्चाको सुविधाका लागि जागिरबाट आएको रकमले भूतपूर्व ब्रिटिश गोरखा सैनिकहरूले गाउँ छाडे। मूलतः काठमाडौं उपत्यका (विशेषगरी ललितपुर), बुटवल, पोखरा

[१३५] वेलायतले १ जुलाई, १९९७ मा हङकङलाई शान्तिपूर्ण रूपमा चीनलाई हस्तान्तरण गरेको थियो। तर हङकङलाई चीनले 'एक देश, दुई प्रणाली'का रूपमा सञ्चालन गर्दै आएको छ।

र धरानमा ब्रिटिश गोरखा सैनिकहरूले घडेरी किन्ने र घर बनाउने गर्न थाले। त्यसबेला उनीहरूको हातमा नगद र जीवनशैली नेपालमै बसेका कर्मचारी र सर्वसाधारण नेपालीको भन्दा माथिल्लो स्तरको थियो।

२०४६ पछि पुनर्स्थापित प्रजातन्त्रको खुलापनमा भूतपूर्व ब्रिटिश गोरखा सैनिक संगठित हुन थाले। सन् २००० वरपर आइपुग्दा भूतपूर्व ब्रिटिश गोरखा सैनिकहरू संगठित बने। ब्रिटिश सरकारले आफ्ना पुखदिखि अहिलेसम्म विभेद गरेको भनी गोरखा भूतपूर्व सैनिक संघ (गेसो) को माग नेपाली र बेलायती सदनमा उठ्यो। गेसोको मागलाई सरकारले सम्बोधन गर्न बेलायतसँग कुटनीतिक पहल गर्ने प्रतिबद्धता जनायो।[१३६]

गेसोको आन्दोलनबाटै ब्रिटिश भूतपूर्व सैनिकहरूमा आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक रूपमा सचेत र सम्पन्न हुनुपर्दछ भन्ने जागरण पैदा भयो। एकातिर गेसोले उठाएको मुद्दाले अन्तर्राष्ट्रिय समुदायको समेत ध्यानाकर्षण गर्न सफल भयो भने एक समूहले व्यापार, व्यवसायमा लगानी गर्ने सोंचमा आर्थिक समृद्धिको योजना अघि सान्यो। त्यस किसिमको योजना इच्छाराज तामाङ र उनका ज्वाइँ डम्बर बहादुर (डीबी) बम्जनले बनाए। त्यही योजनामा स्वभावले इमान्दार (केही भुपूबाहेक अधिकांश) र सँगै पल्टनका साथीहरूले ल्याएको योजना लोभलाग्दो देखिएका कारण भुपू गोरखा सैनिकहरूले पेन्सनको पैसा ब्रिटिश गोरखा समूहद्वारा प्रबर्द्धित फाइनान्स, सहकारी र बैङ्कमा लगानी गर्न इच्छुक भए। भूतपूर्व ब्रिटिश गोरखा सैनिकको इमान्दारिता र पूर्खाले आर्जेको ब्रिटिश गोरखा ब्राण्ड एकाएक एक परिवारिक नाताबीच बिस्तारित हुँदै अन्ततः यतिखेर सहकारीको बचत हिनामिना, अपचलन, दुरुपयोग र ठगीको सबैभन्दा ठूलो र फैलिएको सञ्जालका रूपमा स्थापित भएको तथ्यहरूले देखाउँछन्।

"गोरखा समूह" र "ब्रिटिश गोरखा समूह"ले कसरी सहकारी बचत हिनामिना गरे ? सहकारीको बचत रकम अपचलनसम्बन्धी संसदीय छानबिन विशेष समितिलाई संघीय संसदको प्रतिनिधि सभाको बैठकले छानबिनका लागि दिएको कार्यादेशको अनुसूची-१ र २ मा रहेका २९ सहकारीको सूचीमध्ये अधिकांशमा संलग्नता गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.का संस्थापक अध्यक्ष सम्मरबहादुर तामाङ् थिए। त्यसपछि इच्छाराज तामाङ् र डम्बरबहादुर बम्जनका आफन्तजन एवं उनीहरूबाट प्रेरित संस्था र व्यक्तिहरूको सञ्जाल रहेको तथ्य भेटिएका छन्। गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.बाट विभाजित, प्रेरित र योजनाबद्ध ढङ्गबाट स्थापित एवं सञ्चालित सहकारीहरूबाट हालसम्ममा बचतकर्ताको ठूलो परिमाणमा बचत रकम अपचलन हुने स्थिति बनेको देखिन्छ।

---

[१३६] २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वको सरकारको पालामा पहिलो पटक सदनमा यो आवाज उठेको थियो। जुन कुरा बेलायत सरकारलाई कुटनीतिक माध्यमबाट जानकारी गराइएको थियो। यसको अगुवाई र नेतृत्व पदबहादुर गुरुङले गरेका थिए।

१२.२ गोरखा ग्रुप र ब्रिटिश गोरखा ग्रुप[१३७]

ब्रिटिशले गोरखालीलाई सेनामा भर्ती गरेको इतिहास दुई सय वर्षदेखिको छ। प्रथम र दोस्रो विश्वयुद्धमा थुप्रै गोरखालीले वीरगति प्राप्त गरेका छन्। दर्जबहादुर तामाङ दोस्रो विश्वयुद्धका एक योद्धा हुन्। बुवाको लय पछ्याउँदै 'भान्जा'[१३८] डीबी बम्जन भनी चिनिने डम्बरबहादुर तामाङ ब्रिटिश सेनामा भर्ती भए। उनको पदस्थापन गोरखा इन्जिनियरिङ डिपार्टमा[१३९] भएको थियो।

कोशी प्रदेश, ओखलढुङ्गा जिल्ला साविक पाल्ले गाउँ विकास समिति परिवर्तित मोलुङ गाउँपालिका वडा नं. ७ मा जन्म भई हाल बागमति प्रदेश सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. ७ मा बसाई सराई गरी आएका डीबी बम्जन भन्ने डम्बरबहादुर तामाङले ब्रिटिश गोरखा सैनिक गोरखा इन्जिनियरिङ डिपार्टबाट २०५१ मा अवकास पाएका थिए। अर्का जिल्ला ओखलढुङ्गा साबिक केतुके गाउँ विकास समिति परिवर्तित मानेभञ्ज्याङ गाउँपालिकामा बसाई सराई गरी हाल जिल्ला काठमाडौं किर्तिपुर नगरपालिका, ट्याङ्लाफाँटमा बसोबास गरेका इच्छाराज तामाङ[१४०] थिए। इच्छाराजको बहिनी ज्वाईं डीबी बम्जन भएकाले पारिवारिक नातासँगै उनीहरूकै योजनामा वि.सं. २०५२ मा सम्मरबहादुर तामाङलाई अध्यक्ष बनाई गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. सातदोबाटो, चापागाउँ दोबाटो, ललितपुरमा खोलिएको थियो। जसले पछि एउटा ब्रिटिश गोरखा समूह ब्राण्ड नै स्थापित गऱ्यो।[१४१]

---

[१३७] ब्रिटिश सेनामा भर्ती भई अवकास प्राप्त (भूतपूर्व गोरखा सैनिक)हरूको समूह। ब्रिटिशले नेपालीहरूलाई भर्ती गरेपछि गोरखा पल्टन छुट्टै दिएकाले त्यसैलाई गोरखा 'ब्राण्ड' बनाइएको हो। जसको लोगोको चिन्हमा समेत विश्वमा गोरखालीहरूलाई चिनाउने 'सिरुपाते खुकुरी क्रस' राखिएको छ।

[१३८] ब्रिटिश गोरखामा भर्ती भएका सैनिकका छोराछोरीलाई "भान्जा" भन्ने चलन छ। अहिले पनि गोरखा सैनिक परिवारमा "भान्जा, भान्जी" भनेर बोलाउने चलन छ।

[१३९] सन् १९७० सम्म गोरखा सैनिकका लागि ८ वटा पल्टनसहित "गोरखा इन्जिनिरिङ डिपार्ट" र "जीटीआर" छुट्टै थियो। सन् १९७० पछि ८ पल्टनबाट इन्जिनिरिङ, जीटीआरसहित ४ वटा पल्टन मात्रै राखिएको छ।

[१४०] इच्छाराज तामाङ नेकपा (एमाले)को तर्फबाट २०६४ को संविधानसभामा समानुपातिकतर्फका संविधानसभा सदस्य थिए। तत्कालीन सोभियत संघबाट इन्जिनिरिङ गरेका तामाङ सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लि.को बचत रकम हिनामिना गरेको आरोपमा मुद्दा विचाराधिन रहेको छ भने सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा डिल्लीबजार कारागारमा कैद सजायँ काटिरहेका छन्।

[१४१] ब्रिटिश गोरखा समूहद्वारा सञ्चालित २२ वटा सहकारी, फाइनान्स र बैंकहरूमा देहाय बमोजिम रहेका थिए:-

- उपकार (नेको कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं),
- ज्योति विकास (सूर्यविनायक, भक्तपुर),
- कुमारी (चावहिल, काठमाडौं),
- कल्याण (मानभवन, ललितपुर), उपकार र कल्याणबीच एकीकरण भएर हाल कल्याण-उपकार रहेको,
- लालीगुराँस (लेखनाथमार्ग ठमेल, काठमाडौं),
- मण्डला (बौद्ध, काठमाडौं),
- स्वर्णलक्ष्मी (महालक्ष्मी प्लाजा कालीमाटी, काठमाडौं) -प्रणोदयिनी (महाराजगञ्ज), स्वर्णलक्ष्मी (कालिमाटी), मण्डला (बौद्ध), र कामद (न्यूरोड)सँग एकीकरण भई स्वर्णलक्ष्मी (कालिमाटी) बनेको,
- गोरखाद्वीप (बागबजार प्लाजा, काठमाडौं) शिखर सेभिङ्ग (भक्तपुर)सँग एकीकरण हुँदै हाल शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका रूपमा रहेको,
- ग्रेट (तीनकुने, काठमाडौं) हाल विभिन्न संस्थासँग एकीकरण भई ग्रेटगंगासागरका रूपमा रहेको,
- नागरिक विकास (बनेपा, काभ्रे),
- भार्गव (सामाखुशी, काठमाडौं),

नेपाल राष्ट्र बैङ्कको सहभागितामा २०६६ माघ १५ गतेदेखि २०६९ कार्तिक मसान्तसम्म स्थलगत निरीक्षण (सघन अनुगमन) गरिएका १३२ वटा सहकारी संस्थाहरूको प्रतिवेदनमा यो तथ्य स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था सभागृह चोक, पोखराको स्थलगत प्रतिवेदनमा त यतिसम्म भनिएको छ, "ब्रिटिश गोरखा समूहद्वारा प्रबर्द्धित" भनी संस्थाको साइनबोर्ड राखिएको पाइयो। साथै यो समूहमा रहेका सहकारीले प्रकाशन गर्ने ब्रोसरमा पनि "ब्रिटिश गोरखा समूहद्वारा प्रबर्द्धित" भनी लेखिएको पाइन्थ्यो। प्रचलित सहकारीको मापदण्डमा रहेको व्यवस्थाको प्रतिकूल रहेको उक्त प्रबर्द्धनात्मक शब्द र साइनबोर्ड लगायत अन्य स्थानबाट समेत अविलम्ब हटाउन लगाउनुपर्ने देखिन्छ।" २०६६ सालपछि डीबी बम्जन बैङ्किङ्ग कसुरमा जेल परेपछि सहकारी सञ्चालन र बिस्तारको जिम्मेवारी सुरुमा देशभित्रै रहँदासम्म उनकै भाई ज्ञानबहादुर बम्जनले सम्हालेको देखिन्छ। उनैको नेतृत्व र योजनामा उक्त ब्रिटिश गोरखा समूह बन्यो। त्यसैक्रममा सूर्यदर्शन सहकारी (पोखरा)मा गितेन्द्रबाबु राई ससुरालीले स्थापना गरेको सहकारीको कर्मचारीका रूपमा जिम्मेवारी सम्हाल्न पुगेका थिए। समयक्रममा ज्ञानबहादुर बम्जनले अगुवाई गरेर इच्छाराज तामाङलाई गोरखा सेभिङ्गबाट राजीनामा गराएपछि उपकार हाउजिङ्ग, उपकार सेभिङ्ग, कुमारी, कल्याण (काठमाडौं), सूर्यदर्शन (पोखरा), देवशर्शन (थानकोट, काठमाडौं) हुँदै स्वर्णलक्ष्मी (चितवन)सम्म ज्ञानबहादुर बम्जनको अगुवाई, प्रेरणा र नेतृत्वमा सहकारीको व्यापक बिस्तार गरियो।[१४२] यस अभियानमा उनका ज्वाइँहरू लीलाबहादुर गुरुङ, कृष्ण लामा, दीपक लामा, गितेन्द्रबाबु राई, भाञ्जी संगीता तामाङ, संगीताका पति (भाञ्जी ज्वाइँ) धनबहादुर तामाङ तथा सहपाठी सूर्यध्वज न्यौपाने, हितैषी साथी पेशलकुमार राई, श्रीमती पुष्पाकुमारी तामाङ लगायत सँगसँगै देखिन्छन्।

१२.३ गोरखामा खटपट र विभाजन

गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. स्थापनाका सम्मरबहादुर तामाङ नाम मात्रका "डमी" अध्यक्ष थिए। त्यसपछि २०५४ सालबाट इच्छाराज तामाङ गोरखा सेभिङ्गसको अध्यक्ष बने। २०५७ सम्म ज्वाइँ डीबी बम्जन र जेठान इच्छाराज तामाङको सम्बन्ध राम्रो थियो। त्यसैक्रममा

- मुकुल (वालुवाटार, काठमाडौं),
- नागरिक विकास (कौशलटार, भक्तपुर),
- वज्रयोगिनी (ताम्राकार कम्प्लेक्स न्यूरोड, काठमाडौं),
- शिखर सेभिङ्ग (कौशलटार, भक्तपुर) गोरखाद्वीप हुँदै हाल शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका रूपमा रहेको,
- सूर्यदर्शन फाइनान्स (ओमकार भवन नयाँ बानेश्वर, काठमाडौं) सुप्रिम हुँदै हाल कुमारी बैंकमा एकीकरण भएको,
- गोरखा विकास बैंक (पुतली सडक, काठमाडौं), हाल गोरखा फाइनान्सका रूपमा "साइजडाउन" भई सञ्चालनमा रहेको,
- देवदर्शन (थानकोट, काठमाडौं),
- स्वर्णलक्ष्मी (नारायणगढ, चितवन),
- सूर्यदर्शन (सभागृह चोक पोखरा, कास्की),
- हिमाल (सूर्यविनायक, भक्तपुर),
- जनमुक्ति (तमु प्लाजा सुकेधारा, काठमाडौं), धेदुङ हुँदै हाल आइडियलल यमुना हाम्रो बहुउद्देश्यीय सहकारीमा एकीकरण भएको।

[१४२] ज्ञानबहादुर बम्जन र डीबी बम्जनका ज्वाई लिलाबहादुर गुरुङ्गले मिति २०८१ साउन ३२ मा समितिको बैठकमा सोधपुछका क्रममा खुलाए बमोजिम उल्लेख गरिएको।

ईन्जिनियर भएकाले सम्पत्ति मूल्याङ्कन दस्तुर सदस्यसँग लिएर इच्छाराजले आफ्नो व्यक्तिगत खातामा राख्ने गरेको आरोप लाग्यो। ब्रिटिश भूतपूर्व गोरखाको बाहुल्य भएको संस्थामा त्यो कुरा उनीहरूलाई मन परेको थिएन। त्यही मुद्दालाई उछालेर ज्वाइँ-जेठानबीच मनमुटाव गराउन डीबी बम्जनका भाइ (कान्छी आमापट्टिको साइलो) ज्ञानबहादर बम्जनको मुख्य भूमिका रह्यो। ज्ञानबहादुर त्यसबेला गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को मार्केटिङ्ग प्रमुख थिए। गोरखा सेभिङ्गमा त्यतिञ्जेल इच्छाराज तामाङ अध्यक्ष र डीबी बम्जन प्रबन्धक थिए। इच्छाराजले छोडेपछि ज्ञानबहादुर सेभिङ्गसको प्रबन्धक बने।

जेठान इच्छाराजलाई गोरखा सेभिङ्गस छोड्न बाध्य पारिएको थियो। इच्छाराजले ब्रिटिश गोरखा ब्राण्ड पाउनका लागि पुनरावेदन अदालतसम्म मुद्दामामिला पनि गरे। पछि गेसोकै कानूनी सल्लाहकारको परामर्शमा इच्छाराजलाई गोरखा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.बाट पाखा लगाइयो। यसको मूल जड थियो, गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.मा ब्रिटिश भूतपूर्व गोरखा सैनिकहरूको शेयर बढी हुनु। ब्रिटिश भूतपूर्व गोरखा सैनिकहरूको बहुमतका कारण आफू एक्लिएको महसुस गरी इच्छाराजले सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. सञ्चालन गर्न इख लिई लागेको देखिन्छ। उनले निजामती, प्रहरी र जङ्गी सेवाका उच्च पदस्थ र सेवानिवृत्त कर्मचारीहरूलाई लक्षित गरी सहकारीको नाम सिभिल राखेको देखिन्छ। यसरी गोरखाको साथसाथै सिभिल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ अघि बढ्यो।

त्यसबेला गोरखा सेभिङ्गका ३ वटा शाखा थिए। जावलाखेल नाङ्लो बेकरी रहेको भवनको माथिल्लो तला, अर्को सुन्धारा बागदरबार बेबिलोन डिस्कोसँग जोडिएको घरमा र मुख्यालय ललितपुर चापागाउँ दोबाटोमा। २०५७ मा "ब्रिटिश भूतपूर्व गोरखा समूह"बाट छुट्टिएर इच्छाराजले आफ्नो टिम लिएर २०५८ मा सोल्टीमोड कालीमाटी उकालोमा सिभिल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. सञ्चालन गरे। यता ज्ञानबहादुर बम्जनलाई पनि गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.मा आफूले चाहेअनुसार काम गर्ने वातारण बनेन। दाइ डीबी बम्जन अध्यक्ष हुँदासम्म ज्ञानबहादुरले त्यहींको स्रोत प्रयोग गर्दै आफन्त र नातागोताको नाममा सहकारी खोल्दै गए। यसरी उनले विभिन्न ठाउँमा दुई दर्जनभन्दा बढी सहकारी संस्थाहरू खोले।

इच्छाराजले छोडेपछि गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभको डीबी बम्जन अध्यक्ष बने। डीबी र ज्ञानबहादुरको मिलेमतोमा आफन्त र गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभमा काम गर्ने कर्मचारीलाई नाम मात्रका "डमी" पदाधिकारी बनाउँदै धमाधम सहकारी खोलियो। ती सहकारीहरूलाई "ब्रिटिश गोरखा ग्रुपद्वारा प्रबर्द्धित" भनेर नाराका साथमा प्रचार गर्ने गरी सबै ठाउँमा संलग्नता जनाई मासिक १०-१२ लाख रुपैयाँ तलब-भत्ता लिन र आफूखुशी लगानीका लागि बचत रकम परिचालन गर्न थाले। सहकारीको जालोसँगै २०६१ सालमा गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. कै शेयरधनीहरूको थप लगानी आकर्षण गर्नका लागि डीबी बम्जनले अगुवाई र नेतृत्व गरेर अर्को परियोजना अघि सारे "गोरखा विकास बैङ्क"। त्यसमा गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को शेयर र थप ब्रिटिश भूतपूर्व गोरखाका सैनिक परिवारको पैसा समेत लगानी भयो।

१२.४ बम्जन परिवारको "सहकारी जालो"

दर्जबहादुर तामाङ ब्रिटिश सैनिकबाट दोस्रो विश्वयुद्ध लडेका योद्धा थिए। उनकी जेठी श्रीमती बिबिमाया तामाङबाट ५ भाइ, २ बहिनी जन्मिए। सात सन्तान जन्माएपछि बिबिमायाको डीबी २ वर्षको नाबालक हुँदा निधन भयो। दर्जबहादुरले दोस्रो श्रीमतीका रूपमा विबिमायाकै भदैनी आइतमाया तामाङसँग विवाह गरे। आइतमायाबाट पनि चार भाइ र पाँच बहिनीको जन्म भयो।[१४३] तिनै १६ दाइ-भाइ, दिदी-बहिनीको विवाह, सम्धि, सम्धिनी, माइती, ज्वाइँ प्रायः सहकारी वा नेटवर्किङ पेशामा जोडिए। त्यसमध्ये अहिले अधिकांश सहकारी डीबी बम्जन र पछि ज्ञानबहादुर बम्जनसँग जोडिएकाहरूको संलग्नतामा खुलेका र सहकारीहरूमा उनीहरूको पारिवारिक जालो व्यापक रहेको देखिन्छ।

१२.४.१ दर्जबहादुर तामाङको पहिलो श्रीमती बिबिमाया तामाङको तर्फका सन्तानहरू

छोराहरूः १) उत्तरबहादुर तामाङ, २) पदमबहादुर तामाङ, ३) रमेशबहादुर तामाङ, ४). तेजबहादुर तामाङ र ५) डम्बरबहादुर तामाङ (बम्जन)

छोरीहरूः १) विष्णु तामाङ र २) हेमकुमारी तामाङ।

१२.४.२ दर्जबहादुर तामाङको दोस्रो श्रीमती आइतमाया तामाङको तर्फका सन्तानहरू

छोराहरूः १) खड्गबहादुर बम्जन, २) शेरबहादुर तामाङ, ३) ज्ञानबहादुर तामाङ, ४) खिलाबहादुर तामाङ

छोरीहरूः १) नन्दा कुमारी बम्जन २) निर कुमारी बम्जन ३) नेत्र कुमारी बम्जन ४) निशा भनिने भगवति बम्जन र ५) रेश्मा बम्जन।

१२.४.३ उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., ललितपुर

गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभमा बजार प्रमुख हुँदै निर्देशक भएर निस्किएपछि डीबी बम्जनका कान्छी आमापट्टिका साइला भाइ ज्ञानबहादुर तामाङ बम्जनले संस्थापक अध्यक्ष भई यो सहकारी स्थापित गरे। यस सहकारीमा २०६० सालमा केरदानाथ शर्मा उपाध्यक्ष बनेका थिए। हाल शिवशिखर र तुलसी सहकारी चलाएका केदारनाथ शर्माको शान्तिनगर गेटनजिकै उहिले दुई सटरको राम्रो किराना पसल थियो। उपकारमा कलेक्सन गर्नेहरूले पैसा उठाउँदै जाँदा केदारनाथ शान्तिनगरबाट सहकारीमा सबै भन्दा बढी बचत राख्ने मध्ये थिए। सोही सम्बन्धलाई उपयोग गर्दै उनलाई शिखर को-अपरेटिभको उपाध्यक्षमा राखिएको थियो।[१४४]

---

[१४३] यो विवरण लिलाबहादुर गुरुङले मिति २०८१ साउन ३२ मा समितिको बैठकमा सोधपुछका क्रममा खालाउनुभएको हो। उहाँले खुलाउनुभए बमोजिम परिवारका सदस्यहरूको पूरा विवरण ८.४.१ र ८.४.२ मा प्रस्तुत गरिएको छ।

[१४४] केदारनाथ शर्मा अहिले शिवशिखर र तुल्सी बहुउद्देश्यीय सहकारी संस्था लि. को बचत रकम हिनामिना तथा अपचलन गरेको आरोपमा पुर्पक्षका लागि नख्खु कारागार, ललितपुरमा रहेका छन्।

१२.४.४ कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., चाबहिल

यस सहकारीको पनि संस्थापक अध्यक्ष उनै ज्ञानबहादुर तामाङ थिए। उनीपछि उनकै श्रीमती पुष्पाकुमारी तामाङ हुँदै सहपाठी सूर्यध्वज न्यौपानेलाई अध्यक्ष बनाए। हाल सो संस्थामा ईश्वर किराँत राई अध्यक्ष रहेका छन्।

१२.४.५ हिमाल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. भक्तपुर

ज्ञानबहादुर तामाङको तजबिजीमा भक्तपुरमा खोलिएको हिमालमा "डमी"का रूपमा उपकारको कलेक्सनमा कार्यरत विज्ञान राईलाई अध्यक्ष बनाएर सञ्चालन गरिएको थियो। हाल उक्त सहकारी संस्थाको अध्यक्ष ईश्वर किरात रहेका छन्। यसको पनि संस्थापक अध्यक्ष ज्ञानबहादुर बम्जन नै रहेको देखिन्छ।

१२.४.६ बज्रयोगिनी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

यो सहकारी ज्ञानबहादुरकै स्कूलका सहपाठी सूर्यध्वज न्यौपानेलाई नै अध्यक्ष बनाएर स्थापना गरियो। ताम्राकार कम्पलेक्स न्यूरोडमा सहकारीको कार्यालय रहेको छ। अहिले सूर्यध्वज सल्लाहकार र सूर्यध्वजकी श्रीमती सुनिता कार्की अध्यक्ष रहेकी छिन्।

१२.४.७ लालीगुराँस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

डीबी बम्जनकी श्रीमती कुमारी तामाङ संस्थापक अध्यक्ष रहेर नयाँ बजारमा कार्यालय राखी सञ्चालन गरिएको थियो। स्थापनाकालमा डीबी बम्जनका भाञ्जी ज्वाइँ धनबहादुर तामाङ प्रवन्ध निर्देशक थिए। डीबी बम्जनकी भाञ्जी संगीता तामाङ गोरखा विकास बैङ्कको एचआर, एडमिन र प्रोक्युरमेन्टमा काम गर्थिन्। उनैमार्फत धनबहादुर तामाङ लालिगुराँसको अध्यक्ष बनेका थिए।

१२.४.८ यूनाइटेड गोरखा सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.

केही कर्मचारीहरूले स्थापना गरेका यूनाइटेड गोरखा सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.मा पनि डीबी बम्जनकी भान्जी संगीता तामाङ नै हालकी अध्यक्ष रहेकी छन्। उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. मा ज्ञानबहादुर बम्जनले आफूले छोडेपछि भान्जी संगीताका बुवा नरेन्द्र बललाई अध्यक्ष बनाएका थिए। अहिले कल्याणसँग एकीकरण भई कल्याण उपकार बनेको छ र उनका अर्का ज्वाइँ लीलाबहादुर गुरुङ अध्यक्ष रहेका छन्।

१२.४.९ स्वर्णलक्ष्मी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. कालीमाटी

स्वर्णलक्ष्मी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. कालीमाटी यही समूहले जवरजस्ती कब्जा गरेको थियो। ज्ञानबहादुर बम्जनको टिमले हिमाल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. भक्तपुरको स्टाफ कल्पना श्रेष्ठलाई ल्याएर अध्यक्ष बनाइएको थियो। त्यसअघिका अध्यक्ष निर्मलराज पौडेललाई कार्यालयमै कुटपिट समेत गरिएको थियो भन्ने निकै चर्चा थियो। हाल उक्त सहकारी अन्य सहकारीसँग एकीकरण भई बहुउद्देश्यीय सहकारीका रूपमा क्रियाशील छ।

१२.४.१० मुकूल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

बालुवाटारमा ज्ञानबहादुर बम्जनकै योजनामा मुकूल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. स्थापना गरियो। यसको अध्यक्ष प्रतिमा गिरीलाई बनाइएको थियो।

१२.४.११. देवदर्शन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

देवदर्शन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. थानकोट, चन्द्रागिरिमा स्थापना गरियो। यसको अध्यक्ष डीबी बम्जनका भतिजा ईश्वरराज बम्जनको श्रीमती सावित्री तामाङ र उपाध्यक्ष ज्ञानबहादुर बम्जनको श्रीमती पुष्पाकुमारी तामाङलाई बनाइएको थियो। हाल उक्त सहकारीका अध्यक्ष रामनारायण घिमिरे रहेका छन्।

१२.४.१२ शिखर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., ठिमी

शिखर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., ठिमीको अध्यक्ष सुरूमा डीबी बम्जनका भान्जी ज्वाइँ धनबहादुर तामाङ रहे। यसको उपाध्यक्षमा २०६५ सालतिरै केदारनाथ शर्मालाई राखेको देखिन्छ।

१२.४.१३ गोरखाद्वीप सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

गोरखाद्वीप सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. मा तेजबहादुर तामाङ (डीबी बम्जनको काइँला दाइ) अध्यक्ष रहेका थिए। २०६६ सालसम्म गोरखा विकास बैङ्कका अध्यक्ष डीबी बम्जन नै थिए। बैङ्क संकटग्रस्त हुने भएपछि शिखर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. र बागबजारस्थित गोरखाद्वीप सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को बचत समेत डुब्ने स्थिति सिर्जना भयो। अनि एकीकरण गरी शिखरद्विप बनाइएको थियो र शिवशिखर कृषि सहकारीसँग एकीकरण भएपछि हाल शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था भयो।

१२.४.१४ कल्याण सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. जावलाखेल

कल्याण सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. जावलाखेलमा सञ्चालनमा ल्याइयो। डीबी बम्जनले बहिनी ज्वाइँ लिलाबहादुर गुरुङ (एलबी गुरुङ) लाई अध्यक्ष बनाएका थिए। एलबी हाल सहकारी ठगी मुद्दामा मुद्दा पुर्पक्षका लागि नख्खु कारागारमा रहेका छन्। गुरुङ गोरखा विकास बैङ्कमा कानून शाखामा कार्यरत हुँदा डीबी बम्जनसँग सँगत भई पारिवारिक नातामा गाँसिएका थिए।

१२.४.१५ कस्मिक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

कस्मिक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. नयाँ बानेश्वरमा खिलाबहादुर बम्जन (ज्ञानबहादुर बम्जन पट्टीको कान्छो भाइ) लाई अध्यक्ष बनाई खोलिएको थियो। यसमा पहिल्यै संकट देखिएको थियो।

१२.४.१६ मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटी

ज्ञानबहादुर बम्जनले भान्जा सन्तोष तामाङ्लाई पनि सहकारीमा आबद्ध गराएका थिए। भान्जी संगीताको भाइ सन्तोष कालिमाटीस्थित मनोकांक्षा बचत तथा ऋण सहकारी संस्था लि.मा कार्यरत थिए।

१२.४.१७ जनमुक्ति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि., धुम्बाराही

जनमुक्ति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. धुम्बाराहीमा सञ्चालनमा रहेको थियो। जसको अध्यक्ष रमेश बम्जनलाई (डीबी बम्जन पट्टीको साइलो दाइ) अध्यक्षमा राखियो। जनमुक्ति सहकारी पछि घेदुङ सहकारीसँग एकीकरण भयो। अहिले आइडियलल यमुना हुँदै एकीकरणबाट आइडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. बनेको छ।

१२.५. सूर्यदर्शनबाट उपत्यकाबाहिर प्रवेश

ज्ञानबहादुर बम्जन उपत्यकाका सहकारीमा मात्र सीमित रहेनन्। उनले आफ्नो सञ्जाल उपत्यका बाहिरसमेत बिस्तार गरे। त्यही क्रममा उनी आफैं अध्यक्ष रहेर २०६३ सालमा पोखरामा सूर्यदर्शन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. सञ्चालनमा ल्याए। सूर्यदर्शन सहकारीमा सुरुआती दिनमा भाञ्जी संगीता तामाङका काका दिनेश तामाङलाई प्रबन्धक बनाएर लगेका थिए।

सूर्यदर्शन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. पोखरासँग जीबी राई भनिने गितेन्द्रबाबु राईको सम्बन्ध पछि मात्रै जोडिएको थियो। जीबी राईका दाइ अनन्तबाबु राईले बागबजारमा सिचुएसन ल्याङ्ग्वेज इन्सिच्युट सञ्चालन गरेका थिए। उक्त इन्स्टिच्युटको काउन्टरमा जीबी राईले दाइको सहयोगी भएर काम गर्दथे। सोही क्रममा निशा भनिने भगवती बम्जन (ज्ञानबहादुर बम्जनकी ठूलीकान्छी बहिनी) अंग्रेजी भाषा पढ्न-सिक्न आइन्। त्यही इन्स्टिच्यूटमा भगवतीको जीबी राईसँग चिनजान हुँदै मायाप्रेम भई सम्बन्ध गाढा बन्दै गयो। सोही सम्बन्ध पछि भागी विवाहमा परिणत भयो। बम्जन परिवारले जीबी र भगवतीको वैवाहिक सम्बन्धलाई लामो समयसम्म स्वीकार गर्न सकेन। जीबी ओखलढुङ्गामा पहिल्यै विवाहित थिए। उनका एक छोरा समेत थिए। भगवतीलाई बैधानिक बनाउन जीबी राईलाई हम्मे-हम्मे परेको थियो। विस्तारै उनको सम्बन्ध भगवतीले माइती खलकसँग जोड्दै लगिन्। ज्ञानबहादुर बम्जनले २०६७ सालमा जीबीलाई पोखराको सूर्यदर्शनको जिम्मा दिए।

त्यहीबेला जीबीको राजनीतिक हिमचिम माओवादीका डेपुटी कमाण्डर नन्दबहादुर पुन "पासाङ" (दुई कार्यकाल उपराष्ट्रपति भएका) का कान्छा छोरा दिपेशकुमार पुनसँग भयो। उनकै सहयोगमा जीबी राईले वातावरण बनाई पहिलो श्रीमतीसँग सम्बन्ध विच्छेदको मुद्दा जिते। र, हेलिकप्टर चढेर जिल्ला सदरमुकाम ओखलढुङ्गामा दिपेश-जीबीसँगै पुगेका थिए। त्यतिबेला ३० लाख रुपैयाँ दिएर जेठी श्रीमतीलाई सम्बन्ध विच्छेद गरेको भन्ने हल्ला भए पनि १५ लाख पनि पूरा नदिएको जीबी राईको पहिलो श्रीमतीले बताउँदै आएकी छन्। उक्त मुद्दा जिताएवापत् "बक्सिस"का रूपमा जीबीले दिपेशहरूको टोलीलाई पोखरास्थित फूलबारी रिसोर्टमा पार्टी दिएका थिए। १० लाख रुपैयाँ खर्चको सीमा दिइएको उक्त "पार्टी"मा ४ लाख ९० हजार रुपैयाँ खर्च भएको थियो।

जीबी र दिपेशको सम्बन्ध त्यत्तिमा मात्रै सीमित रहेन। उनी विस्तारै जीबीको व्यावसायिक साझेदार पनि बने। गिट्टी, बालुवा खानी उत्खनन् र क्रसर व्यवसायको साझेदार रहेका कैलाश दर्लामी मगरलाई पनि दिपेशले सहकारीमै ल्याए। आफू निकट मान्छे सहकारीहरूमा राख्का लागि सुप्रिम सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बुटवलमा दिपेश आफै सचिव बने। खासमा उनकी ठूलीआमाको छोरी बहिनी ज्वाई मनोज घर्तीमगरलाई पहिले सुप्रिम हेर्ने जिम्मा दिने निर्णय भएको थियो। तर बुवा पुनः उपराष्ट्रपति भएपछि मनोजलाई प्रेस संयोजकमा नियुक्ति गरियो। अनि रामेछापका कैलाश दर्लामी मगरलाई पोखरा पुऱ्याएर सूर्यदर्शनको उपाध्यक्षमा राखियो।[१४५] कैलाशको यतिसम्मको उच्च "हाइफाई" थियो कि छोरीको अन्नप्रासन (भातखुवाई) कार्यक्रमसमेत होटल हायत रेजेन्सीमा गरिएको थियो। जहाँ ठूला ठेकेदार, मन्त्री, "भिआइपी" र आफन्तहरूको ठूलो जमघट थियो। जीबी राईले जीबी ग्रुप अफ कम्पनीज प्रा.लि, गोर्खा ग्रुप अफ कम्पनी लि., नेचर हर्व्स प्रा.लि, नेचर नेस्ट प्रा.लि., हर्बो इन्टरनेशनल प्रा.लि, गोर्खा आयुर्वेद प्रा.लि, गुप्ती टि इस्टेट प्रा.लि, गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायतका विभिन्न कम्पनी सञ्चालन गरिरहेका थिए। यसमा कतिपय नेटवर्किङमा आधारित थिए। त्यससँगै जीबीले विभिन्न सहकारी सञ्चालन गरेको देख्न सकिन्छ।

दिपेश पुनकै पहलमा गोरखा मिडिया नेटवर्क प्रा.लि.बाट पहिलो पटक www.nagarikkhabar.com अनलाइन सञ्चालनमा ल्याइयो। त्यसमा पहिलोपटक सूर्यदर्शन सहकारी पोखराबाटै पैसा समेत हालिएको थियो। उक्त अनलाइनको कार्यालय वानेश्वरस्थित पहिले रेडियो अडियोको स्टेशन रहेको घरको चौथो तलामा हर्बो इन्टरनेशनल प्रा.लि.को कार्यालयले आधा फ्ल्याट दिई त्यसमै सञ्चालन गरिएको थियो। उक्त अनलाइनमा जीबी राईद्वारा सञ्चालित साबुन, टुथपेष्टलगायतको विज्ञापनको मात्रै प्रवर्द्धन गर्ने गरिएको थियो। उक्त अनलाइनले त्यत्ति बजार लिएन। खोजतलास र समाचारमा त्यस्तो कुनै खास प्रभाव देखिएन।

त्यहीबेला न्यूज-२४ मा रवि लामिछानेको कार्यक्रम सीधा कुरा जवर्जस्त स्थापित र लोकप्रिय थियो। संवत् २०७३ चैतबाट प्रसारण सुरू भएको एपिवान टेलिभिजनमा सुरूमा अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष रामेश्वर थापासँग व्यावसायिक साझेदारीमा गितेन्द्रबाबु राई देखिएका थिए। राई एपिवान टेलिभिजनको कतारमा भएको एक कार्यक्रममा उपाध्यक्षको हैसियतमा भाग लिएको भिडियो अहिले पनि सार्वजनिक रूपमा उपलब्ध छ। त्यत्तिबेला नै काठमाडौंको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.बाट एपिवानमा कर्जा समेत प्रवाह भएको देखिन्छ। एपिवानमा कुरा नमिली सम्बन्धमा दरार आएपछि जीबी राई नयाँ टेलिभिजन खोल्ने उद्देश्य सहित न्युज २४ मा सिधा कुरा जनतासँग कार्यक्रममार्फत अलग छवि बनाइसकेका रवी लामिछानेसँग सम्पर्कमा पुगेको देखिन्छ। राईले एपिवानबाट जाने बेलामा त्यहाँका मार्केटिङ्ग प्रमुखलाई समेत ग्यालेक्सी फोरकेमा साथै लिएर गएको बताइन्छ। जीबीले ग्यालेक्सी फोरके सञ्चालनमा ल्याएको केही समयपछि नै www.nagarikkhabar.com सङ्कटमा पऱ्यो। केही समय त्यसको अध्यक्ष कैलाश दर्लामी मगर नै

[१४५] सूर्यदर्शन वचत तथा ऋण सहकारी संस्था लि. को वचत रकम हिनामिना तथा अपचलन मुद्दामा कैलाश पोखरा कारागारमा छन्। कैलास जिल्ला रामेछापको लिखु तामाकोशी गाउँपालिका वडा नं. ७ का वहालवाला वडाध्यक्ष दर्लामी मगरले नेकपा (माओवादी-केन्द्र) को तर्फबाट २०७९ को स्थानीय तह निर्वाचनमा जितेका थिए।

रहे। उनै दर्लामीले www.nagarikkhabar.com को डोमेन राखे गरी जीबीकै दरबारमार्गमा रहेको अर्को कार्यालयमा सारे।

१२.६ सूर्यदर्शनपछि ईमेजको जन्म

पोखरामा चल्तापुर्जा देखिएको सूर्यदर्शन सहकारीमा देवकुमार नेपाली[१४६] सहित ४ जना मेखबहादुर वि.क., विकास श्रेष्ठ र कल्पना पहरीले २०६७ मा शेयर राखे। पहिलो बैठकबाट देवकुमार सूर्यदर्शन सहकारीको उपाध्यक्ष बने। तर लगातार तीनवटा बैठक बस्दा नबस्दै विवाद उत्पन्न भयो। विवादको जड ज्ञानबहादुर बम्जन र जीबी राईले २० करोड रुपैयाँ भन्दा बढी हिनामिना गरेको भन्ने देवकुमार नेपाली पक्षको जिकिर थियो। उक्त रकम काठमाडौं पठाएको देखिएको थियो।

त्यतिबेला सहकारी डिभिजन कार्यालय पोखराले देवकुमार नेपालीसहितको टोलीले दिएको निवेदन लिन मानेन। डिभिजन प्रमुख चन्द्रबहादुर ठकुरी र अधिकृत बालकृष्ण सुवेदीको मिलेमतोमा निवेदन दर्ता गरिएन। बरु मेखबहादुरले एकाएक राजीनामा दिए। त्यहाँभित्र खासमा देवकुमार नेपाली अध्यक्ष बन्ने स्वार्थ थियो। तर ज्ञानबहादुर र जिबिले दिएनन्। मेखबहादुरले राजीनामा दिएका कारण देवकुमारको सञ्चालक समितिमा बहुमत नपुग्ने भएपछि उपाध्यक्ष भएको १ महिनाभित्रै देवकुमार नेपालीसहित विकास श्रेष्ठ र कल्पना पहरीले राजिनामा दिए। देवकुमार नेपालीले सूर्यदर्शनका एक कर्मचारी लिएर २०६८ सालमा पोखरा र बागलुङमा ईमेज बचत तथा ऋण सहकारीको सञ्चालन थाले। जीबी र ज्ञानबहादुर बम्जनसँग देवकुमार नेपालीको स्वार्थ नमिलेको देखिन्छ, उनीहरूकै इगोमा ईमेज सहकारी संस्था खोलेका थिए। पैसा सङ्कलन गर्ने शैली सूर्यदर्शनकै कर्मचारीबाट सिकेको प्रष्ट देखिन्छ।

१२.७ शिवशिखरको उदय

गोरखा टोवाको कम्पनी, राइस मिलको व्यापारबाट गोरखाद्वीप सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बागबजार र शिखर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. ठिमीमा केदारनाथ शर्माको करिब १८ करोड रुपैयाँ बचत थियो। गोरखा विकास बैङ्क संकटमा जाने अवस्था आएसँगै आफ्नो १८ करोड रुपैयाँ डुब्ने परिस्थिति उत्पन्न भएपछि २०६६ मा दुबै सहकारीको एकीकरण गरी शिखरदीपको सञ्चालक अध्यक्षसहित केदारनाथ शर्माले सकारेका थिए। २०७७ मा आएर शिवशिखर कृषि सहकारीसँग एकीकरण गरेर केदारनाथ शर्माले शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. बनाई देशभर कार्यक्षेत्र सहितको लाइसेन्स लिई काठमाडौं उपत्यकाबाट सञ्चालन गरेका थिए। शिवशिखरका ३५ वटा शाखा छन्। केदारनाथको अहिलेसम्म तेजबहादुर बम्जनसँग सम्पर्क छ। तेजबहादुरलाई पनि शिवशिखरको मुद्दा रहेकाले उनी फरार सूचीमा रहेका छन्।

---

[१४६] देवकुमार नेपाली ईमेज सेभिङ्ग एन्ड क्रेडिट को-अपरेटिभ लि. पोखरा, वागलुङका संस्थापक अध्यक्ष हुन्। ईमेज सहकारी बचत हिनामिना तथा अपचलन गरी मुद्दा परेकाले हाल फरार सूचीमा रहेका छन्। उनी नेकपा (एमाले)को तर्फबाट ढोरपाटन नगरपालिकाको २०७४ र २०७९ को स्थानीय तह निर्वाचनमा नगर प्रमुख निर्वाचित भएका हुन्। समितिको कार्यादेश अन्तर्गत रहेका २९ वटा सहकारी मध्ये अनुसूची-२ मा ईमेज सहकारी पनि रहेको छ।

१२.८ सूर्यदर्शन र सुप्रिम फाइनान्स कम्पनी

आफै अध्यक्ष र प्रमुख कार्यकारी रहेर ज्ञानबहादुर बम्जनले सूर्यदर्शन र सुप्रिम फाइनान्स कम्पनी खोले। पछि एकीकरण भएर तिनीहरू एनसीसी बैङ्क हुँदै हाल कुमारी बैङ्कमा जोडिएको देखिन्छ।

१२.९ गोरखा विकास बैङ्क

गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट करिब ८ करोड रुपैयाँ लिएर २०६१ मा गोरखा विकास बैङ्क स्थापना गरियो। बैङ्कमा गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.मा जो-जो ब्रिटिश गोरखा भूतपूर्व सैनिक थिए, उनीहरूले यसमा पनि ठूलो लगानी गरे। विकास बैङ्क सञ्चालनका लागि २०६१ मा ३२ करोड रुपैयाँ पुँजी रहेको राष्ट्र बैङ्कलाई देखाउनु पर्दथ्यो। जम्मा गर्नु पर्ने ७० प्रतिशत थियो। यसको अध्यक्ष डीबी बम्जन नै बने। त्यतिबेला बैङ्क र सहकारीमा एउटै व्यक्ति अध्यक्ष बन्न पाउने भएकाले डीबी बम्जन गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को अध्यक्ष पनि रहिरहे।

जब २०६६ को सुरुवातीका दिनदेखि गोरखा विकास बैङ्कमा घोटाला मच्चियो, त्यसको मुख्य व्यक्ति डीबी बम्जन बने। गोरखा विकास बैङ्क घोटालामा परेपछि गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.बाट डीबीले राजीनामा दिए। त्यसपछि गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. का सचिव ईमानसिंह राई अध्यक्ष बने। अहिलेसम्म उनै छन्। अहिले गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. समस्याग्रस्त घोषित भएको छ। डीबी बम्जनले लगेको ऋण करिब ५५ करोड र तेजबहादुर तामाङको ऋण ७८ करोड रुपैयाँ नदिएकाले गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. समस्याग्रस्त बनेर बचतकर्ताको रकम फिर्ता गर्न नसकेको अध्यक्ष इमानसिंह राईको भनाई छ।[१४७]

गोरखा विकास बैङ्कको घोटालाबाट साढे ३ वर्ष बैङ्किङ्ग कसुर मुद्दामा जेल जीवन बिताएर डीबी छुटे। हाल ग्रेट गंगासागर सहकारीलाई आफ्नै श्रीमती कुमारी तामाङलाई अध्यक्ष बनाई सञ्चालन गरेका छन्। त्यस्तै ढल्कुमा भाञ्जी संगीता तामाङको नाममा गोरखा हस्पिटल सञ्चालनमा रहेको छ।

१२.१० गोरखा विकास बैङ्कमा निर्मल गुरुङको इन्ट्री

वैदेशिक रोजगार व्यवसायबाट मनग्य अर्थोपार्जन गरेका निर्मल गुरुङ[१४८]को सम्पत्तिमा डीबी बम्जनको नजर पऱ्यो। निर्मल गुरुङका अनुसार २०६५ सालतिर गोरखा विकास बैङ्कको सञ्चालक समितिका बोर्ड अफ डाइरेक्टर र आफूलाई मानव अधिकारवादी भन्ने मानबहादुर थापाले डीबी बम्जनसँग पहिलो पटक चिनजान गराएका थिए। चिनजानपछि डीबी बम्जनले निर्मल गुरुङलाई बैङ्कमा लगानी गर्न अनुनय गरे, तर उनले मानेनन्। निर्मल गुरुङका अन्य चिनजानका व्यक्तिले पनि पल्टनदेखि नै डीबीको आर्थिक मामिलामा आचरण ठीक नभएकाले शेयर नहाल्न सुझाएका थिए। तर बिहान, बेलुका गरी डीबीले निर्मल गुरुङको घरमा निरन्तर ८ महिनासम्म धाए। एक

---

[१४७] गोरखा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.का अध्यक्ष इमानसिंह राईले मिति २०८१ साउन २५ गते समितिको बैठकमा भएको सोधपुछमा खुलाए वमोजिम उल्लेख गरिएको।

[१४८] निर्मल गुरुङ वैदेशिक रोजगार व्यावसायी संघको प्रथम अध्यक्ष हुन्। हाल सगरमाथा टेलिभिजन सञ्चालनसहित विभिन्न व्यवसायमा संलग्न छन्।

दिन निर्मल गुरुङको मन पग्लियो र ६ करोड रुपैयाँ शेयर हाले। पछि पटक-पटक गरी १ करोड रुपैयाँ थप गरे र बैङ्कको बोर्ड अफ डाइरेक्टर पनि बने।

एक दिन एकाएक काठमाडौं ठमेलका पञ्चलाल महर्जन कार्यालय हुँदै सडकमा कराउन थाले। पञ्चलालको ठमेलमा रहेको जग्गा धितो राखेर अध्यक्ष डीबी बम्जनले साढे ४ करोड रुपैयाँभन्दा बढी रकम उनलाई नदिई जग्गा लिलाम गर्न लागेछन्। यो कुरा अन्य लगानीकर्ता निर्मल गुरुङ र राजेश अडुकियाले समेत थाहा पाए। त्यो व्यवहार मिलाउन सकिने भनेर पञ्चलाललाई निर्मल गुरुङले आफ्नो घरमा लिएर गए। समझदारी गरेर मिलाउने पहल हुँदाहुँदै डीबी कसैलाई नभनी बेलायततिर लागे।

बैङ्कमा समस्या बनाएर डीबी बम्जन भागेपछि सञ्चालक समितिको बहुमतले निर्मल गुरुङलाई अध्यक्ष बन्न कर गऱ्यो। विशेषगरी पहिल्यै चिनजान र बढी हिमचिम भएका धनप्रसाद राईको जोडबलमा निर्मल गुरुङ अध्यक्ष बने। गुरुङ अध्यक्ष बनेको डेढ महिनापछि डीबी बेलायतबाट फर्किए। डीबी स्वदेश फर्किएसँगै नेपाल राष्ट्र बैङ्कका तत्कालीन गभर्नर डा. युवराज खतिवडा, निर्मल गुरुङ र राजेश अडुकियाविरुद्ध राजनीतिक शक्तिलाई प्रयोग गर्ने कोशिस गरे। उनले गभर्नर खतिवडा, बैङ्क लगानीकर्ता अडुकियालाई राजनीतिक नेतृत्वमार्फत दबाब दिने कोशिस गरे। गुरुङलाई भने डीबीसँग मेलमिलाप गर्न सुझाव आउने गर्दथ्यो।

त्यसपछि निर्मल गुरुङले नेपाल राष्ट्र बैङ्कमा निवेदन दिए। सोही निवेदनको आधारमा २०६७ चैत ११ गते उक्त बैङ्क संकटग्रस्त घोषणा भयो। बैङ्क संकटग्रस्त घोषणासँगै डीबी बम्जन सहित कर्मचारीहरू कर्ण थापा, दीपक राना लगायत पक्राउ परे। निर्मल गुरुङलाई पनि पक्राउ पुर्जी जारी भयो। उनी बैङ्कको कालोसूचीमा परे, तर फरार रहे। बम्जन साढे तीन वर्ष जेल सजाय भोगेर निस्किए र निर्मल गुरुङ १४ वर्षपछि २०८० सालमा आएर बैङ्कको कालोसूचीबाट मुक्त भएका छन्। गोरखा विकास बैङ्क संकटग्रस्त भएपछि अहिले गोरखा फाइनान्सको रूपमा सुचारु छ। अहिले विभिन्न रोगका कारण घरमै आराम गरिरहेका निर्मल गुरुङ निकटवर्तीहरूसँग खुलेरै भन्ने गर्दछन्, "डीबीको सङ्गतले मेरो सांसद, मन्त्री हुने दिन त गयो-गयो, करिब २ अर्ब रुपैयाँ बराबरको जग्गा-जमिन, परियोजना सबै स्वाहा भयो। एक वर्षदेखि बल्ल कालोसूचीबाट मुक्त भएको छु।"[१४९]

डीबी बम्जनले बेलायती सेनामा कार्यरत रहँदा त्यहाँको Halifax Society का बारेमा थाहा पाएका थिए। त्यसको विस्तारित रूप हाल को-बैङ्क (Co-Bank)का रूपमा स्थापित रहेको छ। आफ्नो तलबसमेत Halifax Society मा रहेको खातामा जम्मा हुने अनुभवको पृष्ठभूमिमा उनी अवकाशपछि नेपाल फर्केर मूलतः "गोरखा"हरूलाई लक्षित गरी सहकारी सञ्चालनमा जुटे। नेपालमा सहकारी बिस्तारमा उनको महत्त्वपूर्ण योगदान रहेको छ। तर पछि उनी "सहकारीको बचत रकम बैङ्कमा र बैङ्कको निक्षेप सहकारीमा सार्ने" कार्यमा चलाखीपूर्वक लागे। व्यक्तिगत र पारिवारिक स्वार्थको जालो फिंजाउन समेत उनको भूमिका प्रेरक रहेको देखिन्छ। २०६६ सालतिर गोरखा विकास बैङ्कमा संकट उत्पन्न भएर राष्ट्र बैङ्कले हस्तक्षेप गरेपछि उनले सजायँ भोग्नु पऱ्यो र बैंकिङ्ग कसुर मुद्दामा ३ वर्षभन्दा बढी जेलमा बस्नु पऱ्यो। त्यसपछि उनी र उनका परिवारिक व्यक्तिहरू सहकारी सञ्चालनतर्फ बढी केन्द्रित भएका देखिन्छन्। डीबी बम्जनले गोरखा ग्रुपका रूपमा सहकारीको

[१४९] निर्मल गुरुङ्गले दिएको जानकारीमा आधारित।

बिस्तार र प्रवर्द्धन गर्न खोजे। अर्कोतिर गोरखा ग्रुपद्वारा प्रबर्द्धित भनी भाई ज्ञानबहादुर बम्जनले अर्को समूह खडा गरे। भूतपूर्व ब्रिटिश गोरखा सैनिकहरूले उनलाई प्रश्न गर्न थालेपछि कम्पनी नै दर्ता गरेर भूतपूर्व गोरखा सैनिकहरूको बचत, सम्पत्ति र भावनालाई सहकारी सञ्चालनमा संगठित रूपमा नै जोड्न उद्यत रहे। विभिन्न सहकारीहरूको अर्बौं रकमसहित सपरिवार २०६६ सालतिरै अमेरिका पलायन भएका उनी हाल अमेरिकाको क्यालिफोर्नियामा बसेर नेपालमा ज्वाइँ जीबी राईमार्फत प्रमुख सहरहरूमा सहकारीको सञ्जाल निर्माण र सञ्चालनको मुख्य निर्देशकको भूमिकामा सक्रिय देखिन्छन्। उनकै निर्देशनमा जीबी राईले सूर्यदर्शन (पोखरा), सानो पाइला (वीरगञ्ज), सहारा चितवन (चितवन), स्वर्णलक्ष्मी (काठमाडौं), सुप्रिम (बुटवल), समानता (नेपालगञ्ज) र हाम्रो नयाँ कृषि बहुउद्देश्यीय सहकारी संस्था (भक्तपुर)को संगठित, योजनाबद्ध र पारिवारिक स्वार्थकेन्द्रित सञ्जाल सञ्चालन गरेको तथ्य उजागर भएको छ। विभिन्न रिपोर्टहरूका अनुसार उनीहरूले सर्वसाधारणको १६०० करोड भन्दा बढी बचत सङ्कलन, अपचलन, दुरुपयोग र ठगी गरेको पाइएको छ।[१५०]

१२.११ निचोड

ब्रिटिश गोरखा भूतपूर्व सैनिकहरू पछिल्लो समय अधिकांश नेपालका घरहरू बेचबिखन गरेर बेलायतमै स्थायी बसोबास गरेका छन्। गेसोको आन्दोलनबाट गोरखा भूतपूर्व सैनिकहरू केही जागरुक भए, बेलायत सरकारले केही मागहरूको सम्बोधन पनि गऱ्यो। तर त्यसको प्रत्यक्ष असर बेलायतबाट आउने रेमिट्यान्स लगभग शून्य बन्यो। केही गरौं भनेर आर्थिक समृद्धिमा लागेका ब्रिटिश गोरखा भूतपूर्व सैनिकहरूको रकमसँगै ब्रिटिश गोरखा ब्राण्ड नै धुमिल हुने गरी डीबी बम्जन परिवारले सोझा-इमान्दार ब्रिटिश गोरखा भूतपूर्व सैनिक परिवारको रकम आफ्नो स्वार्थमा दुरूपयोग गरे।

यसको ज्वलन्त उदाहरण बम्जन परिवारले खोलेका संस्थाहरूमा उनीहरूको आफन्तको संलग्नता र उनीहरूको परिवार अहिले विदेशमा गएर व्यवस्थित भई बसेको तथ्यले पुष्टि गरेका छन्। अहिले ब्रिटिश गोरखा समूहका आफन्त र त्यहाँबाट छुट्टिएर गएका कर्मचारीहरूद्वारा देशभर खोलिएका ३०० भन्दा बढी सहकारी संस्थाहरू छन्। २०० भन्दा बढी सहकारी संस्थाहरूले ५० करोड रुपैयाँभन्दा बढीको कारोबार गरेका छन्। यस्तो बदमासी र ठगीको जालोमा देखिएका सहकारीका सञ्चालकहरू प्रायः बम्जन परिवारले सुरु गरेको सहकारीबाट प्रबर्द्धित छन्। अरु त्यहाँबाट छुट्टिएका शेयरधानी वा कर्मचारीले त्यहींको शैली र सफ्टवेयर लिएर सञ्चालन गरेका सहकारीहरू धेरै रहेको तथ्यहरूबाट पुष्टि हुन्छ।

बम्जन परिवारको सहकारी ठगीको जालो एउटा नमूना मात्रै हो। सहकारीको कार्यकारी भूमिकामा रहेका सबै सहकारीले आधारभूत सिद्धान्तभन्दा बाहिर गई व्यक्तिगत सम्पत्ति आर्जन गरेको तथ्य कसैबाट छिपेको छैन। देशभरका सहकारीको कार्यकारी भूमिकामा रहेका ८० प्रतिशत व्यक्तिहरूको २-५ वर्षबीचको सम्पत्ति छानबिन गर्दा सबै सहकारीबाट बचत रकम कसरी हिनामिना, अपचलन र ठगी भएको विषय छर्लङ्ग हुने स्थिति रहेको छ।

---

[१५०] https://www.onlinekhabar.com/2023/07/1337279 (हेरिएको मितिः २०८१ भाद्र २५ गते)

परिच्छेद-१३

सहकारी सङ्कट र राजनीतिक दल

राजनीतिक दलहरू लोकतन्त्रका मेरुदण्ड हुन्। समाजमा कस्ता-कस्ता विषयहरूलाई नियमन गर्न के-कस्तो कानूनको आवश्यकता पर्दछ र समाजमा देखा परेका समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सवालको पहिचान गर्न मात्र नभई कानूनको निर्माण र कार्यान्वयन र जनमत निर्माणमा समेत राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। संवत् २००७ सालमा प्रजातन्त्र प्राप्तिपछिको एक दशक र २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि नेपालमा बहुदलीय शासन प्रणाली अवलम्बन गरिदै आएको छ। हरेक क्षेत्रगत नीतिमा दलीय प्रतिबद्धता असाध्यै महत्त्वपूर्ण रहन्छ। कानून निर्माणमा तिनै दलीय प्रतिबद्धता र दृष्टिकोणहरू विधिसम्मत प्रक्रियाबाट परावर्तित भएका हुन्छन्। नेपालको संविधान, सहकारी नियमन, सञ्चालन र व्यवस्थापनका लागि स्थापित नीति एवं कानूनको पालनामा पनि राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। यस परिच्छेदमा सहकारी सम्बन्धमा राजनीतिक दलहरूले कस्तो दृष्टिकोण राख्छन् वा मार्गदर्शन गरिरहेका छन् ? भन्ने विवेचना गरिएको छ। संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल सहितलाई पत्राचार गरी सहकारी सम्बन्धी पार्टीको दृष्टिकोण र वर्तमान सहकारी समस्या समाधानमा सुझावहरू माग गरिएको थियो। समितिमा प्राप्त भएका १६ वटा राजनीतिक दलहरूकै आधिकारिक विवरणका आधारमा तयार पारिएका विवरण दलगत रूपमै यहाँ प्रस्तुत गरिएका छन्। दलहरूबाट प्राप्त सुझावहरू जस्ताको तस्तै अनुसूची-१० मा प्रस्तुत छ।

१३.१ नेपाली काँग्रेस

नेपाली काँग्रेसले सहकारीलाई समुन्नत समाज निर्माणको आधारका रूपमा लिएको छ। दलको विधानले स्वीकार गरेको आदर्शमध्ये सहकारीताको आदर्श पनि रहेको छ। समाजवाद स्थापना गर्न सहकारीले योगदान पुऱ्याउने हुँदा सहकारीताबाट राष्ट्रियता, लोकतन्त्र र समाजवादमा सहयोग पुग्न गई सहकारी क्षेत्र सक्षम र सवल बनाउनु नेपाली काँग्रेसको संस्थागत उद्देश्य हुने धारणा छ। आम नागरिक सहकारीका मालिक हुन्। आफ्नै स्रोत र व्यवस्थापन सहकारीको मर्म हो। सहकारीहरू पेशागत मर्यादाभित्र रहेर गैरराजनीतिक हुनुपर्दछ भन्ने नेपाली काँग्रेसको धारणा र विश्वास रहेको छ।

- **समस्याका कारणहरू**
    - ऐन, नियम तथा प्रचलित कानून विपरीत सहकारीले कर्जा प्रवाह गर्दा समेत नियमनकारी निकायहरूले प्रभावकारी ढङ्गले नियमन गर्न नसक्नु,
    - बचत तथा ऋण सहकारी संस्थाको नियमन स्पष्ट, कडा र पारदर्शी ढङ्गले हुन नसक्नु,
    - नेपाल राष्ट्र बैङ्कले समेत प्रभावकारी भूमिका खेल्न नसक्नु,
    - ठूला सहकारीहरू सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुसार चल्न नसक्नु,
    - संविधानमा भएको व्यवस्था र मर्म विपरीत नियमनको संघीय अधिकार प्रदेश र स्थानीय तहमा पन्छाइनु र प्रदेश र स्थानीय तहसँग वित्तीय कारोबारको नियमन गर्ने सक्षमता र स्रोत साधनको कमी हुनु,

- सहकारी संस्थाहरू उत्पादन वृद्धि र रोजगारी सिर्जनामा भन्दा बचत तथा ऋणको कारोबारमा संलग्न हुनु र त्यसलाई राज्यले नियन्त्रण गर्न नसक्नु,
(घ) सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानूनी रूपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानूनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।

४. <u>समितिको बैठक</u>: (१) सभापतिले समितिको बैठक बोलाउनेछ र बैठकको सूचना सचिवले सदस्यहरूलाई दिनु पर्नेछ।

(२) सभापतिले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(३) सभापतिले सदस्यहरूलाई बोल्ने समयको निर्धारण गरी समय दिनेछ र सभापतिले समय दिएपछि सम्बन्धित सदस्यले बोल्नु पर्नेछ।

५. <u>निर्धारित समयमा बैठक सुरू हुने</u>: समितिको बैठक निर्धारित मिति, समय र स्थानमा सुरू हुनेछ।

तर कुनै कारणले निर्धारित समयमा बैठक बस्न नसकेमा सभापतिले त्यस्तो बैठक स्थगित गरी अर्को बैठक बोलाउन सक्नेछ।

६. <u>बैठकको कार्यसूची र जानकारी</u>: (१) समितिको बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकबाट तय गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूची तय नभएमा सचिवले सभापतिको निर्देशन अनुसार कार्यसूची तय गरी बैठक बस्नुभन्दा अघिल्लो दिन सदस्यहरूलाई जानकारी गराउनेछ।

(३) सचिवालयले बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात सामान्यतया बैठक बस्ने दिनभन्दा एक दिन अगावै सदस्यहरूलाई विद्युतीय माध्यम वा अन्य कुनै उपयुक्त माध्यमबाट उपलब्ध गराउनेछ।

७. <u>उपस्थितिको अभिलेख</u>: बैठकमा उपस्थित सदस्यले नामको पहिलो अक्षरको वर्णानुक्रम अनुसार राखिएको निर्णय पुस्तिकामा उपस्थिति जनाउन दस्तखत गर्नु पर्नेछ।

८. <u>गणपूरक संख्या</u>: समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।

९. <u>छलफलमा विशेष ध्यान दिनु पर्ने</u>: सदस्यले बैठकको छलफलमा भाग लिँदा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) समितिमा सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाई नाम टिपाउनु पर्ने,

(ख) सभापतिबाट अनुमति पाएपछि एक पटकमा एकजनाले मात्र बोल्ने,

(ग) अर्को सदस्य बोलिरहेको समयमा बोल्न वा एक-आपसमा कुरा गर्न नहुने,

(घ) बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरी बोल्ने,

(ङ) कसैलाई व्यक्तिगत आक्षेप लाग्ने गरी वा अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द नबोल्ने,

(च) बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पर्ने गरी दुरुपयोग नगर्ने,

(छ) बैठक अवधिभर मोबाइल फोनलाई स्वीच अफ वा मौन अवस्था (साइलेन्ट मोड) मा राख्ने, र

(ज) अत्यावश्यक परेमा सभापतिको अनुमति लिएर बैठक कक्षबाहिर गएर कुरा गर्ने।

१०. <u>छलफलमा सहभागी नहुने</u>: समितिमा विचाराधीन रहेको कुनै विषयमा सदस्यको आफ्नो वा पारिवारको सदस्य संलग्न रही स्वार्थ गाँसिएको भएमा सोको स्वघोषणा सहित सभापतिलाई जानकारी गराई निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।

तर त्यस्तो विषयको छलफल सकिएपछि बैठकमा भाग लिन सक्नेछ।

११. <u>पूरा समय बैठकमा भाग लिने</u>: विशेष कारण परेको अवस्थामा सभापतिको अनुमति लिएर बाहेक बैठक

प्रारम्भ भएदेखि अन्त्य नभएसम्म सदस्यले बैठक छाँडेर जानु हुँदैन।

१२. <u>पूर्वसूचना दिनु पर्ने</u>: बैठक बोलाइएको समयमा उपस्थित हुन नसक्ने अवस्था भएमा सदस्यले सभापति वा सचिवलाई पूर्वजानकारी गराउनु पर्नेछ।

१३. <u>सहयोग पुऱ्याउनु पर्ने</u>: बैठक सञ्चालन र सुव्यवस्था कायम गर्न सबै सदस्यले सहयोग गर्नु पर्नेछ।

१४. <u>छानबिन सम्बन्धी कार्यविधि</u>: समितिले कार्यक्षेत्रलाई समग्रतामा अगाडि बढाई छानबिनका क्रममा देहायकामध्ये कुनै वा सबै कार्य गर्न सक्नेछः

(क) **सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनः**

(१) सञ्चार माध्यममा प्रकाशित/प्रसारित सूचनाको सङ्कलन र अन्य निकायबाट कागजात माग तथा सङ्कलन,

(२) संघीय संसद वा संसदीय समितिका बैठकमा सहकारी समस्या सम्बन्धमा भएका छलफलमा व्यक्त धारणा, तथ्य आदि सम्बन्धी अभिलेख संङ्कलन,

(३) सर्वोच्च अदालतबाट भएका फैसला, प्रतिपादित नजिर सिद्धान्त र आदेशहरूको संकलन,

(४) सहकारी नियमनसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैङ्क र अन्य निकायहरू, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय र सम्बन्धित स्थानीय तहबाट भए गरेका काम, कारबाही, निर्णय, टिपोट, अध्ययन प्रतिवेदनका बारेमा जानकारी वा धारणा र अभिलेख माग,

(५) बचतकर्ताको बचत रकमको सुरक्षा एवं फिर्ता गर्ने सम्बन्धमा यसपूर्व भएका अध्ययन, अनुसन्धानका सुझाव सिफारिस र कार्यान्वयनको प्रगति विवरण,

(६) सहकारी, कम्पनि तथा वित्तीय नियमन र सञ्चालनसँग सम्बन्धित संवैधानिक र कानूनी प्रबन्धहरूको अध्ययन तथा विश्लेषण,

(७) अनुसूचीमा नाम उल्लेख भएका लगायत अन्य सहकारी संस्था मध्ये केही वा सबै,

(८) अनुसूची-१ मा उल्लिखित सहकारी संस्थाका समस्या सम्बोधन गर्न नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल, समितिका प्रतिवेदन र सम्बद्ध कागजात तथा सुझाव र सिफारिस कार्यान्वयनमा सम्बन्धित निकायले गरेका प्रयास,

(९) अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूका बेङ्किङ्ग कारोबार र सो सम्बन्धी विवरण,

(१०) अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया

नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति सम्बन्धी बैङ्किङ्ग कारोबार र त्यससँग सम्बन्धित तथ्य प्रमाण, र

(११) समितिले उपयुक्त ठानेका अन्य सूचना, तथ्याङ्क, प्रतिवेदन, विश्लेषण वा प्रमाण।

(ख) **छलफल, सोधपुछ र अन्तर्क्रियाः**

(१) सहकारी संस्था अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने मन्त्रालय, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, निकाय, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय, सम्बन्धित स्थानीय तह र नेपाल राष्ट्र बैङ्कका जिम्मेवार अधिकारी,

(२) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाका अध्यक्ष, सञ्चालक वा व्यवस्थापक र व्यवस्थापकीय भूमिकामा रहेका अन्य व्यक्ति,

(३) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरूबाट रकम प्रवाह भएका गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूका तत्कालीन र वर्तमान सञ्चालक, व्यवस्थापक वा र व्यवस्थापकीय भूमिकामा रहेका अन्य व्यक्ति, र

(४) सहकारी पीडितका तर्फबाट पीडितका प्रतिनिधिहरू,

(५) कानून, बैङ्क तथा वित्तीय व्यवस्थापन क्षेत्रका विषयविज्ञहरू,

(६) समितिले उपयुक्त ठानेका अन्य सरोकारवाला व्यक्ति तथा संस्था र विषयविज्ञहरूसँग।

(ग) **स्थलगत अध्ययन, निरीक्षण र जाँचबुझः**

(१) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरू,

(२) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरूबाट रकम प्रवाह भएका गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरू, र

(३) समितिले उपयुक्त ठानेका अन्य कार्यालय, स्थान वा निकाय।

१५. <u>सदस्यहरूको आचार संहिता</u>ः सदस्यहरूले देहायको आचार संहिताको पालना गर्नु पर्नेछः-

(क) छलफलमा भाग लिँदा तत्काल छलफलको विषयवस्तुमा केन्द्रित भई धारणा राख्नु पर्ने,

(ख) समितिको कार्यक्षेत्रसँग सम्बन्धित सूचना, तथ्य वा प्रमाण सदस्यहरूका बीचमा आदान-प्रदान गर्ने,

(ग) समितिको बैठकको निर्णय वा अनुसन्धानको प्रक्रियामा रहेका प्रसङ्गहरू, विषयहरू,

छानबिन सम्बन्धी रणनीति र अन्य गोप्य कागजातलाई सार्वजनिक गर्न वा दुरुपयोग गर्न नहुने,

(घ) बैठकमा छलफल, सोधपुछ वा अन्तर्क्रियाका लागि आमन्त्रण गरिएका विषय विज्ञ, विशेषज्ञ वा सम्बन्धित सरोकारवालालाई प्रश्न राख्दा शिष्टतापूर्वक राख्नु पर्ने, र

(ङ) छानबिनका क्रममा प्राप्त तथ्य तथा जानकारीहरूको गोपनियता कायम राख्ने।

१६. <u>समितिको प्रतिवेदन</u>: (१) समितिले छानबिनको कार्य पूरा गरेपछि सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कम्तीमा देहायका कुरा खुलाउनु पर्नेछ:-

(क) समितिको कार्यक्षेत्रको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया तथा सङ्कलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य, तथ्य विवरण,

(घ) समितिको ठहर वा निष्कर्ष,

(ङ) समितिको सिफारिस, र

(च) समितिले उपयुक्त ठानेका अन्य कुरा।

१७. <u>समन्वय र सहकार्य गर्न सक्ने</u>: समितिले आवश्यकता अनुसार सभाका अन्य विषयगत समितिहरू, विषयसम्बद्ध नेपाल सरकारको मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैङ्क र अन्य निकायहरू, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय र सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

१८. <u>सहयोग लिन सक्ने</u>: समितिले अध्ययन, अवलोकन, वित्तीय अवस्थाको विश्लेषण, अनुगमन तथा मूल्याङ्कन लगायत समितिको समग्र कामका लागि विषयविज्ञ वा विशेषज्ञको सहयोग लिन सक्नेछ।

१९. <u>समितिको कार्यावधि</u>: समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले तीन महिनाको हुनेछ।

२०. <u>निर्णय प्रक्रिया</u>: (१) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

तर सर्वसम्मति कायम हुन नसकेमा बहुमत सदस्यबाट समितिको निर्णय हुनेछ।

(२) उपदफा (१) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकी कुनै सदस्य वा सदस्यहरूले लिखित रूपमा फरक मत अखिलेखबद्ध गराउन चाहेमा त्यस्तो फरक मत लिखित रूपमा समितिमा दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम फरक मत प्राप्त भएमा समितिले अभिलेख राखी अन्तिम प्रतिवेदनमा समेत समावेश गर्नेछ।

२१. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>: (१) समितिले आवश्यकताअनुसार कार्यक्षेत्रभित्रको कुनै निश्चित कार्य गर्न वा छानबिन सम्बन्धी कुनै निश्चित कार्य गर्नका लागि समितिका कुनै सदस्य संयोजक रहने गरी

उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलको कार्यादेश र कार्यावधि समितिले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

२२. कार्यतालिका बनाई लागू गर्न सक्नेः (१) समितिले आवश्यकताअनुसार कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी समितिको कार्यतालिका अनुसूची-३ बमोजिम हुनेछ।

२३. निर्णयको प्रमाणीकरणः (१) बैठकको निर्णयमा सभापति र सचिवले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(२) समितिको निर्णय, काम कारबाही तथा अन्य कागजात सम्बन्धी आधिकारिक जानकारी सभापतिबाट सार्वजनिक हुनेछ।

२४. समितिको काम कारबाहीको अभिलेखः (१) समितिमा भएको छलफल, निर्णय, छानबिनका क्रममा समितिमा प्राप्त भएका कागजात, प्रमाण, छलफलमा उठेका विषय, प्रतिवेदनको एक प्रति, सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरूको अभिलेख सभापतिको निर्देशन अनुसार सचिवालयले व्यवस्थित गरी राख्नेछ।

(२) समितिको कार्यावधि पूरा भएपछि उक्त अभिलेख संघीय संसदको महासचिव मार्फत संघीय संसद सचिवालयमा बुझाइनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि छानबिनको सिलसिलामा समितिलाई प्राप्त भएका सूचना वा जानकारी र समितिले बुझेका वा सङ्कलन गरेका प्रमाणलाई प्रचलित कानून बमोजिम गोप्य राखिनेछ।

२५. समितिको निर्णय बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून र नियमावलीको अधीनमा रही समितिले निर्णय गरे बमोजिम हुनेछ।

२६. कार्यविधिमा संशोधनः समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

समस्याग्रस्त र सार्जनिक रूपमा प्रश्न उठेका सहकारी संस्थाहरूको नाम

१. ओरेण्टल को-अपरेटिभ लिमिटेड,
२. स्टयाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
३. प्यासिफिक सेभिङ् एण्ड इनभेष्टमेन्ट को-अपरेटिभ,
४. प्रभु बचत तथा ऋण सहकारी संस्था,
५. कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
६. कन्जुमर बचत तथा ऋण सहकारी संस्था,

७. कुवेर बचत तथा ऋण सहकारी संस्था,
८. चार्टर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
९. भेगास बचत तथा ऋण सहकारी संस्था,
१०. स्ट्याण्डर्ड मल्टीप्रपोज को-अपरेटिभ लिमिटेड,
११. सोसाइटल बचत तथा ऋण सहकारी संस्था,
१२. लुः निभा वहुउद्देश्यीय सहकारी संस्था,
१३. पशुपति सेभिङ् क्रेडिट को-अपरेटिभ लिमिटेड,
१४. शिव शिखर वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
१५. तुलसी वहुमुखी सहकारी संस्था लिमिटेड,
१६. हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड,
१७. कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था,
१८. कान्तिपुर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
१९. लालीगुराँस वहुउद्देश्यीय सहकारी संस्था,
२०. गौतमश्री वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड।

अनुसूची-२

१. आइडियल यमुना वहुउद्देश्यीय संस्था,
२. इमेज बचत तथा ऋण सहकारी संस्था लि.,
३. सहारा बचत तथा ऋण सहकारी,
४. समानता बचत तथा ऋण सहकारी,
५. सानो पाइला बचत तथा ऋण सहकारी,
६. सुप्रिम बचत तथा ऋण सहकारी,
७. सूर्यदर्शन बचत तथा ऋण सहकारी,
८. सुमेरू बचत तथा ऋण सहकारी,
९. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी, लगायत अन्य।

अनुसूची-३

समितिको कार्यतालिका

क.सं.	कामको विवरण	महिना र हप्ता																कैफियत
		जेठ		असार					श्रावण					भाद्र				
		चौथो	अन्तिम	पहिलो	दोस्रो	तेस्रो	चौथो	अन्तिम	पहिलो	दोस्रो	तेस्रो	चौथो	अन्तिम	पहिलो	दोस्रो	तेस्रो	चौथो	
१.	जिम्मेवारी प्राप्ती																	
२.	कार्यविधि र कार्ययोजना निर्माण																	
३.	सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनका लागि पत्राचार र सङ्कलन																	
४.	उपलब्ध सन्दर्भ सामग्री एवं मौजुदा कानूनी प्रबन्धको अध्ययन तथा आवश्यकता अनुसार यसअघि अध्ययन, अनुसन्धान गरेका निकाय वा व्यक्तिसँग छलफल																	
५.	सहकारी नियामक निकायसँग छलफल (प्रदेश र स्थानीय तह समेत)																	
६.	सहकारी पीडितहरूसँग प्रतिनिधिमूलक छलफल																	
७.	विषयविज्ञसँग छलफल एवं सूचना साझेदारी																	
८.	सहकारी संस्थाहरूको अध्ययन र अनुसूची-२ मा उल्लिखित सहकारीको प्रतिनिधिमूलक निरीक्षण																	

*समितिले २०८१।०२।२३ बाट कार्य प्रारम्भ गरेको।

*समितिले २०८१।०५।२२ भित्र कार्य सम्पन्न गर्ने।

९.	सहकारी संस्थाका अध्यक्ष, सञ्चालक, व्यवस्थापक र व्यवसथापकीय भूमिकामा रहेका व्यक्तिसँग छलफल, सोधपुछ																	
१०.	समितिले उपयुक्त ठानेका अन्य व्यक्ति वा निकायसँग छलफल वा त्यस्तो निकायको अध्ययन र निरीक्षण																	
११.	गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाका तत्कालीन र वर्तमान पदाधिकारीसँग छलफल, सोधपुछ																	
१२.	समग्र तथ्यहरूको विश्लेषण र प्रतिवेदन मस्यौदा																	
१३.	समस्याको व्यावहारिक समाधान वा आगामी बाटोका सम्बन्धमा राष्ट्रिय कार्यशाला																	सभामुख, उपसभामुख र विषयविज्ञ सहित
१४.	प्रतिवेदन पुनरावलोकन र समितिबाट पारित																	
१५.	सम्माननीय सभामुखसमक्ष प्रतिवेदन पेश																	

(कविता मिश्र)
सचिव

(सूर्यबहादुर थापा क्षेत्री)
सभापति

अनुसूची - ३

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष समितिको ६३औँ बैठकमा राख्नुभएको प्रतिबद्धता

माननीय सभापतिज्यू

माननीय सदस्यज्यूहरू

तपाईंहरुले मेरा विचारलाई पनि महत्व दिएर, मेरा कुरा पनि सुन्न चाहेर र मबाट समेत केही प्रतिबद्धताहरुको अपेक्षा गर्नु भएकोमा धन्यवाद छ।

पहिलो कुरा—हामीले संविधानमा, हाम्रा आर्थिक नीतिहरुमा संविधान बन्नुभन्दा अगाडि पनि संविधानमा व्यवस्था गरेर हाम्रो अर्थतन्त्रलाई तीन खम्बे अर्थतन्त्र (सार्वजनिक, निजी र सहकारी) भनेर भनेका छौं। सहकारीलाई हामीले त्यति महत्व दिएका छौं। तदअनुसार संविधानबाटै तीन खम्बे अर्थतन्त्र अथवा हाम्रो अर्थतन्त्रका तीनवटा पिलर, त्यस तीनवटा पिलरमध्ये एउटा सहकारी भनेका छौं। यद्यपि मोटामोटी रुपमा सहकारी भनेको पनि निजी नै हो, सार्वजनिक होइन। दुई प्रकारकै भित्र यो पर्ने हो तर यसलाई हामीले विशेष महत्व दिएका छौं र निजी भनेर वैयक्तिक निजी वा अरु ढंगको निजीभन्दा ससानो पुँजीलाई जम्मा गरेर ठूलो रकम जम्मा गर्ने र अरु ठूला कामहरु गर्ने भनेका छौं। त्यसरी मानिसहरुलाई उद्यमशीलता र त्यस पुँजीबाट विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गरी विविध क्षेत्रका क्रियाकलापहरु मार्फत् मान्छेलाई रोजगारीका अवसरहरु पनि प्रदान गर्ने र सानोतिनो भए पनि आम्दानीका अवसर उपलब्ध गराउने काम यसले गर्छ। त्यसो गर्दा मान्छेको आम्दानी पनि भयो, रोजगारी पनि भयो र सानोतिनो आफैंले सहकारीबाट ऋण, सापटी पनि लिन सक्ने र त्यसको पनि सदुपयोग गरेर आम्दानी बढाएर त्यसलाई फेरि फिर्ता गर्न सक्ने अवस्था बन्ने, ऋण तिर्न सक्ने अवस्था बन्छ। सहकारीका थुप्रै महत्वपूर्ण पक्षहरु छन्।

विश्वमा सहकारीको प्रचलन नै अर्थतन्त्र अप्ठ्यारोमा भएका बेला सुरु भएको हो। तर, सहकारीमा स्वभाविक रुपमा साना पुँजीबाट सुरु गरिने भएको हुनाले यसको ज्ञान बढी अनुशासन आवश्यक छ। कहाँ लगानी गर्ने, कहाँ नगर्ने, कस्तोमा गर्ने, कस्तोमा नगर्ने, को ऋणी हुन पाउने, को नपाउने, कसलाई कुन ढंगले सहयोग गर्न सकिने वा नसकिने र यसको सञ्चालन खर्चको लिमिट के हुने, यसका सञ्चालकहरु र वियररहरुले के कस्तो मात्राको खर्च गर्न र सुविधा लिन पाउने, पुँजीको भोलुम हेरेर प्रतिशतका हिसाबले पनि जानुपर्ने र त्यो प्रतिशत पनि अरबौं छ भने त्यसलाई धेरै तल लिमिटमै राख्नुपर्ने, यस्ता थुप्रै खालका यसका अनुशासन र नियमहरु हुन्छन्। यसको मर्मअनुसारको नियम अन्तर्गत चलाइयो भने सहकारी डुब्दैन र डुब्ने पनि सम्भावना हुँदैन। यसले कसैलाई डुबाउँदैन पनि। तर यसका निम्ति एउटा कुरा छ, सहकारीमा गैरसहकारी तत्वहरु प्रवेश गर्न दिने वा बेग्लै उद्देश्यले, ठगीका उद्देश्यले सहकारी गठन गर्ने, सञ्चालन गर्ने, रकम संकलन गर्ने विभिन्न ठाउँमा देखिन्छन्। सहकारीको मर्मभन्दा विपरीत उद्देश्य नै ठगीको लिएको देखिन्छ। एकजनाको नामबाट अर्काको नाममा सार्ने, अर्काको नामबाट अर्काको नाममा

सार्ने, नयाँ ऋणी बनाउने गर्दा गर्दै धेरै जनाको नाममा सार्दासार्दै एउटा बैंकबाट अर्को बैंकमा गर्ने खालको तरिकाहरु देखिन्छ। तपाईंहरुले यति धेरै दिनमा अध्ययन काफी गर्नु भएको छ। मैले त्यसमा धेरै भनिरहनु परेन।

यतिसम्म चलाखी कि विभिन्न सहकारीहरुमा कसले पैसा लियो भन्ने पनि थाहा छैन, कहाँ गयो भन्ने पनि थाहा छैन। सर्वसाधारणले ऋण लिंदा त्यहाँ त कडीकडाउ हुन्छ। तर सहकारीबाट पैसा कहाँ कहाँ पुगेको हुन्छ, फुत्तफुत्त एउटा रुखको डालोबाट अर्को रुखमा जस्तो गरी सरेको हुन्छ तर सन्यो कसरी भन्ने कुरा अनौठो ढंगले सरेको जस्तो देखिन्छ। यस्ता कुराहरुलाई नियमन र नियन्त्रण गर्नु पर्दथ्यो। राज्यको तर्फबाट कहीं कमी रह्यो। जब आर्थिक क्रियाकलाप गर्न छुट दिएको छ भने र त्यहाँ साना लगानीकर्ताहरु हुन्छन्, त्यहाँ ठूला पुँजीपतिहरुले लगानी गर्दैनन्, सानासानाहरुले लगानी गर्छन्, साँच्चैको सहकारीमा। त्यसमा हिनामिना हुन नपाओस् भन्नेगरी राज्य पनि उत्तरदायी हुने गरी जवाफदेहिता लिनु पर्दथ्यो। त्यस कुरामा उदासिन देखिएको तपाईंहरुले पनि अध्ययनबाट हेर्नु भएकै होला। त्यसमा उदासिनता पनि देखिएको छ। तत्सम्बन्धमा जुन कानुनी प्रबन्धका कुरा र कतिपय ठाउँमा अदालतको आदेश भए पनि यस्तो कुराहरुमा सरकारको अलिक ध्यान नपुगेको देखिन्छ। यसमा बैंकहरु मुछि नै नचाहने। बैंकहरुले पहिलेदेखि यसमा रुचि राखेको भए सायद यस्तो खालको अवस्था पर्ने थिएन होला। सर्वसाधारणलाई त्यसको विधि थाहा हुँदैन, विश्वासमा चलेका हुन्छन्। बैंक ठूला पुँजीपति बाहेक साधारण मान्छेहरुसँग कुनै विश्वासमा चल्दैनन्। साधारण मान्छेहरुप्रति बैंकले विश्वास गरेको मैले देखेको छैन। धरौटी नराखिकन पनि ऋण पाउने केही घराना छन् नि। बिना धरौटीमा ऋण लिने र दिने घरानाहरु छन्। त्यस्तोमा दिने तर सहकारीहरुप्रति झन गरिबका लगानी भएका संस्थाहरु चल्दा त्यसमा ध्यान दिनु पर्दैन ? अनि डुब्दा बैंकले आफ्नो जति हो त्यति असुल गरिहाल्ने? यो कुरा यहाँहरुले आफ्नो निष्कर्षहरुमा पनि राख्नु भएको छ। आफ्नो उठाइहाल्ने, जति आफ्नो ऋण दिएको छ वा जति लगानी छ, त्यतिमै लिलाम गर्दिने, त्यति उठे भयो भन्ने खालको र आफ्नो मात्रै स्वार्थ हेर्ने कुरा बैंकको उत्तरदायी कुरा भएन। त्यसकारण बैंकको सुझावहरुका बारेमा केही प्रश्नहरु उठाउनु भएको छ, मलाई लाग्छ, समितिले उठाएका कुराहरु ती जायज छन्।

सहकारी बिना अहिले पनि अर्थतन्त्रलाई अगाडि बढाउने अवस्था म देख्दिनँ। किनभने हाम्रो उत्पादन सम्बन्ध पहिलेभन्दा परिवर्तन भएको छ। पहिले एउटा परिवार उत्पादनको एउटा युनिट हुने गर्दथ्यो। अब परिवार उत्पादनको युनिट नभएर उत्पादन सम्बन्धहरु पूरै फेरिएका छन्। एउटा परिवार नै उत्पादनको युनिट हुने अवस्था रहेन। किनभने त्यहाँबाट जीविका चल्ने अवस्था छैन।

हिजो मानिसले अत्यन्त कठिन जीवन पनि स्वीकार गरेको थियो। आजको मानिस कठिन जीवन स्वीकार गर्न तयार छैन। पहाडमा हिजोको अर्थतन्त्रको उद्देश्य, आर्थिक क्रियाकलापको उद्देश्य जीवन निर्वाहसँग सम्बन्धित थियो र एकमानाको बन्दोवस्तको चलन थियो। त्यो एक मानाको बन्दोवस्त हिजो सम्बन्धित थियो। अब मानिस एकमानाको बन्दोवस्तमा चित्त बुझाउँदैन। आज मार्केट इकोनोमी भएको छ। यो कुनै देशले अरुलाई आफ्ना उत्पादनको बजार र उपभोक्ता बनाउन खोज्छ या सक्दैन भने आफैं उपभोक्ता

हुन्छ। जस्तो नेपाली अहिले अन्तर्राष्ट्रिय उत्पादनको बजार बनेका छौं र उपभोक्ता भएका छौं। हामीसँग पठाउने उत्पादन सामान केही पनि छैन। ६० प्रतिशत जनता कृषिमा निर्भर छ भने कृषिमा निर्भर रहेको ६० प्रतिशत जनतालाई कृषि क्षेत्रबाट बाहिर निकाल्नु छ। कृषि क्षेत्रबाट बाहिर निकाल्ने हो भने सबैभन्दा बढी ध्यान कृषिको आधुनिकीकरणमा दिनुपर्ने हुन्छ। अथवा सहकारीका माध्यमबाट ठूलो उत्पादन गर्नु पर्‍यो। त्यो सानो उत्पादनले जीविका चल्दैन र मान्छे जमिन नै छाडेर पलायन हुन्छ। अहिले पहाडतिर त्यही चलेको छ। जमिन सित्तैमा छोडेर मान्छे पलायन हुन्छन्। तीन वर्ष अगाडि तेह्रथुम जिल्लाको आठराई भन्ने चौहान डाँडामा आगलागी भयो, १५ घर जले। १५ घरमध्ये ६ घरमा मान्छेको बसोवास थियो। ९ घर मान्छेले छोडेर हिंडेर घरवारी, जमिन सबै छोडेर हिंडेका थिए। पशुधन बिक्री भयो भने बिक्री गरेका होलान् नत्रभने छोडेर हिंडे। किनभने त्यहाँको कसैले किन्दा पनि किन्दैन, बिक्री पनि हुँदैन र त्यसबाट जीविका पनि चल्दैन भने त्यसबाट के गर्ने ! पहिले पहिले जस्तो अहिले धेरै भाइमा एउटा भाइलाई अंश लगाएर छोडिदिऔं भन्ने हुँदैन। अहिले त प्राय एक भाइ एक बहिनी भएका हुन्छन् र उसकै पनि जीविका चल्दैन। सुविधा पुगेपछि मान्छेले झन शहर देख्यो। गाउँमा हामी सुविधा पुग्यो भन्छौं, सुविधा उपयोग गर्न मान्छेलाई सिकायो। सुविधा झन् देखायो। अहिले मोबाइलमा सामाजिक सञ्जालबाट जेजस्ता झिलिमिलि देखिन्छ, दुनियाँमा यस्तो झिलिमिलि छ भने मेरो गाउँमा के भएको भनेर मान्छे हिंड्छ। पहिले जस्तो तीन घन्टा हिंडेर पानी बोक्ने होइन कि दुई मिनेटको बाटो पनि मान्छे पानी बोक्न तयार हुँदैन। उसलाई पनि घरभित्रै चाहिन्छ। त्यसो भएर एक घर एक धारा भन्ने कुरा गर्दा पनि ऊ सन्तुष्ट छैन। उसले भनेका ठाउँमा धारा पुर्‍याउनुपर्छ। कृषिबाट ६० प्रतिशत जनता अल्मलिएको छ, त्यसलाई कसरी बाहिर निकाल्ने भन्नेभन्दा कृषिको आधुनिकीकरण, बजारीकरण, व्यवसायिकरण, यान्त्रीकीकरण, प्रविधिको प्रयोग गर्नुपर्छ। सानो जमिनको टुक्रा ओगटेको किसानले त्यो सबै गर्न सक्दैन। जसले गर्दा उत्पादन वृद्धि होइन, ह्रास हुन्छ। माटोको विरामी बढ्दो छ। यसर्थ यी चिजहरुलाई परिवर्तन गर्नका निम्ति सहकारीको आवश्यकता छ। सहकारीबाट अनेक मानिसहरु मिलेर एक ठाउँमा एक खालको बाली लगाउने, ठूलो मात्रामा पैदा गर्ने हो भने बजार प्राप्त हुन्छ। अहिले सबै ठाउँमा बाटाहरु पुगेका छन्। बाटोका कारणले होइन, उत्पादनको भोलुम सानो भएको कारणले बजार प्राप्त हुँदैन। हामी अन्तर्राष्ट्रिय बजारमा पनि उत्पादन पठाउन सक्छौं। गाउँबाट प्लेन चल्ने ठाउँमा ल्याएर पठाउन सक्छौं। दीर्घकालीन हुने हो भने अन्त पठाउन सक्छौं। ओखरजस्ता चिजहरु पानीजहाजबाट पठाए पनि केही बिग्रिँदैन। थुप्रै यस्ता चिजहरु छन्, जो अलिक समय लगाएर पठाएपनि केही बिग्रिँदैन। छिटै पठाउने चिजहरु हामी प्लेनबाट पठाउन सक्छौं। तर, उत्पादनको भोलुम ठूलो हुनु पर्‍यो। दुई डोका फलाएर हुँदैन। त्यही कुरा हरेकका घरमा फलेको छ, गाउँका साना बजारमा निकालेर बिक्री हुँदैन। मेरा घरमा पनि त्यही, अर्काको घरमा पनि त्यही फलेको छ भने त्यहाँको सानो बजारमा लगेर कसले किन्ने ? मेरो पनि त्यही उत्पादन छ, अरुकोमा पनि त्यही उत्पादन छ। त्यसपछि मैले आक्रोस देखाउँछु, बाटोमा छर्छु, बिक्री भएन बजार पाइएन भन्छु। दुई डोका किन्न सरकार त्यहाँ पुग्दैन। काठमाडौंका बजारसम्म पनि उसले ल्याउन सक्दैन। त्योभन्दा बाहिरका ठूला बजारहरुमा पनि पुग्दैन। त्यसो भएको हुनाले परिमाणको उत्पादनमा जानुपर्छ कृषि क्षेत्र। अहिले सहकारी बढी छन् भने कृषि क्षेत्रसँग सम्बन्धित गाउँगाउँमा

होलान्। नियमभित्र बसेका सहकारीहरु डुबेका छैनन्। जो नियममा बस्न जानेनन्, मानेनन् वा चाहेनन् अथवा बेग्लै उद्देश्यले सञ्चालन गरे यस्ता कुराहरुलाई छुट्याउनुपर्छ। गर्दागर्दै तजबिजी नमिलेर नसकेका हुन्, ढंग नपुगेको हो भने हामीले सहजीकरण गर्नुपर्ने हुन्छ। त्यसो नगरेर त्यसबाट अनुचित लाभ लिन खोजेका हुन् भने त्यसलाई हामीले कडाइका साथ पनि हेर्नुपर्छ। त्यो अपराधको विषय हुन्छ, सजायको भागी हुन्छ।

हामीले संसदबाट यहाँहरुको समिति बनाएका छौं। म विश्वास गर्छु। तपाईंहरुको समितिले यस सम्बन्धमा निष्पक्ष ढंगले सोधपुछ, बयान लिनेदेखि लिएर खोज अध्ययन, अनुसन्धान गर्दा पूर्ण रुपमा निष्पक्षता अपनाउनु भएको होला। म त्यो विश्वास गर्दछु। तपाईंहरुका निष्कर्ष पनि निष्पक्ष आउलान्। सरकारको तर्फबाट यहाँहरुले जुन प्रतिबद्धताको कुरा गर्नु भयो कि हामी सहकारी क्षेत्रका समस्या समाधान गर्न सम्भव, व्यवहारिक के के हुन्छन्, यहाँहरुका ती सुझाव आउन्। यहाँहरुको सुझाव आऊन्, त्यो हामी कार्यान्वयन गर्छौं। हामीले यतिबेला समितिलाई कुनै निर्देश गर्ने होइन। समितिले सरकारलाई निर्देश गरोस्। समितिले सरकारलाई निर्देश गर्ने हो। छानबिनका निष्कर्षबाट यो देखियो, यो यो ठाउँमा नियन्त्रण गर्नु पर्‍यो, यो ठाउँमा अनुगमन गर्नुपर्‍यो, यी यी सर्तका साथ सहकारी खोल्नु पर्‍यो, त्यसको वार्षिक प्रतिवेदन हेरिनु पर्‍यो र सहकारी कसैप्रति उत्तरदायी नहुने र एकदुई जना मान्छेहरुको गरी खाने भाँडो, ठगी खाने भाँडो हुनु भएन भन्ने कुरालाई ध्यान दिनु पर्‍यो। आज गुरुङ कि के जाति हरायो, यति अर्ब हरायो ! त्यो के भएको? मतलब बेलगाम छोड्नुको पनि हद हुन्छ नि।

अनि बैंकहरुमा १० लाख कसैले कसैलाई दियो भने सरकारले स्रोतको पिछा गर्छ। राष्ट्र बैंकमा सूचना पठाउँछ। अनि यत्रो अबाँको रकम यताबाट उता, उताबाट उता पुग्दा न बैंकले हेर्छ, न कसैले हेर्छ, यो के भएको ? म पनि अन्योलमा छु, यो के भएको? कोही किन छैन थाहा पाउने, देख्ने, समयमै नियन्त्रण कसले गर्ने ! त्यो के हो ? अब यो इन्फ्लुयन्स भएको हुनाले त्यसै गर्दा पनि हुने हो कि। यसो हेर्दा धेरै मान्छे राज्यको तहमा इन्फ्लुयन्स हुने, राज्यलाई इन्फ्लुयन्समा पारेर चलाउने खालको पनि देखिंदैन। राज्य इन्फुलेन्समा परेको हो भन्ने पनि मिल्ने स्थिति होइन। तर, राज्यको जानकारीभन्दा बाहिर बाहिरै ठूल्ठूला कामहरु भएका छन्। यस्तो सुविधा कसरी भयो ? अस्ति मैले एउटा समाचार पढेको थिएँ, एउटा मान्छे ट्याक्सी वा गाडीमा खानतलासी गर्दा तीन लाख रुपैया भेटियो, स्रोत नखुलेको। तीन लाखको स्रोत सँधै मान्छेसँग नहुन सक्छ नि। तीन लाखको स्रोत खोज्ने सरकार, तीन लाखको स्रोत खुलेन भनेर ! मेरै पैसा हो भन्छ, अनि कहाँबाट ल्याएको हो भनेर भन्छ। मेरै घरबाट ल्याएको हो, अनि घरमा कहाँबाट ल्याएको हो भनेर सोध्छ। कहिले कहिले कस्तो हुन्छ भने, आफन्तले दिएको हुन्छ, यो कतै नबताउनु है हाम्रो घरझगडा पर्छ तपाईंलाई पैसा दिएको थाहा पायो भने भनिन्छ। दुई चार लाख त गाउँघरमा पनि दिन्छन् नि। स्रोतको बारे भन्ने हो भने ससुरालीसँग बिग्रिन्छ कि, मावलीसँग बिग्रिन्छ कि अथवा दाजुभाइ बीचको सम्बन्ध बिग्रिन्छ कि भन्ने अनेक जटिलता हुन्छन्। तीन लाख, दुई लाख, डेढ लाख स्रोत खुल्नु पर्ने, जेट प्लेन उडेर गएको जस्तै प्लेन छैन, रामायणमा पाइन्छ नि पुष्पक विमान, एयरपोर्ट छैन, पुष्पक विमान जान्छ, उठाउँछ हिंड्छ जस्तै गरेर। एयरपोर्ट बिना ठूलाठूला विमान ल्याण्डिङ गरेको देखिन्छ, कहाँ कहाँबाट ल्याण्डिङ र टेकअप गर्‍यो त। त्यसकारण यो अनौठो खालको देखिन्छ। मैले प्रधानमन्त्रीका

हिसाबले कसैप्रति आग्रह र पूर्वाग्रह राख मिल्दैन। आग्रह छैन पनि र हुनु पनि हुँदैन। यति हो, यस समस्याको समाधान हुनुपर्छ भनेर सरकार पनि लागेको छ। हामी यहाँहरुको रिपोर्टको सुझावको प्रतिक्षामा पनि छौं।

तपाईंहरुले अर्को पनि प्रश्न उठाउनु भएको छ कि यसरी कारबाही गर्नु पर्ने ठाउँमा यस्तो बाटोबाट गर्ने कि यस्तो बाटोबाट गर्ने भन्ने यहाँनिर उठाउनु भएको छ। अहिले भइरहेका संस्थाहरुबाट हुन्छ कि अरु केही बनाउनु पर्छ भन्ने कुरा। यो पनि तपाईंहरुले नै सुझाव दिनु राम्रो हुन्छ। किनभने हामी त भएकैबाट गरिराखेका छौं। भएकैबाट पहिले पनि गरेको थियो होला। हुँदाहुँदै यस्तो स्थिति भित्रभित्र बनिसकेको रहेछ। यो त एउटा भयानक राष्ट्रिय समस्याको रुपमा आइसकेको रहेछ। त्यसो भएर अहिलेकै राज्य संयन्त्रहरुबाट छानबिन कारबाही जेजस्ता सकारात्मक, नकारात्मक कारबाही जे होस्। लगानीकर्ताहरुको नडुबोस् र त्यसमा ठग्ने मनसाय भएका मान्छेहरुले अन्तिममा ठग्न सफलता प्राप्त नगरुन्। एकछिन् सफलता प्राप्त गर्नु बेग्लै कुरा हो। त्यो पैसा त कहीं न कहीं त गएको छ। कति विदेश पनि गएको होला। नत्रभने प्राय विदेश गएको छैन। अब यहाँ कस्तो छ भने कतिपय मान्छेहरुका बारेमा जति जेसुकै भए पनि प्रश्न उठाउनै पाइँदैन। अहिले नेपाल त्यस्तो बनेको छ। प्रश्न उठाउनै पाइँदैन, प्रश्न उठायो भने ओहो ! स्वर्गबाट आगो ल्याउने प्रमिथस मानव जातिको कल्याणका लागि साहित्यको कुरा महाकवि लक्ष्मपप्रसाद देवकोटाले आफ्नो प्रमिथस भन्ने महाकाव्यमा लेखु भएको छ। त्यो महाकाव्यमा जस्तै स्वर्गबाट आगो ल्याएर धर्ती उज्यालो पार्ने मान्छेको बारेमा प्रश्न उठाउने को हौं ? भनेर प्रमिथसको कथा बन्छ। त्यस्तो होइन, सरकार यस्ता कुराहरुसँग कुनै कम्प्रमाइज गर्ने मुडमा पनि हुँदैन। सरकार कुनै हल्लाका पछाडि लाग्दै लाग्दैन। यहाँहरुले पनि कुनै हल्लाका पछाडि नलागेर दृढता, स्पष्टताका साथ नै काम गर्नु हुन्छ भन्ने मैले विश्वास लिएको छु। यसमा पनि सुझाव पाउँ।

फरार व्यक्तिहरुका सम्बन्धमा सरकारले खोज्ने कोसिस गरिरहेको, विभिन्न प्रकारका प्रयास गरेको मैले जानकारी पाएको छु। तर, फेरि सफलता प्राप्त भइराखेको छैन। त्यसो भएको हुनाले यसमा थप प्रयास अगाडि बढाउनुपर्छ। रेडकर्नर नोटिस जारी गरेर अथवा भ्रष्टाचारमा गिरफ्तारीको आदेश छ भन्ने कुरा स्थापित गरेर झिकाउनु पन्यो भने इन्टरपोलले पनि सहयोग गर्ने स्थिति बन्छ। तर दोष त पहिले स्थापित हुनु पन्यो। अहिले छानबिनको चरणमा भएको हुनाले पनि त्यो स्थापित भइनसकेको अवस्थाले पनि हामीले दह्रोगरी भन्न नसकेको स्थिति पनि भएर इन्टरपोलले पर्याप्त सहयोग गर्न नसकेको स्थिति हो कि। त्यसकारण यी चिजहरु स्थापित गरेर भए पनि अन्ततोगत्वा कोही पनि अरुको सम्पति हिनामिना गरेर, विभिन्न सुनको स्वर्गको सपना देखाएर पछि मान्छेलाई सर्वनाश गरेर छोडिदिने खालका कुराहरु स्वीकार्य र सह्य हुन सक्दैनन्। २०७४ कात्तिक १ गते एउटा ऐन आएको र त्यस ऐनले ०४८ सालको प्रबन्धलाई सहकारी सञ्चालनमा ल्याउनुभन्दा अगाडि नेपाल राष्ट्र बैंकबाट पूर्वस्वीकृति लिनु पर्नेलाई झिकेको देखिन्छ। माघ १५ गते फैसला गर्दै सर्वोच्च अदालतले बैङ्किङ प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट स्वीकृति, अनुगमन र निरीक्षण गर्नु/गराउनु। एउटा के छ भने बचत तथा ऋण सहकारी संस्था, बचत त हुने भयो तर त्यो ऋण सहकारी भनेर बैङ्किङ कारोबारमा गएपछि बढी बैङ्किङ कारोबार देखिन्छ। सहकारीको उद्देश्य बैङ्किङ क्रियाकलाप सञ्चालन गर्ने होइन, बैंक होइन

सहकारी। साना पुँजीहरुले लगानी गरेर कुनै उत्पादन गर्ने हो। खासगरी सामूहिक उत्पादन गर्ने हो। एक्लो लगानी सहकारी हुँदैन। एक्लो लगानी निजी कारोबार भयो। जब धेरै मिलेर सहकारी संस्था बनाइन्छ भने सहकारी संस्थाले गर्ने कारोबार भनेको बचतकर्ताहरुको रकम सङ्कलन गर्ने र त्यसलाई उत्पादनकार्यहरुमा लगाउने, उत्पादन बढाउने र त्यसबाट आएको प्रतिफल फिर्ता गर्ने हो। त्यसमै बढाउँदै लान पनि सकिन्छ, फिर्ता गर्न पनि सकिन्छ। त्यसको उद्देश्यभन्दा विपरीत यहाँ अरव पैसा उता कुदेको छ, अरव पैसा उता कुदेको छ। त्यो न सहकारीको उद्देश्य हो, न ती सहकारी हुन्। नाम सहकारी कानुन छल्नका लागि र दुनियाँलाई बेकुफ बनाउनका लागि मात्रै सहकारीको नाम लिएको देखिन्छ। नत्र यस्तो करोडौ, अर्बौं यो खाताबाट अर्को खातामै नअट्ने गरी, रजिष्टरमै नअट्ने गरी कम्प्युटरमा नअट्नेगरी पैसा कुदेको छ। यदि त्यो पैसा गर्ने हो भने ! धन्न अंक कुद्ने हो, पैसा नै कुद्ने हो भने के हालत हुन्थ्यो होला ! कति ट्रक कुद्नु पर्दथ्यो होला, कति लोडअनलोड गर्नु पर्दथ्यो होला। त्यही भाइब्रेशन त बैङ्किङ कारोबारका क्षेत्रमा त आउन्थ्यो होला। बैंकले त सुइको पाउँछ नि यस ठाउँबाट यस ठाउँमा पैसा गयो भनेर। यो अलिकति धेरै लापरवाही, अनुगमनको विल्कुल अभाव देखिन्छ। २०७४ माघ १५ गतेको परमादेशले फेरि पहिलेको भन्दा अझ स्पष्ट गरी त्यसमा स्वीकृत गर्ने, अनुगमन गर्ने, कार्यान्वयन गर्ने र गराउने कुराहरु गर्नु/गराउनु भनेर परमादेश जारी गरेको स्थितिमा त्यो नहुनु गम्भीर कमजोरी देखिन्छ। त्यो राष्ट्र बैंकले गर्नु पर्दथ्यो। नियामक निकाय धेरै भए होलान् तर कसैले गरेनन्। अनुगमनकर्ताहरु धेरै भए होलान् तर अनुगमन कसैले गरेनन्। सहकारी धेरै भए सहकारीको काम कसैले गरेनन् अथवा केहीले गरे। बद्मासी केहीले गरेका छन्। ठूलोठूलो रकम बिगारेका छन् तर बिगारेको केहीले हो। सहकारी त धेरै छन्, धेरै बिग्रिएका छैनन्। झापा जिल्लामा पनि सहकारीहरु थुप्रै छन्। ती सहकारीहरुले राम्रो उन्नती प्रगति गरेका छन्। तिनीहरुको हिसाब किताब राम्रो छ, राम्ररी सञ्चालन गरेका छन्। तिनीहरुको बारेमा कति जानकारी साथीहरुलाई आयो थाहा छैन। त्यसो भएर सरकार अनियमितता, वेथिति र अनेक तरिकामार्फत गरिएको शोषण अथवा किर्ते, लुट र ठगीहरुलाई नियन्त्रण गर्न सरकार सजग छ। त्यसलाई कसरी रोक्ने भन्ने यहाँहरुको सुझाव आओस्। सरकार त्यसलाई कार्यान्वयन गर्न तत्पर छ। सरकारले आवश्यक ऐन बनाउनु पर्ने ठाउँमा ऐन बनाएर, ऐनलाई नियममा परिणत गर्नु पर्दा नियम बनाएर, कहीं अनुगमन वा नियमन गर्दा नियमन गरेर, एउटा सीमा कट्न नदिएपछि त बद्मासी हुनै सक्दैन। त्यसकारण सहकारी भनेको समुन्द्रमा पौडी खेल्ने जातै होइन। बढीमा बाटोमा नुहाउँछ, स्विमिङ पुलसम्म त्योभन्दा बढी यसको क्षेत्र नै होइन। त्यसो भएर जति ठूलो दायरामा उडेको देखिन्छ, त्यो अनौठो भएकै हो। यसलाई रोक्न यहाँहरुका सुझाव आऊन्। मलाई साथीहरुले यहाँ बोलाउनु भयो र मेरो कुरा सुन्ने र त्यसलाई पनि महत्व दिनुभयो। म धन्यवाद भन्न चाहन्छु। फेरि दोहोऱ्याएर भन्न चाहन्छु, सरकार यहाँहरुको सुझावको प्रतिक्षामा छ। कोही निर्दोषमाथि कुनै प्रकारको औलो नठडियोस्। निर्दोषहरु नपरुन्, कोही पनि दोषी नउम्कियोस्। अनुहार हेरेर काम होइन, व्यवहार हेरेर तपाईंहरुको निष्कर्षहरु र सुझावहरु आउन्। यति भन्दै सभापतिजीलाई विशेष धन्यवाद भन्न चाहन्छु। सबै साथीहरुलाई पनि धन्यवाद भन्न चाहन्छु। धन्यवाद।

२८ भदौ, सिंहदरबार

अनुसूची - ४

समितिको बैठक संख्या र बैठकमा आमन्त्रित व्यक्तिहरूको सूची

क्र.सं.	बैठक संख्या र मिति	उपस्थित व्यक्तिहरू/छलफल	कैफियत
१	बैठक संख्या : १ सम्वत् २०८१ जेठ २३ गते	प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरे र संघीय संसदको महासचिव पद्म प्रसाद पाण्डेयको उपस्थिति।	
२	बैठक संख्या : २ सम्वत् २०८१ जेठ २५ गते	समितिको आन्तरिक बैठक।	
३	बैठक संख्या : ३ सम्वत् २०८१ असार २ गते	सहकारी संस्था वचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति गठनको लागि कार्यादेश (TOR) तयारी कार्यदलका सदस्य एवम् प्रतिनिधि सभाका सदस्यहरू मा. जीवन परिवार, मा. महेश कुमार बर्तौला, मा. रमेश लेखक, मा. हितराज पाण्डे, मा. ज्ञानेन्द्र बहादुर कार्कीको उपस्थिति)।	
४	बैठक संख्या : ४ सम्वत् २०८१ असार ४ गते	माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका मन्त्री बलराम अधिकारी, सचिव गोकर्णमणि दुवाडी, उपसचिव रघुनाथ महत, कानुन अधिकृत गोकुल भुजेल र माननीय मन्त्रीका प्रमुख स्वकीय सचिव भेषराज पाण्डे; राष्ट्रिय सहकारी बिकास बोर्डका सह अध्यक्ष मित्रराज दवाडी र सदस्य सचिव विष्णु पौडेल; समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र सदस्य सचिव केशव प्रसाद पौडेल; सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेको उपस्थिति।	
५	बैठक संख्या : ५ सम्वत् २०८१ असार ५ गते	नेपाल कानुन आयोगका सचिव तोयानाथ अधिकारी र सहसचिव पाराश्वर ढुङ्गाना; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सहसचिव मान बहादुर अर्यालयको उपस्थिति।	
६	बैठक संख्या : ६ सम्वत् २०८१ असार १२ गते	राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्षहरू एवम् सहकारी क्षेत्रका विज्ञ दिपक प्रकाश बास्कोटा र केशव बडालको उपस्थिति।	

७	बैठक संख्या : ७ सम्वत् २०८१ असार १६ गते	सहकारी क्षेत्रसँग सम्बन्धित यसअघि गठन भएका विभिन्न अध्ययन समिति/कार्यदल/आयोगका अध्यक्ष/संयोजकहरू मध्ये गौरी बहादुर कार्की, डा. युवराज खतिवडा र राधाकृष्ण मैनालीको उपस्थिति।	
८	बैठक संख्या : ८ सम्वत् २०८१असार १८ गते	राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष ओमदेवी मल्ल, निवर्तमान अध्यक्ष मिनराज कँडेल, उपाध्यक्ष डी.वी. बस्नेत, महाप्रवन्धक चित्रा कुमारी थाम्सुहाङ, सञ्चार अधिकारी रामसुदन तिमल्सिना, राष्ट्रिय सहकारी बैक लिमिटेडका अध्यक्ष के.बी. उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाई; नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (NEFSCUN) का अध्यक्ष चन्द्रप्रसाद ढकालको उपस्थिति।	
९	बैठक संख्या : ९ सम्वत् २०८१असार २० गते	माननीय महालेखापरीक्षक तोयाम राया, महालेखा परीक्षकको कार्यालयका नायव महालेखापरीक्षक हुमनाथ सुवेदी, निर्देशक रमेश सुवेदी, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक कमल प्रसाद भट्टराई, निर्देशक शिव पोखरेल, नायव सुब्बा प्रकाशचन्द्र सापकोटा, सहकारी बिभागका रजिष्ट्रार पिताम्वर घिमिरे र उपरजिष्ट्रार टोलराज उपाध्याय तथा समिति सचिवालयको लागि नियुक्त चार्टर्ड एकाउन्टेण्ट (CA) पियुष आनन्दको उपस्थिति।	
१०	बैठक संख्या : १० सम्वत् २०८१ असार २१ गते	गृह सचिव एकनारायण अर्याल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, गृह मन्त्रालयका सहसचिव (कानून) भरतमणि रिजाल, केन्द्रीय अनुसन्धान व्यूरोका प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवाली र प्रहरी बरिष्ठ उपरिक्षक सुवास हमाल, अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको उपस्थिति।	
११	बैठक संख्या : ११ सम्वत् २०८१ असार २४ गते	नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, कार्यकारी निर्देशक रामबहादुर मानन्धर, कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, निर्देशक मुक्तिनाथ सापकोटा, उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईं; नेपाल बैंकर्स संघको अध्यक्ष सुनिल केसी, कार्यकारी निर्देशक अनिल शर्मा; कर्जा सूचना केन्द्र लिमिटेडका अध्यक्ष डा. गुणाकर भट्ट, कार्यकारी प्रमुख अनिलचन्द्र	

		अधिकारी, प्रवक्ता विजय कुँवर र स. प्रमुख कार्यकारी प्रमुख ओमकार श्रेष्ठ तथा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल-२०८० का संयोजक डा. जयकान्त राउतको उपस्थिति।	
१२	बैठक संख्या : १२ सम्वत् २०८१ असार २५ गते	सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे, पूर्व रजिष्ट्रारहरू केशवप्रसाद रेग्मी, डा. टोकराज पाण्डे, नमराज घिमिरे, रुद्रप्रसाद पण्डितको उपस्थिति।	
१३	बैठक संख्या : १३ सम्वत् २०८१ असार २६ गते	सहकारी संस्थाहरूबाट पीडित बचतकर्ताहरूको प्रतिनिधित्वहुने गरी ५८ जना पीडित बचतकर्ता प्रतिनिधिहरूको उपस्थिति।	
१४	बैठक संख्या : १४ सम्वत् २०८१ असार २७ गते	अर्थ सचिव मधुकुमार मरासिनी, राजस्व सचिव डा. राम प्रसाद घिमिरे, आन्तरिक राजस्व विभागका महानिर्देशक शिवलाल तिवारी, भन्सार विभागका महानिर्देशक ढुण्डिप्रसाद निरौला, ऋण असुली न्यायाधिकरणका अध्यक्ष कमलराज गौतम र बैकिङ्ग सदस्य नरेश राज अर्यालको उपस्थिति।	
१५	बैठक संख्या : १५ सम्वत् २०८१ असार २७ गते	राजस्व न्यायाधिकरणका माननीय अध्यक्ष रमेश ढकाल, सदस्य बासुदेव खनाल र रजिष्ट्रार देवी चौधरीको उपस्थिति रहेको।	
१६	बैठक संख्या : १६ सम्वत् २०८१ साउन १ गते	पूर्व हालेखापरीक्षक टंकमणी शर्मा (दंगाल), नेपाल सरकारका पूर्व सचिवद्वय गोपीनाथ मैनाली र डा. दामोदर रेग्मीको उपस्थिति।	
१७	सम्वत् २०८१ साउन २ गते (सचिवालयको बैठक)	समितिको लागि सम्पर्क व्यक्तिको रुपमा तोकिनुभएका व्यक्तिहरू सहित सचिवालयको बैठक (अपराध अनुसन्धान विभागका प्रहरी नायब समितिका माननीय सभापति सूर्य बहादुर थापा क्षेत्री, प्रहरी नायब महानिरीक्षक जनक भट्टराई र प्रहरी नायब उपरीक्षक धन बहादुर बोहरा; समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र सदस्य सचिव केशव प्रसाद पौडेल, नेपाल राष्ट्र बैंक उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईं, कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार प्रदिराज अधिकारी र कानून अधिकृत शम्भु निरौला, सहकारी विभागका शाखा अधिकृत भेषराज घिमिरे, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका निर्देशक शिव पोखरेल, समिति	

		सचिवालयको लागि नियुक्त चार्टर्ड एकाउन्टेण्ट (CA) पियुष आनन्दको उपस्थिति।)	
१८	बैठक संख्या : १७ सम्वत् २०८१ साउन ३ गते	विभिन्न सञ्चार माध्यम/मिडियाका सम्पादक/ सञ्चारकर्मी/ मिडियाकर्मीहरूको प्रतिनिधित्व हुने गरी २५ जना सञ्चारकर्मी प्रतिनिधिको उपस्थिति।	
१९	बैठक संख्या : १८ सम्वत् २०८१ साउन ४ गते	बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका रजिष्ट्रार राजन घिमिरे र कानून अधिकृत मनोज कुमार गुप्ता, लुम्बिनी प्रदेशको सहकारी दर्ता अधिकारीको कार्यालयका अधिकृत भिमराज पोखेल, काठमाडौं महानगरपालिकाका सहकारी विभाग प्रमुख बलराम त्रिपाठी, विज्ञ टिकाराम कार्की (सी.ए.), पोखरा महानगरपालिकाका सहकारी शाखा प्रमुख अनिल कार्की, सहकारी समिति सदस्य दिपक प्रकाश आचार्य; वीरगंज महानगरपालिका शाखा प्रमुख सुनिल कुमार कर्ण र प्रमुखज्यूको स्वकीय सचिव सत्यराज घिमिरे तथा बेन्चमार्क ल एसोसिउट्स एण्ड रिसर्च सेन्टरको अधिवक्ता राधा जि.सी. को उपस्थिति।	
२०	बैठक संख्या : १९ सम्वत् २०८१ साउन ७ गते	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौला र सहसचिव सुमन दाहाल, नेपाल नगरपालिका संघका अध्यक्ष भीम प्रसाद ढुंगाना, महासचिव नरुलाल चौधरी, कार्यकारी निर्देशक कलानिधि देवकोटा; गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष लक्ष्मी देवी पाण्डे, महासचिव खिम बहादुर थापा, कार्यक्रम संयोजक प्रतिज्ञा न्यौपाने मिश्र र सल्लाहकार लेखनाथ पोखेलको उपस्थिति।	
२१	बैठक संख्या : २० सम्वत् २०८१ साउन १० गते	माननीय महान्यायाधिवक्ता रमेश बडाल, सर्वोच्च अदालका मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकाल, महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताहरू डा. टेक बहादुर घिमिरे, गोपालप्रसाद रिजाल, संजीवराज रेग्मी, खेमराज ज्ञवाली, सहन्यायधिवक्ता सूर्यराज दाहाल तथा फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक सूर्यवंश शर्मा कंडेलको उपस्थिति।	
२२	बैठक संख्या : २१ सम्वत् २०८१ साउन ११ गते	नेपाल सरकारका पूर्व अर्थमन्त्रीहरू डा. प्रकाश चन्द्र लोहनी, महेश आचार्य, सुरेन्द्र पाण्डे तथा राष्ट्रिय	

		जनमोर्चाका नेता कृष्ण प्रसाद अधिकारी र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशव प्रसाद पौडेलको उपस्थिति।	
२३	बैठक संख्या : २२ सम्वत् २०८१ साउन १३ गते	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (ICAN)का अध्यक्ष सी.ए. प्रविन कुमार झा, पूर्व अध्यक्ष युद्धराज ओली, उपाध्यक्ष निलबहादुर सारू मगर निर्देशक किरण कुमार खत्री, लेखा परीक्षक ज्ञानेन्द्र सुवेदी, पार्षद उमेशराज पाण्डेय, एसोसियसन अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ नेपाल (ACAN) का अध्यक्ष अरूण राउत र सदस्य प्रवेश कुमार आचार्य र नेपाल अडिटर्स एशोसियसन (AUDAN) का बरिष्ठ उपाध्यक्ष बद्रिप्रसाद भट्टराई तथा समिति सचिवालयका लागि नियुक्त विज्ञ सी.ए. पियुष आनन्दको उपस्थिति।	
२४	बैठक संख्या : २३ सम्वत् २०८१ साउन १४ गते	माननीय गृह मन्त्री रमेश लेखक, गृह सचिव एकनारायण अर्याल, नेपाल प्रहरीको प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर र अपराध अनुसन्धान विभागका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईको उपस्थिति।	
२५	बैठक संख्या : २४ सम्वत् २०८१ साउन १४ गते	गुण को-अपरेटिभ लिमिटेडका अध्यक्ष राजेन्द्र शाक्य र राजन प्रजापतिको उपस्थिति।	
२६	बैठक संख्या : २५ सम्वत् २०८१ साउन १५ गते	देशभरीका सहकारी संस्थाहरूको प्रतिनिधित्व हुने गरी राम्ररी सञ्चालनमा रहेका भनिएका ३४ वटा सहकारी संस्थाका ५० जना पदाधिकारी एवम् कर्मचारी प्रतिनिधिहरूको उपस्थिति।	
२७	बैठक संख्या : २६ सम्वत् २०८१ साउन १६ गते	ओरेण्टल को-अपरेटिभका अध्यक्ष सुधिर बस्नेत र निजका कानुनी सल्लाहाकार अधिवक्ता मधुकुमार चौलागाईको उपस्थिति।	
२८	बैठक संख्या : २७ सम्वत् २०८१ साउन १६ गते	साझा केन्द्र (सहकारी) का संस्थापक अध्यक्ष विश्वबन्धु थापा, राष्ट्रिय सहकारी बोर्डका सदस्य सचिव विष्णुप्रसाद पौडेल लगायत विनोद सिजापती र विनायक थापाको उपस्थिति।	
२९	बैठक संख्या : २८ सम्वत् २०८१ साउन १७ गते	समितिको आन्तरिक बैठक।	
३०	सम्वत् २०८१ साउन १७ गते	समितिको कामकारवाहीलाई सहयोग पुऱ्याउन विभिन्न निकायहरूबाट समितिको लागि सम्पर्क व्यक्ति तोकिनु भएका पदाधिकारी एवम् कर्मचारीहरूहरू सहितको	

		कार्यदलको उपस्थिति (अपराध अनुसन्धान विभाग प्रहरी नायब महानिरीक्षक जनक भट्टराई र प्रहरी नायब उपरीक्षक धनबहादुर बोहरा, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका निर्देशक शिव पोखरेल र नायब सुब्बा प्रकाशचन्द्र सापकोटा, नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईं, कम्पनी रजिष्ट्रारको कार्यालयका कानुन अधिकृत शम्भु निरौला, सहकारी विभागका शाखा अधिकृत देवराज लुइँटेल, समिति सचिवालयको लागि विज्ञ पियुष आनन्द र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशव प्रसाद पौडेलको उपस्थिति।)	
३१	बैठक संख्या : २९ सम्वत् २०८१ साउन २१ गते	समितिको आन्तरिक बैठक।	
३२	बैठक संख्या : ३० सम्वत् २०८१ साउन २२ गते	समितिको आन्तरिक बैठक	
३३	बैठक संख्या : ३१ सम्वत् २०८१ साउन २२ गते	देश सञ्चारका सम्पादक युवराज घिमिरेसहित संसदीय मामिला पत्रकार समाज, आर्थिक पत्रकार संघ, नेपाल आर्थिक पत्रकार समाज र सहकारी पत्रकार समाजको प्रतिनिधित्व हुनेगरी २६ जनाको उपस्थिति।	
३४	बैठक संख्या : ३२ सम्वत् २०८१ साउन २५ गते	समितिको आन्तरिक बैठक।	
३५	बैठक संख्या : ३३ सम्वत् २०८१ साउन २५ गते	गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व अध्यक्ष डी.बी बम्जन भनिने डम्बर बहादुर तामाङ्ग बम्जन, गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष इमानसिंह राई, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. अध्यक्ष रामबहादुर गौतम र श्रीलालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था लि. का सचिव सुरेन्द्र भण्डारीको उपस्थिति।	
३६	बैठक संख्या : ३४ सम्वत् २०८१ साउन २६ गते	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार, भक्तपुरका अध्यक्ष नुनम सुब्बा, शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका शेयर सदस्य गीता शर्मा, कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का पूर्व अध्यक्ष सिवी लामा भनिने चन्द्र बहादुर तामाङ्ग र तुलसी बहुमुखी सहकारी संस्था लि.-विराटनगरका अध्यक्ष/शिवशिखर बहुउद्देश्यीय	

		सहकारी संस्था लि. का पूर्व अध्यक्ष केदानाथ शर्माको उपस्थिति।	
३७	बैठक संख्या : ३५ सम्वत् २०८१ साउन २७ गते	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का प्रस्तावित अध्यक्ष वीरेन्द्र महर्जन, सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. (पुल्चोक), ललितपुरका अध्यक्ष कृष्णप्रसाद कँडेल, पूर्वअध्यक्ष हेमराज दाहालको उपस्थिति।	
३८	बैठक संख्या : ३६ सम्वत् २०८१ साउन २८ गते	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य राजबहादुर सिंह, कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका निलम्बित अध्यक्ष हिमालय बिक्रम मल्ल ठकुरी, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष कृष्ण बहादुर उप्रेती (के.बी. उप्रेती) र सिभिल बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष इच्छाराज तामाङको उपस्थिति।	
३९	बैठक संख्या : ३७ सम्वत् २०८१ साउन २९ गते	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व सदस्य शिवबहादुर गुरूङ, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का कोषाध्यक्ष, समानता बचत तथा ऋण सहकारी संस्था लि. का सचिव एवम् स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का कोषाध्यक्ष कुमार रम्तेल र सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समितिको पूर्वसदस्य भविश्वर अर्यालको उपस्थिति।	
४०	बैठक संख्या : ३८ सम्वत् २०८१ साउन ३० गते	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का पूर्व अध्यक्ष कल्पना कुमारी श्रेष्ठ, प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि., पोखराका अध्यक्ष शंकर कार्की, बलिदानी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा र सिद्धिदाता बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुरका अध्यक्ष अजय श्रेष्ठ, प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत् एवम् पूर्व सचिव सुरेन्द्रमणि पौडेल र मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष रमण पौडेलको उपस्थिति।	
४१	बैठक संख्या : ३९ सम्वत् २०८१ साउन ३१ गते	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का कार्यरत कर्मचारी (क्यासियर) रोशनी गुरुङ, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	

		ओमप्रकाश गुरुङ, ओरेन्टल को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष तथा प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को. अपरेटिभ, भेगास बचत तथा ऋण सहकारी लि., कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट र कन्जुमर बचत तथा ऋण सहकारीका मुख्य सञ्चालक सुधिर बस्नेत र सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव दिपेश कुमार पुनको उपस्थिति।	
४२	बैठक संख्या : ४० सम्वत् २०८१ साउन ३२ गते	सनराइज बचत तथा सहकारी संस्था लि. र नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्थ लि. चितवनका अध्यक्ष तथा छिपछिपे बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव नगेन्द्र बहादुर रिमाल, देउराली बचत तथा ऋण सहकारी संस्था लि. ललितपुरका अध्यक्ष रबिन्द्र चौलागाईं, कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटटिभ लि. का अध्यक्ष लिलाबहादुर गुरुङ र बराह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मानबहादुर विश्वकर्माको उपस्थिति।	
४३	बैठक संख्या : ४१ सम्वत् २०८१ भदौ १ गते	कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था लि. का निलम्बित अध्यक्ष र कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष तेजविक्रम थापा र हाम्रो नयाँ कृषि सहकारी संस्था लि. का पूर्वअध्यक्ष सूर्यबहादुर गुरूङ र ज्येष्ठ बचत तथा ऋण सहकारी संस्था लि. सामाखुसीका सचिव मधुसुदन पाठकको उपस्थिति।	
४४	बैठक संख्या : ४२ सम्वत् २०८१ भदौ २ गते	गोरखा मिडिया नेटवर्क प्रा.लि. द्वारा सञ्चालित ग्यालेक्सी 4K टि.भि. का क्रियटिभ डाइरेक्टर विपिन कुमार आचार्य, स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष खेमराज निरौला, सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटीका कोषाध्यक्ष एवम् सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोकका लेखाप्रमुख रामकृष्ण अवाले, दर्शन बचत तथा ऋण सहकारी संस्था लि. कीर्तिपुरका अध्यक्ष दिनेश दर्शनधारी र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लि. का निलम्बित अध्यक्ष मीनकृष्ण श्रेष्ठको उपस्थिति।	

४५	बैठक संख्या : ४३ सम्वत् २०८१ भदौ ५ गते	कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिड लि. का पूर्वअध्यक्ष एवम् सञ्चालक सदस्य सूर्यध्वज न्यौपाने, क्यापिटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का अध्यक्ष रामचन्द्र शर्मा, नेपाल सहकारी वित्तीय संस्था लि. का निलम्बित अध्यक्ष डा. तुलसीप्रसाद भट्टराई र हिमाल बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वअध्यक्ष विज्ञान राई उपस्थिति।	
४६	बैठक संख्या : ४४ सम्वत् २०८१ भदौ ६ गते	हर्बो इन्टरनेशनलका तत्कालीन कार्यकारी निर्देशक एवम् हाम्रो ग्रुप अफ कम्पनीका संस्थापक अध्यक्ष पुष्पराज पौडेल (पुरुष), आर्जन बचत तथा ऋण सहकारी संस्था लि. अध्यक्ष दलबहादुर आले, सोसाइटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष लक्ष्मी प्रसाद पाण्डे, लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि. खुसिबू लिंकरोडका अध्यक्ष धन बहादुर तामाङ र मितेरी बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष कुम्मराज गुरूङको उपस्थिति।	
४७	बैठक संख्या : ४५ सम्वत् २०८१ भदौ ७ गते	गोरखा मिडिया नेटवर्क प्रा.लि.का पूर्व सञ्चालक छविलाल जोशी र गोरखा मिडिया नेटवर्क प्रा.लि.का पूर्व सञ्चालक एवम् पूर्व प्रबन्ध निर्देशक रवि लामिछानेको उपस्थिति।	
४८	बैठक संख्या : ४६ सम्वत् २०८१ भदौ ८ गते	समितिको आन्तरिक बैठक।	
४९	बैठक संख्या : ४७ सम्वत् २०८१ भदौ १२ गते	समितिको आन्तरिक बैठक।	
५०	बैठक संख्या : ४८ सम्वत् २०८१ भदौ १५ गते	सहकारी पीडित बचतकर्ता राष्ट्रिय अभियान (महसंघ) का पदाधिकारी एवम् आन्दोलनरत सहकारी पीडित बचतकर्ताहरूको प्रतिनिधित्व हुने गरी १२ जना प्रतिनिधिहरूको उपस्थिति।	
५१	बैठक संख्या : ४९ सम्वत् २०८१ भदौ १६ गते	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री राजकुमार गुप्ता, सचिव भरतमणि सुवेदी र नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाको उपस्थिति।	
५२	बैठक संख्या : ५० सम्वत् २०८१ भदौ १६ गते	महिलाहरूद्वारा सञ्चालित विभिन्न सहकारी संस्थाहरूको प्रतिनिधित्व हुने गरी राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष मिनराज कडेलसहित	

		३८ जना पदाधिकारी एवम् कर्मचारी प्रतिनिधिहरूको उपस्थिति।	
५३	बैठक संख्या : ५१ सम्वत् २०८१ भदौ १७ गते	साना किसान कृषि सहकारी संस्था लि. को प्रतिनिधित्व हुनेगरी नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेम पाठकसहित ३३ जना पदाधिकारी एवम् कर्मचारी प्रतिनिधिहरूको उपस्थिति।	
५४	बैठक संख्या : ५२ सम्वत् २०८१ भदौ १९ गते	बरिष्ठ अधिवक्ता, अधिवक्ता, कानुन व्यवसायीहरू (अधिवक्ता रविन्द्र प्रसाद शर्मा, अधिवक्ता धर्मप्रसाद पौडेल, अधिवक्ता हिमेश कृष्ण खरेल, अधिवक्ता केदार प्रसाद कोइराला, अधिवक्ता भद्र प्रसाद नेपाल (स्वागत नेपाल), अधिवक्ता डा. कुन्साङ लामा, बरिष्ठ अधिवक्ता सानुराज पोखरेल, अधिवक्ता मधुकुमार चौलागाईं, अधिवक्ता राजेन्द्र श्रेष्ठ, अधिवक्ता मदन रेग्मी, अधिवक्ता रादिका चम्लागाई, बरिष्ठ अधिवक्ता प्रा.डा. गान्धी पंडित, अधिवक्ता अनिता थापा के.सी र अधिवक्ता सरस्वती थापाको उपस्थिति।	
५५	बैठक संख्या : ५३ सम्वत् २०८१ भदौ २१ गते	भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका माननीय मन्त्री बलराम अधिकारी, सचिव अर्जुनप्रसाद पोखरेल, उपसचिव विष्णु पौडेल, उपसचिव रघुनाथ महत, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र उपसचिव केशव प्रसाद पौडेल, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे र नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईंको उपस्थिति।	
५६	बैठक संख्या : ५४ सम्वत् २०८१ भदौ २३ गते	माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल, माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, अर्थ मन्त्रालयका सचिव (राजस्व) दिनेश कुमार घिमिरे र सहसचिव दीर्घराज मैनाली, नेपाल राष्ट्र बैंकका निर्देशक मुक्तिनाथ सापकोटा र उपनिर्देशक डा. रमेश प्रसाद चौलागाईंको उपस्थिति।	
५७	बैठक संख्या : ५५ सम्वत् २०८१ भदौ २४ गते	विभिन्न सहकारी संस्थाका ऋणीहरू (सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि. का अनन्तकान्त मैनाली, सुरेश आचार्य र कुन्दन अर्याल, सुमेरू बचत	

		तथा ऋण सहकारी संस्था लि. का सागर बगाले, लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. का रामकृष्ण ढकाल र कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का विदुर धमाला) को उपस्थिति।	
५८	बैठक संख्या : ५६ सम्वत् २०८१ भदौ २५ गते	सहकारी विभागका पूर्व रजिष्ट्रारहरू झलकराम अधिकारी, लिलाप्रसाद शर्मा र शिवकुमार कार्की तथा बागमती प्रदेशका सहकारी हेर्ने मन्त्रालय अन्तर्गतको सहकारी हर्ने नियामक निकायका पूर्वरजिष्ट्रार नारायण प्रसाद ज्ञवाली र बिक्रम प्रसाद पाण्डेयको उपस्थिति।	
५९	बैठक संख्या : ५७ सम्वत् २०८१ भदौ २५ गते	विभिन्न सहकारी संस्थाका लेखा परीक्षण गरेका चार्टर्ड एकाउन्टेन्टहरू (गोरखा मिडिया नेटवर्क प्रा.लि. का सी.ए. बिशेष विभु आचार्य, सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., सहरा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि . का सी.ए. सागर भण्डारी, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. का सी.ए. दामोदर बस्ताकोटी, कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभका सी.ए. बिकल पौडेल, लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. का सी.ए. दिपक ज्ञवाली, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. का सी.ए. प्राइम श्रेष्ठ र सुमेरू बहुउद्देश्यीय सेभिङ एण्ड क्रेडिड को-अपरेटीभ लि. का सी.ए. भरत सुवेदी) को उपस्थिति।	
६०	बैठक संख्या : ५८ सम्वत् २०८१ भदौ २६ गते	सहकारी विभागका पूर्व रजिष्ट्रारहरू झलकराम अधिकारी, नमराज घिमिरे र डा. टोकराज पाण्डे तथा बागमती प्रदेशका सहकारी हेर्ने मन्त्रालय अन्तर्गतको सहकारी हेर्ने नियामक निकायका पूर्व रजिष्ट्रारहरू नारायण प्रसाद ज्ञवाली र बिक्रम प्रसाद पाण्डेयको उपस्थिति।	
६१	बैठक संख्या : ५९ सम्वत् २०८१ भदौ २७ गते	समितिको आन्तरिक बैठक।	
६२	बैठक संख्या : ६० सम्वत् २०८१ भदौ २८ गते	समितिको आन्तरिक बैठक।	
६३	बैठक संख्या : ६१ सम्वत् २०८१ भदौ २८ गते	गृह मन्त्रालयका माननीय गृह मन्त्री रमेश लेखक, सचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर र अपराध	

		अनुसन्धान विभागका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईको उपस्थिति।	
६४	बैठक संख्या : ६२ सम्वत् २०८१ भदौ २९ गते	समितिको आन्तरिक बैठक।	
६५	बैठक संख्या : ६३ सम्वत् २०८१ भदौ २९ गते	सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थिति।	
६६	बैठक संख्या : ६४ सम्वत् २०८१ भदौ २९ गते	समितिको मस्यौदा प्रतिवेदनमाथि छलफल।	
६७	बैठक संख्या : ६५ सम्वत् २०८१ भदौ ३० गते	समुन्नत नेपाल गुठीका अध्यक्ष एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको उपस्थिति।	
६८	बैठक संख्या : ६६ सम्वत् २०८१ भदौ ३१ गते	समितिको प्रतिवेदन सर्वसहमत रूपमा पारित।	

अनुसूची-५

समितिको बैठकमा सोधपुछ गरिएका व्यक्तिहरूको सूची

क्र.सं.	नाम	आवद्ध सहकारी संस्था/निकाय	कैफियत
१	डी.बी बम्जन भनिने श्री डम्बर बहादुर तामाङ्ग बम्जन	गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व अध्यक्ष	
२	श्री इमानसिंह राई	गोरखा बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
३	श्री रामबहादुर गौतम	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. अध्यक्ष	
४	श्री सुरेन्द्र भण्डारी	श्री लालीगुँरास बहुउद्देश्यीय सहकारी संस्था लि. का सचिव	
५	श्री नुनम सुब्बा	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार, भक्तपुरका अध्यक्ष	
६	श्री गीता शर्मा	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका शेयर सदस्य	
७	सिवी लामा भनिने श्री चन्द्र बहादुर तामाङ्ग	कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का पूर्व अध्यक्ष	
८	श्री केदानाथ शर्मा	तुलसी बहुमुखी सहकारी संस्था लि. विराटनगरका अध्यक्ष/शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. का पूर्व अध्यक्ष	
९	श्री वीरेन्द्र महर्जन	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का प्रस्तावित अध्यक्ष	
१०	श्री कृष्णप्रसाद कँडेल	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
११	श्री हेमराज दाहाल	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वअध्यक्ष	
१२	श्री राजबहादुर सिंह	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य	
१३	श्री हिमालय बिक्रम मल्ल ठकुरी	कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका निलम्बित अध्यक्ष	
१४	श्री कृष्णबहादुर उप्रेती (के.वी. उप्रेती)	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष	

क्र.सं.	नाम	आवद्ध सहकारी संस्था/निकाय	कैफियत
१५	श्री इच्छाराज तामाङ	सिभिल बचत तथा ऋण सहकारी संस्था लि. का संस्थापक अध्यक्ष	
१६	श्री शिवबहादुर गुरूङ	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का पूर्व सदस्य	
१७	श्री कुमार रम्तेल	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का कोषाध्यक्ष, समानता बचत तथा ऋण सहकारी संस्था लि. का सचिव एवम् स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का कोषाध्यक्ष	
१८	श्री भविश्वर अर्याल	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समितिको पूर्वसदस्य	
१९	श्री कल्पना कुमारी श्रेष्ठ	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का पूर्व अध्यक्ष	
२०	श्री शंकर कार्की	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष	
२१	श्री अजय श्रेष्ठ	बलिदानी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा र सिद्धिदाता बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुरका अध्यक्ष	
२२	श्री सुरेन्द्रमणि पौडेल	प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत एवम् पूर्व सचिव	
२३	श्री रमण पौडेल	मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
२४	श्री रोशनी गुरुङ	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का कार्यरत कर्मचारी (क्यासियर)	
२५	श्री ओमप्रकाश गुरुङ	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
२६	श्री सुधिर बस्नेत	ओरेन्टल को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष तथा प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को. अपरेटिभ, भेगास बचत तथा ऋण सहकारी लि., कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट र कन्जुमर बचत तथा ऋण सहकारीका मुख्य सञ्चालक	
२७	श्री दिपेश कुमार पुन	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव	

क्र.सं.	नाम	आवद्ध सहकारी संस्था/निकाय	कैफियत
२८	श्री नगेन्द्र बहादुर रिमाल	सनराइज बचत तथा सहकारी संस्था लि. र नमस्ते बर्दिया बचत तथा ऋण सहकारी संस्थ लि. का अध्यक्ष तथा छिपछिपे बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वसचिव	
२९	श्री रबिन्द्र चौलागाईं	देउराली बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
३०	श्री लिलाबहादुर गुरुङ	कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का अध्यक्ष	
३१	श्री मान बहादुर विश्वकर्मा	बराह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष	
३२	श्री तेज विक्रम थापा	कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था लि. का निलम्बित अधयक्ष र कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
३३	श्री सूर्य बहादुर गुरूङ	हाम्रो नयाँ कृषि सहकारी संस्था लि. का पूर्वअध्यक्ष	
३४	श्री मधुसुदन पाठक	ज्येष्ठ बचत तथा ऋण सहकारी संस्था लि. का सचिव	
३५	श्री विपिन कुमार आचार्य	गोरखा मिडिया नेटवर्क प्रा.लि. द्वारा सञ्चालित ग्यालेक्सी 4K टि.भि. का क्रियटिभ डाइरेक्टर	
३६	श्री खेमराज निरौला	स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष	
३७	श्री रामकृष्ण अवाले	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. कालिमाटीका कोषाध्यक्ष एवम् सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. पुल्चोकका लेखाप्रमुख	
३८	श्री दिनेश दर्शनधारी	दर्शन बचत तथा ऋण सहकारी संस्था लि. कीर्तिपुरका अध्यक्ष	
३९	श्री मीनकृष्ण श्रेष्ठ	लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि. का निलम्बित अध्यक्ष	
४०	श्री सूर्यध्वज न्यौपाने	कुमारी सेभिङ एण्ड क्रेडिट को-अपरेटिङ लि. का पूर्वअध्यक्ष एवम् सञ्चालक सदस्य	
४१	श्री रामचन्द्र शर्मा	क्यापिटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का अध्यक्ष	
४२	डा. तुलसीप्रसाद भट्टराई	नेपाल सहकारी वित्तीय संस्था लि. का निलम्बित अध्यक्ष	

क्र.सं.	नाम	आवद्ध सहकारी संस्था/निकाय	कैफियत
४३	श्री विज्ञान राई	हिमाल बचत तथा ऋण सहकारी संस्था लि. का पूर्वअध्यक्ष	
४४	श्री पुष्पराज पौडेल (पुरुष)	हर्बो इन्टरनेशनलका तत्कालीन कार्यकारी निर्देशक एवम् हाम्रो ग्रुप अफ कम्पनीका संस्थापक अध्यक्ष	
४५	श्री दलबहादुर आले	आर्जन बचत तथा ऋण सहकारी संस्था लि. अध्यक्ष	
४६	श्री लक्ष्मी प्रसाद पाण्डे	सोसाइटल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का निलम्बित अध्यक्ष	
४७	श्री धन बहादुर तामाङ	लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि. खुसीबु, लिंकरोडका अध्यक्ष	
४८	श्री कुम्मराज गुरूङ	मितेरी बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष	
४९	श्री छविलाल जोशी	गोरखा मिडिया नेटवर्क प्रा. लि. का पूर्व सञ्चालक	
५०	श्री रवि लामिछाने	गोरखा मिडिया नेटवर्क प्रा.लि.का पूर्व सञ्चालक एवम् पूर्व प्रबन्ध निर्देशक	
५१	श्री देवकुमार नेपाली	ईमज बचत तथा ऋण सहकारी संस्था लि., बाग्लुङ	निज आवद्ध सहकारी संस्थाको समस्या समाधानको लागि समितिमा हुलाकमार्फत पत्र प्राप्त हुन आएको।
५२	श्री सुसिल बानिया	शिवशिखर बचत तथा ऋण सहकारी सस्था लिमिटेड	निज आवद्ध सहकारी संस्थाको समस्या समाधानको लागि समितिमा प्राप्त हुन आएको निवेदन।
५३	श्री झलकराम अधिकारी	सहकारी विभागका पूर्वरजिष्ट्रार एवम् अध्यागमन विभागमा पूर्व महानिर्देशक	
५४	श्री नमराज घिमिरे	सहकारी विभागका पूर्वरजिष्ट्रार	
५५	श्री बिक्रम प्रसाद पाण्डेय	बागमती प्रदेशको सहकारी हेर्ने मन्त्रालयको अन्तर्गतका तत्कालीन महाशाखा प्रमुख एवम्	

क्र.सं.	नाम	आवद्ध सहकारी संस्था/निकाय	कैफियत
		प्रदेश सहकारीका पूर्वरजिष्ट्रार र जिल्ला समन्वय अधिकारी (बाँके)	
५६	श्री नारायण प्रसाद ज्ञवाली	बागमती प्रदेशको सहकारी हेर्ने मन्त्रालयको अन्तर्गतका तत्कालीन महाशाखा प्रमुख एवम् प्रदेश सहकारीका पूर्वरजिष्ट्रार	
५७	डा. टोकराज पाण्डे	सहकारी विभागका पूर्वरजिष्ट्रार	

अनुसूची - ६

समितिको बैठकमा सोधपुछ गरिएका व्यक्तिहरूले खुलाउनुभएको विवरण

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष गोरखा बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष श्री डि.बी. बम्जन भनिने डम्बर बहादुर तामाङसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम डम्बर बहादुर तामाङ बम्जन हो। मेरो बाजेको नाम सिंह बिर तामाङ, मेरो बुबाको नाम दर्ज बहादुर तामाङ हो। मेरो घर जिल्ला ओखलढुङ्गा साविक पात्ले गा.वि.स वडा नं ८ हाल मैलुङ गा.पा वडा नम्बर याद भएन हो। मेरो पुरानो ना.प्र.नं ७१९ हो पछि प्रतिलिपि लिएको थिएँ सो ना.प्र.नं. याद भएन। मेरो परिवारमा श्रीमती कुमारी तामाङ, मेरो दुई छोराहरु ब्रिष्टान तामाङ र विधान तामाङ हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था हाल ठिक छ। मुटुमा केही समस्या छ तर अहिले सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ गोरखा बचत तथा ऋण सहकारीमा म आबद्ध थिए। अध्यक्ष पनि भएको हुँ। २०६३/६४ तिर छाडेको थिए। अन्यमा संलग्न छैन।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ मैले जाने बुझेसम्म सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गरेको थिए।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ सहकारी संस्था सञ्चालनमा आबद्ध हुनु भन्दा पहिला म ब्रिटिश गोर्खामा आबद्ध थिए। २०५२ सालमा ब्रिटिश गर्खाबाट नेपाल फर्की आउँदा बेलायतमा सहकारीको विषयमा थोरै जानकारी पाएको थिएँ। ब्रिटेनमा आर्मीमा रहँदा Helifax Society मा रहेको खातामा हाम्रो तलव आउँथ्यो र सोहीबाट मलाई सहकारी सम्बन्धि जानकारी प्राप्त भएकोले नेपालमा पनि सहकारी खोल्न

सकिन्छ भनेर सहकारी संचालनमा ल्याएको थिए।

सवाल ६ तपाईं मुख्य सञ्चालक रहेको गोरखा बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ म आबद्ध रहदा म अध्यक्ष, ईमान सिंह राई सचिव, भवानी राई कोषाध्यक्ष, अमर तामाङ सदस्य, भुसन राई संचालक, कृष्ण कुमारी सुब्बा संचालक, मदन थापा संचालक, अरु याद भएन।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था संचालनमा छैन। समस्याग्रस्त घोषित भएको छ। देशमा परेको विभिन्न समस्याले गर्दा ऋणीले ऋण चुक्ता गर्न नसकेकोले हाम्रो सहकारीमा ऋण रिकभरी गर्न सकिएन। बजारमा तरलताको अभावले गर्दा समस्या उत्पन्न भएको देखिन्छ। सबैजना बचतकर्ताको रकम एकमुस्ट फिर्ता दिन गाह्रो भएको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ मेरो बाजेबाट छुटेर गएको अमर तामाङ भन्ने मात्र नातामा हुनुहुन्थ्यो अरु संचालक समितिमा मेरो परिवार तथा नातागोताबाट कोही थिएन।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति मेरो सहकारीको सञ्चालक समितिमा पनि थिएँ/थिएनन् भन्ने मैले याद गरिन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० संचालकहरु कार्यकारीको रुपमा थिएन। संचालक र कर्मचारी छुट्टा छुट्टै थियो। संचालक संचालककै हैसियतमा थिए र कर्मचारी कर्मचारीकै रुपमा थिए। मेरो कार्यकालमा राज भक्त श्रेष्ठ GM को रुपमा कर्यरत थिए।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ शेयर धनीलाई नै कर्जा प्रवाह भएको थियो। अन्य मलाई याद आएन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ कार्य क्षेत्रभित्र भएको लाई मात्र बनाईएको थियो। यस सहकारीको कार्यक्षेत्र नेपाल भरी रहेको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ अहिलेको मलाई थाहा भएन। मेरो कार्यकालमा सहकारीको नाम मा एउटा साढे चार तल्लाको भवन निर्माण गरिएको थियो।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ हाल जनकारी भएन त्यतिबेला कुनैमा थिएन।

सवाल १५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १५ अहिलेको अवस्थामा समस्याग्रस्तमा गएको, मेरो व्यक्तिगत हिसाबले संस्थालाई समस्याग्रस्तमा लान आवश्यक थिएन। शेयर सदस्यहरुले क्यास इन्जेक्ट गर्ने हो भने सहकारीको समस्या समाधान हुन सक्ने देखिन्छ। जस्तै शेयर सदस्यहरुले व्यक्तिगत रुपमा ५० हजार बाराबरको लगानी थप्ने हो भने र ऋणीबाट पनी बिस्तारै रिकभरी गर्न सकेमा सामान्य अवस्थामा आउँछ।

सवाल १६ तपाई मुख्य सञ्चालक रहेको गोर्खा बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १६ मेरो परिवारको सदस्यको हैसियतले गर्न सक्ने सम्मको सहयोग गर्नु पर्ने, बैंकले लिलाम गर्नु भन्दा लगानी गर्न लिएको ऋणलाई नयाँ संरचनामा लगेर ३ वर्ष सम्मको लागी सँवा नतिरी ब्याज मात्र तिर्ने भनेर समयावधी दिएमा सहकारी सामान्य अवस्थामा आउन्छ। यस सहकारीमा १ लाख भन्दा कम बचत भएका बचत कर्ता ७ हजार जना र बचत रकम ११ करोड चान्चुन भएको, र सहकारीको विरुद्दमा मुद्दा हाल्दा थोरै बचतकर्ता मात्रले कानुनी रुपमा अगाडी बढेमा बाकी सबैलाई असर पर्ने र सहकारी पुरै भागिदार हुने हुँदा बचत रकम फर्ता गर्न सकिएको छैन। सहकारी ऐन पनि सहज बनाएमा सहजिकरण गर्न सहज हुन्थयो। बेलायतमा जस्तै cooperative bank को निर्माण गरि सोहि अनुरुप नेपालमा पनि भएमा समस्या समाधान हुन्थ्यो।

सवाल १७ गोरखा विकास बैङ्कसँग सम्बन्धित सहित तपाइ कति वटा मुद्दामा कति वर्ष कैद र थुनामा रहनु भयो ?

जवाफ १७ म तिन वर्ष बैंकिङ कसुर मुद्दामा कैदमा थुनामा रहे।

सवाल १८ तपाईंउपर गोरखा विकास बैङ्कको सञ्चालक रहदा २०६८ सालमै आर्थिक अपराधमा मुद्दा चलेको देखिन्छ, फेरि सहकारी संस्थाको वित्तीय अपचलनमा देखिनुभयो, यो त मनसांयप्रेरित संलग्नता भएन र ?

जवाफ १८ गोरखा बैंक बैंकिङ संग सम्बन्धित र सहकारी फरक फरक भएकोले म संलग्न थिए। मैले आज भन्दा १५ वर्ष अगाडि नै गोरखा बचत तथा ऋण सहकारी छोडेको थिए। यसैले मेरो यस संस्थासंग ऋणबाहेक कुनै लेनदेन छैन। मैले गोरखा बचत तथा ऋण सहकारीमा लिएको ऋण पनी मैले धितो बमोजिमको लिएको थिए। मैले राखेको धितो म कारागारमा हुँदा लिलाम भई सकेको छ र के/ कति मा लिलाम भएको ऋण कति चुक्ता भयो र कति बाँकी छ, मैले पाउने थप रकम छ /छैन भन्ने बारेमा मलाई आज सम्म कुनै जानकारी छैन। मैले कानुन बमोजिम धितो राखेर नै ऋण लिएको थिएँ।

सवाल १९ ब्रिटिश गोरखा ग्रुपद्वारा प्रबर्द्धित भनेर १९ वटा सहकारी संस्थालाई सङ्गठित रूपमा चलाएको देखिन्छ, त्यसको जोलो कसरी बन्यो ?

जवाफ १९ यो ग्रुपसँग कुनै संलग्नता छैन। त्यस्तो सहमती कसैलाई दिइएको पनि होइन, के कसरी लेखे थाहा भएन ।

सवाल २० २०८१ बैशाखमा भएको स्थलगत निरीक्षणबाट तपाईं संस्थापक अध्यक्ष भएको सहकारीमा तपाइकै शेयर सदस्य नरहेको एकातर्फ देखिन्छ भने संस्थापक शेयर धितो राखी लिएको ऋणको सावा व्याज ५५ करोड ५५ लाख पुगेको देखिन्छ। त्यस्तै तपाईकी एकाघरकी श्रीमती कुमारी तामाङ्गको धितो लिलाम गर्दा नपुग रकमलाई पुनः ऋण देखाई बिनाधितो प्रवाह गरिएको कर्जाको सावा व्याज ३ (तिन) करोड पुगेको देखिन्छ। यो कुरा सहकारीको मूल्य, मर्म र मान्यता अनुरूप भयो त ?

जवाफ २० यो शेयर ऋण होईन। मैले ५ रोपनी र मेरो श्रीमतीको नाममा ८ रोपनि जग्गा राखेर लिएको ऋण संग जोडिएर आएको हो। त्यतिखेर ३ करोड ऋण लिएको हो। मैले संस्थालाई कारागारबाट फर्के पछि पटक पटक विवरण माग गर्दा पनि कुनै जानकारी पाएको छैन। मेरो धितो लिलाम बारे सम्पूर्ण जानकारी र मेरो ऋणको अवस्था माग गरेको थिए। हाल सम्म पनी

मलाई कुनै हिसाबकिताब दिइएको छैन र मैले लिएको ऋण सेटल भयो भएन भन्ने विषयमा मलाई जानकारी दिइएको छैन।

सवाल २१ तपाईंको भन्न बाँकी केही छ ?

जवाफ २१ सरकारले उचित नियम निर्माण गरी सहजीकरण गरिदिए सहकारीको समस्या समाधान गर्न सहज हुन्थ्यो। अन्य केही छैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः डम्बर बहादुर तामाङ बम्जन

पदः पूर्वअध्यक्ष

संस्थाः गोरखा बचत तथा ऋण सहकारी संस्था लि

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २५ गते शुक्रवार
समयः अपराह्न ०१:५० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष गोरखा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्री ईमान सिंह राई सँग भएको सोधपुछ ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो बाजेको नाम लक्ष्मण राई हो। मेरो बुबाको नाम पानजित राई हो। मेरो नाम ईमान सिंह राई हो। मेरो परिवारमा श्रीमति सुनसरी राई र म नयाँ बानेश्वर, शान्ति नगरमा बस्छौं। मेरो छोरा लेक राज राई र छोरी लिना राई बेलायतमा बस्छन् ।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक अवस्था ठिक छ । सोधिएका प्रश्नको उत्तर दिन सक्छु ।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म गोरखा बचत तथा ऋण सहकारीमा २०६६ अन्तिम देखि अध्यक्षको रुपमा रहेको छु अन्य कुनै सहकारीमा आबद्ध रहेको छैन ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन अनुसार र प्रचलिन कानुन बमोजिम नै संचालन गरेको हो ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ मेरो अन्य कुनै व्यवसाय छैन। म पुर्व ब्रिटिस आर्मी हुँ।

सवाल ६ तपाईं मुख्य सञ्चालक रहेको गोरखा बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ हाल उक्त सहकारीमा उपाध्यक्ष नृपेन्द्र जंग थापा ,सचिव मोतिलाल राई , कोषाध्यक्ष कृष्ण जीत राई, सदस्य भुसण राई, सदस्य मदन बहादुर थापा, सदस्य सिता कुमारी राई, सदस्य मन प्रसाद सुनुवार, सदस्य कृष्ण कुमारी सुब्बा हुनुहुन्छ। यस भन्दा अगाडीका अध्यक्षहरु सुरुमा ईच्छाराज तामाङ, त्यस पछी डी.बि. बम्जन तत्पश्चात म अध्यक्ष भएको थिए। २०५८ साल यता अध्यक्ष हुनु भन्दा अगाडी म यस सहकारीमा सचिव थिए ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन? कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सञ्चालनमा छैन र हामी संचालक समितिलाई जानकारी नै नगराई २०८१ साल असार ६ गतेबाट समस्याग्रस्तमा गएको बुझियो। उक्त संस्था समस्यामा पर्नुको कारण ऋण नउठ्नु र बचत कर्ताले एकैचोटी रकम लिन आउनु र हाम्रो कुरा बचत कर्ताले नबुझि अन्दाजी ३०/३५ जना बचतकर्ताले जाहेरी दिएकोले समस्याग्रस्त घोषणा भएको हो। समस्याग्रस्त घोषणा गर्न अगाडी हामी संग कुनै सोधपुछ र छलफल भएन।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये मेरो नातागोताका कोहि पनि हुनुहुन्न ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ हाल मन प्रसाद सुनुवार, सुनुवार समाजको सहकारीमा संलग्न भएको सुन्नमा आएको छ। अन्य मेरो जानकारीमा छैन।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारीमा कोही पनि छैनौं। २०६० देखि २०६९ साल सम्म महाप्रबन्धक भनेर संचालक समितिले राज भक्त श्रेष्ठलाई नियुक्ति गरेका थियौं । २०६८ सालमा सहकारी विभागबाट जारी सहकारी मापदण्ड अनुसार २०६९ साल देखि गोरखा सेभिङले कार्याकारी प्रमुख नियुक्त गरी कार्यालय संचालन गर्दै आएका थियौं।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेकका व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाएका छौं। यसको कार्यक्षेत्र नेपाल भरी नै छ ।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ सहकारी संस्थाको सम्पत्ति, मलाई जानकारी भए सम्म संस्थाको केन्द्रीय कार्यालय ललितपुर ताचिखेल वडा नं १४ मा १६ आना जग्गामा आफ्नै भवन रहेको छ, भक्तपुर बागेश्वरिमा २० आना जग्गा र भवन समेत रहेको छ अन्य स्थानमा रहेको सम्पत्तिबारे मलाई हाल याद भएन। आवश्यक पर्दाको बखत कागजात उपलब्ध गराउन सक्छु ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार हालसालै नयाँ ऐन पश्चात् कुनै गरेको छैन। नवसुलभ सहकारी संस्थामा केही बचत रहेको होला, ग्रेट गंगामा र आरम्भ बचतमा पहिले खाता रहेको थियो ।

सवाल १५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १५ अहिलेको मेरो बुझाई अनुसार राज्यले समय दिने र सहयोग गर्ने हो भने हाम्रो सहकारीले ऋण असुल्न सहयोग पाएमा संस्था पुन संचालन गर्न सकिनेछ ।

सवाल १६ तपाईं मुख्य सञ्चालक रहेको गोरखा बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न तपाईं, तपाईंको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १६ गोरखा बचत तथा ऋण सहकारीको समस्या समाधान गर्न बैकबाट समय पाउनु पर्यो, सरकारबाट केनिक ऋणी सदस्यहरुबाट सम्पती खोज्नलाई सहयोग गर्नु पर्यो, म तथा मेरो परिवारबाट यो संस्थामा कुनै अपचलन गरेको छैन त्यस्तो पाएमा कारबाही भोग्न तयार छु र मेरो तर्फबाट पुर्ण सहयोग गर्न र संस्था बचाउन तयार छु।

सवाल १७ २०८०/१२/३० सम्म जम्मा बचत रु. ४,२७,८९,८६,५२५ रहेकोमा मिति २०८१/०२/३२ मा जम्मा रु. ४,१८,५९,९३,६४७ रहेकोले उक्त दुई महिनाको अवधिमा ९ करोड २९ लाख बचत कुन श्रोतबाट फिर्ता गर्नुभयो ?

जवाफ १७ साना रकम ऋणीबाट उठाएर, अन्य ऋणी सदस्यहरुको जग्गा सदस्यहरुले वा आफ्ना मान्छेलाई दिएर बचत घटेको हो ।

सवाल १८ संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सो मा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्यता कसरी पुस्टी गर्नुहुन्छ ?

जवाफ १८ प्राय रकम व्याज जोडिएकोले यस्तो देखिएको हुन सक्छ। विस्तृत रुपमा मलाई जानकारी भएन कागजात तथा व्यवस्थापनबाट जानकारी प्राप्त गर्न सकिन्छ । स्रोत खुल्ने कागजात राख्ने व्यवस्था रहेको छ तर पालना नभएको हो।

सवाल १९ सदस्यहरुलाई दिइएको कुल ऋण रकमको ७३.२५% जति ऋण रकम ठुला ऋणीहरुलाई दिनु भएको छ, यो कानुन सम्मत छ कि छैन ?

जवाफ १९ यो कानुन सम्मत देखिदैन तर यी सबै पुराना ऋणहरु हुन्। ऋणीहरु ऋण तिर्न नआएको हुनाले हर्जाना तिर्नुपर्ने र व्याज सम्बन्धी व्यवस्था सहकारीको आन्तरिक नियम विनियम अनुसार भएको हो। २०६७ अगाडिका ऋणीहरुबाट ऋण असुल भएमा संस्था पुन संचालनमा आउन सक्छ। कुल ऋण रकमको ७३.२५% जति ऋण मध्ये बढि मात्रामा पुराना ऋणहरु हुन्।

सवाल २० ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्यास रूपमा लिनु भएको छ कि छैन ?

जवाफ २० ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्यात छैन ।

सवाल २१ ब्याज रकम पुजिकृत गर्नु भएको छ कि छैन ?

जवाफ २१ ब्याज रकम पुजिकृत ऋण, ऋण नतिर्ने ऋणीहरुको भएको हुनु पर्छ।

सवाल २२ ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरुको ब्याजको दर कति प्रतिशत लिनु भएको छ ?

जवाफ २२ व्याज दर प्रत्येक वर्ष तलमाथि भएको छ। व्याज दर अधिकतम २२% सम्म थियो तर सन्दर्भ व्याजदर कायम भए पश्चात १६% सम्म कायम रहयो।

सवाल २३ बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?

जवाफ २३ मलाई जानकारी भए सम्म बचत र ऋणको ब्याजदरको अन्तर ६ % भन्दा फरक नहुनु पर्ने हो ।

सवाल २४ विविध ऋण शिर्षकमा दिइएको ऋण रकम ८ करोड ७७ लाख ८१ हजार २२७ को सावा ब्याज सहित रु. ७६ करोड ९७ लाख बराबर पुगेको रकम कसरी उठाउनु हुन्छ ?

जवाफ २४ राज्यको नियम अनुसार उक्त ऋण रकम उठाउछु।

सवाल २५ गोरखा फाईनान्स कम्पनीको २,८३,२६३ कित्ता शेयर धितो राखी सावा ब्याज सहितको रु. ५५ करोड ५५ लाख बराबर पुगेको रकम कसरी उठाउनु हुन्छ ?

जवाफ २५ समस्याग्रत समितिलाई सहयोग गरेर ऋण उठाउन सकिन्छ। राज्यको सहयोगद्वारा ऋणीको पारिवारीक सम्पत्तिहरु पत्ता लगाई ऋण उठाउन सक्ने सम्भावना छ।

सवाल २६ तरलता १० प्रतिशत हुनुपर्नेमा ०.०१ प्रतिशत मात्र किन राखेको हो

जवाफ २६ बचत कर्तालाई बचत रकम बितरण गरेकोले तरलता १० प्रतिशत हुनुपर्नेमा ०.०१ प्रतिशत मात्र भएको हो।

सवाल २७ बैंक मौजदात रु. ४ करोड ५२ लाख बराबरको देखिए तापनि सो को प्रमाणित कागजात किन नभेटिएको ?

जवाफ २७ व्यवस्थापनलाई थाहा हुनु पर्छ। भेटिनु पर्ने हो ।

सवाल २८ नेपाल सरकारलाई तिर्नुपर्ने रु. ५ करोड २८ लाख बराबरको कर किन नतिरिएको हो?

जवाफ २८ सुरुको व्यवस्थापनले नबुझाएको र २ वर्ष देखि समस्या आएकोले तिर्न नसकिएको हो।

सवाल २९ ठेगाना खुल्न नसकेको तीन वटा सहकारी संस्थामा कागजात बिना निक्षेप रु. ३ करोड किन राखेको हो?

जवाफ २९ आरम्भ र ग्रेट गंगामा खाता बन्द नभए पनि बचत नहुनु पर्ने हो। नवसुलभबाट बचत फिर्ता भएन।

सवाल ३० राष्ट्रिय सहकारी बैंक र नेफ्स्कुन लगायतबाट के कति कामको लागि १२ करोड २८ लाख बराबरको ऋण लिएको ?

जवाफ ३० २०७७ साल तिर सदस्यहरुले बचत फिर्ता माग गर्नुभएकोले राष्ट्रिय सहकारी बैंक र नेफ्स्कुनबाट ऋण लिएको हो।

सवाल ३१ संस्थाको आ.व. २०७९/८० को लेखापरिक्षण प्रतिवेदनको कैफियतको बारेमा कतिको जानकार हुनुहुन्छ ?

जवाफ ३१ सम्पुर्ण बैंकिङ कारोबार व्यवस्थापनले गर्ने भएकोले मलाई जानकारी भएन।

सवाल ३२ संस्थाको पुंजी र कोष गरि जम्मा १५ करोड ९३ लाख रहेको तथा संचित घाटा ३७ करोड ४ लाख भएकोले संस्थाको नेटवर्थ नकारात्मक रहेकोमा संस्थाको Going Concern (निरन्तरता) कसरी हुन सक्छ ?

जवाफ ३२ व्यवस्थापनलाई आवश्यक निर्देशन दिईयो तर मलाई जानकारी भएन।

सवाल ३३ पुँजी कोषको दश प्रतिशतले हुन आउने प्रतिसदस्य ऋण सीमाभन्दा बढी रकम के-कुन कानूनलाई टेकेर ऋण लगानी गर्नु भएको हो?

जवाफ ३३ नँया लगानी भएको जस्तो मलाई लाग्दैन। पुरानो ऋण नविकरण गर्दै आउदा दश प्रतिशत कटेको हुन सक्छ।

सवाल ३४ शेयर सदस्य नै नरहेका व्यक्तिलाई विनाधितो कर्जा प्रवाह के कुन आधारमा गर्नु भयो ?

जवाफ ३४ शेयर सदस्य नै नरहेका व्यक्तिलाई विनाधितो कर्जा प्रवाह गरेको छैन।

सवाल ३५ ब्रिटिश गोरखा ग्रुपद्वारा प्रबर्द्धित भनेर १९ वटा सहकारी संस्थालाई सङ्गठित रूपमा चलाएको देखिन्छ, त्यसको जालो कसरी बन्यो ?

जवाफ३५ सो बिषयमा गोरखा सेभिङ बाहेक अरुमा संलग्न छैन र मलाई जानकारी छैन।

सवाल ३६ तपाईको भन्नु पर्ने थप केही छ?

जवाफ ३६ मेरो भन्नु पर्ने थप विषय भनेको सुरुवाति चरणमा यस सहकारीको ०६०/०६१ सालमा अन्दाजी ६ देखि ८ करोड गोरखा डेवलपमेन्ट बैंकमा यस सहकारीको सदस्यहरुको बचत रकम प्रमोटर शेयर को लागि प्रयोग गरिएको र २०६७ चैत ११ गते उक्त बैंक समस्याग्रस्त भयो र उक्त बैंकमा यस सहकारीको सदस्यहरुको शेयर तथा बचत उठ्न नसकेर यस सहकारी समेत समस्यामा परेको हो।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः इमान सिंह राई
पदः अध्यक्ष
संस्थाः गोरखा बचत तथा ऋण सहकारी संस्था लि

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २५ गते शुक्रवार
समयः अपराह्न ०४:४० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष गौतम श्री बहुउद्देशीय सहकारी संस्था लिमिटेड कुलेश्वर काठमाडौं सहकारी संस्थाका अध्यक्ष श्री राम बहादुर गौतमसँग भएको सोधपुछ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो बाजेको नाम खड्ग बहादुर गौतम, मेरो बुबाको नाम हेक बहादुर गौतम, आमाको नाम तिर्थ कुमारी गौतम हो र मेरो नाम राम बहादुर गौतम हो। म वर्ष ५३ को भए। मेरो जन्म मिति २०२७ साल पौष २३ गते भएको हो। मेरो घर साविक जिल्ला काभ्रेपलाञ्चोक साविक पातलेखेत गा.वि.स. वडा नं. ८ हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर हो। मेरो परिवारमा मेरो श्रीमती निर्मला खत्री क्षेत्री, छोरीहरू सुकृती गौतम र सोनिया गौतम समेत ४ जनाको परिवार छ। सपरिवार साथमै छौं। मेरो फोन नं. ९७०२५४१५४६ हो। मैले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकता नम्बर २८३७२/४८८४८ को नागरिकताको प्रमाणपत्र प्राप्त गरेको छु। गहुँगोरो वर्ण ५ फिट २ ईन्च रे निधारमा कालो कोठी रहेको मेरो हुलिया हो।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नहरुको जवाफ दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ गौतम श्री बहुउदेशीय सहकारी संस्था लिमिटेड काठमाडौं, जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वरमा रहेको छ। यो सहकारी संस्था २०५६ भाद्र

१४ गते दर्ता नं. ५०९/०५६/५७ मा दर्ता भई सञ्चालनमा रहेको मा २०८० चैत्र १३ गतेदेखि समस्याग्रस्त घोषणा भएपश्चात बन्द अवस्थामा रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सञ्चालन गरेको हों।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था बाहेक मेरो अन्य पेशा गौतम ओभरसिज प्रा.लि. छ। यसबाट चिन र भारतबाट सामान आयात गरी नेपालका विभिन्न पसलहरुमा होलसेलमा सामान सप्लाई गर्ने गर्छु।

सवाल ६ तपाई मुख्य सञ्चालक रहेको गौतम श्री बहुउदेशीय सहकारी संस्था लिमिटेडको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ गौतम श्री बहुउदेशीय सहकारी संस्था लिमिटेडमा रहेका सञ्चालकहरु
राम बहादुर गौतम (अध्यक्ष), अनिल कुमार गौतम (कोषाध्यक्ष), अर्जुन बहादुर गौतम (सचिव), सुमित्रा कार्की (सदस्य), मिलन गौतम (सदस्य) गरी ५ जनाको सञ्चालक समिति रहेको छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल यो गौतम श्री बहुउदेशीय सहकारी संस्था लिमिटेड सञ्चालनमा छैन। संस्थामा समस्या आउनुको कारण २ वर्षको लकडाउनको समयमा कर्जा लगानीबाट न्युन रकम उठेको २०७९ साल श्रावण १० गतेदेखि बचतकर्ताहरुलाई ब्याज चाहि मासिक रुपमा भुक्तानी हुँदै आएको र बचतकर्ताहरुको बचत रकम माग बमोजिम भुक्तानी गर्दै आएकोले यो संस्थामा रकम अभाव भई समस्या हुन आएको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ यो संस्थामा सञ्चालक समितिहरु मध्ये मेरो श्रीमती निर्मला खत्री क्षेत्री ५ वर्षको अवधि सम्म कोषाध्यक्ष पदमा रहेको, त्यस पश्चात अनिल कुमार गौतम कोषाध्यक्ष पदमा रहेको सचिव र सदस्यहरु मेरो १३ दिने दाजुभाई हुनुहुन्छ।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाई आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा छैनन् / थिएनन्।



सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी थिएनन् र कर्मचारी छनोट गर्दा संस्थाको विनियमावली अनुसार नै विधिपूर्वक छनोट गरिएको थियो।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने गरिएको थियो। बचत गर्ने बचतकर्ताहरु सदस्यबाहेक करिब ४५ प्रतिशत थिए।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रहरुमा पहिला नेपालभर कार्यक्षेत्र भएकोले सदस्यहरु नेपाल भरबाटै (करिब ३६००) हुनुहुन्थ्यो, पछि कार्यक्षेत्र ३ जिल्लामा मात्र सिमित गरिएकोले सोही अनुसार शेयर सदस्यहरु (१०००) को संख्यामा व्यवस्थापन गरिएको थियो र कर्यक्षेत्रमा नपरेका सदस्यहरुले राजीनामा दिएर रकम फिर्ता लानुभएको थियो।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेश गर्नुहोस्।

जवाफ १३ काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक र चितवनमा गरी जम्मा २३,०८९.४१ वर्गमिटर र २८ आना जग्गा अन्दाजी १०/१२ करोड बराबरको रहेको छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग गर्नु भएको छ ? खुलाउनुहोस्।

जवाफ १४ मैले अन्य कुनै संस्थासँग अन्तरसहकारी कारोबार गरेको छैन।

सवाल १५ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १५ विद्यमान अवस्थामा म सहकारीको समस्या समाधान गर्न सक्छु। किनभने मेरो र मेरो परिवारको नाममा रहेको सम्पत्ति बिक्री वितरण, संस्थाको नाममा रहेको जग्गा बिक्री वितरण, संस्थाले लगानी गरेको ऋण असुलीबाट, मैले सञ्चालन गरेको गौतम ओभरसिज प्रा.लि.को सामान बिक्री वितरण गरी मैले समस्या समाधान गर्न सक्छु। यसका लागि ऋण उठाउन सरकारबाट नीति नियमहरु बनाईदिनु पर्‍यो र अधिकतम २ वर्षको समय अवधि दिएमा संस्थाको सबै बचत फिर्ता गरेर समस्या समाधान गर्न सक्छु।

सवाल १६ तपाईं मुख्य सञ्चालक रहेको गौतम श्री बहुउदेशीय सहकारी संस्था लिमिटेडको समस्या समाधान गर्न तपाईं, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ १६ म र मेरो परिवारको नाममा रहेको सम्पत्ति बिक्री वितरण, संस्थाको नाममा रहेको जग्गा बिक्री वितरण, संस्थाले लगानी गरेको ऋण असुलीबाट, मैले सञ्चालन गरेको गौतम ओभरसिज प्रा.लि.को सामान बिक्री वितरण गरी मैले समस्या समाधान गर्न सक्छु। २०७९ माघ यता मात्र १ अर्ब ५० करोड बराबरको रकम फिर्ता दिईसकेको छु, थप समय पाएमा समस्या समाधन गर्न सकिन्छ।

सवाल १७ २०६९ सालमा भएको स्थलगत निरीक्षण प्रतिवेदन अनुसार तपाईं अध्यक्ष र तपाइकी श्रीमती निर्मला खत्री क्षेत्री कोषाध्यक्ष रहनुभएको देखिन्छ। तर सञ्चालक समिति कम्तीमा सात सदस्यीय हुनु पर्नेमा पाँच मात्र बनाएर सहकारीलाई पारिवारीकरण गर्न खोज्नुभएको हो ?

जवाफ १७ संस्थाको विनियमावली अनुसार ५ सदस्यीय सञ्चालक समिति गठन गरेको र मेरो श्रीमती निर्मला खत्री क्षेत्री बाहेक अन्य सदस्यहरु मेरो एकाघरका नरहेको जानकारी गराउँछु। कानुनभन्दा भिन्न हुने गरी विनियम बनाउनु गल्ति भयो।

सवाल १८ संस्थाका सदस्यहरुबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको हो र सो मा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्यता कसरी पुष्टी गर्नुहुन्छ ?

जवाफ १८ कुनै-कुनै बचतकर्ताको बचत रकम घर जग्गा बेचबिखनबाट आएको र अन्यको हकमा जागिर पेन्सनबाट आएको हो। यसै कारण देखाएर मलाई सहकारी विभागबाट २०७९ माघमा कारवाही स्वरुप रु. ५ लाख जरिवाना भएको थियो।

सवाल १९ सदस्यहरुलाई दिइएको कूल ऋण रकमको करीब ६०% जति ऋण रकम ठूला ऋणीहरुलाई दिनु भएको छ, यो कानून सम्मत छ कि छैन ?

जवाफ १९ यो हामीबाट गल्ती भएको हो। यो कानूनसम्मत छैन।

सवाल २० ऋण रकम फिर्ता गर्न सक्ने धितो पर्याप्त रूपमा लिनु भएको छ कि छैन ?

जवाफ २० अन्दाजी ७५ प्रतिशत ऋण उठाउनलाई समस्या छैन र बाँकी २५ प्रतिशतको ग्यारेन्टी गर्न सक्दिन। २५ प्रतिशत भनेको सामूहिक जमानीमा प्रवाह गरेको ऋण उठाउन सकिने देखिदैन। व्यापारीहरुलाई प्रवाह भएको ऋण विग्रदो अर्थतन्त्रका कारणले उठाउन सकिने अवस्था देखिदैन।

सवाल २१ ब्याज रकम पूजिकृत गर्नु भएको छ कि छैन ?

जवाफ २१ बचत रकममा ब्याज रकम पूजिकृत गरेको छु।

सवाल २२ ब्याज र ऋण लगभग बराबर भएको ऋणीहरुको ब्याजको दर कति प्रतिशत लिनु भएको छ ?

जवाफ २२ ऋणीहरुसंग १६ प्रतिशत बराबरको ब्याजदर लिने गरिएको थियो।

सवाल २३ बचत र ऋणको ब्याजदरको अन्तर कति छ ?

जवाफ २३ बचत र ऋणको ब्याजदरको अन्तर ३ देखि ५ प्रतिशत बराबरको रहेको छ।

सवाल २४ संस्थाको सिस्टममा बचत कर्ताको निक्षेप तथा मुद्दती रु. ४ अर्ब ५८ करोड ६६ हजार देखिएता पनि बचत कर्ताद्वारा मागदाबी मात्र रु. ३ अर्ब १ करोड बराबर गरिएकोले रकम रु. १ अर्ब ५७ लाख ६६ हजार के कति कारणले फरक हुन आएको हो ?

जवाफ २४ ठूला बचतकर्ता र बाहिरी मुलुकमा रहेका बचतकर्ताहरु मागदाबी गर्न नआएको हुन सक्छ। अन्य कुरा मलाई जानकारी छैन।

सवाल २५ संस्थाले आफैसँग सम्बन्धित व्यक्ति र संस्थालाई ओभरड्राफ्ट ऋण रु १ अर्ब ९४ करोड के कति कारणले दिएको र सोको साँवा र ब्याजको रकम उठेको छ कि छैन ?

जवाफ २५ यसको धेरै रकम मैले भुक्तानी गरिसकेको छु, बाँकी रकम मेरो आफ्नो निजी सम्पत्ति बिक्री वितरण गरी साँवा ब्याज भुक्तानी गर्नेछु। मैले नगद रकम लिएको होईन कागजातहरु मिलाएर कारोबार गरिएको हो। यो विवरण सफ्टवेयरमा अपडेट नै रहेको छ। यो संस्था लगातार ४ वर्षदेखि घाटामा गएकोले मेरो नाममा ऋण असुल्ने गरी कागजात मिलाई अडिटमा अपडेट गरेको हो।

सवाल २६ नगद तथा बैंक मौज्जात रु. ६२ करोड ९१ लाख सिस्टममा देखिए तापनि नेपाल सरकारको कर रु. २१ करोड ९७ लाख ४३ हजार कति वर्ष देखि भुक्तानी नगरेको हो ?

जवाफ २६ मलाई जानकारी भए अनुसार विगत २ वर्षदेखि कर चुक्ता गरिएको छैन। अन्य कुरा मलाई जानकारी भएन यस विषयमा तथ्य बुझेर समितिलाई जानकारी गराउने प्रतिवद्धता जनाउछु।

सवाल २७ नगद तथा बैंक मौज्दात रु. ६२ करोड ९१ लाखको कसरी पुष्टी गर्नुहुन्छ ?

जवाफ २७ यो अडिटले औल्याएको कुरा हो। यति ठूलो मौज्जात रकम हाम्रो संस्थामा के कसरी आएको हो यसबारे लेखापाल र व्यवस्थापकसंग बुझेर अविलम्ब जानकारी गराउने छु।

सवाल २८ संस्थाको आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिबेदनको कैफियतमा लेखापरीक्षक द्वारा राय व्यक्त गर्न अस्विकार गरेको बारेमा कतिको जानकार हुनुहुन्छ ?

जवाफ २८ संस्थाको आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनको कैफियतको बारेमा मलाई जानकारी छ। संस्था १ अर्ब ९० करोड घाटामा रहेको हुँदा त्यसलाई मेरो नाममा ऋण कायम गरेको हो। त्यसमा कैफियत नलेखि हस्ताक्षेर नगर्ने भनेपछि उक्त कैफियत लेखिएको हो।

सवाल २९ तपाईको भन्न बाँकी केही छ ?

जवाफ २९ मेरो भन्नु केही बाँकी छैन।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ र सवाल १ देखि २९ सम्मको उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः राम बहादुर गौतम
पदः अध्यक्ष
संस्थाः गौतम श्री बहुउदेशीय सहकारी संस्था लि.

प्रमाणित गर्ने

.....
बबिता मिश्र
सचिव

.....
सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ साउन २५ गते शुक्रवार
समयः अपराह्न ०७:२० बजे।
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष श्री लालीगुरास बहुउद्देश्यीय सहकारी संस्था लि.का सचिव श्री सुरेन्द्र भण्डारीसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो बाजेको नाम मन बाहदुर भण्डारी, बुबाको नाम जित बहादुर भण्डारी, आमा कलावती भण्डारी मेरो नाम सुरेन्द्र भण्डारी हो। स्थायी घर गोरखा हो। श्रीमती प्रमिला बस्नेत र छोरीहरू वर्ष १४ को प्रिसा भण्डारी र वर्ष १२ को साईसा भण्डारी सहित हामी सपरिवार ललितपुर भैसेपाटीमा बस्छौं।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ म सुगर र प्रेसरको बिरामी छु तर सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाईं आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आबद्ध संस्था भनेको श्री लालीगुरास बहुउद्देश्यीय सहकारी संस्था लि. पुल्चोक ललितपुर हो। उक्त सहकारी समस्याग्रस्त घोषणा भई सिलबन्दी भएकोले कागजात र आवश्यक प्रमाणहरू पेस गर्न सकिन। केही निवेदन र कार्ययोजना म उपलब्ध गराउन सक्छु।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन, २०७४ पश्चात्का सम्पूर्ण कार्यहरू नियम अनुसार गरेका छौं तर त्यसपूर्वका कुनै कार्यहरू नियमसँग बाझिने हुन सक्छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ/थियो ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक मेरो अन्य कुनै पेशा छैन। संस्थाले सञ्चालन गरेको श्री लालीगुरास डेरी फर्म एण्ड रिसर्च सेन्टर, कुमरोज चितवन र श्री लालीगुरास दुग्ध प्रशोधन उद्योग गोदावरी ललितपुरमा रहेका छन्। सहकारी समस्याग्रस्त घोषणा भएपश्चात दुवै व्यवसायको सञ्चालनमा समस्या आएको छ।

सवाल ६ तपाईं सचिव रहेको श्री लालीगुरास बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिमा को-को

हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ हालको अध्यक्ष अमरदास श्रेष्ठ, उपाध्याक्ष हजुरी बिष्ट, सचिव म, कोषाध्याक्ष अमृत कुमार अर्याल, सदस्य अदम बाबा जोशी, सदस्य भोला कुमार श्रेष्ठ रहेका छन्। साथै सदस्य आर्या सिंह भण्डारीले २ वर्ष पुर्व राजिनामा दिई स्वीकृती भईसकेको छ। यस संस्था २०५६ सालमा २८ जना व्यक्तिहरू सदस्य भएर, म व्यवस्थापकको रूपमा रही स्थापना गरिएको थियो। अध्यक्षमा क्रमश: विश्वनाथ आचार्य, दिल बहादुर भण्डारी, तिर्थराज भट्ट र हिराकाजी महर्जन रहेका थिए। यस सहकारीको कार्यक्षेत्र सावित बागमती, नारायणी, लुम्बिनी र गण्डकी अञ्चलका हाल २६ जिल्ला रहेको छ।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ सहकारी विभागबाट २०८०/११/१५ गते सिफारिस भई २०८०/११/२९ गते समस्याग्रस्त घोषणा भई सिलबन्दी भएकोले हाल उक्त संस्था सञ्चालनमा छैन। यो सहकारी नेपालका ठूला १० सहकारी मध्ये एउटामा पर्छ। उक्त संस्था समस्यामा पर्नुको कारण नेपालमा देखिएका आर्थिक समस्यासँगै सबै बचतकर्ताले एक साथ रकम फिर्ता माग गर्न आउदा रकम फिर्ता दिन सकिएन। सहकारी विभागबाट २०८० भाद्र महिनामा भएको निरीक्षणको प्रतिवेदन संस्थालाई उपलब्ध गराइएन। केही सदस्यहरू उजुरीमा गएको खबर आएपछि सहकारीलाई समस्याग्रस्त घोषणा किन नगर्ने भनी हामीले पत्र प्राप्त गरेका थियौं। हामीले उजुरी दिएका सदस्यहरूसँग विभागमै भेट्न र छलफल गर्न खोजेका थियौं तर विभागले मौका दिइएन। हामीले रकम बचत कर्तालाई बचत फर्ता दिईराखेकै समयमा संस्थालाई समस्याग्रस्त घोषणा गरियो। हाम्रो माग विभागले सम्बोधन नगरेकोले समस्या पर्न गएको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ सञ्चालक समितिका सदस्यमध्ये हाम्रो आफ्नो परिवार वा नातागोताका व्यक्ति कोही पनि हुनुहुन्न।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं आबद्ध सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म आबद्ध सहकारीको सञ्चालक समितिमा छैनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सँचालकहरू कर्मचारी बस्न नमिल्ने सहकारी ऐन, २०७४ ले व्यवस्था गरेको छ। सहकारी विभागको रजिष्ट्रारको मौखिक सहमतीमा म उक्त संस्था समस्याग्रत घोषणा भएको वखतसम्म सचिव र कार्यकारी प्रमुख समेत रहेको थिए।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको थिएन/छैन।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाएका थियौं।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ हामीसँग दुई प्रकारको सम्पत्ति हुन्छन्। चितवन, गोदावरी, पुल्चोकमा आफ्नै भवन आफ्नै सम्पत्ति हो। अरु लिलामीबाट प्राप्त सम्पत्तिहरू धेरै छन्। सो विवरण समितिलाई पेस उपलब्ध गराउने छु। साथै संस्थाका विभिन्न लगानी भएका कम्पनीहरूको समेत विवरण पछि पेस गर्नेछु।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार हाम्रो सहकारीले विभिन्न २५ भन्दा बढी सहकारीसँग गरेका छौं उक्त विवरण समेत पछि पेस गर्नेछु।

सवाल १५ २०६६ साल पौषमा भएको स्थलगत निरीक्षण प्रतिवेदन अनुसार तपाईंको सहकारीबाट लालीगुराँस हस्पिटल, क्रिमशन इन्टरनेशनल कलेज, जय लालीगुराँस इनभेष्टमेन्ट एण्ड ट्रेडिंग, ग्रिनसिटी डेभेलपमेण्ट जस्ता कम्पनीमा गरेको लगानी कानून विपरीत भएको भनी टिप्पणी भएको देखिन्छ, तर तपाइहरूले कुनै सुधार गर्नुभएन किन ?

जवाफ १५ बहुउद्देशीय प्रकृतिको सहकारी भएको कारण हाम्रो सहकारीले विभिन्न संस्थामा शेयर तथा कर्जा लगानी गरेका थियौं। तर त्यसको प्रतिफल सोचे अनुरुप आएन।

सवाल १६ आजभन्दा सोह्र वर्ष अगाडि २०६५/०६६ को साधारण सभाका लागि २३ लाख बजेट छुट्याउने तर बचतकर्ताको रकम फिर्ता नगर्ने किन गर्नुभयो? सहकारी मूल्य मान्यताले यसो गर्न मिल्छ ?

जवाफ १६ संस्थाको वार्षिक बजेटमा व्यवस्था भए अनुसार भत्ता समेतको रकम उल्लेख गरिएकोले उक्त रकम देखिएको हो।

सवाल १७ लालीगुराँस सहकारी संस्थाको उल्लिखित मौज्दात रकमलाई कसरी प्रमाणित गर्नु हुन्छ ?

CASH BALANCE	1,287,744.77
Cash in Vault	1,207,244.00
Cash In ATM Vault	877,500.00
Cash In ATM Vault Unsettled	-797,000.00

जवाफ १७ यस विषयमा मलाई भर्खरै जानकारी भयो र यसको जानकारी फाईनान्स म्यानेजरलाई जानकारी हुन्छ।

सवाल १८ लालीगुराँस सहकारीको नेपाल बहुउद्देश्य सहकारी र नमस्ते नेपाल बहुउद्देश्यिय सहकारी संस्था समेतमा झण्डै १२ करोड नगद मौज्दात रकम जम्मा भएको अवस्थामा, के कारणले सहकारी समस्याग्रस्त हुन पुग्यो ?

जवाफ१८ उक्त सहकारीहरू समेतले रकम उपलब्ध गराउन सकेनन्।

सवाल १९ सहकारीले लगानीका निम्ति विभिन्न संस्थामा उच्च पुंजी रकम दाखिला के का लागि र कुन नियतले गरेको ?

जवाफ १९ हाम्रो सहकारी बहुउद्देशीय सहकारी भएकोले गलत नियत नराखी नियमानुसार नै पुँजी लगानी गरेको हो।

सवाल २० भैरवकुण्ड नामक जलविद्युत कम्पनीलाई लालीगुराँस सहकारीले ऋण रकम रु. १,०९,०७,०७,४५१.२७ उपलब्ध गराएता पनि लगानीका निम्ति कूल रकम रु. ८,२५,००,००० उपलब्ध किन गराएको र साथै लगानी गरेपश्चात सो कम्पनीको हालको अवस्था के छ र समय समयमा भौतिक प्रमणीकरण भएको छ या छैन?

जवाफ २० भैरवकुण्डमा केही रकम लगानी गरेको हो। के-कति भएको थियो पहिले याद भएन, तर त्यति ठूलो रकम ऋण लगनी नगरेको हुनु पर्छ। यस सम्बन्धमा यस समितिलाई तथ्य विवरण बुझी जानकारी गराउने प्रतिवद्धता गर्दछु।

सवाल २१ लगानी गरेका संस्थाबाट कति प्रतिफल प्राप्त गर्न सक्नु भयो, अनुमानित प्रतिफल हासिल गर्न कति सफल हुनु भयो ?

जवाफ २१ औषतमा अनुमानित प्रतिफलको ५ प्रतिशत मात्र हाँसिल गर्न सफल भयौं होला।

सवाल २२ संस्थाले सोही प्रकृतिको कारोबार गर्ने संस्थाको सेयर खरिद कानून विपरित किन गरेको ?

जवाफ २२ यस विषयमा २०७४ अगाडिकै निर्णय गरिएको हो। कानून बमोजिम नै गरेको हो।

सवाल २३ सहकारीले ऋणीलाई माग गरेको रकम भन्दा बढी रकममा ऋण किन उपलब्ध गराएको ?

Particulars	Requested Amount	Disbursed Amount
Vajra Academy Educational Private Trust	रु. ८५,००,०००	रु. १,२०,००,०००

जवाफ २३ यस सम्बन्धमा मलाई अहिले याद जानकारी भएन।

सवाल २४ संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सो मा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्यता कसरी पुष्टी गर्नुहुन्छ ?

जवाफ २४ यसमा उल्लेख गरिएको विषयमा सिस्टममा हेरेपछि मात्र उल्लेख गर्न सक्दछु। आवश्यक विवरण यस समितिलाई उपलब्ध गराउने प्रतिबद्धता जनाउछु।

सवाल २५ सहकारीले नीजि संस्थालाई ऋण उपलब्ध गराउन कानून बिपरित भए तापनि किन उपलब्ध गराइयो ?

जवाफ२५ यो कार्य कानून विपरित हुन गएको रहेछ।

सवाल २६ संस्थाका सदस्यहरूबाट ठूलो मात्रामा बचत रकम जम्मा गरेको र सो मा ब्याज समेत लेखांकन भएकोले सो बचत रकमको श्रोत खुल्ने कागजात र संस्थाको उक्त दायित्वको औचित्यता कसरी पुष्टी गर्नुहुन्छ ?

जवाफ २६ राष्ट्र बैंकले तोके बमोजिम KYC फाराम भरी प्रत्येक सदस्यको विवरण राख्रे गरिन्छ।

सवाल २७ सहकारीले उपलब्ध गराएको सस्पेन्स शीर्षकमा कसलाई र किन ऋण उपलब्ध गराइयो ?

जवाफ २७ यस विषयमा तथ्याङक हेरी समितिलाई विवरण उपलब्ध गराउने प्रतिबद्धता गर्दछु।

सवाल २८ संस्थाको सिस्टममा बचत रकम Rs.6,857,667,443 भएता पनि, बचतकर्ताको मांग दावी Rs. 7,159,616,576 रहदा Rs. 301,949,134 को फरक रकम कसरी हुन गएको हो?

Particulars	Recorded Amount	Claim Amount	Differences
Saving & Deposit	6,857,667,443	7,159,616,576	(301,949,134)

जवाफ २८ यस विषयमा तथ्याङक हेरी समितिलाई विवरण उपलब्ध गराउने प्रतिबद्धता गर्दछु।

सवाल २९ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ २९ यसमा मैले पटक पटक माग समेत गरे बमोजिम १ वर्ष समय दिएमा र उक्त सहकारी सञ्चालन गर्ने वातावरण भएमा सहकारीका बचतकर्ताहरूको रकम विभिन्न ऋण रकम असुली गरी चुक्ता गर्न सकिन्थ्यो। समस्याग्रस्त घोषणा नगरेको भए हामीसँग माग गरेको कार्ययोजना अनुसार हालसम्म १ अर्ब भन्दा बढी रकम ऋणीहरूबाट असुल गरी बचतकर्तालाई फिर्ता गर्ने थियौं। सरकारले गर्नुपर्ने आवश्यक सहयोग गरेमा समस्या समाधान गर्न सकिन्छ।

सवाल ३० तपाई सचिव रहेको श्री लालिगुराँस बहुयद्देशीय सहकारी संस्था लि. सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार, कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

जवाफ ३० यसमा मैले कर्जा असुलीलाई प्रवावकारी बनाउनु पर्छ सदस्यलाई विश्वस्त पार्नु पर्यो, सरकारले कर्जा असुली न्ययाधीकरण र कर्जा सूचना केन्द्रको गठन गर्नु पर्यो।

सवाल ३१ सहकारी सम्बन्धी वा कुनै फौजदारी कसूरमा थुना वा कैदमा पर्नु भएको छ वा छैन? परेको भए हाल उक्त मुद्दा के कुन अवस्थामा छ ?

जवाफ ३१ बचतकर्ताको उजुरीमा सहकारी ठगी मुद्दामा २०८१ असार १५मा पक्राउ परी २७ दिन थुनामा रहेर ललितपुर जिल्ला अदालतको आदेशले धरौटीमा छुटेको थिएँ। हाल मुद्दा ललितपुर जिल्ला अदालतमा चलिरहेको छ।

सवाल ३२ तपाईको अरु भन्नु केही छ?

जवाफ ३२ मेरो थप भन्नु केही छैन। सरकारले उचित कार्य गरी सहजीकरण गरीदिनु हुन अनुरोध छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ६ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः .....

नामः सुरेन्द्र भण्डारी

पदः सचिव

संस्थाः श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ साउन २५ गते शुक्रबार

समयः बेलुकी ०७:२० बजे।

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति समक्ष नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार, भक्तपुरका अध्यक्ष हाल जगन्नाथदेवल कारागारमा सहकारी ठगी मुद्दामा थुनामा रहेका श्री नुनम सुब्बासँग भएको सोधपुछ ।

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम नुनम सुब्बा हो। मेरो बाजेको नाम कर्णध्वज जबेगु, मेरो बुबाको नाम देवेन्द्र कुमार जबेगु, आमाको नाम रन्जना देवी जबेगु, श्रीमतीको नाम ममता लिम्बु हो। एक छोरी तिमेन्दिड सुब्बा सहित हाल जिल्ला भक्तपुर सुर्यविनायक नगरपालिका वडा नं २ बालकोटमा बस्दछौं। म हाल जगन्नाथदेवल कारागारमा सहकारी ठगी मुद्दामा पुर्पक्षमा रहेको छु।

सवाल २ तपाइको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक र मानसिक अवस्था सामान्य रहेको छ। सोधिएका प्रश्नको उत्तर दिन सक्दछु।

सवाल ३ तपाई आबद्ध रहेका र सञ्चालकको भूमिकामा रहेको सहकारी संस्थाहरूको नाम, ठेगाना र अन्य कुनै विवरण भए सो समेत खुलाउनुहोस्। सम्बद्ध कुनै कागजात भए पेस गर्नुहोस्।

जवाफ ३ म आबद्ध रहेको र सञ्चालकको भूमिकामा रहेको सहकारी नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटार हो। उक्त सहकारीको मुख्य कार्यालयको ठेगाना मध्यपुर ठिमी नगरपालिका वडा नं ३ कौशलटार हो। साथै दुईवटा सेवा केन्द्र ललितपुर जिल्लाको लुभु र इमाडोलमा रहेका छन्। साथै उक्त सहकारीले काठमाडौं, ललितपुर र भक्तपुर गरी तिन जिल्ला समेटेको छ। सहकारी संस्थामा करीब १३,००० जना बचतकर्ता रहेका छन्। यस सहकारीको शेयर पुँजी साढे तिन करोड रहेको छ र जम्मा बचत पचास करोड जति रहेको छ। यस सहकारीले प्रवाह गरेको कर्जा करीब त्रिपन्न करोड रहेको छ र संस्थाको नाममा कौशलटारमा साढे पाँच आना जग्गामा बनेको पाँच तल्लाको घर रहेको छ।

सवाल ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम सहकारी सञ्चालन गर्नु भएको छ/थियो ?

जवाफ ४ सहकारी ऐन र प्रचलित कानून बमोजिम नै सहकारी सञ्चालन गर्ने गरेका थियौं र छ।

सवाल ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय पनि छ ?

जवाफ ५ सहकारी संस्था सञ्चालन बाहेक अन्य कुनै पेशा वा व्यवसाय छैन। यस सहकारीमा संचालक हुनुपूर्व म यसै सहकारीमा २०६६ देखि २०६८ सम्म अपरेशन ईन्चार्जको रुपमा कार्यरत थिएँ।

सवाल ६ तपाईं मुख्य सञ्चालक रहेको नागरिक विकास बचत तथा ऋण सहकारी संस्था कौशलटारको सञ्चालक समितिमा को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ६ यस सहकारी संस्थामा अध्यक्ष म स्वयं, उपाध्यक्षमा मन प्रसाद राई, सचिवमा दुर्गादेवि राई, कोषाध्यक्षमा देउमाया लिम्बु र सदस्य शान्ति श्रेष्ठ हुनुहुन्छ। संस्थापक अध्यक्ष पुष्पा कुमारी बम्जन हुनुहुन्थ्यो। हाल उहाँ फरार हुनुहुन्छ। उहाँ ज्ञान बहादुर बम्जनको श्रीमती र भिम बहादुर तामाङको दिदी हो।

सवाल ७ हाल उक्त संस्था सञ्चालनमा छ/छैन ? उक्त संस्था समस्यामा पर्नुको कारण के हो ?

जवाफ ७ हाल उक्त संस्था सन्चालनमा छ। बचत कर्ताहरुले एकै पटक बचत रकम फिर्ता माग गर्नु, सहकारीले लगानी गरेको ऋण रकम उठाउन समस्या हुनु र कोभिडले गर्दा समस्या आएकोले सहकारी समस्यामा परेको हो।

सवाल ८ सञ्चालक समितिका सदस्यमध्ये तपाईंको आफ्नो परिवार वा नातागोताका व्यक्ति को-को हुनुहुन्छ/हुनुहुन्थ्यो ?

जवाफ ८ 'सञ्चालक समितिका सदस्यमध्ये मेरो परिवार वा नातागोताका व्यक्ति कोही पनि छैनन् र थिएनन्।

सवाल ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति तपाईं अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा पनि छन् वा छैनन्/थिए वा थिएनन् ? यदि थिए भने, उक्त कुरा कानूनसम्मत् हो, होइन ? खुलाइदिनुहोस्।

जवाफ ९ अन्य कुनै सहकारीमा सञ्चालक समितिको सदस्य रहेको व्यक्ति म अध्यक्ष रहेको सहकारीको सञ्चालक समितिमा छैनन् र थिएनन्।

सवाल १० सञ्चालकहरू कर्मचारी पनि रहेका छन् वा छैनन् ? व्यवस्थापक वा कर्मचारी छनौट गर्दा के-कस्तो विधि र पद्धति अपनाउने गर्नु भएको छ/थियो ?

जवाफ १० सञ्चालकहरू कर्मचारी रहेका छैनन्। व्यवस्थापक वा कर्मचारी छनौट गर्दा सहकारीको कर्मचारी प्रशासन विनियम अनुसार छनौट गर्ने गरेका थियौं।

सवाल ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छ वा छैन/थियो वा थिएन ?

जवाफ ११ सहकारी संस्थाका सदस्य बाहेक व्यक्तिको बचत जम्मा गर्ने वा त्यस्ता व्यक्तिलाई ऋण वा कर्जा प्रवाह गर्ने गरिएको छैन र थिएन। 'शेयर सदस्य बनाएर मात्र बचत गराउने र ऋण प्रवाह गर्ने गर्थ्यौं।

सवाल १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाउनु भयो वा अन्य जोसुकैलाई पनि बनाउनु भएको छ/थियो ?

जवाफ १२ शेयर सदस्य बनाउँदा तोकिएको कार्यक्षेत्रमा बसोबास भएका व्यक्तिलाई मात्र सदस्य बनाएका

थियौं।

सवाल १३ सहकारी संस्थाको सम्पत्ति कहाँ-कहाँ के-कुन स्वरूपमा छ ? छ भने आवश्यक कागज प्रमाण समेत पेस गर्नुहोस्।

जवाफ १३ संस्थाको नाममा कौशलटारमा साढे पाँच आना जग्गामा बनेको पाँच तल्लाको घर रहेको छ। साथै ऋण उठाउने क्रममा लिलामी गरी आएको हेटौंडा र ललितपुरको लामाटारमा साढे तिन रोपनी जग्गा संस्थाको नाममा आउन बाँकी छ।

सवाल १४ अन्तरसहकारी कारोबार गर्नु भएको छ ? छ भने कुन-कुन संस्थासँग ? खुलाउनुहोस्।

जवाफ १४ अन्तरसहकारी कारोबार गरेको छ। डेरीबेटिव बचत तथा ऋण सहकारी संस्था कोटेश्वरमा करिब १ करोड डिपोजिट उठाउन बाँकी रहेको छ।

सवाल १५ तपाई अध्यक्ष रहेको सहकारी संस्थाका बचतकर्ताको बचत रकम के-कहाँ लगानी गर्नुभएको छ ? बचतकर्ताले रकम फिर्ता माग गर्दा किन फिर्ता नगरी किन फरार हुनुभएको हो ?

जवाफ १५ बचतकर्ताको बचत रकम शेयरधनी बचतकर्तालाई नै ऋण प्रवाह गरिएको छ। अन्य कही कतै लागानी गरिएको छैन। म फरार भएको होइन, सम्पर्कमा रहदा रहदै बचतकर्ताहरुले एकैपटक बचत रकम फिर्ता माग गरेको र ऋणीहरुबाट ऋण असुल गर्न नसक्दा समस्या भएको हो।

सवाल १६ बागमती प्रदेश सरकार, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयबाट मिति २०८०।०१।२६ र २०८०।०३।२८ मा बचतकर्ताको बचत रकम फिर्ताका लागि कार्ययोजना पेस गर्न पत्राचार हुँदा तपाईले किन कार्ययोजना पेस नगर्नुभएको हो? बचतकर्ताको रकमको सुरक्षा के हुन्छ ?

जवाफ १६ छलफलमा सहभागी भएको र बचतकर्ताको करिब ४ करोड रकम फिर्ता गरिसकेको हो। कार्ययोजना पेस गर्ने बारेमा मलाई जानकारी भएन।

सवाल १७ हाल नागरिक विकास सहकारी संस्थाको बचत तथा ऋण, बैंक मौज्जात, अचल सम्पत्ति, सरकारलाई तिर्नुपर्ने कर र दायित्व के-कति बाँकी छ ? खुलाईदिनुहोस्।

जवाफ १७ म मिति २०८० साल फागुन ३ गते पक्राउ परेको र पूर्पक्षको लागि कारागारमा रहेको हुँदा सरकारलाई तिर्नुपर्ने कर र दायित्व के-कति बाँकी छ? त्यसबारे मलाई जानकारी छैन।

सवाल १८ मिति २०८१।०३।१९ र २०८१।०३।३० गते यस समितिमा निवेदन दिएका उजुरीकर्ताहरुले जम्मा रु. ६,९८,६५,७५७ रकम संस्थाले फिर्ता गरेको छैन भनेका छन् सो रकम माग बमोजिम किन फिर्ता नगर्नुभएको हो ?

जवाफ १८ म कारागारमा रहेको हुनाले माग बमोजिमको रकम फिर्ता नभएको हो। कारागारबाट निस्किए पछि बचतकर्ताहरुको रकम फिर्ता हुन्छ ।

सवाल १९ विद्यमान अवस्थामा तपाइको सहकारीको समस्या समाधान गर्न सक्नुहुन्छ ? के-कुन प्रबन्ध भयो भने समाधान सहज हुन्छ ?

जवाफ १९ विद्यमान अवस्थामा सहकारीको समस्या समाधान गर्न सक्छु। मेरो सहकारीको मात्र समस्या नभएर धेरै सहकारीको समस्या हो, कारागारबाट निस्किन पाउनु पर्यो, उठाउनु पर्ने ऋणहरु उठाउन सहयोग गर्नु पर्यो। सहकारी संस्थाको नाममा रहेको चलअचल सम्पत्तिको बिक्रीवितरण गरेर भए पनि समस्या समाधान गर्न सकिन्छ।

सवाल २० तपाई मुख्य सञ्चालक रहेको नागरिक विकास बचत तथा ऋण सहकारी संस्था सहकारीको समस्या समाधान गर्न तपाई, तपाईको परिवार, सरकार र कर्जा लिएको बैङ्कले के-के गर्नु पर्ला ?

सवाल ३२ Nobody Production Pvt. Ltd. के-कुन कम्पनी हो? गोरखा मिडिया नेटवर्क प्रा.लि.सँग यसको के-कुन प्रकारको कारोबार रहेको थियो? उक्त कम्पनीलाई आर्थिक वर्ष ७७/७८ मा संस्थाले आम्दानी हुने गरी कुनै काम सुरू नगरेकै अवस्थामा रू ५ करोड ३५ लाख बराबरको पेश्की किन दिइएको हो? सुप्रिम सहकारीबाट उक्त कम्पनीमा २०७७।०७।०६ मा गएको रकम गोरखा मिडियाको अभिलेखमा देखिन्छ, देखिदैन?

जवाफ ३२ Nobody Production Pvt. Ltd. ले ३ वटा महत्वपूर्ण अन्तराष्ट्रिय फ्रेन्चाईज कार्यक्रमहरू (को बन्छ करोडपति, सारेगमप लिटल च्याम्स र क्राईम प्रेट्रोल) सञ्चालन गर्ने सम्झौता गरेको थियो। त्यसै सम्झौता बमोजिम पेश्की लिएको हो। सुप्रिम सहकारीबाट Nobody Production Pvt. Ltd को खातामा गएको रकमबारे मलाई जानकारी भएन।

सवाल ३३ Gopi Krishna Movie Pvt. Ltd. के-कुन कम्पनी हो? गोरखा मिडिया नेटवर्क प्रा.लि.सँग यसको के-कुन प्रकारको कारोबार रहेको थियो? उक्त कम्पनीलाई आर्थिक वर्ष ७७/७८ मा २५ लाख पेश्की किन दिइएको हो?

जवाफ ३३ Gopi Krishna Movies Pvt. Ltd. अन्तर्गत Gopi Krishna FM लाई galaxy FM बनाउने सहमती भएको थियो। उक्त रेडियो प्राप्त गर्नको लागि दिइएको पेश्की रकम हो। कल साईन परिवर्तन



भएको प्रतिवेदन म यस समिति समक्ष पेस गर्छु। रेडियो Galaxy प्रसारणमा आइसकेको थियो। सम्पूर्ण उपकरण गोरखा मिडिया नेटवर्कमै छ।

सवाल ३४ आर्थिक वर्ष ७७/७८ मा Green Tea Development लाई ४५ लाख र आर्थिक वर्ष ७८/७९ मा १० लाख थप गरी रू ५५ लाख रकम र लक्ष्मी प्रसाद पौडेललाई पेश्की रू ४९ लाख ९९ हजार के-कुन प्रयोजनका लागि दिइएको हो? खुलाइदिनुहोस्।

जवाफ ३४ लक्ष्मी प्रसाद पौडेल गोरखा मिडिया नेटवर्क प्रा.लि. मा म कम्पनीमा आउनु भन्दा पहिले प्रबन्ध निर्देशक हुनु हुन्थ्यो। उहाँकै पालामा Galaxy 4K Television सञ्चालन हुने भाडामा रहेको घर मर्मतको लागि Green Tea Development लाइ पेश्कीको रूपमा रकम दिइएको हुनसक्छ, मलाई यकिन/याद भएन।

सवाल ३५ शम्भु गुरागाईं गोरखा मिडिया नेटवर्क प्रा.लि.मा कहिलेदेखि कहिलेसम्म कार्यरत हुनुहुन्थ्यो? कर्मचारी पेश्की शीर्षकमा आर्थिक वर्ष २०७७/०७८ दिइएको रू. ८१ लाख ३ हजार आर्थिक वर्ष २०७८/०७९ मा समेत कायमै देखिन्छ। आर्थिक वर्षको अन्त्यसम्ममा पनि किन फर्स्यौट नगर्नु, नगराउनु भएको हो?

जवाफ ३५ शम्भु गुरागाईंले सुरूवात गरेको मिति मलाई हाल याद भएन तर उनी नेपाली मिडिया मार्केटमा भएकामध्ये निकै अब्बल मार्केटिड हेडका रूपमा चिनिन्थे। त्यसकारणले उनको क्षमता र मागलाई मध्यनजर राख्दै उनलाई दिइने १ वा २ वर्षको तलब, पेश्कीको रूपमा दिएर ल्याइएको थियो तर उँहालाई बिचमै हटाईएको थियो। उँहाको दायित्व बाँकी भएको हुनुपर्छ।

सवाल ३६ गोरखा मिडिया नेटवर्क प्रा.लि. बाट आर्थिक वर्ष २०७७/०७८ व्याजबापत १ करोड ५५ लाख भुक्तानी गरेको देखिन्छ। उक्त रकम कसलाई र कुन ऋणवापत दिनुभएको हो?

जवाफ ३६ मलाई यसबारे जानकारी भएन। यस विषयमा आवश्यक परे मैले लेखापरीक्षकलाई बुझेर समितिलाई जानकारी गराउनु पर्ने हुन्छ।

सवाल ३७ विदेशी कम्पनी उल्लेख गरिएको Lao Asia Pacific Satellite Co. Limited बाट १४ जुन २०२२ मा गोरखा मिडिया नेटवर्क प्रा.लि.ले रू. ५५ लाख १७ हजार ७२३ ऋण लिएको देखिन्छ। उक्त ऋण के कुन प्रयोजनका लागि लिनुभएको हो? उक्त ऋण कानूनसम्मत छ त?

जवाफ ३७ Lao Asia Pacific Satellite Co. Limited एउटा Satellite कम्पनी हो। उक्त कम्पनीसँग सम्झौता गरेर वार्षिक रकम तिर्नु पर्ने हुन्छ। यसै कम्पनीमार्फत Galaxy 4k Television प्रसारण हुने गर्दथ्यो। यस विषयमा मलाई भएको जानकारी यतिनै हो।

सवाल ३८ तापई प्रबन्ध निर्देशक रहेकै समयमा चुक्ता पुँजी १२ करोड रहेको कम्पनी १६ करोडको नोक्सानमा रहेको देखिन्छ। उक्त समयका मुख्य खर्च निकासा हेर्दा तपाईं, गितेन्द्रबाबु राई, शम्भु गुरागाईं र विपिन कुमार आचार्यको तलवलगायत देखिन्छ। त्यस अतिरिक्त विपिन कुमार आचार्य सञ्चालक रहेको कम्पनीमा अत्याधिक सञ्चालन खर्च निकाशा हुने गरेको देखिन्छ। कम्पनी नोक्सानमा रहँदा रहँदै संस्थाबाट भएको खर्चको औचित्य कसरी पुष्टी गर्नु हुन्छ?

जवाफ ३८ त्यस समयमा यो भर्खरै सुरूवाती चरणमा रहेको कम्पनी थियो। लगानीको चरणमा रहेको कम्पनी भएको हुँदा उक्त रकम घाटा होइन, लगानीको रकम हो। लगानीसँगै कम्पनीले यथेस्ट आम्दानी पनि गरेको छ। म रहदा मात्रै १० करोड आम्दानी गरी सकेको थियो। तीन करोड त मेरै कार्यक्रम "सिधाकुरा" ले कमाइसकेको थियो।

सवाल ३९ मिति ३१ मार्च २०२१ देखि १५ जुन २०२२ सम्म तपाई प्रवन्ध निर्देशक रहेको अवधिमा सहकारीहरूले गोरखा मिडिया नेटवर्क प्रा.लि.लाई दिएको ऋण रकम र गोरखा मिडियामा दाखिला भएको ऋणको औचित्य कसरी पुष्टि गर्नुहुन्छ?

सहकारी संस्थाहरूबाट गोरखा मिडिया प्रा. लि.मा प्रवाह भएको ऋण तथा पेश्की विवरणः

मिति	ऋण रकम	सहकारी	
२०८०।०३।१३	१३,०८९,०००	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.	ऋण
२०८०।०४।२१	११७,११६,४७०	सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि.	ऋण
२०८०।०३।३१	२२,८९६,४८०	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.	पेश्की
२०७७।०६।१४	१०,०००,०००	सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि.	पेश्की
२०७८।०२।३१	१०,०००,०००	सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि.	पेश्की
जम्मा	१७३,१०१,९५०		

Unsecured loan का रूपमा गोरखा मिडिया नेटवर्क प्रा.लि.मा गितेन्द्रबाबु राईको नाममा ऋण अन्तर्गत लेखाङ्कन भएका रकमको विवरणः

Date	Particulars	Amount
21/12/2020	Nobody Production Pvt. Ltd	12,500,000.00
21/12/2020	Petty Cash	100,000.00
11/2/2021	Global IME Bank	24,500,000.00
17/3/2021	Global IME Bank	10,000,000.00
31/3/2021	Global IME Bank	19,600,000.00
12/4/2021	Global IME Bank	9,795,000.00
18/4/2021	Global IME Bank	2,500,000.00
18/4/2021	Global IME Bank	10,000,000.00
3/5/2021	GB rai Share capital	102,546,000.00
16/5/2021	Global IME Bank	5,000,000.00
6/6/2021	Global IME Bank	1,500,000.00
18/6/2021	Global IME Bank	10,000,000.00
24/6/2021	GB group of Companies	46,595,000.00

6/7/2021	Global IME Bank	10,336,000.00
15/7/2021	Global IME Bank	15,000,000.00
25/7/2021 to 13/06/2022	Global IME Bank	142,330,483.00
14/6/2022	Lao Asia Pacific Satellite Company Limited	5,517,723.00
22/6/2022 to 15/7/2022	Global IME Bank	5,492,692.00
	Total	**433,312,898.00**
	GB Group of Companies	**29204372**
	Grand Total	**462517270**

जवाफ़ ३९ मेरो बुझाईमा व्यक्ति र संस्थाबाट आएको सम्पूर्ण रकम जिबी राईले ल्याएको रकम हो। यी सम्पूर्ण रकमहरू तत्-तत् संस्थाहरूबाट ल्याउँदा आवश्यक प्रक्रिया पूरा गरेको बुझ्नुपर्छ। जिबी राई स्वयं उल्लिखित संस्थाहरूमा संलग्न रहेको र गोरखा मिडिया नेटवर्क प्रा.लि.को पनि कार्यकारी अध्यक्ष भएको हुँदा र कम्पनीको सम्पूर्ण कारोबार निजले नै हेर्ने भएको हुँदा यस विषयमा मलाई जानकारी छैन। म र छबिलाल जोशी नेपाल बैंक लि. न्यूरोड शाखामा ऋण लिने प्रक्रियामा जाँदा नेपाल बैंक लि.ले करिब २५ करोड ऋण दिन सहमत भयो तर उक्त ऋण लिनको लागि कार्यकारी अध्यक्ष जिबी राईको उपस्थिति अनिवार्य छ भनेर बैंकले भनेपछि उहाँलाई टेलिफोन गरियो। उहाँले हामीलाई "यति थोरै ऋण लिनको लागि म बैंकमा जानु पर्ने मान्छे होइन, एक पैसा ऋण नलिई पनि पाँच वर्ष दुक्कासाथ टेलिभिजन चलाउन सक्छु। तपाईहरू चिन्ता नलिई टलिभिजन राम्रो बनाउनुस्" भन्नु भएको थियो। त्यहीक्रममा छबिलाल जोशीले आफ्नो घर राखी ऋण लिने भन्दा उहाँको परिवारले मान्नुभएन भन्ने सुनेको थिएँ।

सवाल ४० गोरखा मिडिया नेटवर्क प्रा.लि.बाट कर्मचारी पेश्की शीर्षकमा आर्थिक वर्ष २०७७/०७९ मा ६ लाख ४५ हजार र आर्थिक वर्ष २०७८/०७९ मा १७ लाख रकम पेश्की लिनुभएको देखिन्छ। उक्त रकम के-कुन प्रयोजनका लागि लिनु भएको थियो? आर्थिक वर्षको अन्त्यसम्ममा पनि किन फर्स्यौंट नगर्नु भएको हो?

जवाफ ४० मलाई लाग्छ यो लिनुपर्ने कुनै विषयको रकम होला केही कारणबस पेश्कीमा राखिएको हुनुपर्छ मैले कम्पनी छोड्दा केही दायित्व बाँकी नराखी हिसाब फरफारक गरी निस्किएको थिएँ। कुनै दायित्व रहेको/भएको व्यहोर्नै पर्छ।

सवाल ४१ तपाईले गोरखा मिडिया प्रा.लि.को शेयर खरिद गरी सञ्चालक एवं प्रबन्ध निर्देशकको जिम्मेवारी लिदाँका बखत कम्तीमा पाँच वर्षका लागि साथै रहने र संस्था चलाउने प्रतिवद्धता जनाउनुभएको थियो। तर आठ महिनामै आफ्नो प्रतिवद्धताबाट पछाडि हटेका कारण गोरखा मिडिया नेटवर्क प्रा.लि.द्वारा सञ्चालित Galaxy 4K Television सङ्कटमा परेको हो, यसको जिम्मेवारी निज रवि लामिछानेको हो भन्ने समेतको व्यहोरा यस उक्त कम्पनीका हालका सञ्चालकहरूले यस समितिमा अभिलेखबद्ध गराउनु भएको छ? यसमा तपाईको भनाई के छ? हालको खासगरी गितेन्द्रबाबु



राई समूहद्वारा सञ्चालित सहकारीहरूमा आजको सङ्कट देखिनुमा र त्यस सङ्कटको समाधानमा तपाईंको जिम्मेवारी के हुन्छ? खुलाइदिनुहोस्।

जवाफ ४१ म कार्यकारी अध्यक्ष जिबी राईसँगको सल्लाह र सहमतिमा कम्पनीबाट विदावारी भएको हुँ। मेरो विदाई कार्यक्रम विशेष ढङ्गले गरिएको थियो। मेरो आगामी जिवनको सफलताको कामना गर्दै अत्यन्त सौहार्दपूर्ण ढंगले बिना कुनै वादविवाद, हासीखुसी, राजीखुसी सार्वजानिक अभिव्यक्ति सहित म बिदा भएको थिएँ। कार्यकारी अध्यक्ष जिबी राई, हालका सञ्चालक कुमार रम्तेल लगायत सम्पूर्ण टिमको उपस्थितिमा मलाई बिदाई गरिएको थियो। म राजनीतिमा रहँदा पनि टेलिभिजनमा आफ्नो सहभागितालाई निरन्तरता दिन सक्छु तपाईलाई मेरो निरन्तरता आवश्यक छ? भनि प्रश्न गर्दा उहाँले, "म आफु अझ सक्रिय हुन्छु, तपाईको आगामी राजनीतिक जिवन सुखमय होस" भन्नु भएको थियो। उक्त सुखद बिदाई कार्यक्रमको Galaxy Television मा समाचार नै बनेको थियो।

सवाल ४२ सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरा र सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि., बुटवलबाट रवि लामिछानेको नाममा प्रवाह भएको कर्जा तथा पेश्की रकमहरू तपाई पूर्व उपप्रधानमन्त्री र गृहमन्त्री एवं प्रतिनिधि सभाको माननीय सदस्य रवि लामिछानेकै नाममा जारी भएको हो र सहकारीमा कायम भएको सदस्यता समेत तपाईकै भएको भनी भविश्वर अर्याल, रोशनी गुरूङ्ग, कुमार रम्तेल समेतले खुलाउनुभएको देखिन्छ। तपाईंको नाममा कर्जा खडा भई गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रकम गएको देखिन्छ। गोरखा मिडियामा तपाई बाहेक अर्को रवि लामिछाने पनि रहेको देखिदैन। तपाईले अस्वीकार गर्न मिल्छ?

जवाफ ४२ उक्त सहकारीबाट ऋण लिने मान्छे म भएको भए ऋण लिएको र ऋण लिनलाई निवेदन दिएको प्रमाण होला। मैले उक्त सहकारीबाट ऋण लिएको पनि छैन र म यस संस्थाको शेयर सदस्य पनि होइन। मैले ऋण लिनलाई निवेदन पेस गरेको पनि छैन। रोशनी गुरूङ्ग र सागर के.सी.लाई म चिन्दिन।

सवाल ४३ तपाई उपप्रधानमन्त्री र गृहमन्त्री भएपछि आफुविरूद्धको जाहेरीमा छानविन प्रक्रियालाई प्रभावित गरेको विषय संसदमा करिव ३ महिनासम्म निरन्तर उठेर सदन अवरूद्ध भएको थियो। खास के गर्नु भएको थियो? खुलाइदिनुहोस्।

जवाफ ४३ २०८० साल श्रावणतिर उठेको विषय हो। म २०८० फागुन २४ गते उपप्रधानमन्त्री तथा गृहमन्त्री भएको थिएँ। मैले मुद्दा कसरी प्रभावित पार्न सक्छु? कुनै हस्तक्षप नगर्ने मेरो कार्यकाल आफ्नो ३० वर्षे जागिरकै उत्कृष्ट रहेको भनि गृह सचिवले सार्वजनिक अभिव्यक्ति नै दिनु भएको छ।

सवाल ४४ २०८०/१०/२२ गते कृष्णप्रसाद जैशी समेतका २६ जनाले जिल्ला प्रहरी कार्यालय कास्कीमा दिएको पूरक जाहेरी अनुरूप कसूरको अनुसन्धान अगाडि बढाउने क्रममा अनुसन्धानलाई प्रभावित बनाएको कुरा छ। उक्त विषयमा के-कसो भएको हो?

जवाफ ४४ उक्त विषयमा राज्य व्यवस्था तथा सुशासन समितिमा कुरा उठेर म सहित प्रहरी अधिकारीहरूबाट स्पष्ट पारिएको थियो। संयोगबस त्यतिबेला यस समितिका माननीय सदस्य दिलेन्द्र प्रसाद बडुले मलाई प्रश्न गर्नु भएको थियो। त्यस विषयमा प्रहरी महानिरीक्षकबाट पनि स्पष्ट पारिएको थियो। यसबारेमा तथ्य र प्रमाणहरू सम्बन्धित निकायसँगै बुझी तत्कालिन प्रधानमन्त्रीले सदनलाई समेत जानकारी गराउनु भएको थियो।

सवाल ४५ तपाईलाई गोरखा मिडिया नेटवर्क प्रा.लि.मा के-के काम गर्ने भनेर कार्यविवरण (Job Description) दिइएको थियो? त्यो पेश गर्न सक्नुहुन्छ?

जवाफ ४५ मेरो जिम्मेवारी ग्यालेक्सी टेलिभिजनलाई देशको सबैभन्दा राम्रो समाचार र कार्यक्रम प्रस्तुत गर्ने टेलिभिजन बनाउने थियो। मेरो बिज्ञता र परिचय सञ्चारकर्मीको भएको हुनाले मेरो जिम्मेवारी मेरो बिज्ञतासँग जोडिएको थियो। कार्यविवरण (Job Description) लिखित रूपमा दिईएको थिएन।

सवाल ४६ तपाईं माननीय उपप्रधानमन्त्री र गृहमन्त्री पदमा रहेको समयमा प्रतिनिधि सभाको बैठकमा सम्बोधनका क्रममा सहकारीको बचत रकम अपचलनका अभियुक्त गितेन्द्रबाबु राई रहेको स्थानको नजिकसम्मको सूंचना सरकारले प्राप्त गरीसकेको र मलेसिया सरकारका समकक्षीसँग संवाद समेत गरेको भनी जानकारी गराउनु भएको थियो। तर निज पक्राउ पर्न सक्नु भएन, किन? तत्सम्बन्धमा तपाईलाई प्राप्त भएको सूचना र सरकारी प्रयासका सम्बन्धमा खुलाउन मिल्ने कुरा खुलाइदिनुहोस्।

जवाफ ४६ जिबी राई मलेसियामा रहेको कुरा म गृहमन्त्री हुनुपूर्व नै सार्वजनिक भइसकेको थियो। तर मलेसियासँग नेपालको सपुर्दगी सन्धि नभएकाले यसलाई कुटनितिक तहबाट समाधान गर्नु पर्ने थियो। जसका लागि मैले मलेसियाका गृहमन्त्री सैफुदिन नासुसिन स्माईलसँग २०८१ बैशाख १८ मा पहिलो सम्वाद गरेको थिएँ। उहाँले जिबी राई मलेसियाको "माइ सेकेण्ड होम स्किम" मा बसिरहेको हुँदा उक्त हैसियत रद्द गर्न त्यहाँका महान्यायाधिवक्तासँग कुरा गर्छु भन्नुभयो। इन्टरपोलले पनि साथसाथै काम गरिरहेको थियो र उनीहरूले जिबी राईको पासपोर्ट रद्द गर्ने भए फिर्ता पठाउन सकिन्छ भन्ने जानकारी दिएपश्चात नेपाल सरकारले उनको पासपोर्ट रद्द गर्न कास्की जिल्ला अदालतमा निवेदन दियो र राहदानी विभागलाई पनि पत्राचार गर्यो। तर वित्तीय अपराध भएका कारणले यी दुबै निकायबाट अनुमति प्राप्त हुन सकेन। त्यसपछि मलेसियाका गृहमन्त्रीसँग जेष्ठ ३१, २०८० मा दोस्रो सम्वाद गरें। सम्वादका क्रममा जिबी राई मलेसियामा कुनै आपराधिक क्रियाकलापमा संलग्न नभएकोले उक्त स्किम रद्द गर्न नमिल्ने कुरा मैले जानकारी पाएँ। त्यसपछि नेपाल प्रहरीका अधिकारीहरूलाई नै मलेसिया पठाउने र थप पहल प्रधानमन्त्रीस्तरबाट समेत गर्ने तयारी हुँदै गर्दा सरकार परिवर्तन भयो। अहिले के भइरहेको छ मलाई जानकारी छैन।

सवाल ४७ तपाईले गृह मन्त्रालयको समेत नेतृत्व सम्हालिसक्नु भएको छ। मन्त्रालयको अभिलेखमा गितेन्द्रबाबु राई उपर के-कुन अभियोग भएको देखिन्छ?

जवाफ ४७ प्रहरीको अभिलेख अनुसार उनी विभिन्न सहकारीहरूमा बचतकर्ताको बचत रकम अपचलन गरेको अभियोगमा पक्राउ पूर्जी जारी भएका फरार अभियुक्त हुन्।

सवाल ४८ तपाई गृहमन्त्री हुनु अगाडि तापाई गोरखा मिडिया नेटवर्क प्रा.लि.मा कार्यकारी अध्यक्ष र प्रबन्ध निर्देशक रहदा जिबी राई सहकारीहरूको सञ्चालक रहेको जानकारी थियो/थिएन।

जवाफ ४८ त्यस समयमा मलाई जानकारी थिएन। म राजनीतिमा आई दोस्रो पटक चुनाव जितेर पूनः सांसद भइसकेपछि सहकारीको यो विषय पत्रपत्रिकामा आउन थालेपछि थाहा भएको हो।

सवाल ४९ जिबी राईले सहकारीबाट रकम अपचलन गरेको भन्ने विषय अब तपाईको जानकारी आएपछि उनले अपचलन गरेको रकम फिर्ता गर्न तपाईको के भूमिका हुन्छ?

जवाफ ४९ सहकारीबाट अपचलन भएको रकम गोरखा मिडिया नेटवर्क प्रा.लि.मा आएको विषयमा सम्मानित अदालतमा अपचलन गरेका व्यक्तिहरूलाई प्रतिवादी बनाएर बिगो मागदाबी सहित मुद्दा चलिरहेको छ। उक्त मुद्दामा विभिन्न सहकारीबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायतमा रकम पठाउने व्यक्ति पहिचान भई बिगो मागदाबी सहित मुद्दा चलेको छ।
गोरखा मिडियामा आएको रकम बिगो मागदाबी गरेकोभन्दा अलग पैसा होइन। सम्पूर्ण अपचलन भएको रकम बिगोमा समावेस भएको छ भन्ने बुझेको छु। जो जुन व्यक्ति यस अपचलनमा संलग्न छन् तिनको व्यक्तिगत सम्पत्ति जायजेथाबाट भएपनि असुल उपर गर्ने गरी पिडितको बचत फिर्ता गर्नु पर्छ भन्ने कुरामा म स्पष्ट छु। यो प्रक्रियामा एक जिम्मेवार नागरिकका रूपमा म आफ्नो सम्पूर्ण प्रयत्न लगाउने छु।

सवाल ५० जिबी राई संलग्न भएका र निजको समूहद्वारा सञ्चालित सहकारीका समस्या निजको अनुपस्थितिमा समाधान हुन सक्ने देखिएन। के-कसरी जिबी राईलाई संलग्न गराई समस्या समाधान गर्न सकिएला? समाधानको आगामी बाटो के होला? विद्यमान अवस्थामा गोरखा मिडिया नेटवर्क प्रा.लि. र सहकारी संस्थाहरूको समस्या समाधान गर्न के गर्नु पर्ला? तपाईका के सुझाव छन्?

जवाफ ५० जिबी राई मात्र होइन, सहकारीको रकम अपचकन गर्ने सम्पूर्ण फरार रहेका व्यक्तिहरुलाई आफ्नो दायित्व तिर्ने अवसर दिने गरी निश्चित समयका लागि नभाग्ने सुनिश्चितताका साथ विशेष व्यवस्था गरि फिर्ता आउने अवसरको आह्वान गर्नु पर्छ। त्यससँगै विशेष व्यवस्था गरी ५ लाख मुनिका साना बचतकर्ताहरुको रकम फिर्ता गर्ने सुनिश्चितता गर्नु पर्छ। राष्ट्र बैंक सक्रिय भयो, सरकारले सक्रियता देखायो र Second Tier Institution (STI) खडा गरेर काम थाल्ने हो भने धेरै समस्या समाधान हुन सुरु हुन्छ। यस्तो आहवान सुने भने जिबी राई लगायतका फरारहरु पनि प्राप्त अवरसको सदुपयोग गर्न जहाँ भए पनि फर्किन्छन् भन्ने मलाई लाग्छ। धेरै फरार सहकारी सञ्चालकहरुको दायित्वको तुलनामा सम्पत्ति, अधिक रहेको भन्ने मैले सुनेको छु। मान्छे थुनेर मात्रै समस्याको समाधान हुदैन। यसको बृहद् योजना म गृहमन्त्री हुँदा नै तत्कालिन भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीको नेतृत्व र म सहितको सक्रिय संलग्नतामा बनिसकेको छ। जसलाई तत्कालिन मन्त्रिपरिषदबाट कार्यान्वयन गर्ने निर्णय समेत भएको थियो।

सवाल ५१ अन्त्यमा, तपाईको भन्न बाँकी केही छ ?

जवाफ ५१ मलाई दोषी देखाउने होडमा सहकारी समस्यालाई एकदमै धेरै जटिल बनाइयो। जबकि मेरो संलग्नता ग्यालेक्सी टेलिभिजनबाट सुरु भएर ग्यालेक्सी टेलिभिजनबाटै सकिन्छ, तर यसलाई राजनीतिक विषय बनाइँदा सहकारी प्रति नै मानिसको विश्वास उडयो जसले अर्थतन्त्रलाई निकै ठूलो धक्का दियो। सहकारी पिडितलाई न्याय दिन खर्च गर्नु पर्ने समय मलाई दोषी देखाउन खर्च गरियो। यो विषय फौजदारी कसूरको विषय हो। यसलाई अनुसन्धान गर्ने निश्चित निकायहरु विद्यमान छन्। र ती निकायहरूले आफ्नो सम्पूर्ण क्षमता लगाएर अनुसन्धान गरेका पनि हुन्। सहकारीको बचत रकम अपचलन गर्नेहरू अनुसन्धानको दायरामा छन्। प्रमाणले भ्याएकाहरू कोही छुटेका छैनन्। कुनै पनि व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याउन सानो भन्दा सानो आधार पनि पर्याप्त हुन्छ। मेरो संलग्नताको खोजी गर्न सरकारले कुनै कसूर बाँकी राखेन। जिबी राईले मेरा नाममा र म लगायत सयौं व्यक्तिहरुको नाममा लिएको ऋण फर्जी हो भनेर प्रमाण जुटाई मुद्दा चलाइसक्दा पनि र उक्त ऋण लिदा पूरा गर्नु पर्ने कुनै पनि प्रक्रिया पूरा नगरी करोडौं रुपैंयाको अपचलन भएको प्रमाण जुटाइसक्दा पनि राज्य म माथि नै केन्द्रित भयो, मिडिया म माथि नै खनियो तर सहकारीको समस्या समाधान गर्नेतर्फ केन्द्रित हुन सकेन। यसले पीडितले न्याय पाउने कुरा निकै पर धकेलियो। यो विषय यति जटिल हुने नै थिएन। यदि मैले कुनै सहकारीबाट ऋण लिएको भए प्रमाण हुन्थ्यो। प्रमाण भएको भए म ऋणी हुन्थे। ऋणी भएको भए ऋण तिर्ने दायित्व हुन्थ्यो। तर ऋणी कसरी ठग हुन सक्छ? त्यसमाथि सिंगो राज्य लागेर गरेको अनुसन्धानमा यत्रो प्रचार गरिएको अपचलनमा एक त्यान्द्रो पनि प्रमाण भेटिएन किनकी मैले सहकारीको पैसा अपचलन गरेको थिइन/छैन। मिडियाले जे-जे भन्यो राज्य र विपक्षी दलहरू त्यसैमा विश्वास गर्ने तिर लागे। संसदमा मैले ऋण लिन निवेदन दिएको प्रमाण छ भनियो। मैले त्यो प्रमाण दिनुस, राजनीति छोडिदिन्छु भनेर चुनौती दिएँ। त्यस्तो प्रमाण छ भनिएको आज १०६ दिन भयो त्यो एउटा प्रमाण मैले पाउन सकिन। गोरखा मिडियामा रकम आएको हो भने ल्याउने मानिस पनि देखिएकै होला। कुनै पनि कम्पनीको कुनै पनि जिम्मेवारीमा रहनु भनेको आफुले गर्दै नगरेको तर अरू साझेदारले गरेको गल्तिको भारी बोक्नु हो र? त्यसमाथि सम्पूर्ण दायित्व बुझाएर, आफ्नो शेयर आधिकारीक रुपमा फिर्ता गरी उक्त शेयरको दायित्वबाट मुक्त भईलगतकट्टा समेत सम्पन भएको अवस्थामा बाहिरीएको शेयर सदस्यको कुनै जिम्मेवारी हुन्छ र? कम्पनी छोडेको डेढ वर्षपछि सार्वजनिक भएको विषयमा मैले कसरी के आधारमा जानकारी पाउन सक्थे? मैले सहकारीबाट एक रुपैया लिएको छैन, गोरखा मिडियामा रहँदा आफ्नो बिज्ञताको जिम्मेवारी बाहेक अन्य कार्यमा मेरो संलग्नता छैन। सहकारी त परको कुरा गोरखा मिडियाभित्रैको पनि अन्य कसैले गरेको बदमासीको जिम्मेवारी मैले लिनुपर्ने कुनै आधार म देखिदन। मेरो पेटमा सहकारीको एक रुपैया परेको छैन। मैले ऋण लिएको प्रमाण पनि छैन र ऋण लिएको पनि छैन, मेरो बैंक खातामा कुनै सहकारीबाट रकम जम्मा भएको छैन, मैले उल्लिखित सहकारीहरूमा

ऋण माग गरेको छैन, अभियोग पत्रहरूमा मैले ऋण लिएको पुष्टि भएको छैन, गैरकानूनी ऋण प्रवाहमा मेरो कतै संलग्नता छैन। म निर्दोष छु। आफ्नाबारे उठेका कुराहरुलाई स्पष्ट पार्ने अवसर दिनु भएकोमा यस सम्मानित समितिका माननिय सभापती लगायत सम्पूर्ण माननीय सदस्यहरु र कर्मचारीहरू प्रति आभारी छु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना १७ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्ने:-

दस्तखतः

नामः रवि लामिछाने

पदः पूर्व सञ्चालक तथा प्रवन्ध निर्देशक

संस्थाः गोरखा मिडिया नेटवर्क प्रा.लि.बालुटार, काठमाडौं।

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ भाद्र ०७ गते शुक्रवार

समयः बेलुकी ११:३० बजे

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार

ईमेज बचत तथा ऋण सहकारी संस्था पोखरा (कास्की), बाग्लुङका संस्थापक अध्यक्ष श्री देव कुमार नेपालीबाट निज आवद्ध सहकारी संस्थाको समस्या समाधानको लागि समितिमा हुलाकमार्फत प्राप्त हुन आएको पत्र।

दर्ता नं.:- ५६
दर्ता मिति :- २०८१/०३/३१

श्री माननीय सभापति ज्यू।
सहकारीको बचत रकम अपचलनसम्बन्धी संसदीय छानबिन विशेष समिति
सिंहदरबार, काठमाडौं नेपाल।

विषयः ईमेज बचत तथा ऋण सहकारी संस्थाको यर्थात जानकारी सम्बन्धमा।

माननीय सभापति ज्यू,

लखितम् चुडामणि दर्जीको नाति लालबहादुर दर्जीको छोरा बागलुङ जिल्ला साविक बुर्तिबाङ गा.वि.स.वडा नं.-१ को परिवर्तित ढोरपाटन नगरपालिका वडा नं.-१ बस्ने म वर्ष ४९ को देव कुमार नेपाली (ना. प्र. नं. २०१/७६२) संस्थापक अध्यक्ष रहेको ईमेज बचत तथा ऋण सहकारी संस्थामा आएको आर्थिक तरलताका कारण बचतकर्ताको रकम फिर्ता गर्न नसकि १२ महीनादेखि कानुनी अड्चनका कारण सार्वजनिक जीवन बिताउन नसकेको संसदीय छानबिन विशेष समितिलाई जानकारी गराउन चाहान्छु। संसदको २०८१ जेठ १५ गते बैठकले सात सदस्यीय 'सहकारीको बचत रकम अपचलनसम्बन्धी संसदीय छानबिन विशेष समिति' गठन भएको जानकारी पाउँदा बचतकर्ताहरुको रकम फिर्ता गर्ने वातारण बन्नेछ भन्नेप्रति मेरो पूर्ण आत्म विश्वास जागेको छ। म संलग्न सहकारी संस्था 'इमेज बचत तथा ऋण सहकारी संस्था' छानबिनका लागि संसदीय समितिलाई उपलब्ध गराएको सहकारीको नाम अनुसूचि नं. २ (२) मा उल्लेख रहेको माननीय सभापति ज्यूमार्फत् समितिलाई जानकारी गराउन चाहान्छु। ईमेज बचत तथा ऋणसहकारी संस्थाले गरेको कारोबार, बचतकर्ताहरुको रकम फिर्ता गर्छु भनि मैले पटक-पटक गरेको प्रतिबद्धता र त्यसका निम्ति सहज वातावरण मिलाउन भनि गरिएका पहलहरुको प्रमाणका आधारहरुमा सत्यतथ्यपूर्ण छानबिन हुनेछ भन्नेमा म समितिप्रति पूर्ण विश्वस्त भएको व्यक्त गर्दछु। सहकारीको कारोबार बारे नेपाल सरकार जिल्ला प्रहरी कार्यालय बागलुङले म लगायत सहकारी सञ्चालक समितिका सदस्यहरु सम्बन्धि अनुसन्धान गरी सम्मानित जिल्ला अदालत बागलुङमा दायर गरिएको मुद्दाको मिसिलबाट अवगत हुने नै छ।

यतिखेर म (देव कुमार नेपाली) यसै सहकारी संस्थाका बचतकर्ताहरुले कानुनी अड्चन ल्याईदिएका कारण ढोरपाटन नगरपालिकाको प्रमुखको जिम्मेवार व्यक्ति हुँदाहुँदै पनि जनताको सेवा गर्न समेत असमर्थ भएकोप्रति ढोरपाटनवासीसँग पुनः क्षमा माग्न चाहान्छु। यो बाध्यात्मक परिस्थितिबीच ईमेज बचत तथा ऋण सहकारी (पोखरा, बागलुङ, गल्कोट, बुर्तिबाङ ढोरपाटन) बचतकर्ताहरुको तर्फबाट बनेको संघर्ष समितिका प्रतिनिधिहरुसँग आफूले सार्वजनिक जीवन बिताउन नसके पनि बचतकर्ताहरुको बचत रकम फिर्ता गर्ने हेतुले १२ महीनादेखि निरन्तर सम्पर्कमा रहेर उपाय खोज्ने प्रयत्नरत छु। मैले समस्या समाधानका निम्ति गरिएका प्रयत्नहरुको सविस्तार तल अनुसूचिमा दिएका कागजातले समेत पुष्टि गर्ने छ।

माननीय सभापति ज्यू,

सहकारी संस्था स्थापना भएको यो १२ वर्षमा २ अर्ब रुपैयाँ बचतकर्ताको बचत, ब्याज तिरिसकेको समेत जानकारी गराउन चाहान्छु । ईमेज सहकारीको नामबाट राष्ट्रिय सहकारी बैंकमा ९० करोड बचत थियो । उक्त रकम सबै झिकेर बचतकर्ताहरुलाई फिर्ता दिएको हुँ । बचतकर्ताहरुको लाइन बढेपछि इमान्दारिताका साथ बचत रकम फिर्ता गर्नका लागि आफ्नो व्यक्तिगत सम्पत्ति धितो राखि २०७९ माघ महीनामा १० करोड रुपैयाँ ऋण लिएको हुँ । राष्ट्रिय सहकारी बैंकबाट लिएको ऋणले नपुगेपछि २०७९ चैतमा गरिमा विकास बैंकमा आफ्नै नामको घर/जग्गा धितोमा राखि ८ करोड ५० लाख रुपैयाँ ऋण लिई रकम फिर्ता गर्दै थिएँ । संघर्ष समितिसँग मैले पटक-पटक ६ महीनाभित्र बचतकर्ताहरुको बचत रकम फिर्ता गर्छु भनेर सार्वजनिक प्रतिबद्धता जनाउँदै आएको छु । तर बचतकर्ताहरुको नामबाट म लगायत मेरो नाबालिक छोरीबाहेक सबै घर परिवारका सदस्यहरुलाई मुद्दा लगाई डर/धम्की दिएपछि मेरो परिवारका सदस्यहरु र मेरो ज्यानको सुरक्षाका लागि म घर छोड्न बाध्य भएको हुँ । जुन कुराको जानकारी मैले इलाका प्रहरी कार्यालय बुर्तिबाङ, बागलुङमा दिएको निवेदनले स्पष्ट हुन्छ । निवेदन यसै साथ अनुसूचिमा संलग्न गरेको छु । बचतकर्ताहरुले लगाएका मुद्दाबाट म सार्वजनिक हुने वातावरण सृजना नभएकाले संघर्ष समितिले मुद्दा, मामला मिलाई सहज वातावरण बनाई बचतकर्ताको रकम फिर्ता गर्छौं भनेका कारण घर भाडा, होटलको आम्दानीबाट आउने रकम बुझ्ने सम्पूर्ण जिम्मवारी समितिका सदस्यहरुलाई आजका मितिसम्म जिम्मा दिएको छु ।

१३ महीनाको यो बीचमा घरहरुको मासिक भाडा मासिक रु. ६, ५८,०००।- (अक्षरेपी छ लाख अन्ठाउन्न हजार रुपैया) दरले रु. ८५,५४,०००।- (अक्षरेपी पचासी लाख चौउन्न हजार रुपैया) र विगत ४ महीनादेखि ढोरपाटन बुर्तिबाङमा 'दरबार होटल' सञ्चालनबाट आउने मासिक आम्दानी रु. १५,००,०००।- (अक्षरेपी पन्ध्र लाख रुपैया) गरी जम्मा रु. ४५,००,०००।- (अक्षरेपी पैतालिस लाख रुपैयाँ) जम्मा रु. १३०,५४,०००।- (अक्षरेपी एक करोड तीस लाख चौउन्न हजार रुपैया) समितिका पदाधिकारीहरुले नै चलाएका छन् । संघर्ष समितिका प्रतिनिधिहरुसँग घर भाडा, होटल सञ्चालनबाट जम्मा भएको रकम साना बचतकर्ताहरुलाई बचत रकम फिर्ता गर्दै जाने भद्र सहमति भएको थियो । व्यवहार मिलाउने भनेरै १३ महीनादेखि संघर्ष समितिका प्रतिनिधिहरुसँग सम्पर्कमै छु । मुद्दा मिलापत्र गरी मेरो र मेरी श्रीमतीको नाममा रहेका घर/जग्गा संघर्ष समितिको नाममा नामसारी गरी बचतकर्ताको रकम फिर्ता गर्न, घर/जग्गा बेचविखन गर्ने समेत म तयार भई पटक-पटक दोहोरो कागज समेत गरिदिएको छु । जुन कागजातहरु यसै निवेदनका साथ संलग्न गराएको छु । यति आग्रह गरेर बचतकर्ताका बचत रकम फिर्ता गछु भनेर सबै सुम्पिदा समेत संघर्ष समितिका प्रतिनिधिहरुले सर्वसाधरण बचतकर्तालाई 'देव कुमार सम्पर्कमा छैन' भनेर जवाफ दिदै हिडेका छन् । राष्ट्रिय सरकारी बैंकमा धितो राखि थप ऋण लिई बचत कर्ताको बचत रकम फिर्ता गर्नका लागि तीन महिनाअघि मात्रै नयाँ समिति चयन गरिएको थियो । ऋण लिनका लागि उनीहरुको कुनै निर्णय, हस्ताक्षर, साक्षी, संलग्ना नभएकालाई समेत विगत १ वर्षदेखि पुर्पक्षका लागि कारागारमा राख्ने काम भएको छ । यो १३ महीनाबीचमा मैले सम्पूर्ण बचतकर्ताहरुसँग सम्पर्क गर्न सक्ने परिस्थिति भएन । बचतकर्ताहरुको तर्फबाट भनेर संघर्ष समितिका प्रतिनिधिहरुसँग नियमित सम्पर्क

गरेर व्यवहार मिलाउने प्रयत्न गर्दैं । तर उल्टै संघर्ष समितिका प्रतिनिधिहरुले नै म र मेरी श्रीमतीको नाममा रहेको घर/जग्गा बेच्न ग्राहक खोज्ने 'दलाली' काम गरेको सयौं तथ्य सुरक्षित रहेको माननीय सभापति ज्यू समक्ष अवगत गराउन चाहान्छु । जुन कागजात निवेदनका साथमा समावेश गरेको छु ।

संघर्ष समितिमा रहेका केही प्रतिनिधिहरुले आफ्नो बचत बराबरको रकम मेरो नाममा रहेको घर/जग्गा पास गरेर असुल गरिसकेका छन् । कतिपय समितिका व्यक्तिको खातामा बचत पनि छैन । तर सर्वसाधरण बचतकर्तालाई गुमराहमा राखेर घर भाडा, होटल सञ्चालनबाट जम्मा भएको रकम रु. १३०,५४,०००।- (अक्षरेपी एक करोड तीस लाख चौउन्न हजार रुपैया) बढि संघर्ष समितिका प्रतिनिधिहरु आपसमा मिलिभगतमा हिनामिना गरेका छन् । उक्त रकम साना बचतकर्तालाई नदिई संघर्ष संघर्ष समितिका प्रतिनिधिहरुले १३ महीनादेखि म सँग मुद्दा मिलाउँछु भन्ने तर दिन प्रतिदिन ढिला गरेर मेरो र मेरी श्रीमतीको नाममा रहेको घर/जग्गा बैंकबाट लिलामी गराउने षड्यन्त्र समेत गरियो । संघर्ष समितिका प्रतिनिधिहरुले नै उक्साए पछि धितोका रुपमा रहेका उच्च मूल्याङ्कन हुने जग्गा जमिनलाई बैंकले लिलामीको सूचना समेत दैनिक पत्र-पत्रिकामा प्रकाशित गरिसकेको अवस्था छ । म र मेरो परिवारका सदस्यहरुप्रति लगाईएको मुद्दा फिर्ता लिई मिलापत्र गराउँछौं भनि संघर्ष समितिले मेरो हस्ताक्षर भएका खाली चेक मागेका कारण विभिन्न बैंकका चेक समेत मैले समितिलाई पठाई सकेको छु । ती चेक, सहमतिका लागि गरिएका कागजतहरु निवेदनका साथै संलग्न गरेको छु ।

माननीय सभापति ज्यू,

संस्थाले बचतकर्ताको कुल रकम फिर्ता गर्न १ अर्ब ८० करोड रुपैयाँ हाराहारी छ । त्यसका साथै बैंकमा धितो राखि लिएको रुकम ३१ करोड रुपैयाँ मात्रै छ । काठमाडौं महानगरपालिका सुकेधारा, पोखरा महानगरपालिका सृजनाचोक, पृथ्वीचो, बागलुङ नगरपालिका महेन्द्रसालिक चोक, ढोरपाटन नगरपालिका बुर्तिबाङ दरबारचोक, तल्लो बजार, पुलचोकमा म र मेरी श्रीमती छेला नेपालीको नाममा रहेको घर/जग्गाको मूल्याङ्कन गर्दा ३ अर्ब रुपैयाँ बढिपको मूल्याङ्कन हुन आउँछ । कुन-कुन कित्ता बैंकमा धितोका रुपमा राखिएको छ भन्ने विवरण निवेदनमै संलग्न छ । बैंकमा धितोका रुपमा राखिएका कित्ताहरु पनि बैंकबाट लिएको ऋण भन्दा दशौं गुणा बढि मूल्यका छन् । जसका लागि स्वतन्त्र मूल्याङ्कन गर्न समेत यसै निवेदन मार्फत् समिति समक्ष आव्हान गर्न चाहान्छु । अतः संघर्ष समितिको भर पर्दा एकातिर मेरो घर/जग्गा सम्पत्ति हडप्न 'दलाल'हरु लगाउने, अर्कोतिर सर्वसाधारण बचतकर्तालाई गुमराहमा राखेर पीडित बनाउने काम भइरहेको छ । तसर्थ संघर्ष समितिमा रहेका सबै पदाधिकारी सदस्यहरुलाई समेत छानबिनको दायरामा लिन माननीय सभापति ज्यूसँग यसै निवेदन मार्फत् सादर अनुरोध गर्दछु । संघर्ष समितिमा रहेका प्रतिनिधिहरुको नाम निवेदनमै समावेश छ ।

माननीय सभापति ज्यू,

मेरो अनुरोध छ कि म लगायत मेरो परिवार सदस्य सहकारी सञ्चालक समितिका सदस्यहरुलाई लगाइएको मुद्दा फिर्ता लिई मेरी श्रीमतीको नाममा रहेको सम्पूर्ण घर/जग्गाहरुको स्वतन्त्र रुपमा बेचबिखन गर्न दिई बैंक, बचतकर्ताको हिसाब मिलान



गर्न, सार्वजनिक जीवनमा फर्किनका लागि सहजिकरण गरिदिनु हुन समिति समक्ष विनम्र अनुरोध गर्दछु। माननीय सभापति ज्यू मेरो र मेरी श्रीमतीको नाममा रहेको घर/जग्गाको कित्ता, लालपुर्जा, संघर्ष समितिसँग हालसम्म गरिएका लिखित सम्झौतापत्रहरु, बचतकर्तालाई फिर्ता गर्नु पर्ने रकम, बैंकबाट लिएको ऋण, बैंकबाट रोक्का भएका कित्ताहरु समेत समावेश गरी यो निवेदन पेश गरेको छु।

सहयोगका लागि धन्यवाद।

२६ असार, २०८१

.....
देव कुमार नेपाली
प्रमुख
ढोरपाटन नगरपालिका



दर्ता नं.) - १२०
दर्ता मिति :- २०८१/०४/२९

श्री माननीय सभापति ज्यू ।
सहकारीको बचत रकम अपचलन सम्बन्धी संसदीय छानबिन विशेष समिति
सिंहदरबार, काठमाडौं नेपाल ।

विषय: ईमेज बचतकर्ताको रकम फिर्ताका लागि सहजीकरण गरिदिन सम्बन्धमा ।

माननीय सभापति ज्यू,

लखितम् चुडामणि दर्जीको नाति लालबहादुर दर्जीको छोरा बागलुङ जिल्ला साविक बुर्तिबाङ गा.वि.स.वडा नं.-१ को परिवर्तित ढोरपाटन नगरपालिका वडा नं.-१ बस्ने म वर्ष ४९ को देव कुमार नेपाली (ना. प्र. नं. २०१/७६२) संस्थापक अध्यक्ष रहेको ईमेज बचत तथा ऋण सहकारी संस्थामा आएको आर्थिक तरलताका कारण बचतकर्ताको रकम फिर्ता गर्न नसकि १३ महीनादेखि कानुनी अड्चनका कारण सार्वजनिक जीवन बिताउन नसकेको संसदीय छानबिन विशेष समितिलाई विदितै छ । सहकारीको बचत रकम अपचलन सम्बन्धी संसदीय छानबिन विशेष समितिले २०८१ साउन १४ गतेको बैठकले 'सहकारी क्षेत्रको वचत दुरुपयोग,अपचलन र ठगीमा संलग्न भई फरार १८ जना व्यक्तिहरूलाई विदेश वा फरार स्थितिमा रहेकोमा संसदीय विशेष छानविन समितिको सम्पर्कमा ल्याउन र सोधपुछ गरिने सूचिका व्यक्तिहरूसँग समितिको समन्वय र सम्पर्कको प्रबन्ध मिलाउन माननीय गृहमन्त्री र नेपालसरकारलाई निर्देशन दिने निर्णय' सार्वजनिक सञ्चारमाध्यमबाट जानकारी प्राप्त भएको छ । बैठकले सहकारीको बचत रकम अपचलनमा संलग्न भई परार सूचिमा म (देवकुमार नेपाली) र मेरी श्रीमती छेला नेपाली समेतको नाम उल्लेख रहेका छ ।

म संलग्न सहकारी संस्था 'इमेज बचत तथा ऋण सहकारी संस्था' छानबिनका लागि संसदीय समितिलाई उपलब्ध गराएको सहकारीको नाम अनुसूचि नं. २ (२) मा उल्लेख रहेको माननीय सभापति ज्यूमार्फत् समितिलाई यसअघि नै जानकारी गराई सकेको छु ।

यतिखेर म (देव कुमार नेपाली) यसै सहकारी संस्थाका बचतकर्ताहरुले कानुनी अड्चन ल्याईदिएका कारण ढोरपाटन नगरपालिकाको प्रमुखको जिम्मेवार हुँदाहुँदै सार्वजनिक जीवन विताउ सकिरहेको छैन । यो बाध्यात्मक परिस्थितिबीच ईमेज बचत तथा ऋण सहकारी (पोखरा, बागलुङ, गल्कोट, बुर्तिबाङ ढोरपाटन) बचतकर्ताहरुको तर्फबाट बनेको संघर्ष समितिका प्रतिनिधिहरुसँग म आफूले सार्वजनिक जीवन बिताउन नसके पनि बचतकर्ताहरुको बचत रकम फिर्ता गर्ने हेतुले १३ महीनादेखि निरन्तर सम्पर्कमा रहेर उपाय खोज्ने प्रयत्नरत छु । मैले समस्या समाधानका निम्ति गरिएका प्रयत्नहरुको सविस्तार अघिल्लो निवेदनमा पेश गरिसकेको छु ।

माननीय सभापति ज्यू,

सहकारी संस्था स्थापना भएको यो १२ वर्षमा २ अर्ब रुपैयाँ बचतकर्ताको बचत, ब्याज तिरिसकेको समेत जानकारी गराउन चाहान्छु । ईमेज सहकारीको नामबाट राष्ट्रिय सहकारी बैंकमा ९० करोड बचत थियो । उक्त रकम सबै झिकेर बचतकर्ताहरुलाई फिर्ता

दिएको हुँ । बचतकर्ताहरुको लाइन बढेपछि इमान्दारिताका साथ बचत रकम फिर्ता गर्नका लागि आफ्नो व्यक्तिगत सम्पत्ति धितो राखि २०७९ माघ महीनामा १० करोड रुपैयाँ ऋण लिएको हुँ । राष्ट्रिय सहकारी बैंकबाट लिएको ऋणले नपुगेपछि २०७९ चैतमा गरिमा विकास बैंकमा आफ्नै नामको घर/जग्गा धितोमा राखि ८ करोड ५० लाख रुपैयाँ ऋण लिई रकम फिर्ता गर्दै थिएँ । संघर्ष समितिसँग मैले पटक-पटक ६ महीनाभित्र बचतकर्ताहरुको बचत रकम फिर्ता गर्छु भनेर सार्वजनिक प्रतिबद्धता जनाउँदै आएको छु । तर बचतकर्ताहरुको नामबाट म लगायत मेरो नाबालिक छोरीबाहेक सबै घर परिवारका सदस्यहरुलाई मुद्दा लगाई डर/धम्की दिएपछि मेरो परिवारका सदस्यहरु र मेरो ज्यानको सुरक्षाका लागि म घर छोड्न बाध्य भएको हुँ । जुन कुराको जानकारी मैले इलाका प्रहरी कार्यालय बुर्तिबाङ, बागलुङमा दिएको निवेदनले स्पष्ट हुन्छ ।

माननीय सभापति ज्यू,

संस्थाले बचतकर्ताको कुल रकम फिर्ता गर्न १ अर्ब ८० करोड रुपैयाँ हाराहारी छ । त्यसका साथै बैंकमा धितो राखि लिएको रुकम ३१ करोड रुपैयाँ मात्रै छ । काठमाडौं महानगरपालिका सुकेधारा, पोखरा महानगरपालिका सृजनाचोक, पृथ्वीचो, बागलुङ नगरपालिका महेन्द्रसालिक चोक, ढोरपाटन नगरपालिका बुर्तिबाङ दरबारचोक, तल्लो बजार, पुलचोकमा म र मेरी श्रीमती छेला नेपालीको नाममा रहेको घर/जग्गाको मूल्याङ्कन गर्दा ३ अर्ब रुपैयाँ बढिको मूल्याङ्कन हुन आउँछ । कुन-कुन कित्ता बैंकमा धितोका रुपमा राखिएको छ भन्ने विवरण अघिल्लो निवेदनमै संलग्न छ । बैंकमा धितोका रुपमा राखिएका कित्ताहरु पनि बैंकबाट लिएको ऋण भन्दा दशौं गुणा बढि मूल्यका छन् । जसका लागि स्वतन्त्र मूल्याङ्कन गर्न समेत यसै निवेदन मार्फत् समिति समक्ष आव्हान गर्न चाहान्छु ।

माननीय सभापति ज्यू,

मेरो अनुरोध छ कि म लगायत मेरो परिवार सदस्य सहकारी सञ्चालक समितिका सदस्यहरुलाई लगाइएको मुद्दा फिर्ता लिई मेरी श्रीमतीको नाममा रहेको सम्पूर्ण घर/जग्गाहरुको स्वतन्त्र रुपमा बेचबिखन गर्न दिई बैंकको ऋण, बचतकर्ताको हिसाब मिलान गर्न, सार्वजनिक जीवनमा फर्किनका लागि सहजिकरण गरिदिनु हुन समिति मार्फत् नेपाल सरकार, गृहमन्त्रालय समक्ष बिनम्र अनुरोधसहित यो निवेदन प्रेसित गरेको छु । सहयोगका लागि धन्यवाद ।

१६ साउन, २०८१

देव कुमार नेपाली
संस्थापक अध्यक्ष
इमेज बचत तथा ऋण सहकारी संस्था
कास्की पोखरा, बागलुङ ।

शिवशिखर बचत तथा ऋण सहकारी सस्था लिमिटेडका सुशिल बानियाबाट प्राप्त पत्र

दर्ता नं.: १८०
२०८१/०२/१६

Page No.: १
Exp. No.:
Date:

NAME OF EXPERIMENT

नमस्कार, म सुसिल बानिया

म आज यसमा आफु संग सम्बन्धित (मेरो रोजगारी सम्बन्धित) सत्य-तथ्य कुराहरु लेख्न गइरहेको छ। मिति २०७१ सालमा कर्मचारी छनौट अन्तर्वाता बाट छनौट भएपछि शिव शिखर कृषि सहकारी संस्था कोहलपुर (बाँके) शाखामा अपरेशन ईन्चार्ज बाट काम शुरु गरेको हुं। उक्त समय देखि नै काठमाण्डौ भक्तपुर ललितपुरमा शिखर दिप बचत तथा ऋण सहकारी, राजधानी बाहिर शिव शिखर कृषि सहकारी पुर्बमा तुलसी बहुउद्देशीय सहकारी सहकारी संग-सगै शिव शिखर एग्रो प्रा०लि० (खाद्यान्न व्यवसाय गर्ने) राजधानीमा शिखर दिप एग्रो प्रा०लि० पुर्वमा तुलसी एग्रो पछि गएर नटराज एग्रो प्रा०लि० र विभिन्न कम्पनीहरु सबै शिखर अर्गनाइजेसनको निर्देशन र मातहतमा सञ्चालनमा थियो, सबै ३वटै सहकारी ३वटै एग्रो प्रा०लि० र कम्पनीहरुको अध्यक्ष (जन्मदाता,) नै केदारनाथ शर्मा हुनुहुन्थ्यो र हाल सम्म हो भने शिखर दिप सहकारीको त्याति वेला देखिनै कार्यकारी प्रमुख (CEO) लिलानाथ गौतम हुनुहुन्थ्यो र हाल सम्म ९/१० वर्ष देखि उहाँ नै शिव शिखर सहकारीको कार्यकारी प्रबन्धक (CEO) हुनुहुन्छ।

यसरी कोहलपुर शाखामा अपरेशन ईन्चार्ज हुदै ब्रान्च इन्चार्जमा काम गरेको हु, शिखर अर्गनाइजेसनको २०७३-०६-१९ गतेको प्रमोसन र ट्रान्सफर लेटर (अर्गनाइजसनको नियुक्ती पत्र) अन्तर्गत शिव शिखर सहकारी र शिव शिखर एग्रो प्रा०लि० समेत को काम गर्ने गरी क्षेत्रिय विक्रि प्रबन्धक जिम्मेबारी दिएको थियो मिति २०७३-०६-०१ गते देखि क्षेत्रिय प्रबन्धकको रुपमा पोखरावाट काम गरे गुन समय तलव केहि समय कोहलपुर शाखावाटै नै दिइन्थ्यो भने पछि कर्पोरेट अफिसको निर्देशन पत्र अनुसार शिव शिखर खाद्य उद्योगवाट दिइयो भने पछि शिव शिखर एग्रोबाट १ लाख र शिव शिखर सहकारीवाट २५ हजार दिएको थियो (क्षेत्रिय प्रबन्धक भएपछि नेट तलव सबै करहरु सञ्चयकोष, लगानी कोष काटेर ८४,००० तलव शिव शिखर एग्रो प्रा० लि० पोखरा प्रस्याङ एन० आइ० सी० एसिया बैंकखाता बाट आउछ, हाल सम्म यहि नै कायम छ, यति नै तलब कायम छ)।

यसरी पोखरा आएर काम गर्दा आएको ५।६ महिना सहकारी सञ्चालन हुन विभागले स्विकृति नदिएपछि चेयरम्यान सर (केदारनाथ शर्मा) को निर्देशन अनुसार गण्डकी अञ्चल हेर्न खोलिएको शिव शिखर एग्रो प्रा० लि० हेर्नु भनेपछि त्यहि रहेका एग्रोका पुराना कर्मचारीहरूको साथ लिएर एग्रोको (शेल्स एण्ड मार्केटिङ्ग) काम शुरुगरे जुन म जादा त्यहा वार्षिक प्रोडक्ट शेल्स १८।२० लाख हुन्थ्यो भने म गए पछि १ वर्षपछि वार्षिक प्रोडक्ट शेल्स एण्ड कलेक्सन १२ करोड अर्को वर्ष १८ करोड ३२ करोड, ५४ करोडले बढेको थियो (जसबाट उपकार प्राण्डका खाद्यान्न विक्रि गण्डकी अञ्चलमा गर्दथ्यौ केहि समयपछि पोखरामा शाखा स्विकृति आएपछि सहकारी पनि सञ्चालनमा आएको थियो, यति खेर सम्पुर्ण निर्देशन निगरानि शिखर अर्गनाइजेसन (केदारनाथ शर्मा, गिता शर्मा र CEO पुष्कर मल्ल सरले) सहकारीको CEO लिलानाथ गौतम सरलेर्नुहुन्थ्यो र हाल सम्म यहि नै हो एग्रो र मार्टको अमिष राज भण्डारी सरले र केदारनाथ शर्मा सरले गनुहुन्थ्यो। हामी राजधानी बाहिर काम गर्ने कर्मचारीहरूलाई त्यहि अनुरुप लक्ष्य दिएर काम गराइन्थ्यो काठमाण्डौ जाने भनेको कर्पोट अफिस (शिखर अर्गनाइजेसन) ले नेशनल मिटिङ्ग राखेपछि मात्र थियो, होइन भने कार्यक्षेत्रमा नै व्यस्त भइन्थ्यो काठमाण्डौको केहि कुरा केहि अवस्था थाहा हुने कुरा नै भएन उहाहरूले नै भने ~~सिकिए~~ सिकाए अनुसार बुझ्ने, सिक्ने र मार्केटिङ्ग गर्ने कर्मचारी को रुपमा हाम्रो कर्तव्य थियो।

यहि तवरले पोखरामा मै काम गरिरहेको वेला मिति २०६८ साल कार्तिक महिनामा चेयरम्यान (केदारनाथ शर्मा) सरले फोन गरेर १।२ दिनको लागि काठमाण्डौ बोलाउनु भयो 'सानो काम छ तिमी काठमाण्डौ आऊ' भनेर, चेयरम्यान सरको आदेश अनुसार म भोलीपल्ट काठमाण्डौ आएर र चेयरम्यान सर संग भेट भयो उक्त समय चेयर म्यान सर र CEO लिला सर संगै हुनुहुन्थ्यो, त्यसपछि चेयर म्यान सरले तिमीलाइ बोलाउनको खास कारण अहिले मलाइ र अर्गनाइजेसनलाइ केहि गाह्रो पर्‍यो, यसो काम चलाऊ नाटक नगरे तिमीहरू सबैलाइ जागिर दिनपनि गारोछ केहि मिडियाहरू मेरोपछि लागेर दुख

दिएका छन, देखाउनलाइ नाटकको रूपमा तिमीले मलाइ साथ दिनुपर्‍यो
नत्र गाह्रो हुन्छ, सबै तिर म देखिए मैले र लिला सरले सबै मिलाइ
सकेका छौ लिला सरले भने अनुसार २।४ वटा कागजमा हस्ताक्षर गरेर
उहाले के के भन्नुहुन्छ त्यो गर्नु भन्ने निर्देशन दिनुभयो, मैले भने मैले
केहि बुझेको छैन एकपटक बुझ्नुपर्छ कि सर? उहाले र लिला सरले
मलाइ भन्नुभयो मैले सबै बुझिसकेको छु, धेरै सोचेर यसो गरेको हो
तिमीलाइ भन्ने ठाउमा अरूलाइ पनि त भन्न सक्थे यत्रो बर्ष तिमीहरू
लाइ छोरा/छोरी जसरी हुर्काए, काम सिकाय अहिले घरलाइ गारो
पर्दा बाऊ लाइ गारो पर्दा काम नलागे के काम तिमीहरूको फेरीयोत
एउटा नाटक त हो, न कुनै साधारण सभा हो, नकुनै विशेष साधारण
सभा, न कोही सदस्य जम्माहुने, न कोही कर्मचारी, न समिती न
निर्वाचन प्रकृया एउटा कोठामा २ जना मात्र भएर मिडिया बाट
बच्न गरिएको एउटा नाटक केहि पनि त वैधानिक होइन सारा सदस्य
कर्मचारी, विभाग, सरकारी निकाय सबै तिर शिव शिखर, शिखर
अर्गनाइजेसन मेरो हो भन्ने थाहा छ दै छत, फेरी यति सजिलै मैले
यत्रो मेहनत गरेर जन्माएको संस्था न तिमीलाइ दिनथे न त कुनै
पनि हिसाबले साधारण सभा नगरी सहकारी कै कर्मचारीलाइ दिन
बनाउन मिल्छ। लिला सरले सब मिलाउँछ तिमी आज यो काम गरेर
भोली पोखरा फर्किएर आफ्नै लक्ष्य अनुसार गण्डकी प्रदेश कै
काम गर्नु भन्नु भएर निस्किनु भयो, CEO लिलानाथ गौतम सरले
पनि यो केहि होइन नाटकको लागि हो, कुनै वैधानिक होइन केहि होइन
भन्नु भयो मैले केहि कसैलाइ भन्ने सोध्ने सोच्ने समय अवस्था
र वातावरण नै रहेन। म स्वयं सहकारीको कर्मचारी हुँ, आज सम्म
शिव शिखर सहकारी कुनै पनि साधारण सभामा म उपस्थित नै भएको
छैन, यो साधारण सभा पनि होइन, म हाल सम्म पनि शिव शिखर
बहुउद्देशीय सहकारी संस्थाको साधारण शेयर सदस्य पनि छैन र
होइन, न निर्वाचन कमिटी, न सदस्यको उपस्थिती, न समिती गठन
न बहुमतले पारित गठित म त हाल सम्म पनि शिव शिखर सहकारीको
८०% (अस्सी प्रतिशत) शाखाहरूमा पुगेको पनि छैन र सहकारीका

Date:

सदस्यहरू त टाढाको कुरा कर्मचारीहरू संग भेटघाट परिचय नै छैन किनभने म त कर्मचारी रहेर त्यहि दिएको नियुक्ति-पत्र अनुसार गण्डकीमा काम गरे, यसरी लिलासरले ४।५ वटा कागज र २।३ वटा बैंक खाता फर्ममा हस्ताक्षर गराएर भक्तपुरको भ्यु भक्तपुर होटलमा लगेर रुममा बसालेर भोलीपल्ट काठमाण्डौ वाट पोखरा फर्किएर आफ्नो काममा लागे यहि विचमा शिव शिखर एग्रो प्रा० लि० चेयरम्यान सरको निर्देशन अनुसार तनहुको डुम्रे र वाग्लुङमा खोलेर व्यवसाय शुरु भयो। यसरी नै काम गरिरहेको थिए।

२०६९ बैशाकमा काठमाण्डौमा एउटा कार्यक्रम छ पुर्व वाट पनि टिम आउदै छ तिमी पनि काठमाण्डौ आउनु भन्ने निर्देशन आयो त्यति अनुसार जागिर गर्ने मान्छे बोसको आदेश त मान्नु नै पर्‍यो। म पोखरावाट काठमाण्डौ गए। त्यहा होटल एभरेष्ट भन्नेमा 'राष्ट्रिय सहकारी महासंघले' "युवा उद्यमशिलता" सम्बन्धि २ दिने कार्यक्रम राखेको रैछ त्यसमा चेयरम्यान सरको निर्देशनमा शिव शिखर वाट ५ लाख र तुलसी सहकारीवाट ५ लाख जम्मा १० लाख दिएर उक्त कार्यक्रमको सह-प्रायोजक गरिएको रहेछ उक्त कार्यक्रममा तुलसीबाट मन्दिप सर सिताराम वर्तौला सर र अन्य २ जना शिव शिखरबाट लिलासर, अमिष सर, रमेश खाइजु सर र मलाई सरले पठाउनु भयो आयोजक ले पनि उहालाइ बोलाएको हामीले पनि हजुर पनि जानुभन्दा उहाँ जानु भएन, त्यति वेला नै १० लाख खर्च गरेर उहा नगएर हामी लाई मात्र पठाउदा मलाइ कस्तो कस्तो नलागेको होइन उक्त कार्यक्रम सकिपछि केहि दिन कर्पोरेट अफिस गएर म आफू नै काममा पोखरा असार मसान्त को लागि फर्किए (२०६९ असार सम्म म शिव शिखरको कुनै शाखा जानु त के कुरा काठमाण्डौमा २०६१ सालपछि हप्ता १० दिन बसेको नै छैन)

२०६९ को असार मसान्त (गण्डकीको) पछि कर्पोरेटमा मिटिङ्गको लागि मलाई बोलाइयो, त्यहि वेलामा चेयरम्यान सरले तिम्रो शेल्स र कलेक्सन (मार्केटिङ्ग म्यानेजमेण्ट) मा राम्रो छ, अहिले बजार पनि केहि मन्दी छ तिमी काठमाण्डौ बसेर सहकारीको वजारमा

कर्जा धेरै छ उहिरालेको छैन तिमी कर्पोरेट अफिसर CEO पुष्करमल्ल सर र सहकारीको CEO लिला सर सँग मिलेर रिक भरी टिम (लोनको) सँग मिलेर बजारको लोन उठाउने काम गर्नु, अहिले सहकारीमा लोन प्रमुख (विगत धेरै वर्ष देखि लोन प्रमुख रहनु भएको) ले छोडेको हुदा त्यहि उपकोमा गएर काम गर्दा हुन्छ भन्नु भयो (शिव शिखरको लोनको अधिकांश, शिखर अर्गनाइजेशनमा गरिएको ऋण लगानी त सबै नै उठाउनु पर्ने छ, किनभने अधिकांस ऋण लगानी २०६४-२०६६ भन्दा अगाडी नै भएको हो, शिखर दिप स्त्रोत बचत तथा ऋण सहकारीको २०६४ भन्दा पहिले नै अधिकांस बचत शिखर अर्गनाइजेसनमा लगानी गरि गोर्खा टिरण्डरफ्री इं., गोर्खा तोवाको ई. गोर्खा केभरेज, एग्रो प्रा.लि. अल्पखोलिएको पुरा कोरोनाको लकडाउनको वेला एकजना पत्रकारले हुज्र हाउर फेसबुकको भन्कुपुर ग्रुप भन्नेमा आएपछि शिखर दिपका सम्पुर्ण राजधानीका शाखामा भिड लागेको रहेछ, पछि राम्रो सँग राजधानी बाहिर चलेको शिव शिखर कृषि सहकारी र कम्पनी अनि ट्रेडिङ कम्पनी ले त्यो वेला जोगायको र लकडाउन भएर सबै बन्द भएको सबै निकाय कोरोनामा केन्द्रित भएको तर कोरोनाको वेलामा उ वटै एग्रो कम्पनी का दाल, चामल, चिनि, तेल, चिप्रा भएता खाद्यान्नहरु व्यासमा नै बिक्रि भएकोले त्यो वेला समस्या समाधान भएको कुरा CEO लिला सरले गाएत काठमाडौं आएपछि माथै विस्तारित रुपमा थाहा पाएको थिए, यसरी २०७२/०७६ सालमा नै ३ सबै लगानी अर्गनाइजेसनमा गरेर समस्यामा आएको र राम्री चलेको शिव शिखर कृषि सहकारी मर्ज गरेर (पुन निकायबाट केकसरी) संस्थाको नाम चाहि शिव शिखर नै तर कार्यकारी प्रमुख चाहि शिव शिखर राम्रो गरेको नाइ तहिसर डुबाएको शिखर दिप सहकारी के लिलानाथ गौतम सरलाई नै दिएको जुन हाल सम्म पनि छ। कागज र कानुनी हिसाबले नहेर्दा पनि व्यवहारी हिसाबले चेयरम्यान सर र लिला सर अनि लगानी कहा? कता? कतावाट? के-कस्ले भन्ने देखिन्छ, जुन पुरा संस्था र शिखर अर्गनाइजेसनको र पुराना सदस्य लाई थाहा नै छ भने राजधानी बाहिर थाहा हुने कुरै आएन किनभने CEO, चेयरम्यान सर, कानुनी सल्लाहकार, सि चार्टर्ड एकाउन्टेन्ट ग्रुप (CA team)

Date:

सहकारी विज्ञ, वरिष्ठ सल्लाहकार आदि आदि, सबै एकदम व्यवस्थित नै देखिन्थ्यो। त्यति बेला देखि नै योजनावद्ध हिसाबले सबै प्रक्रिया र पहुच मिलाएर काम भएको रहेछ। अष्टमीको बोका बनाइएछ :.....।

यसरी २०७९ साउन पछि सहकारीमा लोन उठाउन र सहयोग गर्न चेयरम्यान सरको निर्देशन अनुसार लोनको टिमलाइ साथमा लिएर बजारको र अर्गनाइजेसनको लगानी बाट ७/८ महिनामा ६५ देखि ७० करोड रकम उठाएर सहकारीमा जम्मा गराएको थिएवा गरेको छु, उक्त रकम देखि सबै सहकारी नै व्यवस्थापन तह देखि माथि चेयरम्यान सर र लिला सरले (CEO ले) व्यक्तिगत तवरले हेर्नुभएको रहेछ। २०७९ साउन र भदौ १५ सम्ममा राजधानीको मात्रै (पहिले शिखरदिप भएको) शाखाबाट शेयर रिफण्ड र शेयर डिविडेण्ट मा मात्र २० करोड माथि क्यास आउट CEO सरले गर्नुभयो, जबकी यत्रो संस्थाको असार क्लोजिङ क्यास सबै गरेर ५०/५५ करोडमा गरेको रहेछ जुन ४ प्रतिशत मुनी थियो फेरी पनि बजारबाट त सबै कम्पनीबाट लोन टिम र म मिलेर रकम उठाएर बिन प्रश्न दिएकै थियौ तर ४५ दिन मसान्त पछि २० करोड रकम बाहिरिछ त्यो पनि काठमाण्डौ भक्तपुर, ललितपुरमा मात्रै, जुन कुरा मैले थाहा पाए पछि चेयरम्यान सरलाई भने उहाँले म बुझ्छु भन्नुभयो, यहि कुरा CEO सर संग बुझ्दा साधारण सभा नगरी किन शेयर डिविडेण्ट र यस्तो बेलामा बचतकर्ता वा राजधानी बाहिरका शाखालाई सहयोग नगरेर किन यसो गरेको भनेर बुझ्दा, पहिले देखि नै यस्तै गरेको र साधारण सभा त हाल ९औं साधारण सभा गर्ने भनेपनि सातौं र आठौं साधारण सभा नै नभएको सातौं कोभिडको बेलामा र आठौं पनि कोठा मै खैकै गरेर शाखामा हस्ताक्षर आफै गरेर कर्मचारीहरूलाई गराएर कुनै निश्चित ठाउ, स्थान, मिति, सदस्यको उपस्थिती बिनै CEO को कोठामा चेयरम्यान सर CEO सरले आफु खुसी सातौं र आठौं साधारण सभा गर्नुभएको शिखर दिप त्यत्रो मिडियामा आएको र राजधानी मै समस्या भएको सहकारी मर्जर भएर शिव शिखर बनेको पनि बिना साधारणसभा (CEO को Room को सभा २जनाको स्वेच्छिक सभा) बाट भएको कुरा स्वयं CEO र

Date:

हेड अफिसका कर्मचारीहरूबाट मैले थाहा पाए। यसरी हेड अफिस आउने जाने र लोन रिकभरीमा जादा आउदा बल्ल मैले केहि कुरा बुझ्न थाले सहकारी स्थापनाकाल देखि नै नितान्त व्यक्तिगत व्यवसाय जसरी चलिराखेको, सम्पुर्ण अधिकार स्वामित्व केदारनाथशर्मा र लिलानाथ गौतम सरमा निहित रहेको, चेयरम्यान सर सर्वेसर्वा र लिलानाथ गौतम सम्पुर्ण सञ्चालक समिती, ऋण लगानी अधिकांश शिखर अर्गनाइजेसन, केदारनाथ ~~गौतम~~ शर्मा र गिता शर्मामा जुन फिर्ता को लागि प्रयास नै नगरीएको तै चुप मै चुप जसरी, मिती २०६०/०६ देखि गोर्खा टि कम्पनी देखि गोर्खा टोवाको कम्पनी लगाएत विभिन्न कम्पनीमा गरिएको ऋण लगानी प्रत्येक बर्ष अषाढ मसान्तमा साँवा र ब्याज जोडेर, नयाँ कर्जा बनाएर खै कसरी नियामक निकाय र अडिट मिलाएर कर्मचारी र सदस्यहरूलाइ विस्वस्त पार्न मुनाफा शुरु देखि नै देखाउनु हुदो रहेछ, जुन हाल २०६९ मसान्तमा पनि असार ३० र ३१ गते CEO सरले न्यु लोन बनाउनु भएको रहेछ, ३६ वटा शाखामा ५०/५५ करोड मा क्लोजिङ्ग गरेको संस्था, जुन संस्थाले कर्मचारीलाई तलब दिन सकेको छैन, सदस्यलाइ बचत फिर्ता गर्न सकेको छैन, त्यस्तो संस्था ले ५/६ अर्ब त्यो पनि असारको ३० र ३१ गते दिन सक्छ र?

मैले काठमाण्डौ आए पछि २०६९ साउन-भदौ पछि बुझेको र देखेको दक्ष र विषय विज्ञ कर्मचारी नै नरहेको विषेसतः लेखा शाखा मा, कर्मचारी नियुक्ति, पदोन्नती, तलब सेवा सुविधा, सरुवा, बढुवा निस्कासन, शाखा विस्तार, लगानी, बोर्ड मिटिङ्ग माइन्युट सबै काम चेयरम्यान सर (केदारनाथ शर्मा) र CEO लिला सर ~~को~~ बाट नै हुदो रहेछ, सहकारीमा चेयरम्यान सर, गिता म्याम र लिला सर शिखर अर्गनाइजेसनमा चेयरम्यान सर, गिता म्याम, उहाँको छोरा काल्स शर्मा र CEO पुष्कर मल्ल सर कै आदेश र निर्देशन अनुसार चल्दो रहेछ सहकारी, कम्पनी, ट्रेडिङ्ग र मार्टहरू, उहारूको इच्छा बिना पात पनि हल्लिने रहेनछ, लिला सर र पुष्कर मल्ल सर भने कै केदारनाथ शर्मा सरको मन/मष्तिस्क वा दाया/बाया आँखा हो किनभने ९/१० बर्षबाट उहाहरू एउटै स्थानमा बसेर (काठमाण्डौ नै)

एउटै पदमा चेयरम्यान संगै बसेर उच्च वा CEO पदमा नै कार्यरत वा सम्पुर्ण ताला चाबी लिएर काम गर्नुभएको छ। सम्पुर्ण सत्य तथ्य वास्तविकता उहाहरू ४ जना लाइ नै थाहा छ।

यसरी एकतिर देशभरी नै आर्थिक मन्दी, झन सहकारीमा मन्दिको व्यापक प्रभाव, वचत राख्ने भन्दा निकाल्ने चाप बढिरहेको सम्पुर्ण कुरा चेयरम्यान सरलाइ जानकारी गराउदा पनि पैसाआउछ भनेर सहकारी कै दैनिक रिपोर्टिङ गरिने what's app मा voice message मा चेयरम्यान सरले कहिले ५० करोड कहिले १०० करोड सहकारीमा आउँछ भनेर भन्नुहुन्थ्यो। यसरी मैले उहालाइ भेटेर नै धेरै समस्या रहेको मैले गर्ने हजुरले दिएको जिम्मेवारी गरेको अब यो नाटक कै भएपनि गर्न म सक्दीन, म पोखरा नै गएर काम गर्छु नत्र म काम गर्न सक्दिन भनेर मौखिक धेरै पल्ट भने उहाले हुन्छ न आतिऔ तुलसी र शिव शिखर मर्ज गर्ने हो, म नै सहकारीको संस्थापक अध्यक्ष भनेपनि बाऊ भनेहुँ तिमी शिव शिखर एग्रो (मार्केट) हर्नु भन्नु भयो जुन कुरा किर्तिपुर, न्युरोडको स्टाफ मिटिङ्मा पनि सबैलाइ भन्नु भएको छ। तिहार पछि चेयरम्यान सरको सपरिवार नै ६०/८० दिन यता यस्तो चरम समस्याको बेला कोहलपुर-नेपालगञ्ज गएर बस्नु भयो, त्यसपछि त झन मलाइ समस्या र तनाव बढ्न थाल्यो किनभने उहाले भने कै सिकाएकै काम र कुराहरू गरेका थियौ, त्यसपछि उहा पछिको भनेको कानुनले जे देखे पनि हामी कर्मचारीले कर्पोरेट अफिसका CEO पुष्कर मल्ल लाइ नै मान्दथियौ त्यसैले सबै कुरा भनेर मैले त्यो नाटकको भएपनि मिति २०७९-०९-२६ गते राजिनामा बुझाएको थिए चेयरम्यान सरलाई दिन जएमा सदस्यहरू पुष्कर मल्ल, दिपक ऐर, राजु साखाकर्मीले हस्ताक्षर पनि गर्नुभएको छ र उपाध्यक्ष भोजराज पौडेल सर र केदार नाथ शर्मा सर आएपछि संस्था मर्जर गरेर चलाउने कुरा भयो पनि पछि यसलाइ उल्टो रूपमा केही कर्मचारीहरू बाट समस्या खडा भयो, सबै गुटबन्धी र राजनिती थियो जुन मैले बुझ्ने कुरा नै भएन, किनभने म काठमाण्डौमा नया थिय, चिनेको केही २,४ जना कर्मचारी मात्र थिए।

म स्वयम् ६।८ महिना काठमाण्डौ बस्दा संस्थाको एउटा जग्गा २३।४ बर्ष जग्गा बिक्रि भएछ, पछि थाहा पाए त्यसमा नमिटिङ्ग नमाइन्युट नहस्ताक्षर सबै CEO लिला सरले नक्कली हस्ताक्षर पनि गर्ने रहर स्ट्याम्प सबै घ्राब्चमा पठाएको रेछ, सबै काम किर्ते हस्ताक्षर लेगरेको छ भने पहिला के गरेको भाग होला, केहि ठाउँमा मेरो रहर स्ट्याम्प हामेर मार्ने बन्द, शाखा बन्द भनेर नक्कली हाने को छ। पछि मैले यो बिषयमा whatsapp ग्रुपमा पनि लेखेको र CEO सरलाइ पनि मेरो हस्ताक्षरको गलत प्रयोग र किर्ते भएकोले कानुनी कारवाही गर्ने कुरा जानकारी पनि गरेको थिए।

समस्या कहाँ पर्छ भने गए पछि चेयर म्यानसर सम्पर्क विहिन हुनु भएको र सबै तिर बाट प्रेशर आए पछि सहकारी विभागले बोलाएको र २ पक्ष सम्म म सहकारी विभागले बोलाउदा पुगेर मेरो आफ्नो तर्फमा सहकारी रजिष्टार सर लगायत ४।६ जना विभागका कर्मचारीहरुलाइ सम्पुर्ण वास्तविकता बताएको छु, उहाहरुले हामीलाइ सबै थाहा छ केदारनाथ वागिता लाइ लिएर आऊ भनेर माघमा फागुनको विभाग बाट रजिष्टर माइन्युट गरेर पठाउनु भएको थियो भने विभाग बाट २ जना सरले सिविल सहकारी (ईच्छाराजले जस्तै), ७ दशैं नभएको लाई आगिरको लागि फस्यायो हामीलाइ सबै थाहा छ भन्नु भएको थियो। पछि CEO लिलानाथ गौतम पनि सम्पर्क विहिन भएपछि चेयरम्यान र CEO नभए पछि आफु लाई केहि आइडिया नभएको, हुन्छ र गर्छु भनेको केहि नहुने हुदा सहकारीको बोर्ड/बाँधिया whatsapp ग्रुपमा समस्याको सर्जक र समाधक हुने नहुदा समस्या भएको र आफु डाईरेक्ट लाई पर्ने र हेरको अवस्थामा (किनभने केदारनाथ शर्मा सरको मिडिया च्यानलमा भारतको काशी विश्वनाथ ग्रुप लेंग रहिमेन्ट (चिजनेस पार्टनरशिप) भएको हुनु २२।२६ अर्बको डिल भएको आजतक मेसेज आउने भनेर voice message पनि आइरहेकोले ६।७ जना आएपछि म त चाहि हु भनेर संसारै बेग्लै नसक्ने प्रेसर, ज्यानको थ्रेट पनि भोलाइल बढ्दगर्ने वाध्य भए।

मैले आफ्नो बारेमा भन्दा म आज सम्म शिव शिखर सहकारीको कुनै पनि साधारण सभामा उपस्थित भएकै छैन, साधारण सभा बाट केहि पनि मनोनित हुने त कुरा नै आएन। म शिव शिखरको साधारण शेयर सदस्य पनि होइन म शिवशिखरको प्रकृयागत ढगंले छनौट भएको कर्मचारी हुँ। कानुन सम्मत र वैधानिक हिसाबले सातौं र आठौं साधारण सभा नै शिव शिखरको गरेका छैनन, शिखर दिप र शिव शिखर विधिवत मर्जर नै गरेको छैनन्, नियामक निकाय रुपै कसरी मिलाए यगो १५/२० बर्ष, मैले कुनै साधारण सभा बाट कुनै एक सदस्य, कर्मचारी बाट जिम्मेवारी पाएको होइन, म कर्मचारी कै रुपमा काम गरेको हुं, मैले सहकारीको १ रुपैया कर्जा आफुले त लिनेत के कसैलाइ दिएको छैन किनभने म साउनमा काठमाण्डौ आउदा कर्मचारीलाइ तलब खुवाउन समस्या थियो। मैले १ रुपैया सहकारी बाट सेवा सुविधा, भत्ता लिएको छैन, म आफु र कुनै पनि आफन्त लाइ ऋण, सहयोग, रोजगार दिने तथा सहकारी बाट मैले कुनै पनि लाभ लिएको छैन, तलब पनि हाल सम्म रु० १,२५,००० पोष्ट हुनेमा सबै कर तिरे सञ्चय कोष लगानी कोष काटेर पोखरा शिवशिखर एग्रोको एन० आई० सी० एसिया बैंक खातामा आउँछ त्यो बाहेक केही कहि कतै बाट लिएको छैन जुन भन्दा सहकारी कै ५/६ जना कर्मचारीहरुको तलब बढि छ। बरु यो बिचमा ६/८ महिनामा ६५–६० करोड ऋण उठाएको छु, आफ्ना आफन्तको संग सगै संस्थामा समस्या भएपछि (तिमीले राखेपछि अरुले पनि राख्छन भनेर चेयरम्यान सरको सल्लाह अनुसार) २०७९ को तिहार पछि सञ्चय कोषबाट ९ लाख नागरीक लगानी कोषबाट ६ लाख ४ हजारको चेकमा ६ लाख गरेर १५ लाख मुद्रतीमा, श्रीमतीको कोहलपुरको शाखामा ५ लाख, पोखरामा तलब बचत बाट श्रीमतीको ६,७३,२१५, मासिक बचत १२००० गरे ५ लाख हुनेवाला मा ~~२,५५,०००~~ २,५५,००० शिखर अर्गनाइजेसनको अनिवार्य बचतमा ३ लाख र ममी (आमाको) ९ लाख कोहलपुर, र पोखरामा २,५०,००० बचत शिव शिखर मै रहेको छ, मैले कर्मचारी भएर आफ्नो बल बुताले भ्याउने काम गरे अरुहरुको सहकारीमा बचत त के उल्टै ऋण खाएका छन्, मैले त ऋण सबै कमाई यसैमा

थिए। ६०।६० करोड रिकभरी गर्दा आफ्नो पैसा फिक्न सक्दथे तर यत्रो वर्षकाम गरेको संस्था अरु केही गर्नुपर्छ भन्ने भावनाले मात्र काम गरे आज सञ्चय कोष र लगानी कोषको ऋण कहा पुगेको आफ्नो परिवारको सबै कमाई पाहि छ..... आफु यो छु। आज कानुनी परामर्श लिने र लगाउने क्षमतामा..... मेरा लागि अरु सबै बचत कर्ता महानुभावहरु लाई जस्तै मेरो ३४।३५ लाख, मेरो अंशवण्डामा पाएको पुर्खौली जग्गा सबै थोक हो, उहाहरुको खुन पसीना, आशु म बुझ्दछु किनभने ८।९ वर्ष जिवनको उर्जासिल समय घर, परिवार, आफन्त, चाड पर्व नभनेर यहि दिएर काम गरे यहा बाट कमाएको संगै ऋण सापट लिएर पनि यहि राखे र पनि सबै तिर बाट चिडित भएर पनि आज यो गतिमा छु। अब त विश्वास केवल सत्यमा, धर्ममा, भगवानमा र भवानस्वरुप कोही आउने र केहि गरिदिने जसबाट सबैको भलो हुने आशा र भक्तिमा छ।

१२) सर्वसाधारणमा सहकारी सम्बन्धी सचेतना जगाउनु पर्ने।

सवाल १६ अन्त्यमा, तपाईको भन्नु केही छ?

जवाफ १६ अन्त्यमा, वित्तीय कारोबार गर्ने सहकारी संस्था र उत्पादनमूलक कार्य गर्ने सहकारी संस्थाको छुट्टाछुट्टै कानूनी व्यवस्था हुनु उपयुक्त हुन्छ।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ४ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः

नामः नारायण प्रसाद ज्ञवाली

पदः पूर्वप्रदेश सहकारी रजिष्ट्रार

संस्थाः बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

प्रमाणित गर्ने

.....

बबिता मिश्र

सचिव

.....

सूर्य बहादुर थापा क्षेत्री

सभापति

मितिः २०८१ भाद्र २६ गते बुधबार

समयः अपराह्न ४:१० बजे

स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति समक्ष सहकारी विभागका पूर्वरजिष्ट्रार डा. टोकराज पाण्डेसँग भएको सोधपुछः

सवाल १ आफ्नो नाम सहित तीन पुस्ता र परिवारका सदस्यहरूको विवरण खुलाउनुहोस्। परिवारका सदस्य हाल को कहाँ हुनुहुन्छ ? खुलाइदिनुहोस्।

जवाफ १ मेरो नाम टोकराज पाण्डे हो। बाजेको नाम काशिराम पाण्डे, बुवा नरिश्वर पाण्डे, आमा नन्दी पाण्डे, श्रीमती सविना पाठक, छोरा आहन पाण्डे र छोरी आर्यना पाण्डे हो। मेरो स्थायी वतन कालिगण्डकी गाउँपालिका वडा नं ४ स्याङ्जा हो। हाल जिल्ला भक्तपुर मध्यपुर ठिमी नगरपालिका वडा नं. १, लोकन्थली बस्दछु। मेरो मोबाइल नं ९८५१२०९६८७ र ना.प्र.नं. ३१३९४ हो।

सवाल २ तपाईको शारीरिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको उत्तर दिन सक्नुहुन्छ ?

जवाफ २ मेरो शारीरिक तथा मानसिक अवस्था सामान्य रहेको छ। सोधिएका प्रश्नको उत्तर दिन सक्छु।

सवाल ३ तपाई कुनै सहकारी संस्थाको सदस्य वा सञ्चालक हुनुहुन्छ/ हुनुहुन्थ्यो ?

जवाफ ३ म हालसम्म कुनै पनि सहकारी संस्थाको सदस्य र सञ्चालक छैन।

सवाल ४ तपाई निजामती सेवामा रहँदा हालसम्म कुन-कुन कार्यालयमा कार्यरत रहनुभयो ? खुलाइदिनुहोस्।

जवाफ ४ म निजामती सेवामा रहँदा गोश्वारा हुलाक कार्यालय, सामान्य प्रशासन मन्त्रालय, भौतिक योजना मन्त्रालय, कलैया उपमहानगरपालिका, काठमाडौं महानगरपालिका सहकारी विभाग, रक्षा मन्त्रालय, पर्यटन मन्त्रालय, यातायात व्यवस्था विभाग, सत्य निरुपण तथा मेलमिलाप आयोग, निजामती किताबखाना र अर्थ मन्त्रालयमा कार्यरत रहें। हाल अर्थ मन्त्रालयमा कार्यरत रहेको छु।

सवाल ५ तपाई सहकारी विभागमा रहँदा तपाईको कार्यविवरण र कार्यजिम्मेवारी के थियो ? खुलाइदिनुहोस्। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ५ सहकारी ऐन, २०७४ को परिच्छेद १६ दफा ९२, ९३, ९४ र सहकारी नियमावलीको नियम ७६ मा उल्लेख भए अनुसारको कार्य विवरणमा रही मैले आफ्नो कार्य सम्पादन गरेको थिएँ। हाल कुनै पनि कागजात साथमा छैन। आवश्यक परेको खण्डमा यस समितिलाई पछि उपलब्ध गराउने छु।

सवाल ६ सहकारी विभागमा कार्यरत रहँदा दिइएको कार्यविवरण बमोजिम तपाईले गर्नु भएका मुख्य-मुख्य कार्यहरू के-के थिए ? खुलाइदिनुहोस। सम्बद्ध कुनै कागजात भए पेश गर्नुहोस्।

जवाफ ६ ऐन तथा नियममा उल्लिखित कार्य विवरणका अलावा दैनिक प्रशासन संचालन कर्मचारी व्यवस्थापन गुनासो सुनुवाई तालिम प्रशिक्षण नियमन र प्रवर्द्धनात्मक कार्यहरू सम्पादन गरेको थिएँ। हाल कागजात साथमा छैन आवश्यक परेको खण्डमा यस समितिलाई पछि उपलब्ध गराउने छु।

सवाल ७ तपाई विभागमा कार्यरत रहदा तपाईलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेजस्तो लाग्छ ?

जवाफ ७ ऐन, तथा नियममा तोकिएको काम, कर्तव्य, अधिकार र दायित्वमा रही पूर्ण रूपमा कुशलतापुर्वक पूरा गरेको छु।

सवाल ८ तपाई विभागमा कार्यरत रहदा विभागबाट सहकारी संस्थाको अनुगमन र नियमनलाई कत्तिको महत्वका साथ हेरिएको थियो ? तपाईको कार्यकालमा कति सहकारी संस्थाको अनुगमन भएको थियो ?

जवाफ ८ सहकारी संस्थाको अनुगमन र नियमनलाई उच्च प्राथमिकता दिइएको थियो। उपलब्ध साधन स्रोत र जनशक्तिको आधारमा पहिलोपटक राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक एवम् बचत तथा ऋण केन्द्रीय संघ समेत विभागको कार्यक्षेत्रभित्रका संस्थाको अनुगमन भएको थियो।

सवाल ९ सहकारी संस्थामा आजको समस्या आउनुमा प्रमुख कारण नियमनकारी निकायबाट राम्रोसँग अनुगमन र नियमन नभएकोले हो भन्ने भनाइ स्वयं सञ्चालक र अन्यत्रबाट सुनिएको छ ? यसमा तपाईको के भनाई छ ?

जवाफ ९ सहकारी संस्थामा समस्या आउनुमा अनुगमन र नियमन समेतका कारण हुन्। त्यसैको निवारणका लागि म रजिष्ट्रार हुँदा बचत तथा ऋणको कारोबार गर्ने संस्थाको अनुगमन निर्देशिका, २०७७ पहिलोपटक जारी भएको थियो।

सवाल १० अनुगमनको कार्यलाई नियमनकारी निकायबाट किन प्राथमिकतामा नराखिएको हो ? अनुगमन भएका केही सहकारी संस्थाहरूको कैफियत देखाइएता पनि तत्काल कारवाही गर्न किन नसकिएको हो ?

जवाफ १० उपलब्ध स्रोत साधनको आधारमा अनुगमन एवम् नियमनलाई उच्च प्राथमिकतामा राखु पर्दछ। मेरो कार्यकालमा अनुगमन भएका सहकारी संस्थाको कारवाहीस्वरुप लिखित एवम् आर्थिक जरीवाना समेत गरिएको थियो।

सवाल ११ तपाई विभागमा कार्यरत रहँदा तपाईको नेतृत्व र पहलमा भएका सुधारका मुख्य मुख्य कार्यहरू के-के थिए ?

जवाफ ११ म २०७५/११/२८ देखि २०७७/११/२४ सम्म रजिष्ट्रारको भूमिकामा रहँदा सहकारी ऐन तथा नियमावलीको कार्यान्वयन ऐन तथा नियमावली अनुसार कार्यविधि एवम् निर्देशिका जारी भएका थिए।

- पहिलोपटक सहकारी संस्थाको सन्दर्भ ब्याजदर तोकिएको थियो,
- COPOMIS लाई अनिवार्य र बाध्यात्मक गरी झण्डै १३००० संस्थालाई यसमा आवद्ध गरिएको थियो,
- संघीयतापछि पहिलोपटक सहकारी संस्थाको सम्पूर्ण विवरण संकलन गरी सहकारी संस्थाको विवरण २०७७ जारी गरिएको थियो,
- साधारणसभा सञ्चालन कार्यविधि, स्थिरीकरण कोष कार्यविधि, सम्पत्ति शुद्धीकरण सम्बन्धी निर्देशिका, बचत तथा ऋणको कारोबार गर्ने संस्थाको अनुगमन निर्देशिका लगायत झण्डै ९ वटा कार्यविधि तथा निर्देशिका जारी भयो,
- सहकारी दर्पण र बुलेटिन पहिलोपटक प्रकाशन भयो,
- सहकारी विभागमा गुनासो सुनुवाई, सेवाग्राही कक्ष सञ्चालन एवम् सौन्दर्यीकरण गरी नमुना कार्यालयको रूपमा विकास गरिने कार्य भएको थियो।

सवाल १२ तपाई सहकारी विभागमा हुँदा के-कति सहकारी संस्थालाई कार्यक्षेत्र बिस्तारको स्वीकृति दिनुभयो ? कार्यक्षेत्र बिस्तार गर्ने निर्णय गर्नुपूर्व के-कस्ता पूर्वशर्त पूरा गरिएको हुनुपर्दछ? खुलाइदिनुहोस्।

जवाफ १२ मेरो निर्णयबाट कुनै पनि सहकारी संस्थाको कार्यक्षेत्र बिस्तार स्वीकृत भएको छैन।

सवाल १३ तपाईले माथिको जवाफमा सहकारी संस्थाको कार्यक्षेत्र बिस्तार गर्ने गरी आफ्नो कार्यकालमा निर्णय नगरेको कुरा खुलाउनु भयो। तर सहकारी विभागको अभिलेख अनुसार समृद्ध नेपाल कृषी सहकारी संस्था लि. बेथानचोक-०२, काभ्रेपलाञ्चोकको कार्यक्षेत्र बिस्तार यहाँको निर्णयबाट भएको देखिन्छ। उक्त व्यहोरा के-कस्तो हो ?

जावाफ १३ मेरो सम्झनामा रहे सम्म विभागबाट यस्तो निर्णय भएजस्तो लाग्दैन। यस विषयमा मैले विवरण रुजु गरेर समितिलाई पछि जानकारी गराउने छु।

सवाल १४ तपाई सहकारी विभागमा कार्यरत रहँदा के-कति सहकारी संस्थालाई सदस्य सेवाकेन्द्र बिस्तारका लागि स्वीकृति दिनुभयो ? एउटै सहकारी संस्थालाई कतिसम्म सेवाकेन्द्र बिस्तारको स्वीकृति दिनुभयो ? खुलाइदिनुहोस्।

जवाफ १४ सहकारी नियमावलीको नियम ७६ मा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार अन्तर्गत सहकारी संस्थाको सेवा केन्द्र विस्तारको विद्यमान व्यवस्था अनुरुप रीतपूर्वक प्राप्त हुन आएका केही संस्थाको सेवा केन्द्र विस्तार भएको हो। कतिवटा सेवा केन्द्र विस्तार भयो विभागको विवरणबाट जानकारी हुने नै छ।

सवाल १५ हालसम्मका सहकारी रजिष्ट्रारहरूमध्ये सबैभन्दा धेरै सदस्य सेवा केन्द्र बिस्तारको स्वीकृति दिने तपाई देखिनुहुँदो रहेछ। तपाईको त्यो निर्णय र आजको सहकारी समस्याबारे के भन्नु हुन्छ ?

जवाफ १५ सदस्यको सेवाका लागि विस्तार हुने सेवा केन्द्र प्रचलित कानून बमोजिम आवश्यकता र औचित्यता हेरी निर्णय भएको थियो। संख्याको विषयमा विभागको अभिलेखबाट प्रष्ट हुने नै छ। तत्कालीन अवस्थामा सदस्य संख्या र सेवाकेन्द्रको अनुपात, साधारणसभाको निर्णय र संस्थाको अवस्थाको आधारमा निर्णय भएको थियो।

तत्कालीन अवस्थामा सहकारी संस्थाहरूको सूचकहरु सकारात्मक रहेको, सहकारीको साधारणसभाबाट निर्णय भएर आएको, आवश्यक पर्ने कागजात र विवरणहरू बुझाएको, समयमै साधारणसभा सम्पन्न भएका सहकारीहरुबाट निवेदन आएपश्चात ती सहकारीहरूको औचित्य र आवश्यकतालाई मध्यनजर गरी सेवा केन्द्र बिस्तार स्वीकृति दिएको थिएँ।

सवाल १६ तपाईले करिब १५० भन्दा बढी सेवाकेन्द्र बिस्तारको अनुमति दिएका धेरैजसो सहकारी संस्थाहरु आज समस्यामा परिरहेका छन्। सहकारीका बचतकर्ताका आजका समस्या हेर्दा तपाईलाई आफ्नो विगतको निर्णयप्रति के-कस्तो अनुभूति रहेको छ?

जवाफ १६ तत्कालीन अवस्थामा सेवाकेन्द्र विस्तार गर्दा अहिलेको अवस्था आउने पूर्वानुमान गर्ने सक्ने अवस्था थिएन। सहकारी क्षेत्रमा जे जस्ता समस्याहरू आएका छन् ति समस्याबाट म पनि कुनै न कुनै रूपमा पीडित र चिन्तित छु।

सवाल १७ विभागमा जाने रजिष्ट्रारहरूको सरूवा छिटो-छिटो हुनुको मुख्य कारण के हो जस्तो तपाईलाइ लाग्दछ ? यसरी रजिष्ट्रारहरू सरूवा भैरहने कार्यले संस्थागत स्मरणमा के असर परेको छ ?

जवाफ १७ विभागमा कार्यरत कर्मचारीलाई निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए अनुसार पूरा अवधि काममा लगाउनु पर्दछ। यसबाट संस्थाको स्मरण कायम हुनुका साथै कार्यसम्पादनमा समेत प्रभावकारिता आउँछ। यसतर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ।

सवाल १८ विद्यमान अवस्थामा देखिएको सहकारीका समस्या समाधान गर्न के गर्नु पर्ला ? तपाईका सुझावहहरू के छन् ?

जवाफ १८ विद्यमान सहकारी समस्या समाधानका लागि सहकारी कानूनको पूर्ण पालना, प्रविधि र सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन सहकारी मूल्य मान्यता र सिद्धान्तको परिपालना गर्नु पर्दछ। यसो भएमा सहकारी संस्था स्वनियमनमा र समस्यारहित ढङ्गबाट सञ्चालन हुन सक्दछन्।

सहकारी संस्थाहरूको लेखापरीक्षण गर्न नियामक निकायमा लेखापरिक्षकहरुको सूची बनाई तिनै सूचिकृत लेखापरिक्षकहरूबाट सम्बन्धित नियामक निकायले नै लेखापरिक्षण गराउने प्रणाली विकास गरी सहकारीको वित्तीय सुशासन कायम गर्न सकिन्छ।

सवाल १९ सन् २०१७ देखि COPOMIS सफ्टवेयर सञ्चालनमा आएको ७ वर्ष वितिसक्दा पनि सहकारीहरुको

सम्पूर्ण यथार्थ विवरण दिन सकेको छैन। यसको कारण र निदान के हो?

जवाफ १९ स्थानीय तह तथा प्रदेशले समेत यसको अपनत्व स्वीकार गर्नु पर्दछ। नियामक तथा सहकारी संस्था दुवै तर्फका कर्मचारीहरूलाई तालिम तथा प्रशिक्षण दिनु पर्दछ। प्रविधिमा आधारित नियमन गर्दा अनियमितताको सम्भावना कम हुने भएकाले यसमा आबद्धताका लागि संस्थाहरुलाई केही इन्सेन्टिभको व्यवस्था गर्नु पर्दछ। हरेक नियमक निकायमा रहेका सहकारी हेर्ने जिम्मेवार कर्मचारीलाई सम्पर्क व्यक्तिका रूपमा तोकि, त्यस्तो सम्पर्क व्यक्तिलाई थप जिम्मेवार बनाउन सक्दा COPOMIS मा तथ्याङ्कहरू नियमीत अध्यावधिक गर्न सकिन्छ।

सवाल २० अन्त्यमा तपाईको भन्नु केही छ?

जवाफ २० मेरो कार्यकालमा भएका नीतिगत र संस्थागत सुधारहरूलाई निरन्तरता गरिनुपर्ने देखिन्छ। सहकारी समस्याको विषयमा संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष समितिले बोलाई माथि उल्लिखित विषयहरूमा आफ्नो धारणा राख्ने अवसर दिनुभएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

उपरोक्त प्रश्नहरूको जवाफ मैले भने बमोजिम कम्प्युटर टाइप गरी उतार गरिएको छ। जम्मा पाना ५ को उक्त विवरण मैले संसदीय समितिको बैठकमा स्वतन्त्र रूपमा खुलाएको हुँ भनी सहीछाप गर्नेः-

दस्तखतः
नामः डा. टोकराज पाण्डे
पदः पूर्वरजिष्ट्रार/सहसचिव
संस्थाः सहकारी विभाग/अर्थ मन्त्रालय

प्रमाणित गर्ने

बबिता मिश्र
सचिव

सूर्य बहादुर थापा क्षेत्री
सभापति

मितिः २०८१ भाद्र २६ गते बुधबार
समयः अपराह्न ५:२० बजे
स्थानः संघीय संसद सचिवालय, सिंहदरबार।

अनुसूची-७

फरार रही समितिमा उपलब्ध हुन नसकेका सहकारी सञ्चालकलाई उपस्थित गराइदिनका लागि सरकारलाई निर्देशन दिइएका व्यक्तिहरूको सूची

क्र.सं.	सोधपुछ गर्ने व्यक्ति	सम्बन्धित सहकारी	हाल
१.	श्री गितेन्द्रबाबु (जीबी) राई	स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.	मलेसिया
२.	श्री भरत महर्जन	सुमेरू बचत तथा ऋण सहकारी संस्था लि.	बेलायत
३.	श्री राजमाया महर्जन		
४.	श्री सचिन महर्जन		
५.	श्री सरला महर्जन		
६.	श्री निमित्तराज श्रेष्ठ		
७.	श्री ज्ञानबहादुर बम्जन	सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लि.	अमेरिका
८.	श्री थानबहादुर बुढामगर	सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लि.	अज्ञात
९.	श्री भुपेन्द्र राई	सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लि.	अज्ञात
१०.	श्री तेजबहादुर बम्जन (तामाङ)	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	भारत/ युरोप
११.	श्री देवकुमार नेपाली	इमेज बचत तथा ऋण सहकारी संस्था लि.	भारत
१२.	श्री छेला नेपाली	इमेज बचत तथा ऋण सहकारी संस्था लि.	भारत
१३.	श्री तस्बिरन खातुन	सानो पाइला वचत तथा ऋण सहकारी संस्था लि.	अज्ञात
१४.	श्री असरफ अली	सानो पाइला वचत तथा ऋण सहकारी संस्था लि.	अज्ञात
१५.	श्री सागर केसी	सहारा बचत तथा ऋण सहकारी संस्था लि.	अज्ञात
१६.	श्री दिनेश रोक्का	सहारा बचत तथा ऋण सहकारी संस्था लि.	
१७.	श्री हेमन्त अधिकारी	सहारा बचत तथा ऋण सहकारी संस्था लि.	
१८.	श्री दीपक पौडेल	इमेज बचत तथा ऋण सहकारी संस्था लि.	भारत
१९.	श्री लीलानाथ गौतम	शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	अज्ञात
२०.	श्री विष्णु प्रसाद रिमाल	नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. बाँके	अज्ञात
२१.	श्री महाशंकर रेग्मी	मेघा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.	अज्ञात
२२.	श्री प्रेमध्वज लामा	कान्तिपुर सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लि.	अज्ञात

२३.	श्री राजेश श्रेष्ठ	स्ट्याण्डर्ड मल्टिप्रपोज सहकारी संस्था लि.- सञ्चालक	फरार
२४.	श्री खुशचन्द्र श्रेष्ठ	प्रभु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. - अध्यक्ष	फरार
२५.	श्री ज्योति गुरूङ	मितेरी बचत तथा ऋण सहकारी संस्था- सञ्चालक	फरार
२६.	श्री दीपक थापा	आर्जन बचत तथा ऋण सहकारी संस्था लि.	
२७.	श्री बुद्धि गुरूङ	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.	
२८.	श्री राधेचन्द्र यादव	सानो पाइला बचत तथा ऋण सहकारी संस्था लि.	
२९.	श्री दिनेश पौडेल	क्यापिटल सेभिङ एण्ड क्रेडिङ को-अपरेटिभ लि. (सचिव)	

अनुसूची-८
फरार रहेका सहकारी सञ्चालकको खोजी सम्बन्धमा गृह मन्त्रालयबाट प्राप्त पत्र

दर्ता नं.:-२५३
२०८१।५।३०

नेपाल सरकार
गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः गृहसु-०८१/०८२/०१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३९९

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०८१/०५/३०
नेपाल संवत ११४४ जलाय्व द्वादशी

विषयः जानकारी सम्बन्धमा।

श्री प्रतिनिधि सभा,
(सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति)।

प्रस्तुत विषयमा तहाँको च. नं. ३०, मिति २०८१/०४/२१, च. नं. ११२, मिति २०८१/०५/१९, च. नं. १५६ र १५७, मिति २०८१/०५/२८ को पत्रहरुबाट सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा छानविन र सोधपुछ गर्नुपर्ने विभिन्न सूचनाका आधारमा हाल देशबाहिर रहेका भनिएका व्यक्तिहरुलाई छानविन विशेष समितिमा उपस्थित गराउने व्यवस्थाका लागि यस मन्त्रालयमा अनुरोध भई आएको सम्बन्धमा सो को व्यवस्थाका लागि नेपाल प्रहरी प्रधान कार्यालयमा पत्राचार गरिएकोमा नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयको च. नं. ३८२, मिति २०८१/०५/३० को पत्रबाट जवाफ प्राप्त भएको।

उल्लिखित पत्रहरु उपर हालसम्म भए गरेको कारवाहीको प्रगति विवरण तहाँ समितिको जानकारीको लागि पठाइएको व्यहोरा यस मन्त्रालयको मिति २०८१/५/३० (सचिवस्तर) को निर्णय अनुसार अनुरोध छ।

देहायः

१. गितेन्द्रबाबु (जीबी) राई

- मिति २०८० मंसिर ५ गते जिल्ला प्रहरी कार्यालय, कास्कीबाट गितेन्द्रबाबु राई, भूपेन्द्र राई, थानबहादुर बुढामगर र शिवबहादुर गुरुङ विरुद्ध डिफ्युजन जारी गर्न पत्र प्राप्त भए पश्चात् मिति २०८० माघ १२ गते गितेन्द्रबाबु राई, भूपेन्द्र राई र थानबहादुर बुढामगर विरुद्ध डिफ्युजन जारी भएको, मिति २०८० माघ २५ गते निज प्रतिवादीहरू विरुद्ध जारी डिफ्युजनलाई रेड नोटिसमा Convert गरिएको,
- मलेसियामा गितेन्द्रबाबु राईको Entry/Exit record सम्बन्धमा NCB Kuala Lumpur लाई अनुरोध भएकोमा मिति २०८० भदौ २७ गते KLIA International Airport बाट मलेसिया प्रवेश गरेको

नेपाल सरकार

गृह मन्त्रालय

शान्ति सुरक्षा तथा कुसंगत नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-गृ.मु.-०८१/०८२/०१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

जानकारी प्राप्त भएको र गितेन्द्रबाबु राईको सपुर्दगीका सम्बन्धमा कूटनीतिक माध्यमबाट अनुरोध गर्नु भनी NCB Kuala Lumpur बाट जानकारी प्राप्त भएको,

- प्रतिवादी गितेन्द्रबाबु राईलाई सपुर्दगी गरी नेपाल फिर्ता ल्याउन पहल गरिदिन मिति २०८० फाल्गुन १० गते नेपाल प्रहरी प्रधान कार्यालयबाट यस मन्त्रालयलाई अनुरोध भए अनुसार मिति २०८० फाल्गुन १५ गते यस मन्त्रालयबाट परराष्ट्र मन्त्रालयलाई पत्राचार भएको जसको जानकारी NCB Kathmandu बाट NCB Kuala Lumpur लाई समेत जानकारी गराइएको, यस बीचमा NCB Kathmandu द्वारा गितेन्द्रबाबु राई मलेसियामा रहेको सही ठेगाना खुलाई पठाउन मलेसियाको NCB Kuala Lumpur लाई बारम्बार E-mail मार्फत सोधनी भएकोमा कुनै जवाफ प्राप्त नभएको,
- मलेसियन प्रहरीबाट यस विषयमा कुनै पनि जवाफ प्राप्त नभएपछि NCB Kathmandu द्वारा यस विषयमा INTERPOL को सहायता माग गरेको र मिति २०८१ वैशाख १ गते INTERPOL द्वारा NCB Kuala Lumpur, NCB Kathmandu र INTERPOL का सदस्य सहितको Virtual Meeting को व्यवस्था गरी दिएको । उक्त मिटिङमा NCB Kuala Lumpur, NCB Kathmandu र INTERPOL का सदस्यहरूबिच छलफल भएको,
- उक्त छलफलमा प्रतिवादी गितेन्द्रबाबु राईको राहदानी रद्द भएमा निजलाई मलेसियाबाट सिधै नेपाल Deport गर्न सकिने र यसरी पक्राउ परेको अवस्थामा निजलाई १४ दिनभित्रै नेपाल Deport गर्न सकिने भनी मलेसियन प्रहरीले बताएको, यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट जिल्ला सरकारी वकील कार्यालय, कास्की, पोखरालाई र मिति २०८१ वैशाख ३ गते राहदानी विभागलाई पत्राचार गरी प्रतिवादी गितेन्द्रबाबु राईको राहदानी रद्द गर्नको निम्ति अनुरोध गरिएकोमा दुवै कार्यालयबाट कानुन बमोजिम राहदानी रद्द गर्न नसकिने जानकारी प्राप्त भएको,
- सो पश्चात् निज प्रतिवादीलाई नेपाल ल्याउन कूटनीतिक पहलको लागि मिति २०८१ जेष्ठ ८ गते प्रतिवादीको सपुर्दगीको निमित्त आवश्यक पहल गरिदिने अनुरोध बमोजिम गृह मन्त्रालयको स्वीकृतिमा मिति २०८१ भाद्र ७ गते प्रतिवादी खोजीको समन्वयको लागि २ जना प्रहरी अधिकृतहरू (१ जना प्र.उ. र १ जना प्र.ना.नि.) मलेसियातर्फ खटिई गई मिति २०८१ भाद्र १७ गते फिर्ता भएको, मलेसियामा गई नेपाली दुतावासका डिसिएम सुदिता वज्राचार्यसँग र मलेसियन प्रहरीहरुसँगको अनौपचारिक भेटघाटबाट यस विषयमा उच्च स्तरीय कूटनीतिक पहल गर्नु पर्ने भनी बताइएको, NCB Kathmandu बाट NCB Kuala Lumpur लाई बारम्बार E-mail मार्फत प्रतिवादी सम्बन्धी थप जानकारीहरू माग गरिएकोमा कुनै जवाफ नआएपछि फोनमा

नेपाल सरकार
गृह मन्त्रालय
शान्ति सुरक्षा तथा सीमा नियन्त्रण शाखा)
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-सु.०८१/०८२/०१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सम्पर्क गरी जानकारी माग गर्दा मलेसियन प्रहरीले निजको विषय कूटनीतिक तहमा छलफल भइरहेकोले यस विषयमा केही Disclose गर्न नमिल्ने बताएको।

२. भरत महर्जन

- मिति २०८० पौष १८ गते नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोबाट ठगी सम्बन्धी कसूरका फरार प्रतिवादी भरत महर्जन विरुद्ध Diffusion जारी गरी दिनहुन भनी अनुरोध पश्चात् निजको आगमन/प्रस्थान विवरण NCB Kathmandu बाट अध्यागमन विभागसँग माग गर्दा निज २०७९ पौष ११ मा United Kingdom प्रस्थान गरेको जवाफ प्राप्त भएको ।
- मिति २०८० माघ १८ गते प्रतिवादी भरत महर्जन विरुद्ध RED Notice जारी गरी दिनहुन भनी नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोबाट अनुरोध भई मिति २०८० माघ १९ गते निज भरत महर्जन विरुद्ध RED Notice जारी भएको र निजको सम्बन्धमा NCB Manchester, United Kingdom सँग समन्वय गर्दा निज हाल United Kingdom को ७ Beatrice Hills Close, Kennington, Ashford, TN२४९PQ मा हुन सक्ने भएको र United Kingdom र नेपालबिच कुनै पनि सपुर्दगी सन्धि नभएको कारण निजलाई UK बाट नेपाल फिर्ता ल्याउन Special Extradition Request गर्न हुन भनी United Kingdom बाट अनुरोध भएकोमा सोही व्यहोरा खुलाई मिति २०८१/०३/२४ गते नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोलाई पत्राचार भएको, सो सम्बन्धी हाल कागजपत्र तयार गर्ने कार्य भइरहेको।

३. थानबहादुर बुढामगर

- मिति २०८० मंसिर ५ गते जिल्ला प्रहरी कार्यालय, कास्कीबाट गितेन्द्रबाबु राई, भूपेन्द्र राई, थानबहादुर बुढामगर र शिवबहादुर गुरुङ विरुद्ध डिफ्युजन जारी गर्न पत्र प्राप्त भए पश्चात् मिति २०८० माघ १२ गते गितेन्द्रबाबु राई, भूपेन्द्र राई र थानबहादुर बुढामगर विरुद्ध डिफ्युजन जारी भएको, मिति २०८० माघ २५ गते निज प्रतिवादीहरु विरुद्ध जारी डिफ्युजनलाई रेड नोटिसमा Convert गरिएको,
- निजहरूको आगमन/प्रस्थान सम्बन्धी विवरणको लागि IPCQ (All NCBs) लाई NCB Kathmandu द्वारा पत्राचार गरी Follow-up भइरहेको ।

४. भुपेन्द्र राई

- मिति २०८० मंसिर ५ गते जिल्ला प्रहरी कार्यालय, कास्कीबाट गितेन्द्रबाबु राई, भूपेन्द्र राई, थानबहादुर बुढामगर र शिवबहादुर गुरुङ विरुद्ध डिफ्युजन जारी गर्न पत्र प्राप्त भए पश्चात् मिति २०८० माघ १२ गते गितेन्द्रबाबु राई, भूपेन्द्र राई र थानबहादुर बुढामगर विरुद्ध डिफ्युजन जारी भएको,

नेपाल सरकार

गृह मन्त्रालय

शान्ति सुरक्षा तथा अनुसन्धान नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-मु.सु.०८१/०८२/०१

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

- मिति २०८० माघ २५ गते निज प्रतिवादीहरू विरुद्ध जारी डिफ्युजनलाई रेड नोटिसमा Convert गरिएको।
- निजहरुको आगमन/प्रस्थान सम्बन्धी विवरणको लागि IPCQ (All NCBs) लाई NCB Kathmandu द्वारा पत्राचार गरी Follow-up भइरहेको ।

५. देब कुमार नेपाली र छेला नेपाली

- मिति २०८१ श्रावण ०५ गते जिल्ला प्रहरी कार्यालय, बागलुङबाट सहकारी ठगी सम्बन्धी मुद्दाका फरार प्रतिवादीहरू देवकुमार नेपाली र छेला नेपाली विरुद्ध RED Notice जारी गरी दिनहुन अनुरोध भएकोमा निज प्रतिवादीहरु विरुद्ध मिति २०८० माघ १० गते RED Notice जारी भएको,
- मिति २०८० फागुन ०२ गते निज प्रतिवादीहरुको आगमन/प्रस्थान सम्बन्धी विवरण NCB New Delhi, India सँग माग गर्दा देवकुमार नेपाली र छेला नेपाली (दुबै) मिति २०८० साउन १ गते United Kingdom (UK) Departed भएको भनी जवाफ प्राप्त भएको हुँदा मिति २०८० जेठ २५ गते NCB Manchester, UK लाई निज प्रतिवादीहरुको आगमन/प्रस्थान सम्बन्धी विवरण माग गरिएको र मिति २०८१ जेठ ३१ प्रतिवादी देव कुमार नेपाली United Kingdom मा हुन सक्ने र Special Extradition Request गर्न NCB Manchester, UK बाट जानकारी प्राप्त भएको र प्रतिवादी छेला नेपालीको सम्बन्धमा United Kingdom र नेपालबिच कुनै पनि सुपुर्दगी सन्धि नभएको कारण निजलाई UK बाट नेपाल फिर्ता ल्याउन कूटनीतिक माध्यम मार्फत Special Extradition Request गर्नु हुन भनी NCB Manchester, UK बाट जानकारी प्राप्त भएको।

६. सागर के.सी

- मिति २०८१ जेठ १७ गते सहकारी ठगी मुद्दाका फरार प्रतिवादीहरु सागर के. सी र देवेन्द्रबाबु राई, गितेन्द्रबाबु राई र भूपेन्द्र राई विरुद्ध Diffusion जारी गरी दिनुहुन भनी अनुरोध भएकोमा मिति २०८१ जेठ १९ गते उक्त प्रतिवादी विरुद्ध RED Notice गरी दिनहुन भनी इलाका प्रहरी कार्यालय, बुटवल, रुपन्देहीबाट अनुरोध भएकोमा प्रतिवादीहरु (जि.वि.राई र भूपेन्द्र राई) विरुद्ध RED Notice जारी भइसकेको र INTERPOL को नियम अनुसार एकै व्यक्तिको नाममा एउटै राष्ट्रले पुनः RED Notice जारी गर्न नमिल्ने तथा सागर के.सी र देवेन्द्रबाबु राई विरुद्द RED Notice जारी गर्नका लागि आवश्यक कागजातहरु माग गरिएको।
- मिति २०८१ असार १६ गते अध्यागमन विभागसँग निज प्रतिवादीहरुको आगमन/प्रस्थान सम्बन्धी विवरण माग गर्दा प्रतिवादी देवेन्द्रबाबु राई मिति २०७६ साउन २९ गते र सागर के.सी मिति २०७६ माघ ८ गते नेपाल आगमन भएको जानकारी प्राप्त हुँदा निजहरुको

नेपाल सरकार

गृह मन्त्रालय

शान्ति सुरक्षा तथा प्रहरी नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- गृ.मन्त्रा.सु.०८१/०८२/०१

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

आगमन/प्रस्थान सम्बन्धी विवरणको लागि IPCQ (All NCBs) लाई NCB Kathmandu द्वारा पत्राचार गरिएको ।

- निजको RED Notice जारी हुने प्रकृयामा रहेको।

७. अन्य प्रतिवादीहरूको हकमा

- विभिन्न प्रहरी कार्यालयहरुबाट मुद्दा चली फरार प्रतिवादीको हकमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट च.नं. ७४७, मिति २०८१/०४/३१ गतेको पत्रद्वारा आवश्यक कारवाहीको लागि पत्राचार गरिएको,
- मिति २०८१/०४/३१ गते निज प्रतिवादीहरुको आगमन/प्रस्थान सम्बन्धी विवरणको लागि IPCQ (All NCBs) लाई NCB Kathmandu द्वारा समेत पत्राचार गरी Follow-up भईरहेको ।
- ईमेज बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष देव कुमार नेपालीले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिका सभापतिज्यूलाई सम्बोधन गरी पठाएको निवेदन सम्बन्धमा हाल निज विरुद्ध जिल्ला प्रहरी कार्यालय कास्की (मुद्दा नं. ८९५, मिति २०८०/०२/३१) र जिल्ला प्रहरी कार्यालय बागलुङ (मुद्दा नं. २३४, मिति २०८०/०२/२३) मा मुद्दा दर्ता भई अनुसन्धान पश्चात् सम्मानित जिल्ला अदालत कास्की (मुद्दा नं.०३८-c१-०२९८/५३, मिति २०८०/०५/१२) र सम्मानित जिल्ला अदालत बागलुङ (मुद्दा नं.०७९-c१-०१३९, मिति २०८०/०३/२५) मा मुद्दा विचाराधीन अवस्थामा रहेको ।

८. तहाँको च.नं. ११२, मिति २०८१/०५/१९ र १५७, मिति २०८१/०५/२८ को पत्रमा उल्लिखित व्यक्तिहरुको हकमा गृह मन्त्रालयको क्रमशः च.नं.३३५, मिति २०८१/०५/२० र च.नं. ३९८, मिति २०८१/०५/२९ गतेको पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालयमा पत्राचार गरिएकोमा नेपाल प्रहरीको अपराध अनुसन्धान विभागबाट मातहत कार्यालयहरुमा आवश्यक कार्यार्थ पत्राचार भएको जानकारी प्राप्त भएको।

२०८१/५/२०

(विजयकुमार महर्जन)
शाखा अधिकृत

अनुसूची - ९

समितिमा प्राप्त उजुरी/निवेदनहरूको सूची

१. समितिलाई प्राप्त कार्यादेश (TOR) अन्तर्गत रहेका २९ वटा सहकारी संस्थासँग सम्बन्धित

क्र.सं.	समितिमा दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
१	०२	राजेश्वरीदेवी चन्द	छानविन गरी रकम फिर्ता दिने बारे।	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी लि.	
२	०३	गोपाल बस्नेतसहित ३७ जना पीडित बचतकर्ताहरू	बचत रकम फिर्ता गराइदिने सम्बन्धमा।	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. (एकीकरणअघि हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.)	
३	१४	दीपक कुमार श्रेष्ठ	बचत रकम दुरुपयोग गरिएको सम्बन्धमा।	स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लि.	
४	१५	रूवी श्रेष्ठ	बचत रकम दुरुपयोग सम्बन्धमा।	स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लि.	
५	१६	अनिमा श्रेष्ठ	बचत रकम दुरुपयोग सम्बन्धमा।	स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लि.	
६	१८	नविना श्रेष्ठ	बचत रकम दुरुपयोग सम्बन्धमा।	स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लिमिटेड	
७	३५	इन्द्रप्रसाद सिंखडासहित ८१ जना	कारबाही गरी बचत रकम फिर्ता गराई पाउँ भन्ने सम्बन्धमा।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.का साथै आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था	

क्र.सं.	समितिमा दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
८	३९	शान्ता अधिकारी	घर जग्गा पारित गरी लिएको रकमसमेत दिलाई भराई पाउँ।	शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	
९	४३	ठानेश्वरप्रसाद बस्याल	बचत रकम फिर्ता गराई न्याय दिलाई पाउँ।	सुमेरू सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.	
१०	४९	जगदिश्वरलाल श्रेष्ठ (पीडित निक्षेपकर्ता स्वतःस्फूर्त समिति)	पीडितहरूको बचत रकम शीघ्र दिलाई पाउँ।	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.	
११	५०	विजयकुमार नेपाल (सुप्रिम बचत तथा ऋण सहकारी पीडित संघ, बुटवलको संयोजक)	ठगी सम्बन्धमा।	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.	
१२	५२	कृष्णप्रसाद पराजुलीसहित ३२ जना	संकटग्रस्त सहकारी घोषणा गरी रकम यथाशीघ्र फिर्ता दिलाई दिन सहयोग गरी पाउँ।	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.	
१३	६५	कर्णबहादुर लिम्बु	सहकारी बचत रकम फिर्ता सम्बन्धमा।	ओरेन्टल को — अपरेटिभ लि.	
१४	६८	शान्ता अधिकारी	घर जग्गा पारित गरी लिएको रकम समेत दिलाई भराई पाउँ	शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	
१५	८१	उमा शर्मा	सहकारीमा राखेको रकम माग दाबीबारे।	स्टयाण्डर्ड सेभिङ एण्ड क्रेडिट को—अपरेटिभ लि.	
16	८३	विष्णु पुरी	सुमेरू सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लिमिटेड कालीमाटीमा रहेको बचत रकम फिर्ता गराइदिनु हुन।	सुमेरू सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लि.	
१७	८४	कृष्णनाथ खनालसहित ५ जना	बचत रकम फिर्ताबारे।	सुमेरू सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लि.	

क्र.सं.	समितिमा दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
१८	९०	कल्पना पाण्डे र शंकर गैह्रे	रकम असुल गरी न्याय दिलाई पाउँ।	श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि., पुल्चोक	
१९	९९	देवकुमार नेपाली	ईमेज बचतकर्ताको रकम फिर्ताका लागि सहजिकरण गरिदिने सम्बन्धमा।	इमेज बचत तथा ऋण सहकारी संस्था	
२०	१३९	सुधिर बस्नेत (निलम्बित अध्यक्ष)	जग्गा वितरण तथा योजना सम्बन्धमा।	ओरियन्टल को— अपरेटिभ लिमिटेड	
21	१४०	रामबहादुर थापा मगर (सूर्यदर्शन सहकारी पीडित)	गोरखा मिडिया नेटवर्क प्रा.लि. को ५० प्रतिशतको संस्थापक शेयरधनी, कम्पनीका तत्कालीन उपाध्यक्ष तथा सहकारीका सञ्चालकमाथि गम्भीर छानविन गरी पाउँ।	गोरखा मिडिया नेटवर्क प्रा.लि.	
२2	१४६	कृष्णबहादुर महत	बचत रकम फिर्ता नगरेको सम्बन्धमा।	सुमेरू सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लि.	
२3	१७८	सञ्चालक समिति	प्रतिबद्धता सम्बन्धमा ।	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.	
२4	१८९	लवली थापा	बचत रकम फिर्ता सम्बन्धमा।	श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.	
२5	२२०	चित्रबहादुर केसीसहित १० जना।	रकम भुक्तान गरी खाता बन्द गर्नेबारे।	सुमेरू सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि- पुल्चोक	
२6	२२७	दिलिपकुमार सिंह	बचत रकम दुरुपयोग गरी फिर्ता नगरेको सम्बन्धमा।	स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.	
२7	२३५	कविता पन्थी	बचतमा रहेको रकमको सावाँ, व्याज उठाइ पाउँ भन्ने बारे।	पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.	
२8	२३७	राजु श्रेष्ठ	समस्याग्रस्त ओरेण्टल सहकारी/Builders बाट संयुक्त	समस्याग्रस्त ओरेण्टल सहकारी/Builders	

क्र.सं.	समितिमा दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
			आवासको निवेदन अनुसारको रकम फिर्ताको लागि।		
29	२३९	सुरेन्द्र भण्डारी	सुझाव पेश गरिएको सम्बन्धमा।	श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था	
३0	२४१	जनकबहादुर बर्मा	सुमेरू सहकारी संस्था, पुल्चोकबाट जग्गा फिर्ता गरिदिने सम्बन्धमा ।	सुमेरू सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि- पुल्चोक	

२. समितिलाई प्राप्त कार्यादेश (**TOR**) भित्र नरहेका अन्य सहकारी संस्थासँग सम्बन्धित उजुरी एवम् निवेदन

क्र.सं.	दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
१	०१	बसुदेवी रावत	छानविन गरी बचत रकम फिर्ता दिलाउने बारे।	बज्रयान बहुउद्देश्यीय सहकारी संस्था संस्था लि.	
२	०२	राजेश्वरदेवी चन्द	छानविन गरी रकम फिर्ता दिलाई पाउँ।	बज्रयान बहुउद्देश्यीय बचत तथा ऋण सहकारी लि.	
३	०४	खगिश्वर खनालसहित ९ जना	सुविधानगर जगदम्बा सहकारीको बचत रकम फिर्ता पाउने सम्बन्धमा।	सुविधानगर जगदम्बा बहुउद्देश्यीय सहकारी संस्था लि.	
४	०६	परशुराम पाण्डे	मेगा ड्रिम सहकारी संस्थासँग रकम असुल उपर गरी पाउँ।	मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.	
५	१७	नविना श्रेष्ठ	सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा।	शिक्षा सरोकार बचत तथा ऋण सहकारी संस्था लि.	
६	१९	दीपक कुमार श्रेष्ठ	सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा।	शिक्षा सरोकार बचत तथा ऋण सहकारी संस्था लि.	
७	२२	निरबहादुर भण्डारीसहित १०५ जना	छानविन तथा आवश्यक कारबाही गरी रकम दिलाई भराई पाउँ भन्ने बारे।	कृष बचत तथा ऋण सहकारी संस्था लि.	

क्र.सं.	दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
८	२३	सुदर्शन थापा	आवश्यक कारबाही गरी पाउँ।	मुकुल बचत तथा ऋण सहकारी संस्था लि.	
९	२४	शकुन्तला ढकाल	बचत रकम फिर्ता गरी पाउँ।	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लि.	
१०	२५	तुलसीप्रसाद पौडेलसहित ५ जना	अनुसन्धान कारबाही गरी पाउँ।	सुख दुःख बचत तथा ऋण सहकारी संस्था लि.	
११	४४	कमल जिसी	निक्षेप/बचत रकम फिर्ता सम्बन्धमा।	जीवन दृष्टी बचत तथा ऋण सहकारी संस्था लि.	
१२	४५	रमेश लम्साल	सहकारी बचत दुरुपयोग रकम फिर्ता गराई पाउँ भन्ने बारे।	जीवन दृष्टी बचत तथा ऋण सहकारी संस्था लि.	
१३	४६	सूरेन्द्रकुमार ओझासहित ३ जना	छानविन गरी कारबाही गर्न अनुरोध।	तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था	
१४	४७	श्यामकुमार गुप्तासहित १९ जना	पीडितहरूको बचत फिर्ता गराई न्याय दिलाई पाउँ।	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लि.	
१५	५१	अनिता जोशी	कारबाही गरी बचत रकम फिर्ता गरी पाउँ।	एक्जिम बहुउद्देश्यीय सहकारी संस्था लि.	
१६	५३	राजकुमार श्रेष्ठ	छानविन गरी पाउँ।	शैलुङ्गेश्वर कृषक सहकारी संस्था लि.	
१७	५८	उषा भट्टराईसहित २४ जना	सहकारी संस्था छानविन गरी बचत रकम फिर्ता गराई पाउँ।	क्यापिटल सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लि., क्षेत्रपाटी, काठमाडौं	
१८	६४	सोनिया पौडेल सहितका ६३ जना बचतकर्ता	बचत रकम अपचलन तथा समाधानको सुझाव बारे।	क्यापिटल सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लिमिटेड	
१९	६९	स्तम्भ बहुउद्देश्यीय सहकारी संस्थाका	स्तम्भ सहकारीको रकम अपचलन सम्बन्धी सूचना साथै	स्तम्भ बहुउद्देश्यीय सहकारी संस्था लि.	

क्र.सं.	दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
		शेयरधनीहरूको तर्फबाट पीडित सदस्य	दोषीलाई हदैसम्मको सजाय गरी पाउँ।		
२०	७१	अधिवक्ता योगेश डंगोल	सहकारी मार्फत मेरो सम्पत्ति अपचलन गरी रकम खाइदिएको सम्बन्धमा।	न्यूज डेभपलपमेन्ट को — अपरेटिभ लिमिटेड	
२१	७२	रामबहादुर तामाङ	सहकारी ठगी सम्बन्धमा।	श्रेय बचत तथा ऋण सहकारी संस्था लि. धरान	
२२	७९	शंकर थापा क्षेत्रीसहित १४ जना	ठगी गरेको सम्पत्ति र दायित्व छानविन गरी कारबाही गराई पाउँ	बराह बचत तथा ऋण सहकारी संस्था	
२३	८०	सुजन कुमार श्रेष्ठ	बचत रकम दुरुपयोग गरी फिर्ता नगरेको सम्बन्धमा	जेष्ट बचत तथा ऋण सहकारी संस्था लि.	
२४	८१	सुजन कुमार श्रेष्ठ	बचत रकम दुरुपयोग गरी फिर्ता नगरेको सम्बन्धमा	आर्जन बचत तथा ऋण सहकारी संस्था लि.	
२५	८२	रिता सिंखडा (सहकारी अभियन्ता)	सहकारीको वर्तमान विकराल ठगी बारे।		
२६	१०८	दिनेश घिमिरे	छानविन गरी आवश्यक कारबाही गरी पाउँ।	नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.	
२७	११०	डा. शोभा ढुङ्गाना	जानकारी सम्बन्धमा।	ओस्कार बचत तथा ऋण सहकारी संस्था लि.	
२८	१११	पुष्पराज पुरूष	सहकारी आडमा भएको आर्थिक हिनामिना सम्बन्धमा।	गोल्डक्वेष्ट कम्पनी, हर्वो इन्टरनेशनल प्रा.लि.	
२९	११२	कल्पना उप्रेती पाठकसहित तीन जना	ज्येष्ठ सहकारीमाथि छानविन गरी बचत रकम व्याज सहित फिर्ता दिलाई दिने सम्बन्धमा।	ज्येष्ठ बचत तथा ऋण सहकारी संस्था लि.	
३०	११३	उमा अधिकारी भट्ट	छानविन सम्बन्धमा।	मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था संस्था	
३१	१३८	पुरुषोत्तम खनालसहित ५९ जना	बचत रकम दुरुपयोग गरी फिर्ता नगरेको सम्बन्धमा।	आगन्तुक बचत तथा ऋण सहकारी संस्था लि.	

क्र.सं.	दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
३२	१५०	ओमकुमारी शर्मा	उजुरी सम्बन्धमा।	जिलेट बचत तथा ऋण सहकारी संस्था लि., कालीमाटी	
३३	१५४	रमेशकुमार देवकोटा	सहकारीमा जम्मा गरिएको रकम असुली गराई पाउँ भन्ने बारे।	जेष्ट बचत तथा ऋण सहकारी संस्था लि.	
३४	१६०	शंकरप्रसाद मानन्धर	कारबाही गरी बचतको रकम उपलब्ध गराई पाउँ।	ग्रेट गंगा सागर बचत तथा ऋण सहकारी संस्था लि.	
३५	१६१	दीपेन्द्र पराजुली	विपक्षी उपस्थित गराई कारबाही गरी पाउँ।	गन्तव्य बचत तथा ऋण सहकारी संस्था लि.	
३६	१६६	रविन्द्र थपलिया	कर्जा चुक्ता गरी रोक्का रहेको जग्गा फुकुवा गरी पाउँ।	श्री मानापाथी बचत तथा ऋण सहकारी संस्था लि.	
३७	१६७	सोमप्रकाश राई	बचत गरेको रकम फिर्ता दिलाई पाउँ।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	
३८	१६८	निर्मला देवी श्रेष्ठ	बचत गरेको रकम फिर्ता दिलाई पाउँ।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	
३९	१६९	सोना राई	बचत गरेको रकम फिर्ता दिलाई पाउँ।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	
४०	१७०	कौशल्यावती श्रेष्ठ	बचत गरेको रकम फिर्ता दिलाई पाउँ।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	
४१	१७१	सुलभ लाखे	बचत गरेको रकम फिर्ता दिलाई पाउँ।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	
४२	१७२	उमासिंह तामाङ श्रेष्ठ	बचत गरेको रकम फिर्ता गराई दिलाई पाउँ।	हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.	

क्र.सं.	दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
४३	१७७	यमबहादु बिष्ट	बचत रकम फिर्ता सम्बन्धमा।	गुडविल बचत तथा ऋण सहकारी संस्था लि.	
४४	१९३	सूर्यकुमार श्रेष्ठसहित ४ जना	सहकारी सञ्चालकहरूले सदस्यहरूको बचत रकम दुरुपयोग गरी ठगी गरेको सम्बन्धमा।	आर्जन बचत तथा ऋण सहकारी संस्था लि.	
४५	१९६	कुमारबहादुर थापा	बचत रकम फिर्ता गरी पाउँ।	विश्व विराट बहुउद्देश्यीय सहकारी संस्था लि.	
४६	१९७	निर्मला रावत	बचत रकम फिर्ता गरी पाउँ।	संघर्ष बचत तथा ऋण सहकारी संस्था लि.	
४७	२०२	ललिता रिमाल, सुयशा रिमाल र निराजित रिमाल	भेगास सहकारी संस्था लि. न्यूरोडमा जम्मा गरेको निक्षेप फिर्ता दिलाई पाउँ।	भेगास बचत तथा ऋण सहकारी संस्था लि.	
४८	२०४	रामलाल श्रेष्ठ	अर्थ जिवन दृष्टी बचत तथा ऋण सहकारी संस्था लि. कार्यालयका संचालकहरूलाई अनुसन्धान तथा पक्राउ गरी बचत जम्मा गरेको साँवा, व्याज रकम फिर्ता पाउन व्यवस्था मिलाई दिनुहुन।	अर्थ जिवन दृष्टी बचत तथा ऋण सहकारी संस्था लि.	
४९	२०५	समिता मगिया	बचत रकम असुल गराई पाउँ।	तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.	
५०	२०९	टीकाराम रेग्मी	अदालतबाट फैसला भएको रकम दिलाई भराई पाउने व्यवस्थाको सम्बोधन गरी पाउँ भन्ने बारे।	सिटीटप सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.	
५१	२२६	गुरुप्रसाद सुवेदीसहित ३ जना	देउखुरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड महाप्रभु सेवाकेन्द्रको बचत रकम हिनामिनाको सम्बन्धमा	देउखुरी बचत तथा ऋण सहकारी संस्था लि.	

क्र.सं.	दर्ता नम्बर	उजुरीकर्ता/निवेदक	विषय	सम्बन्धित सहकारी	कैफियत
			अनुसन्धान गरी न्याय दिलाई पाउँ।		
५२	२२९	धनबहादुर महर्जन	गैर कानुनी तवरबाट सम्पत्ति राजीनामा पास गराई ठगी गरी लिने सहकारी सञ्चालकलाई कारबाही गरी सम्पत्ति फिर्ता दिलाई पाउँ।	देय् धुकू बहुउद्देश्यीय सहकारी संस्था लि.	
५३	२३०	सजना महर्जन	जाँचबुझ गरी छिटो न्याय दिन पहल गरी पाउँ।	मानापाथी ट्रिपल एम बहुउद्देश्यीय सहकारी संस्था लि.	
५४	२३२	दिपक पौडेलसहित ४ जना	अनुसन्धान कारबाही गरी पाउँ।	सुख दुःख बचत तथा ऋण सहकारी संस्था लि.	
५५	२३४	शान्तमणि पुडासैनी	सहकारीलाई आवश्यक कारबाही गरी रकम फिर्ता गरी पाउँ।	उपलब्धि मल्टिप्रपोज को-अपरेटिभ सोसाइटी लि.	
५६	२३८	मितेरी बचत तथा ऋण सहकारी संस्था (कुम्मराज गुरुङ - अध्यक्ष)	बार्षिक वित्तीय विवरण पेश सम्बन्धी ।	मितेरी बचत तथा ऋण सहकारी संस्था लि.	
५७	२४४	कृष्ण प्रसाद उपाध्याय	आवश्यक छानविन गरी न्याय पाउँ।	तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.	

कार्यादेश (TOR) को अनुसूची १ र २ का सहकारीसँग सम्बन्धित उजुरीकर्ता/निवेदकहरूको संख्या

१. कार्यादेश (TOR) सहकारीसँग सम्बन्धित उजुरीकर्ता/ निवेदकहरूको संख्या

क्र.सं.	सम्बन्धित सहकारी संस्था	जम्मा उजुरीकर्ता/ निवेदक
1.	स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लि.	५ जना
2.	गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि.	१ जना
3.	स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी लि.	२ जना

४.	आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.	१५८ जना
५.	शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.	२ जना
६.	सुमेरू सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.	१९ जना
७.	सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
८.	ओरियन्टल को — अपरेटिभ लि.	२ जना
९.	श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.	४ जना
१०.	इमेज बचत तथा ऋण सहकारी संस्था	१ जना
११.	पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि	१ जना
१२.	गोरखा मिडिया नेटवर्क प्रा.लि.	१ जना

२. अन्य सहकारीसँग सम्बन्धित उजुरीकर्ता/निवेदकहरूको संख्या

क्र.सं.	सम्बन्धित सहकारी संस्था	जम्मा उजुरीकर्ता
१.	बज्रयान बहुउद्देश्यीय सहकारी संस्था संस्था लि.	२ जना
२.	सुविधानगर जगदम्बा बहुउद्देश्यीय सहकारी संस्था लि.	९ जना
३.	मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.	२ जना
४.	शिक्षा सरोकार बचत तथा ऋण सहकारी संस्था लि.	२ जना
५.	कृष बचत तथा ऋण सहकारी संस्था लि.	१०५ जना
६.	मुकुल बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
७.	नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लि.	२० जना
८.	सुख दुःख बचत तथा ऋण सहकारी संस्था लि.	५ जना
९.	जीवन दृष्टी बचत तथा ऋण सहकारी संस्था लि.	२ जना
१०.	तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था	५ जना
११.	एक्जिम बहुउद्देश्यीय सहकारी संस्था लि.	१ जना
१२.	शैलुङ्गेश्वर कृषक सहकारी संस्था लि.	१ जना
१३.	क्यापिटल सेभिङ एण्ड क्रेडिट को — अपरेटिभ लि.	८७ जना
१४.	स्तम्भ बहुउद्देश्यीय सहकारी संस्था लि.	१जना
१५.	न्यूज डेभपलपमेन्ट को — अपरेटिभ लिमिटेड	१ जना

१६.	श्रेय बचत तथा ऋण सहकारी संस्था लि. धरान	१ जना
१७.	बराह बचत तथा ऋण सहकारी संस्था	१४ जना
१८.	जेष्ट बचत तथा ऋण सहकारी संस्था लि.	५ जना
१९.	आर्जन बचत तथा ऋण सहकारी संस्था लि.	५ जना
२०.	नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.	१ जना
२१.	ओस्कार बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
२२.	आगन्तुक बचत तथा ऋण सहकारी संस्था लि.	५९जना
२३.	जिलेट बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
२४.	ग्रेट गंगा सागर बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
२५.	गन्तव्य बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
२६.	श्री मानापाथी बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
२७.	गुडविल बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
२८.	विश्व विराट बहुउद्देश्यीय सहकारी संस्था लि.	१ जना
२९.	संघर्ष बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
३०.	भेगास बचत तथा ऋण सहकारी संस्था लि.	३ जना
३१.	अर्थ जिवन दृष्टी बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
३२.	सिटीटप सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.	१ जना
३३.	देउखुरी बचत तथा ऋण सहकारी संस्था लि.	३ जना
३४.	देय् धुकू बहुउद्देश्यीय सहकारी संस्था लि.	१ जना
३५.	सुख दुःख बचत तथा ऋण सहकारी संस्था लि.	४ जना
३६.	उपलब्धि मल्टिप्रपोज को-अपरेटिभ सोसाइटी लि.	१ जना
३७.	मितेरी बचत तथा ऋण सहकारी संस्था लि.	१ जना
३८.	अन्य (सहकारी अभियन्ता, कम्पनी)	२ जना

जम्मा सहकारी संख्याः ५१ वटा

जम्मा उजुरीकर्ता/निवेदकको संख्याः ५५४ जना

अनुसूची-१०

राजनीतिक दलहरूबाट प्राप्त सुझाव

दर्ता नं.:-२१६
दर्ता मिति:-२०८१/०५/२५

नेपाली कांग्रेस
केन्द्रीय सहकारी विभाग
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

पत्र संख्या:
चलानी नं.:

मितिः मितिः २०८१/०५/२५

माननीय संयोजकज्यु

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा

संसदीय छानविन विशेष समिति

सिंहदरबार, काठमाडौं

विषयः सुझाव उपलब्ध गराईएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा त्यस बिशेष समितिबाट प्राप्त पत्रको व्यहोरा अवगत भयो । हाल नेपालको सहकारी आन्दोलनमा देखिएको समस्याका सम्बन्धमा हाम्रो पार्टिको सहकारी विभागमा व्यापक छलफल भयो । छलफलबाट प्राप्त निष्कर्शका आधारमा यसै पत्रमा संलग्न गरी सहकारीको समस्या, चुनौति र समाधान सम्बन्धमा सरकार एवं समितिले गर्नुपर्ने पहलका संबन्धमा एक प्रतिवेदन संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भ सहकारी क्षेत्र भएको कुरा सबैमा विदित नै छ । गरिब, अल्पसंख्यक, जनजाती, पिछडिएका बर्ग, महिलाहरुको व्यापक सहभागिता रहेको सहकारी क्षेत्रको समस्या समाधानमा सरकार गम्भीर हुनुपर्ने कुरामा जोडदिदै हाम्रो पार्टिको तर्फबाट समस्या समाधानका लागि सबैकिसिमको सहयोग गर्न तयार रहने कुरा समेत अवगत गराउँदछौं । धन्यवाद । जयनेपाल ।

भवदीय

श्री देवेन्द्रराज कण्डेल
केन्द्रीय सदस्य एव सहकारी विभाग प्रमुख
नेपाली काँग्रेस पार्टी ।

टेलिफोनः (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org

नेपाली काँग्रेस केन्द्रीय सहकारी विभागको तर्फबाट सहकारी सस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति समक्ष नेपालमा सहकारीको विद्यमान अवस्था, समस्या र समाधान सम्बन्धमा पेश गरिएको सुझाव प्रतिवेदन

परिचय

सामान्यतया सहकारी संघ संस्थाहरु सहकारीका अन्तराष्ट्रिय अवधारणा, सहकारी मूल्य र सिद्धान्त अनुसार सदस्य केन्द्रीत र समुदायमा आधारित भएर संचालन हुन्छन् भन्ने मान्यता रहेको हुन्छ। सरकारले पनि सहकारीका अन्तराष्ट्रिय अवधारणा, मुल्य र सिद्धान्तको प्रवर्धन हुनेगरी सहकारी नियमन, प्रवर्धन र विकास विस्तारका लागि तदअनुरुप नै सहकारी ऐन नियम मापदण्डहरु बनाएको हुन्छ भन्ने विश्वाश गरिन्छ । सामान्यतया सामान्य जनताको सहज पहुँच स्थापना हुने, स्वरोजगारी हुने, गुणस्तरिय उत्पादन हुने, उत्पादन र उत्पादकहरुले उचित मुल्य पाउने, उपभोक्ताहरु ठगिनबाट जोगिने र अनावश्यक विचौलियाहरुको अन्त्य हुने, लोकतान्त्रीक विधिबाट व्यवसाय संचालन एवं नियन्त्रण हुने र समतामुलक वितरणका माध्यमबाट तल्लोतहका मानिसहरु बढी लाभान्वीत हुने र यसको असरले समाजमा सामाजिक न्याय स्थापित हुने कारणले सहकारी आन्दोलन विश्वभरी लोकपृय भएको हो । सहकारी आन्दोलनका माध्यमबाट विकसित मुलुकहरुले कृषि उत्पादन, औधोगिक क्षेत्र, उपभोग्य वस्तुको वितरणका साथै सेवा क्षेत्रमा धेरै मात्रामा लाभ लिईरहेको तथ्यहरुबाट प्रमाणित भएका छन् । हाम्रो देश नेपाल कृषिकर्ममा आधारित र धेरैजसो ग्रामिण क्षेत्र रहेको हुँदा सरकारका योजना, कार्यक्रम र बजेट पुग्ने र पुऱ्याउने उपयुक्त पूर्वाधार र माध्यम नभएको अवस्थामा स्थानीय सहकारी संघ संस्थाहरु मार्फत उत्पादन र उत्पादकत्व बढाई आर्थिक उपार्जन गर्नका खातिर सहकारी आन्दोलनको विकास गर्ने परिकल्पना गरिएको हो । यसै अनुसार विभिन्न कालखण्डमा सहकारी आन्दोलनको विकास र प्रवर्धनका खातिर सहकारी ऐन, नियम, नीति, निर्देशिका, मापदण्डहरु बनेका छन् । सहकारी आन्दोलनलाई गन्तव्यमा पुऱ्याउन यसभित्र आईपरेका समस्या, चुनौतिहरु सामना समाधान गर्न विभिन्न समयमा अध्ययन, सुझाव आयोग कार्यदलहरु समेत बनेको र कतिपय सुझाव सल्लाह अनुसार ऐन नियमहरु समेत परिमार्जन भै आएको पनि छ ।

पछिल्लो समय विशेषगरी कोभिड १९ र रुस युक्रेन, ईजरायल हमास युद्धको विश्वव्यापी प्रभाव र यसैका कारण निम्तिएको आर्थिक मन्दीले नेपालको आर्थिक अवस्थामा नराम्रो प्रभाव परिरहेको छ। समग्र मागमा आएको ह्रासका कारणले उत्पादन, उपभोग र वितरणमा कमि आएको र थप रोजगारीको सिर्जना पनि नभएको, व्यापारिक लागतमा वृद्धि भएको, ऋणको चक्र प्रणालीमा सुधार नभएको जस्ता विविध कारणले अर्थतन्त्र चलयमान हुन नसकेकोले वित्तिय कारोबार गर्ने सहकारी संघ, संस्था बैंकहरुमा समस्या र चुनौतिहरु देखा परेको छ । कतिपय सहर केन्द्रीत ठूलो कारोबार गर्ने केहि सहकारी संस्थाहरुले सदस्यहरुको बचत निक्षेप समयमा फिर्ता गर्न नसकेको र नसकिरहेको अवस्था विद्यमान छ । सरकारले आफ्ना नागरिकहरुले सहकारी संस्थामा गरेका बचत निक्षेपको सुरक्षा एवं फिर्ता गर्ने कुराको व्यवस्थापनको जिम्मेवारी बहन गर्नुपर्ने दायित्वबाट पन्छिन मिल्दैन । विगत कै अनुभवमा पनि सरकार पनि सहकारी आन्दोलनको विद्यमान समस्याको समाधानमा उत्साहि देखिन सकेको छैन । सरकारले सहकारीका समस्या सम्बोधनको सुर पत्ता लगाउन नसकेको अनुभव भै रहेको छ । **यसै सन्दर्भमा नेपाली काँग्रेस केन्द्रीय सहकारी विभागको तर्फबाट सहकारी सस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति समक्ष नेपालमा सहकारीको विद्यमान अवस्था, समस्या र समाधानका लागि निम्नलिखित सुझावहरु प्रतिवेदनका रुपमा पेश गरिएको छ ।**

सहकारीको ऐतिहासिक पृष्ठभूमि

सहकारीको परिचय

आदिम कालदेखि नै कुनै न कुनै रुपमा मानव समुदायबिच सहकारीताका अभ्यासहरु प्रसस्तै भेटिन्छन् ।

अन्तराष्ट्रिय सहकारी महासंघका अनुसार सहकारीको परिभाषा:

सहकारी संस्था संयुक्त स्वामित्व र लोकतान्त्रीक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना साझा आर्थिक, सामाजिक तथा साँस्कृतिक आवश्यकता एवं आकांक्षाहरु पूरा गर्न स्वेच्छाले एकताबद्ध व्यक्तिहरुको स्वायत्त संगठन हो ।

Cooperative is an autonomous association of persons united voluntarily to meet their common economic, social and cultural needs and aspirations through jointly owned and democratically controlled enterprise..... ICA (International Cooperative Alliance)

Cooperative is an user owned, user controlled business that distributes the benefits on the basis of use.... US dept of Agriculture

नेपालको सहकारी ऐन २०७४ को प्रस्तावना:

सहकारी मूल्य, मान्यता सिद्धान्त अनुरुप देशका कृषक, कालिगड, श्रमिक, न्यून आय समूह एवं सिमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रीत, प्रजातान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमन गर्न, सहकारी खेति, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गरी समयानुकूल बनाउन बाञ्छनीय भएकोले ....

सहकारीको पहिचान

- यो एक विशिष्ट व्यवसायिक विधि हो । आफ्नै दर्शन, मुल्य र सिद्धान्त अनुसार संगठीत र संचालित हुन्छ ।
- वास्तवमा सहकारीता जति आदर्श हो त्यति नै व्यवहार हो, जति विचार हो त्यति नै व्यवसाय हो र जति दर्शन हो त्यति नै विज्ञान हो ।
- सहकारी दर्शनको अन्तस्तलमा रहेका दुई मौलिक विचार **"स्वाबलम्बन र पारस्परिकता"** हो । अर्थात स्वावलम्बन र पारस्परिकताको अभ्यास नै सहकारीता हो ।
- सहकारीमा सदस्यहरुबीच "स्वावलम्बन र पारस्परिकता" को अभ्यास गर्न गराउन सकिएको छैन, भएको छैन भने सहकारी भन्न सकिदैन । सहकारी त स्वावलम्बीहरुको आन्दोलन हो ।
- "एकका लागि सबै र सबैका लागि एक" पारस्परिकताबाट निस्केको उद्घोष हो ।
- सहकारीको आफ्नै मौलिक पहिचान स्थापित छ ।
- सहकारी राज्य निर्देशित, राज्य नियन्त्रित रुपमा संचालन हुन सक्दैन ।

- सहकारी आन्दोलनको विकास हुँदा सरकारको उद्देश्य जहिल्यै पूरा हुन्छ । तर सरकारको उद्देश्य पुरा गर्ने मनसायबाट सहकारी आन्दोलनको विकास कहिल्यै हुँदैन ।
- सहकारी खुला बजार अर्थव्यवस्था वा उदार अर्थव्यवस्थामा नै फस्टाउने हो ।
- सहकारी आन्दोलनको भविष्य सहकारी संघ संस्थाहरुको वास्तविक सहकारीकरणमा नै छ र यो संसारभरीका वास्तविक सहकारीका सफलताबाट देख्न सकिन्छ ।
- हामीलाई "जनताका लागि सरकारले गरिदिने खालको सहकारी होईन, जनताले नै गर्ने सहकारी चाहिएको हो ।"
- प्रजातन्त्रको ईमान्दार अभ्यासमा सहकारीकर्मीहरु अब्बल देखिएका छन् ।

विश्वमा सहकारीको प्रारम्भ र फैलावट

विश्वमा सहकारीको प्रारम्भ: बेलायतको म्यान्चेष्टर सहरको रोच्डेलमा ईश्वी सन् १८४४ अगस्ट १५ मा "रोच्डेल समतामूलक अग्रणी सहकारी सँस्था" (Rochdale Pioneer Egitable Society)को नामबाट आधुनिक सहकारीको प्रारम्भ भयो । यो सँस्था उनि र फलाटिन कपडा कारखानामा कामगर्ने २८ जना मजदूरहरु प्रत्येकले १/१ पाउण्ड जम्मा गरेर शुरु गरेका थिए । रोच्डेल समतामूलक अग्रणी सहकारी सँस्था फगत सहकारी उपभोक्ता भण्डारको नमूना मात्र नभएर एउटा सहकारी (सँस्कृति) पद्दतिको सर्वमान्य अभियान भयो । ऊ बेला बेलायतबाट शुरु भएको सहकारी आन्दोलन हाल सारा विश्वभरी फैलिएको छ । अहिले संयुक्त राष्ट्रसंघ पछिको दोस्रो ठूलो संजालको रुपमा सहकारी आन्दोलन रहेको छ । अन्तराष्ट्रिय सहकारी महासंघका अनुसार विश्व सहकारी संजालमा हाल १ अरब भन्दा बढी व्यक्तिहरु (विश्व जनसंख्याको १२%) आवद्ध रहेको र संसारभरीका करिब ३० लाख सहकारी संघ सँस्थाहरुले २८ करोड मानिसहरुलाई (कूल रोजगारीको १०%) रोजगारी वा व्यवसायको अवसर दिएका छन् भने विश्वका ३०० ठूला सहकारीहरुले २४०९.४१ बिलियन डलर बराबरको कारोबार गर्दछन् । विकासशील मुलुकहरुको अर्थतन्त्रमा सहकारीको महत्वपूर्ण योगदान रहेको तथ्यहरुबाट प्रमाणित हुन्छन् ।

नेपालमा सहकारी

नेपाल सरकारबाट २०१३ सालमा कार्यकारी आदेश जारी गरेर सहकारी संस्थाहरु दर्ता गर्ने व्यवस्था मिलाईए अनुसार २०१३ चैत्र २० गते बखान ऋण सहकारी संस्था दर्ता गरियो । यस भन्दा अघि वि स २०००, भाद्रमा बनेपामा राजदास वादे श्रेष्ठको अध्यक्षताको भूमि बैंक तथा सहकारी समाजबाट शुरु भयो, जसलाई डाइरेक्टर विजयशमशेर जवराल दर्ता गरेका थिए र २००५ चैत्रमा यसलाई खारेज गरी दायित्व तथा सम्पत्ति नेपाल सरकारले लिएको थियो (यो कुरा सरदार भीमबहादुर पाँडेको त्यस बखतको नेपालमा पनि उल्लेख छ) ।

सहकारी ऐन	२०१६ सहकारी संस्था ऐन जारी २०४१ साझा संस्था ऐन जारी २०४८ सहकारी ऐन जारी २०७४ विद्यमान सहकारी ऐन जारी
सहकारी प्रशिक्षण केन्द्रको स्थापना	२०१९ सालमा स्थापना २०६१ सालमा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र
सहकारी बैंकको स्थापना	२०२० मा सहकारी बैंक स्थापना

	२०२४ मा कृषि विकास बैंकमा परिणत २०६० मा राष्ट्रिय सहकारी बैंक
सहकारी विभाग	२०२५ मा भूमिसुधारमा गाभियो २०२६ सालमा सहकारी विभाग फिर्ता
सहकारी संस्थाहरुको व्यवस्थापन कृषि विकास बैंकलाई जिम्मा	२०३५ मा कृषि विकास बैंकबाट फिर्ता गरी संचालक समितिलाई जिम्मा
राष्ट्रिय सहकारी विकास बोर्डको गठन	२०४८ राष्ट्रिय सहकारी विकास बोर्डको गठन २०४९ राष्ट्रिय सहकारी विकास बोर्ड ऐन जारी
राष्ट्रिय सहकारी संघको स्थापना	२०५० सालमा २०७४ पछि राष्ट्रिय सहकारी महासंघ भएको
अन्तराष्ट्रिय सहकारी महासंघको सदस्यता	२०५४ सालमा

नेपालमा सहकारीको विकासक्रम

नेपालको सहकारीको विकासक्रमलाई सहजरुपमा बुझ्न २०१३ देखि २०४८ सम्मको अवस्थालाई र त्यस पछिको अवस्थालाई छुट्याएर चर्चा गरिएको छ ।

- प्रधानमन्त्री वि.पि.कोईरालाको प्रधानमन्त्रीत्वकालमा **ईजरायलमा सफल मानिएको राईफेसन मोडेलको सहकारी अवधारणालाई** नेपालमा लागू गर्न खोजियो । तदनुसार २०१६ सालमा सहकारी ऐन जारी गरियो । सहकारी आन्दोलनको अर्थपूर्णरुपमा विकास गर्न सकिए किसानहरुको परनिर्भरता घटाउन सकिने, जनताको रहनसहनस्तर प्रवर्धन हुने, जनतामा प्रजातान्त्रीक व्यवहार, आपसी सहयोग र पारस्परिकता सुदृढ भएर जाने उद्देश्य राखिएको थियो । प्रजातान्त्रीक व्यवस्थामा सहकारी आन्दोलनको सुरुवात भएतापनि २०१७ साल यता पंचायती शासन व्यवस्था भएका बखत सहकारी आन्दोलनको यथोचित विकास प्रवर्द्धन हुन पाएन । सरकारी निर्देशन र नियन्त्रणमा सिमित सहकारी संघ संस्थाहरु स्थापना एवं संचालन गरिएकाले सर्वसाधारणको पहुँचमा र नियन्त्रणमा सहकारी आन्दोलन रहने कुरा भएन । जनताको प्रत्यक्ष संलग्नतामा सहकारी आन्दोलन नभएको हुँदा वास्तविक सहकारी आन्दोलनको विकास विस्तार हुन सकेन ।
- २०४६ सालको जनआन्दोलन पश्चात गठित सरकारले २०४८ सालमा सहकारी ऐन जारी गरेपछि सहकारी आन्दोलनको विकास स्वस्फूर्त रुपमा अघि बढ्यो । तत्कालीन अवस्थामा मुलुकको आर्थिक स्थितिको अवस्था मुल्यांकन गर्दा आर्थिक उदारीकरणलाई सार्थक तुल्याउन मुलुकमा सहकारी आन्दोलनको अपरिहार्यता महसुस गरियो । राष्ट्रिय आयको न्यायिक वितरण, उद्योगधन्दा, कलकारखाना संचालन एव रोजगारी सिर्जना गर्न सहकारी प्रणाली महत्वपूर्ण हुने अनुभव गरियो । भूमिहिन गरिब किसान, कालिगढ, पछाडि परेका जनताको जिवनस्तर प्रवर्धन गर्न उत्तम उपायको रुपमा सहकारी आन्दोलन सहायक सिद्ध हुने विश्वाश गरियो । सहकारी ऐन २०४८ पछि सहकारी सघ सस्थाहरु व्यापक रुपमा स्थापना भए । सहरी एव ग्रामिण क्षेत्र सबैतिर सहकारी पुग्यो । ग्रामिण क्षेत्रमा वित्तिय सहकारी मार्फत बचत क्रान्ति नै आयो । विशेषगरी सर्वसाधरण महिलाहरुको उल्लेखनीय सहभागिता रहेको क्षेत्र नै सहकारी क्षेत्र भयो । नेपालको सहकारी आन्दोलन अन्तराष्ट्रियस्तरमा समेत परिचित भयो र राष्ट्रिय अन्तराष्ट्रिय अनुभवहरु

आदन प्रदान हुन थाल्यो। नेपालको सहकारी आन्दोलनको शिर्ष निकायको रुपमा राष्ट्रिय सहकारी महासंघ रहेको छ जसले २०५४ सालमा आई.सि.ए.(अन्तराष्ट्रिय सहकारी महासंघ)को सदस्यता प्राप्त गऱ्यो।

सहकारी विभागका अनुसार

- सहकारी संघ संस्थाहरु: ३१४५०, आवद्ध सदस्य: ७३,८३,५२८
- शेयर पुँजी: ९४अर्ब १०करोड ५० लाख, निक्षेप: ४ खर्ब ७७ अर्ब २६ करोड
- कर्जा: ४ खर्ब २६ अर्ब २६ करोड, कर्मचारी: ९४,००२
- ❖ पञ्चवर्षिय योजनाहरुमा सहकारीको भुमिका र जिम्मेवारीमा संकुचन हुनु।
- ❖ दिगो विकास लक्ष्य २०३० हासिल गर्न सहकारी क्षेत्रमो जिम्मेवारीमा राज्यको साझेदारी नहुनु।
- ❖ सहकारी अभियानलाई आत्मसाथ गर्न नसकेका ४६ मुल कानुनमा संशोधन मार्फत सम्बोधन हुन नसक्नु।
- ❖ सहकारी ऐन २०७४ र नियमावली २०७५ का सहकारी अभियानका प्रवर्द्धनात्मक व्यबस्थाहरुको कार्यान्वयन नहुनु।
- ❖ सहकारी ऐन संसोधनमा ढिलाई हुनु।
- ❖ सहकारी नीति २०६९ को १२ बर्ष सम्म पुनरावलोकन नहुनु र गन्तव्य निर्धारण नहुनु।
- ❖ सहकारी अभियानको अनुगमनका लागि विद्यमान संरचना र संयन्त्र कमजोर हुनु।
- ❖ राज्यका तिनैवटा तहमा सहकारी ऐन, नियमावली तथा कार्यविधीहरुमा एकरुपता नहुनु।
- ❖ सहकारी संघहरुलाई अधिकार सहितको अनुगमन र सुपरिवेक्षणको जिम्मेवारी नदिनु।
- ❖ सहकारी अभियानले सहकारीका कमजोरी र गलत प्रबृतिलाइ ढाकछोप गर्नु।
- ❖ सहकारीको उचित वर्गिकरण गरी उपयुक्त विधि निर्धारण गरी सहकारीको संरक्षण गर्न ढिलाई हुनु।
- ❖ समस्याग्रस्त सहकारी समाधान आयोगमा पर्याप्त जनशक्ति र साधन श्रोत नहुनु।
- ❖ समस्याग्रस्त वा समस्याउन्मुख सहकारीको समस्या समाधानको विधि उपयुक्त नहुनु।
- ❖ सहकारी शिक्षा तथा वित्तिय साक्षरतामा अभियान र राज्यको पर्याप्त ध्यान जान नसक्नु।
- ❖ सहकारी तथा अन्य वित्तिय संस्थाका विरुद्धमा आम जनमानसमा गलत अफवाह फैलाउने माथि कारवाहि नहुनु।
- ❖ सहकारीका सञ्चालक तथा कर्मचारीहरुमा वित्तिय अनुसाशनको कमि देखिनु।
- ❖ सहकारी संस्थाको एकिकरणका लागि राज्यले कुनै प्रोत्साहन र सहजीकरणको व्यबस्था नगर्नु।
- ❖ सहकारीको क्षेत्रमा काम गर्ने निजामती कर्मचारीका लागि विशेष सहकारी सेवाको व्यवस्था नहुनु।
- ❖ उत्पादन र सेवामुलक क्षेत्रमा काम गर्ने सहकारीहरुलाई पुजीको अभाव, सहुलियत पुर्ण कर्जाको व्यबस्था नहुनु।
- ❖ वित्तिय कारोवार गर्ने सहकारीहरुका लागि छुट्टै वित्तिय सहकारी ऐन नहुनु।
- ❖ राज्य र अभियानमा दीर्घकालीन सहकारी सोचको अभाव।
- ❖ नीति निर्माताहरु सहकारी प्रति सकारात्मक नहुनु।
- ❖ सबै तहका सरकारहरुले सहकारीलाई बजेट तथा कार्यक्रममा उपेक्षा गर्नु ।
- ❖ जिल्ला सहकारी संघ, केन्द्रीय/जिल्ला विषयगत सहकारी संघहरुको सक्रियतामा कमि तथा सहकारी संघहरुको संचालनमा स्रोतको अभाव ।
- ❖ सहकारीका संघहरुको अनावश्यक संरचना सदस्य संस्थाहरुलाई भार, जिम्मेवारी पन्छाउने प्रवृत्ति ।
- ❖ सरकारी निकायहरु बीच समन्वयको अभाव, भएका संरचनाहरु प्रभावकारी नहुनु।

- ❖ कृषिजन्य उद्योगहरुको स्थापना एवं सहकारी बजार केन्द्रहरु निर्माणका लागि संघ संस्थाहरुसंग पूँजीको अभाव ।
- ❖ विशिष्टिकृत सहकारी संघहरुको सञ्चालन तथा व्यवस्थापनमा सहयोगको अभाव ।
- ❖ वित्तीय संकुचन र अस्वस्थ्य व्याजदर निर्धारण ।
- ❖ दक्ष र तालिम प्राप्त व्यबस्थापकहरुको अभाव ।

समाधानका उपायहरु:

समस्या समाधानमा तपशिल वमोजिमका उपायहरु अवलम्वन गर्न उपयुक्त हुने देखिन्छ ।

१,नेपालको संविधान २०७२ को तपशिल बमोजिमको संबैधानिक व्यबस्थाको मर्म अनुसार सहकारी क्षेत्रलाई

राज्यको नीति कार्यक्रम, बजेट र योजनमामा सहकारीले भुमिका र जिम्मेवारी पाउने व्यबस्था गर्नुपर्ने ।

भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

५०. निर्देशक सिद्धान्तहरू

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ

५१. राज्यका नीतिहरू : राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :-

(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति :

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने

२, दिगो विकास लक्ष्य २०३० हासिल गर्न तोकिएका १६ वटा मुख्य सुचकहरु मध्य १२ वटा सुचकमा सहकारी क्षेत्रले काम गर्ने गरी संयुक्त राष्ट्र संघले निर्दिष्ट गरे बमोजिमको सहकारीको क्षेत्रसँग राज्यले गर्नुपर्ने सहकार्य, सहजिकरण गरी विकास साझेदारको रुपमा सहकारी क्षेत्रलाइ महत्व दिनुपर्ने ।

३, यसै साथ अनुसुचि १ मा सम्लग्न सहकारी सँग अन्तरसम्बन्धित ४६ वटा ऐनहरुलाई संशोधन गर्नुपर्ने ।

४, सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ८०,८१,८२,८३,८४,८५,८६ लाई सहकारी अभियानका संरक्षण र प्रवर्धनका लागि व्यबस्था गरिएका तपशिलका प्रावधानको कार्यान्वयन गर्नुपर्ने ।

दफा ८०, कालो सूची सम्बन्धी व्यवस्था :

८१. कर्जा सूचना केन्द्र

८२. कर्जा असूली न्यायधिकरण

८३. बाँकी बक्यौता असलु उपर गर्ने
८४. रोक्का राख्न लेखी पठाउने
८५. अग्राधिकार रहने
८६. कारबाही गर्न बाधा नपर्ने

५, यसै साथ सम्लग्न अनुसुचि २ मा उल्लेखित बुँदाहरु माथी सहकारी ऐन २०७४ को आवश्यक संशोधन गरी सम्बोधन गर्नुपर्ने ।

६, सहकारी ऐन २०७४ को परिभाषा संघसंस्था भन्ने बुँदालाई आधार मानेर प्रारम्भिक सहकारी संस्थाको कुशल नेतृत्व संघको नेतृत्वमा स्थापित हुने तथा संघहरुको कुशल नेतृत्वले महासंघको नेतृत्व गर्ने असल अभ्यासलाई रोक्न खोजेको देखिएकोले प्रारम्भिक संस्था र कुनै पनि एक संघको नेतृत्वमा रहने, जिल्ला र केन्द्रीय संघ हुदै महासंघको नेतृत्वमा रहने गरि सहकारी ऐनमा प्रष्ट व्यवस्था हुनुपर्ने ।

७, नयाँ राष्ट्रिय सहकारी नीति तर्जुमा गरी गन्तव्य र प्राथमिकता निर्धारण गर्नुपर्ने ।

८, संघ, प्रदेश र स्थानीय तहका सहकारी ऐन, नियमावली तथा कार्यविधीहरुमा एकरुपता कायम गर्दै सहकारी संस्था दर्ता, नियमन, अनुगमन, तालीम र प्रवर्द्धनका कार्यक्रम संचालन गर्नुपर्ने ।

९, राज्यको आडमा सहकारीमा गलत मनसायले अपचलन तथा दुरुपयोग गर्ने सञ्चालक, सदस्य, नियामक निकाय तथा संस्थाका कर्मचारीलाई सहकारी ऐन बमोजिम निर्मम कारवाहिको व्यबस्था कार्यान्वयन हुनुपर्ने ।

१०, सहकारी अभियानले गलत प्रबृति र पात्रको ढाकछोप तथा संरक्षण गर्न नहुने ।

११, समस्याग्रस्त संस्थाहरुमा विद्यमान अवस्थामा सञ्चालकहरु जेलमा, कर्मचारी फरार वा लुकेर बस्नुपर्ने, सदस्य बचत फिर्ताको माग राखी सडकमा, सहकारीका कार्यालयहरु बन्द, ऋणीहरु आनन्दमा देखिन्छन त्यसकारण बचत तथा ऋण सहकारी संस्थाहरुमा देखिएका समस्याको न्युनिकरणका लागि तत्काल संस्थाको वर्गिकरण गरि आवश्यक नीति अंगिकार गर्नुपर्ने ।

क) समस्याग्रस्त सहकारी : आवश्यक कानुनी कारवाही गरी सदस्यको बचत फिर्ताको प्रवन्ध गर्ने, दोषिलाई कारवाहिको दायरामा ल्याई संस्थाको कार्यालय नियमित सञ्चालन गर्ने वातावरण बनाई ऋण उपभोग गर्नेबाट नियमित असुलि गर्ने र बचतको अपचलन वा दुरुपयोग गर्नेको सम्पत्तिबाट सदस्यको बचत फिर्ताको प्रवन्ध गर्ने ।

ख) समस्याउन्मुख सहकारी : यस प्रकारका सहकारीहरुलाई राज्य र अभियानले आवश्यक सहजिकरण र संरक्षण गरी सवल बनाउने ।

ग) असल सहकारी : यस प्रकारका सहकारीहरुलाई प्रोत्साहन र प्रवर्धन गर्ने ।

१२, राज्य र सहकारी अभियानले सहकारी शिक्षा र प्रशिक्षणको माध्यमवाट सदस्यहरुलाई सिद्धान्त र मूल्य मान्यता प्रति जागरुक बनाउदै आन्तरिक सुशासन र नियन्त्रण प्रणाली स्थापना,

१३, सहकारी अभियानका विरुद्ध ऋणी सदस्यहरुलाई ऋण नतिर्न उक्साउने वा अफवाह फैलाउने माथी कडा कानुनी कारवाही गर्नुपर्ने ।

१४, सहकारी क्षेत्रमा कार्यरत कर्मचारी प्रशासन सहकारी बुझेको हुनु जरुरी रहेकोले निजामती कर्मचारी सहकारी सेवाको शुरु गर्नुपर्ने ।

१५, अस्वस्थ प्रतिस्पर्धाको नियन्त्रण, व्यवसायिक कारोवारमा वृद्धि र संचालन खर्च घटाई सवल सहकारी निर्माणको लागि सहकारी संघसंस्थाहरुको एकिकरण जरुरी छ यसका लागि राज्यले आवश्यक प्रोत्साहन प्याकेजको व्यबस्था गर्नुपर्ने ।

१६, बचत तथा ऋण सहकारीहरुका लागि वित्तिय सहकारी ऐन जारी हुनुपर्ने ।

१७, सहकारी उद्योगको स्थापनामा सरकारको सहभागिता तथा सहजिकरण गर्नुपर्ने ।

१८, सरकार-सहकारी-नीजि (PCP) क्षेत्र साझेदारी कार्यक्रमको अवधारणा कार्यान्वयन गर्नुपर्ने ।

१९, सरकारका कार्यक्रम तथा बजेटबाट सहकारी मार्फत उत्पादन , रोजगारी र गरिवी न्यूनीकरण जोड दिनुपर्ने २०, सार्वजनिक वितरण प्रणालीमा सहकारी संयन्त्रको धेरै भन्दा धेरै प्रयोग गर्नुपर्ने ।

२१, सहकारी परियोजनाको खोजी, पहिचान र छनौट र जिम्मेवारी दिनुपर्ने ।

२२, सहकारी संघहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गनुपर्ने ।

२३, सहकारी बजार स्थापना, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि सरकारको सहजिकरण र सुलभ कर्जाको व्यबस्था हुनुपर्ने

२४, गरिवीको रेखामुनी रहेका वर्गहरुलाई सहकारीको सेवाभित्र पार्ने नीति निर्माण गरिनुपर्ने ।

२५, सहकारीका उद्देश्य, आदर्श, मूल्य, मान्यता र दर्शनबाट विचलित सिमित सहकारीका कारण समग्र सहकारी र अभियानमाथी भएका सुनियोजित आक्रमणलाई राज्य तहबाट प्रतिबाद गर्नुपर्ने ।

२६, सहकारी ऐन २०७४ अनुसार सहकारीमा आयकरको दर निर्धारण गरिनुपर्ने ।
२७, राज्यका सार्वजनिक निकायहरुमा सहकारीको उपस्थितीलाई अनिवार्य गरिनुपर्ने ।

२८, स्थानिय सरकारहरुले विकास साझेदारको रुपमा सहकारीलाई अपनाउनु पर्ने ।

खण्ड ग

सहकारी सम्वन्धमा निति निर्माण तहवाट आगामी दिनमा गर्नुपर्ने कामहरु :

सहकारी क्षेत्रले श्रम, सीप, प्रविधि, पुँजीलाई एकत्रित गरी उत्पादन उत्पादकत्व र रोजगारी अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्दछ। वित्तीय पहुँच विस्तार र आर्थिक सामाजिक समावेशीकरण , उद्यमशीलता विकास मार्फत रोजगारी, उपभोक्ता हितको प्रवर्द्धन, आन्तरिक उत्पादनमा बढोत्तरी मार्फत आर्थिक परनिर्भरता कम गर्न तथा सामाजिक रूपान्तरण र समन्यायिक विकासमा सहकारीको महत्वपूर्ण भूमिका र समाजबाद स्थापनाको आधार तयार गर्न समेत सहकारीको महत्वपूर्ण भूमिका रहने हुँदा अबका दिनमा सहकारीको प्रवर्द्धन र विकास गर्न स्पष्ट दृष्टिकोणका साथ अगाडि बढ्न आवश्यक छ। सरकारले आगामी कार्यभारका रुपमा सहकारी क्षेत्रका निम्न अनुसारका कार्यलाई अगाडि बढाई व्यवस्थित गर्नु आवश्यक हुन्छ।

- सहकारी क्षेत्रले सञ्चालन गर्ने व्यवसायहरूका लागि राज्यबाट उत्पादन, प्रशोधन, भण्डारण , बजारीकरणको लागि सहुलियत कर्जा प्रदान गर्न नीतिगत व्यवस्था मिलाउने।
- नागरिकहरुलाई उत्पादक सहकारीमा आबद्ध गरी स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रेरित गर्नु पर्ने ।
- सरकारहरुले अगाडी सारेका 'एक घरः एक रोजगारी' तथा ".एक वार्ड एक उत्पादन" कार्यक्रमलाई सुनिश्चित गर्न कार्ययोजना तयार पार्ने।
- सहकारीलाई पनि बैंक तथा वित्तीय संस्थाहरुलाई झैं विद्युतिय प्रविधिमा सहकारीको पहुँच स्थापित गर्न तथा सम्पूर्ण डिजिटलाइजेशन काम गर्न पाउने गरीको कानुनी व्यवस्था मिलाउन पहल गर्ने ।
- समयानुकुल ऐन तथा नियमावली संसोधन तथा परिमार्जन गर्ने,
- एकिकृत सहकारी ऐन निर्माण गरी वित्तिय सहकारी ऐन तथा सहकारी बैंक ऐनलाई समेत समाबेश गर्ने।
- वित्तीय पहुँच नपुगेको ठाउँमा सहकारीहरुको स्थापना र बढि भएका ठाउँमा एकिकरणलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने।
- सहकारीहरुको प्रबर्द्धन र संवर्द्धन गर्न क्षमता तथा विकासका लागि बजेटको प्रबन्ध गर्ने।
- .सहकारीको अनुगमन तथा नियमनको विशेष प्रबन्ध गर्न छुट्टै वलियो संयन्त्रको विकास गर्ने।
- चाक्लाबन्दी सहकारी खेति, गोदाम निर्माण, शित भण्डारण निर्माण, कृषि र पशुजन्य पदार्थको उत्पादन, प्रशोधन तथा यन्त्रउपकरणमा अनुदान सहयोगको व्यवस्था मिलाउने।
- सहकारीहरुको प्रत्यक्ष संलग्नतामा जैविक तथा रासायनिक **मल कारखाना** सञ्चालन गर्न शेयरमा लगानी तथा अनुदानको व्यवस्था मिलाउने।
- सहकारी उद्योग ,तथा व्यवसाय खोल्न बाधक ऐनहरुको पहिचान गरी संसोधन गर्ने तथा सहकारी उद्यमकै रुपमा स्थापना गर्न जोड दिने ।

- कर्जा सूचना केन्द्र ,कर्जा असुलि न्यायधिकरण, बचत तथा कर्जा सुरक्षण कोष र स्थिरिकरण कोष तथा सहकारी प्रबर्द्धन कोषलाई प्रभावकारी ढङ्गले स्थापना र सञ्चालन गर्ने ।

- सहकारीमा लाग्ने करलाई सहकारी ऐनमा व्यवस्था भए बमोजिम कार्यान्वयन गर्न ।

- सहकारीमा काम गर्ने कर्मचारीहरुलाई प्रविधि र आधुनिकतामा आधारित अनिवार्य तालिम शिक्षा प्रदान गरी प्रभावकारी बनाउने ।

- सहकारी क्षेत्रलाई सरकारले प्राथमिकतामा राखि नीति निर्माण तहमा सहकारीको पहुँच बृद्धि गर्न सहकारी क्षेत्रबाट प्रतिनीधि छान्ने व्यवस्था मिलाउने ।

- सबै विश्व विद्यालयका विभिन्न तहमा सहकारीको पाठ्यक्रम तयार गरी लागु गर्न पहल गर्ने र छुट्टै सहकारी विश्व विद्यालय स्थापनाका निम्ति पहल गर्ने ।

- सहकारी विश्वविद्यालय स्थापना गर्ने ।

- सहकारी ऐनको व्यवस्था अनुशार अन्तर सहकारी कारोवारको व्यवस्था कार्यान्वयनका सन्दर्भमा वस्तु तथा सेवाको कारोवारका अलावा उत्पादनशिल कार्यका लागि पुँजी आवस्यक हुने सन्दर्भमा विशिष्टिकृत सहकारी संघको हकमा सदस्य संस्थावाट संघले पनि कर्जा लिई पूँजी प्रयोग गर्न सक्ने नितिगत व्यवस्था राख्नु अनिवार्य देखिन्छ ।

- कृषि, वन जस्ता मन्त्रालयहरूमा प्राविधिक व्यक्ति बाहेक अन्य व्यक्तिहरु मुख्य जिम्मेवारीमा कर्मचारीका रूपमा रहन नमिले जस्तै सहकारीमा पनि कम्तिमा सचिव, सहकारी हेर्ने उप सचिव, सहकारी शाखा प्रमुख, रजिष्ट्रार, दर्ता अधिकारी आदी पदहरुमा (संघ, प्रदेश र पालिकामा) सहकारी बुझेका वा त्यसै क्षेत्रमा लामो अनुभव भएका व्यक्तिहरु मात्र आउनुपर्ने कुरालाई नीतिगत रुपवाट नै व्यवस्था गरौं ।

- पालिकाभित्र रहेका तीनवटै तह अन्तर्गत दर्ता गरिएका सहकारी संस्थाहरूलाई वर्षमा कम्तिमा २ पटक अनुगमन टिम पुग्ने गरि एक स्थानिय अनुगमन संयन्त्र विकास गर्ने । जसमा वार्ड अध्यक्ष वा निजको प्रतिनिधिको संयोजकत्वमा कर्मचारीबाट १ जना, विज्ञ/प्राविधिक १ जना र कानुनी व्यवस्था भै स्थापना भए पालिका सहकारी सङ्घवाट र सो नभएको अवस्थामा जिल्ला सहकारी सङ्घको सिफारिसमा सहकारी अभियन्ताहरु मध्यवाट १ जना गरी जम्मा ४ जनाको एक अनुगमन समिति निर्माण गरौं ।

- ठूलाठूला उद्योग व्यवसाय सहकारी मार्फत सञ्चालनका लागि विशिष्टिकृत सहकारी सङ्घको मोडेल उपयुक्त छ । तर यसको संचालन पूँजीगत स्रोत व्यवस्थापन जस्ता विषयमा स्पष्ट नितिगत व्यवस्था हुनुपर्ने,

- वचत तथा ऋणका सहकारी संस्थाहरु वाहेकका अन्य सहकारी संस्थाहरुको हकमा वचत तथा ऋणको कारोवार वाहेक अन्य कारोवारको सम्वन्धमा विशिष्टिकृत सहकारी संघद्धारा संचालन गरिने उद्योग व्यवसायमा गरिएका लगानीलाई पनि कारोवारमा गणना गर्ने नितिगत व्यवस्था आवस्यक हुने ।

- नेपाल सरकारको सहयोगमा राष्ट्रिय सहकारी विकास बोर्ड मार्फत आवश्यक अध्ययन अनुसन्धान गरी नेपालको भूगोल अनुकूलका कम्तिमा १० वटा परियोजनाहरू छनौटगरि परियोजना प्रस्ताव तयार

गरेर भौगोलिक बनावट अनुसार प्रदेशगत रुपमा परियोजना सञ्चालन गर्न सहकारी संस्थाहरुलाई आह्वान गरौं । यस्ता परियोजनाहरूमा सरकारबाट सहुलियत कर्जा सहित पुर्वाधार विकासमा केही प्रतिशत अनुदान दिएर प्रारम्भिक सहकारी वा विशिष्टिकृत सहकारी संघ मार्फत सहकारीहरुको लगानीमा नमुना परियोजनाहरु सञ्चालन गरौं ।

- कृषि क्षेत्रको उत्पादन प्रशोधन भण्डारण र बजारीकरणका लागि पूर्वाधार विकासमा कम्तिमा ३० देखि ४० प्रतिशत अनुदान तथा बाँकी ५०% सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने ।
- कृषि र पशुपालनजन्य कारोबार (उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण आदी) लाई सहकारीकरण नै गरेर सहुलियत कर्जा र पुर्वाधार विकासमा अनुदान मार्फत युवाहरुको आकर्षण वढाई उत्पादन र रोजगारीमा वृद्धि गरौं ।
- सहकारी संस्थाहरूसँग रहेको प्राथमिक पुँजीकोषको रकमलाई सहकारी संस्था स्वयंले वा विशिष्टिकृत सहकारी सङ्घको मोडेलबाट कृषि लक्षित उत्पादन प्रशोधन, भण्डारण र बजारीकरणमा सहजतापूर्वक पुँजी लगानी गर्ने कानुनी व्यवस्था गर्नुपर्ने,
- संचालकको नियतवाट अप्ठ्यारोमा परेका वा वचत र शेयर फिर्ता गर्न नसकेका संस्थाहरूको हकमा संस्थामा रहेको सम्पत्ति र अप्ठ्यारो पार्ने संचालकहरूको सम्पत्ति रोक्का गरी कानुनी प्रकृया पुरा गरेर सोको विक्रिवाट बाट नै बचत र शेयर रकम फिर्ता गर्नुपर्ने हुन्छ ।
- जसका लागि सहकारी कानुनमा गरिएको व्यवस्था वमोजिमको सरकारी संयन्त्रको नियन्त्रणमा रहने गरी संस्थाका अन्य शेयर सदस्यहरुको भेला गरि संचालक समितिको निर्वाचन गरेर वा सो सम्भव नभए एक सहजिकरण समिति गठन गरेर सम्भव भए सम्म संस्था सञ्चालनमा ल्याउने कार्यलाई प्राथमिकता दिनु पर्ने ।
- तर संचालकको नियतवाट नभै काम गर्दा गर्दै सानो तिनो लापरवाही वाट अप्ठ्यारोमा परेका वा वचत र शेयर फिर्ता गर्न नसकेका संस्थाहरूको हकमा संस्थामा रहेको सम्पत्तिका साथै संचालकहरुको सम्पत्ति धितो राखी सहकारी वैक वा अन्य निकायवाट कर्जा लिएर बचत र शेयर रकम फिर्ता गर्नुपर्ने हुन्छ ।
- साथै संचालक वदलेर संस्था समेत संचालनमा ल्याउनु पर्छ र संस्थाको उठ्न बाँकी अन्य सहज कर्जाहरू समेत अशुली गर्ने कार्यलाई पनि अगाडी वढाउनु पर्छ ।

समाप्त

अनसुचि २

सहकारी ऐनमा संसोधन गर्नुपर्ने बुदा र समेट्नुपर्ने विषयहरु

१, संरचना (विद्यमान सबैधानिक व्यबस्था अनुसार, स्थानिय तहमा संघगत अवधारण, जिल्ला संघहरुको व्यबस्थापन वा निरन्तरता, व्यबस्थापकीय दृष्टिकोण र समयसिमा)
२, संस्था र संघको स्पष्ट परिभाषा र जिम्मेवारीको स्प्ष्ट व्यबस्था
३, दोहोरो सदस्यताको व्यबस्था अन्त्यको सम्भावना देखिदैन तर मुख्यत कर्जाको उपभोग कुनै पनि एक संस्थामा मात्र सिमित गर्ने व्यबस्था लागुगर्न उपयुक्त हुने । (लघुवित्त वित्तिय संस्थाको व्यबस्था अनुकुल)
४, सञ्चालक वा एकाघरपरिवारका ले कर्जा लिन नपाउने व्यबस्था गर्नुपर्ने ।
५, सदस्य बनेको ३ महिना पछि मात्र कर्जा उपभोग गर्न पाउने व्यबस्थाले गरिव तथा निमुखा वर्गलाई आकस्मिक खाँचो टार्न समस्या हुनेहुदाँ हटाउनुपर्ने ।
६, सञ्चालन वा नियन्त्रण कार्यविधि सञ्चालक समितिले लागु गरी साधारणसभाबाट अनुमोदन गराउनु पर्ने व्यबस्था गर्नुपर्ने ।
७,
८, स्वास्थ्य सहकारी संस्थामा अन्य विषयका प्रारम्भिक सहकारी संघसंस्थाले शेयर गरिद गर्न पाउने व्यबस्था खारेज गरी विशिष्टकृत संघको अवधारणामा जानु पर्ने ।
९,
१०, प्रतिनिधित्व गर्ने संस्थाले प्रतिनिधी हटाएमा संघको जिम्मेवारीमा रहने वा नरहने ऐनमा नै व्यबस्था गरी जानु पर्ने
११, मुख्य व्यबसाय र बहुउद्देश्यीय बिषयगत सहकारीको कारोबारका बारेमा प्रष्ट व्यबस्था हुनुपर्ने
१२, सन्दर्भ व्याजदर हटाई बैज्ञानिक रुपले आधार दर कायम गरी थप प्रिमियम सहितको व्याजदर कायम गर्ने व्यबस्था गर्नुपर्ने
१३, सञ्चालक समिति वा मुख्य कर्मचारीको सम्पत्ति घोषणा गर्नुपर्ने व्यबस्था गर्नुपर्ने ।
१४,कोषहरुको व्यबस्थामा पुनर्विचार गर्नुपर्ने, जगेडा कोष संस्थालाई आयकर राज्यलाई र बाकि सदस्यलाई हुने गरी निर्धारण र व्यबस्था गर्नुपर्ने
१५, कर्मचारी बोनस ऐन अनुसार कर्मचारी बोनस को व्यबस्था गर्नुपर्ने
१६, सहकारीको रकम दुरुपयोग गर्नेलाई राज्यका सेवासुविधाबाट बञ्चित गर्दै राजनितिक नियुक्ति तथा कुनै पनि सामजिक तथा राजानितिक जिम्मेवारीमा उम्मेदवार बन्न नपाउने व्यबस्था गरिनुपर्ने ।
१७, स्थिरीकरण कोषको बारेमा सबै वित्तिय सहकारी समेट्ने गरी ऐनमा नै स्पष्ट व्यबस्था सहित आउनु पर्ने
१८, प्रवर्द्धन कोषको बारेमा प्रष्ट व्यबस्था हुनुपर्ने,
१९, परिच्छेद १४ को कालो सुचि, कर्जा सुचना केन्द्र, कर्जा असुलि न्यायधिकरण, रोक्का राख्न लेखि पठाउन सक्ने, अग्राधिकार रहने आदिको तुरुन्तै कार्यान्वयनमा लैजानै गरी संशोधन गर्नुपर्ने ।
२०, तोकिए बमोजिम हुने छ भन्नेलाइ ऐनमा नै अनुसुचि निर्माण गरी जारी गर्ने

२१, संघले अनुगमन गर्न सक्ने व्यबस्थामा केही कारवाहीको प्रावधान अधिकार प्रत्यायोजन गर्नुपर्ने, (सचेत पत्र काट्ने वा सञ्चालक समितिको बैठक बोलाई छलफल गराउन सक्ने, आदि अन्य केही)
२२, बचत तथा ऋण सुरक्षण कोषको व्यबस्था मिलाउन कानुनी सशोधन आवश्यक भए सोहि बमोजिम गरी लागु गर्ने
२३, समस्याग्रस्त समितिको गठनको व्यबस्थालाई केन्द्रिय तहमा मात्र सिमित गर्नुपर्ला, प्रदेश, स्थानिय तहले सम्भव कार्यान्वयन र नतिजामुलक काम गर्न सक्ने देखिदैन
२४, कार्यक्षेत्र, सेवा केन्द्र बिस्तार आदिका बारेमा कानुनमा नै प्रष्ट व्यबस्था हुनुपर्ने

२५, सहकारी प्राधिकरणको गठन स्वायत्त र स्वतन्त्र विज्ञको नेतृत्वमा गठन हुने व्यवस्था गर्नुपर्ने
२६, सम्पत्ति शुद्धिकरण सम्बन्धि व्यवस्था ऐनमा नै गरेर जानुपर्ने
२७, वित्तिय सहकारी ऐन जारी नहुँदा सम्म सहकारी ऐनमा वित्तिय सहकारीको छुटटै परिच्छेदहरुमा समेट्नु पर्ने ।
२८, सहकारी सम्बन्धि अफवाह फैलाउने माथि कारवाहि हुने व्यवस्था ऐनमा गर्नुपर्ने ।
२९, संस्थाको संस्थागत पुजि न्युनतम ५ प्रतिशत नभएसम्म लाभांश वितरणमा रोक लगाउनुपर्ने ।
३०, कर्जा नोक्सानी व्यवस्थालाई परिमार्जन गर्नुपर्ने (१,३५ १०० लाई समयसापेक्ष नयाँ परिभाषित व्यवस्था गर्नुपर्ने)

संसारका मजदुरहरु - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
Long Live Marxism -Leninism -Maoism !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
Communist Party of Nepal (Maoist Centre)

केन्द्रीय कार्यालय
Central Office

पत्र संख्या- २०८१/८२

चलानी नं- ०७

मिति: २०८१/०४/२१

माननीय सभापति ज्यू

"सहकारी तथा बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति"

संसद सचिवालय, सिंहदरबार काठमाडौ

विषय: सुझाव पठाइएको बारे ।

उपरोक्त सम्बन्धमा त्यस छानविन बिशेष समितिबाट पठाइएको पत्र प्राप्त भई ब्यहोरा अवगत भयो । सो सम्बन्धमा हाम्रो पार्टीको दृष्टिकोण तथा सुझाव यसै पत्र साथ संलग्न गरी पठाइएको छ ।

१. प्राप्त पत्रमा छानबिन समितिको कार्यक्षेत्र निश्चित गरिएको छ ।

क. मा, सहकारीको वित्तीय प्रणालीको नियमन सुपरिवेक्षण र पारदर्शिताको अध्ययन गरी सुझाव दिने ।

ख. मा, बचत रकमको हिनामिना र अपचलनबारे उठेका सार्वजनिक प्रश्नहरू र निकायमा उजुरी परेका अनुसूची २ का संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रा.ली लगायत अन्य कम्पनीमा गैरकानुनी रुपमा प्रभाह भएको रकमबारे संलग्न व्यक्तिहरुबाट असुली र कानुनी कारबाही बारे सिफारिस गर्ने ।

ग. मा, दुरुपयोग भएको बचतको छिटो फिर्ता गर्न सकिने उपायबारे सुझाव दिने ।

घ. मा, पत्रको अनुसूची १ मा उल्लेखित सहकारी संस्थाहरूमा बचतकर्ताको बचत रक्षा र फिर्ताको स्थिति र फिर्ताको उपायबारे सुझाव दिने भन्नेमा कार्यक्षेत्र सिमित गरिएको छ ।

समग्र सहकारीमा देखापरेका समस्या, तिनका कारण र चरित्र, सहकारी क्षेत्रलाई परेको दुष्प्रभाव, जिम्मेवार निकायहरू, संविधानको लक्ष र कार्यान्वयनमा देखिएका त्रुटिहरू, नियत र उपेक्षाहरू, संविधान बमिजिम लक्ष पूरा गर्न गरिनुपर्ने आवश्यक कानुनी प्रक्रिया र पद्धतिमा देखा परेका प्रभावहरु सच्याउन आवश्यक नीतिगत, कानुनी तथा संरचनागत परिवर्तन तथा पुनरसंरचना बारे दिइने सुझावको दायरा निर्माण गर्ने भन्दा तल विद्यमान कानुनी व्यवस्था र संरचनावाट हल खोज्ने भन्दा विरोध वा समर्थनको राजनीतिक अभिष्ट पूर्ति गर्ने उद्देश्य बढी देखिन्छ । त्यसैले अहिले देखापरेको समस्याको समाधान दिन सक्ने अवस्था देखिँदैन । यसमा

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स : ९७७-१-४६१२२८९
Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org

संसदीय निकाय, सरकार, सरोकारवाला र सहकारी विज्ञ (स्वार्थ नबाझिने) अधिकार सम्पन्न उच्चस्तरीय समितिद्वारा अध्ययन तथा छानबिनद्वारा वैधानिक हैसियत राख्ने निर्णय आवश्यक पर्ने देखिन्छ ।

२. वर्तमान संविधानको प्रस्तावना संविधानको मूल पक्ष हो । संविधानको प्रस्तावनाले वर्तमान प्रणाली र अर्थव्यवस्थालाई समाजवाद प्रति प्रतिबद्ध रहने निश्चित गरेको छ भने संविधानको धारा ५० र ५१ मा समाजवाद तथा सहकारीको अनिवार्य भूमिका उल्लेख गरिएको छ । त्यसको कार्यान्वयन मुख्य प्रश्न हो ।

३. पार्टीको सहकारी सम्बन्धी मुख्य दृष्टिकोण निम्न रहेको छ ।

क. आजको समाज व्यवस्थामा राज्यको अधिकार दायित्व प्रमुख हुन्छ । भोजन, आवास, शिक्षा, स्वास्थ्य, रोजगारीको सुनिश्चितता राज्यको अनिवार्य दायित्व भित्र पर्दछ । समाजवाद सामाजिक न्याय सहितको स्वस्थ्य, शिक्षित, समुन्नत एवं समृद्ध वैज्ञानिक समाजको परिकल्पना हो ।

ख. वर्तमान संविधान जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, लैंगिक तथा अन्य अधिकार र पहिचानका आन्दोलनको भावना समेटिएको सम्झौताको संविधान हो । संघीयता, गणतन्त्र, समावेशी-समानुपातिक प्रतिनिधित्व प्रणाली, धर्मनिरपेक्षता, संवैधानिक आयोगहरु, अकुण्ठित मौलिक अधिकार, समाजवादप्रति प्रतिबद्ध तथा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रका विकास गर्ने संविधानको मूल चरित्र हुन् ।

ग. संविधान अनुसार सार्वजनिक निजी र सहकारी तीनखुट्टे मिश्रित आर्थिक नीति नै अहिले देशको अर्थनीति मानिएको हो ।

घ. सरकारको आर्थिक नीतिमा राष्ट्रिय साझा एवं मानवतावादी दृष्टिकोण, निजी क्षेत्र-मुनाफामुखी र सहकारी सहयोगात्मक, सामाजिक न्यायमुखी सामूहिक उत्पादन र न्यायिक वितरणमा जोड दिने आर्थिक प्रणाली रहेकोले सहकारी अभियान समाजवादको भ्रुण मानिएको हो ।

४. सहकारी क्षेत्रमा समस्या पैदा हुनुमा निम्न कारणहरू देखिन्छन् ।

क. अवधारणागत सिमितताको अस्पष्टता

ख. नियतमा खोट

ग. राज्यको निकाय र दायित्व

घ. सञ्चालक, बचतकर्ता तथा ऋणीको मनोविज्ञान

ङ. दल, नेता तथा 'सहकारी अभियन्ता'

च. पारिस्थिति जन्य समस्या

छ. कानुनी मापदण्ड र दर्ता प्रक्रिया ।

५. निदानको बाटो पनि रहेको छ:-

क. सहकारी सिद्धान्तको इमानदारीपूर्वक पालना गरे/नगरेको ।

ख. सहकारीको वर्गीकरण एवं व्यावसायीकरण

ग. संविधान कार्यान्वयन

घ. उत्पादक शक्ति र उत्पादन सम्बन्धमा तथा न्यायिक वितरण खाका

ङ. भू-राजनैतिक अवस्था र हाम्रो अस्तित्वका बजार अर्थतन्त्रको प्रभावबाट मुक्त गर्ने

च. नीति नियम, कानुन र संरचनामा परिवर्तन

छ. चेतना अभिवृद्धि

ज. राज्यको भूमिका

झ. प्राधिकरण निर्माण

ञ. संघात्मक प्रणाली अनुसार पुनर्परिभाषा

ट. सबै सहकारीको ब्यालेन्स सिट निर्माण र पुनर्ताजकिकरण

ठ. तरलताको आधारमा वर्गीकरण

ड. समस्याग्रस्त घोषणा भएका घोषणा उन्मुख र स्वयं परेका वर्गीकरण तथा अन्य

ढ. स्वायत्तता र नियन्त्रणको सन्तुलन मिलाउने जिम्मेवारी राज्यको हो र जनताको जीवन र सम्पत्तिको रक्षक पनि राज्य हो । तसर्थ, अल्पकालीन एवं दीर्घकालीन समाधानको उपाय राज्यले नै गर्नुपर्ने हुन्छ ।

ण. तत्काल गर्नुपर्ने भनि निम्न सुझाव प्रस्तुत गरिएको छ ।

<u>समस्या समाधानका लागि तुरुन्तै गर्नु पर्ने ।</u>

मौजुदा ऐन तथा नियमावली लाइ कार्यान्वयन गर्ने

१. सहकारी ऐन २०७४ को दफा ८२२ सहकारी नियमावली २०७५ को परिच्छेद- १० मा व्यवस्था भएबमोजिमको एक कर्जा असुली न्यायधिकरणको गठन गर्नु पर्दछ । यसको गठन र कार्यसम्पादनमा ल्याउन यसको कार्यविधि बनाउनुपर्ने हुँदा आजै बाट कार्य सुरु गर्न बैंक तथा वित्तीय क्षेत्रको कर्जा असुली न्यायधिकरणलाइ नै जिम्मेवारी तोकिदिने गरि मन्त्रिपरिषद बाट निर्णय गराई कार्य अघि बढाउने ।

२. सहकारी ऐन २०७४ को दफा ८१२ सहकारी नियमावली २०७५ को नियम ३७ अनुसार को सहकारी कर्जा सूचना केन्द्र को स्थापना गर्ने । यसको गठन नभइन्जेल सहकारी क्षेत्रको यो कार्य पनि हेर्नका लागि बैंक तथा वित्तीय हरुको कर्जा सूचना केन्द्र को रुपमा रहेको कर्जा सूचना केन्द्रलाई जिम्मेवारी तोक्ने । उक्त कर्जा सूचना केन्द्रको सदस्य हुनका लागि राष्ट्र बैंक बाट स्वीकृती प्राप्त संस्था भन्ने रहेकोमा सो लाइ संसोधन गरि यस कर्जा सूचना केन्द्रमा सदस्य हुन प्रचलित कानुन अनुसार बचत तथा ऋण को कारोबार गर्न अनुमति प्राप्त निकायहरु भनी परिभाषित गर्ने ।

३. सहकारी ऐन २०७४ को दफा ८० तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३८ अनुसार व्यवस्था गरिएको कर्जा सूचना केन्द्र बाट सहकारी संघ संस्था हरुबाट ऋण लिई रकमको

अपचलन गरेका वा भाखाभित्र ऋणको सावा व्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेसी सहित कालोसूची प्रकाशन गर्ने ।

४. सहकारी ऐन २०७४ को दफा ८१ र सहकारी नियमावली २०७५ को परिच्छेद १२ अनुसारको सहकारी बचत तथा कर्जा सुरक्षण कोषको तत्काल स्थापना गर्ने । ऐन मा यसलाई बिशिष्टिकृत सहकारी संघ को रुपमा राखिएको छ सो लाइ परिमार्जन गर्न जरुरि छ ।

कार्यवाही गरेर जनतामा बिस्वाश जित्न गरिहाल्नु पर्ने कार्यः

५. हाल समस्याग्रस्त भनि घोषणा भएका वाहेक ठूलो परिमाणमा बचत परिचालन गरेको आधारमा, बचत अपचलन भएको भन्ने उजुरीको आधारमा, संचालक, ऋणी, संचालक सदस्यले के कस्तो भूमिका निर्वाह गरे भन्ने आधारमा सहकारी को बर्गिकरण गर्नु पर्दछः-

क. संचालक बदमास भएर समस्यामा परेका

ख. ऋणी बदमास भएर समस्यामा परेका

ग. संस्थाले कानुन मिचेर समस्यामा परेका

घ. सुशासनमा रहदा रहदै माथिका चापको सेयर धनी तथा बचतकर्तामा परेको मनोवैज्ञानिक कारणले

ङ. व्यवस्थित, पारदर्शी र सुचारु भैरहेका सहकारीहरू

६. सहकारी संस्थाहरुको बर्गिकरण गरि सार्बजनिकीकरण गरिनु पर्दछ । यस्ता संस्थाहरुको बर्गिकरणको लागि एक समिति निर्माण गरी सो बाट यथाशिघ्र बर्गिकरण सक्नु पर्दछ ।

७. संस्थाहरु सुसाशनमा नरहेको कारण तथा बचत कर्ताको बचत सुरक्षित नरहेकोले यस्ता संस्थाहरुलाइ कारवाहीमा ल्याउन उक्त संस्थाबाट ऋण लगि ऋण नतिर्ने ऋणीहरुलाई सावा ब्याज सहित ऋण तिर्न तथा सहकारीको पुँजी अपचलन गर्ने कर्मचारी तथा संचालकलाइ यथाशिघ्र संस्थामा रकम जम्मा गर्न सरकारको तर्फबाट सार्बजनिक ताकेता गर्ने निश्चित अवधि तोकी उक्त समय भित्र ऋण नतिरे वा रकम जम्मा नगरे त्यस्ता संस्थाका सम्बन्धित संचालक तथा जिम्मेवार रहेका कर्मचारीहरुलाई सरकारी सेवा तथा सुबिधा बाट बन्चित गर्ने, पासपोर्ट जफत गर्ने, निज तथा निजको चल अचल सम्पति बेचबिखनमा रोक लगाउने काम यथाशिघ्र गर्नु पर्दछ । यस्तो सुविधाबाट सम्बन्धित संस्था वा संघलाइ पनि बन्चित गरिनु पर्दछ ।

८. सहकारी संघ संस्थाहरु ठूलो वा सानो परिमाणमा बचत संकलन तथा व्यवसाय संचालनका लागि पुँजी परिचालन गर्ने हुने हुँदा यस्ता संघ-संस्थाहरुको नियमन वित्तीय तालिम प्राप्त दक्ष जनशक्तिबाट गरिनु पर्दछ । यसका वित्तीय नियम हरुको जानकार व्यक्तिहरुबाट हुनु पर्दछ । तसर्थ, यस्तो नियमन तथा अनुगमन स्थायी प्रकृतिको कर्मचारीहरु रहने निकाय बाट गरिनु पर्दछ । निजामती प्रशाशनिक कर्मचारीहरु जो सरुवा हुन कुनै समयनै थाहा नहुनेहरु बाट गुणस्तरीय अनुगमन तथा नियमन हुनै सक्दैन । त्यस कारण यस प्रकारको निकायको स्थापना गरिनु पर्दछ। यसको लागि प्रयाप्त भौतिक पूर्वाधार

सहितको राष्ट्रिय सहकारी बिकास बोर्डलाऐ रुपान्तरण गर्ने र त्यसका लागि आवश्यक श्रोत साधनको व्यवस्था गर्नुपर्छ । त्यसका यसको लागि राष्ट्रिय सहकारी बिकास बोर्ड ऐन २०४९ संशोधन सहित सहकारी ऐन २०७५ मा समेत केहि दफा संसोधन गरिनु पर्दछ ।

९. पुनर्संरचना गर्दा बिभागलाइ, राष्ट्रिय सहकारी बोर्ड तथा समस्याग्रस्त सहकारी समाधान समितिलाइ गाभेर एक अधिकार सम्पन्न मन्त्रिपरिषद् मातहत सहकारी बिकास प्राधिकरण बनाउने र प्रवर्धन र नियमनको जिम्मा मन्त्रिपरिषद् मातहत राख्ने । मन्त्रालयमा सहकारी महाशाखा बनाइ समन्वय र जनशक्ति को व्यवस्था गर्ने ।

१०.नियतजन्य उद्देश्यले सहकारी सिद्धान्तको अवज्ञागरी निक्षेप रकमको अपचलन गरेका सहकारी सञ्चालकलाई कानून, दण्ड जरिवानाका साथै जुनसुकै स्रोतबाट बचतकर्ताको रकम सरकारद्वारा फिर्ता गराउने । रकम अपचलन गरेवापत सञ्चालकलाई जेल सजाय भुक्तान गर्दा रकम मिनाह हुने व्यवस्थाको खारेज गर्ने र एक वर्ष सम्मका लागि बचत फिर्ता गर्न कुलिङ पिरियड दिने व्यवस्था गर्ने ।

११.सहकारी अभियनलाई उद्देश्य अनुकूल व्यवस्थित सञ्चालन गर्न कानूनहरू (करिव ४७ वटा) मा संशोधन गरिनु पर्ने देखिन्छ । जनताको सम्पाति र जीवनको अन्तिम रक्षक सरकार हो । त्यसैले सरकारको निगरानी र अन्तिम स्तरमा हस्तक्षेप समेत आवश्यक पर्दछ ।

श्रीराम ढकाल
(मुख्यसचिव)
केन्द्रीय कार्यालय

परिसङ्घीय (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स : ९७७-१-४६१२२८९
Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org

दर्ता नं. १-१९०
२०८१।०२।१८

राष्ट्रिय स्वतन्त्र पार्टी
NATIONAL INDEPENDENT PARTY
केन्द्रीय कार्यालय

प.सं.: ०८१।८२
च.नं.: ०६८

विक्रम संवत् २०८१ भदौ १६ गते
नेपाल संवत् ११४४ गुंलागा चतुर्दशी

माननीय सभापतिज्यू,
सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति,
संघीय संसद (प्रतिनिधि सभा),
सिंहदरबार, काठमाडौं।

विषय: प्रतिवेदन उपलब्ध गराइएको।

उपरोक्त सम्बन्धमा त्यस समितिको मिति २०८१/०३/३० (च. नं. ३५) को पत्र प्राप्त भई व्यहोरा अवगत भई संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुबाट सहकारी प्रणाली सम्बन्धी दलको दृष्टिकोण, सहकारी क्षेत्र/संस्थाको समस्या एवं चुनौती र समस्या समाधानको लागि अवलम्बन गर्नुपर्ने उपायबारे पार्टीको अर्थ नीति विभागका प्रमुख पार्टी उपसभापति डा. स्वर्णिम वाग्लेको नेतृत्वमा पार्टीले गठन गरेको सहकारी तथा लघुवित्त सम्बन्धी अध्ययन कार्यदलले तयार गरेको **'सहकारी र लघुवित्त संस्थाहरुको समस्या समाधानका नीतिगत उपाय र योजना' सम्बन्धी प्रतिवेदन** मिति २०८१।०४।०९ मा पठाइएको व्यहोरा अवगत नै छ।

तत् पश्चात् पुन: पार्टीको सहकारी प्रणाली सम्बन्धी दलको दृष्टिकोण तयार गरी पठाइदिन अनुरोध भई आएकाले पार्टीको सहकारी विभागले तयार गरी पेश गरेको **सहकारी संस्थाका समस्या एवम् चुनौतीहरु र समस्या समाधानका उपायहरु सम्बन्धी राष्ट्रिय स्वतन्त्र पार्टीको सुझाव** यसै पत्रसाथ पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछौं।

धन्यवाद।

कविन्द्र बुर्लाकोटी
कार्यवाहक महामन्त्री

Chamati, Vanasthali, Kathmandu - 16, Nepal | +977 01 5914591, 9851360666
च:मति, वनस्थली, काठमाडौं - १६, नेपाल | +९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६
P.O Box No. 7618 | P7FX+QW Kathmandu | info@rspnepal.org | www.rspnepal.org

सहकारी संस्थाका समस्या एवम् चुनौतीहरु र समस्या समाधानका उपायहरु सम्बन्धी राष्ट्रिय स्वतन्त्र पार्टीको

सुझाव

नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तगत धारा ५० को उपधारा ३ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता तथा विकास मार्फत उपलव्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने, राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य रहेको हो।तर सो बमोजिम राज्यले कुनै पनि दृष्टिवाट सहकारीको विकासमा टेवा पुऱ्याउने ठोस कदम चालेको पाईदैन।यसैको प्रतिफल स्वरुप हाल सहकारीमा समस्याहरु देखिन थालेका छन्। सहकारीमा बचत जम्मा गर्ने सदस्यहरुको बचत रकम हिनामिना, अपचलन र अनुचित लेनदेन भएका कारणवाट बचत रकमको समेत सुरक्षा हुन नसकेको अवस्था रहेको छ।

हाल प्रचलनमा रहेको सहकारी ऐन २०७४ तथा नियमावली २०७५ लाई राजनैतिक संरक्षणमा सीमित व्यक्तिहरुको स्वार्थपूर्तिको लागि जानी जानी नियमन निकाय कमजोर र संघ र महासंघ जोडेर अव्यवहारिक बनाइयो।हाम्रो देशको अर्थतन्त्रको तीन खम्बा मध्य एउटा खम्वाको रुपमा रहेको सहकारी क्षेत्र आज समस्याग्रस्त बन्न पुगेको छ भने बचतकर्ताहरु आफू ठगिएको अनुभूति गरिरहेका छन्।सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय भएका व्यक्तिहरु, समान भौगोलिक क्षेत्रमा बसोवास गर्ने, साझा उद्देश्य भएका व्यक्तिहरुले आफ्नो उद्देश्य पुरागर्न छरिएर रहेको स सानो पूँजी एकिकृत गरी स्वावलम्वन र पारस्परिकताको आधारमा सहकारी संस्था स्थापना गरी संचालन गर्न सक्ने व्यवस्था भएता पनि सहकारी संस्थाहरु नाफामा केन्द्रीत भई सामाजिक उद्देश्यवाट विचलित भएका छन्।

सहकारी क्षेत्रको समस्या समाधानको लागि सर्वप्रथम राष्ट्रिय स्वतन्त्र पार्टीले नेपाल सरकारलाई **सहकारी तथा लघुवित्त संस्थाको संकट र समाधानका उपाय** शिर्षकको अध्ययन प्रतिवेदन समेत बुझाई सकिएको छ। सुशासन, पारदर्शिता, राष्ट्र निर्माणको भावनाले ओतप्रोत भई देशको अवस्था रुपान्तरण गर्न र सहकारी क्षेत्रको पुनर्उत्थान गर्न नेपाल सरकारबाट गठन भएको विशेष समितिले तत्काल पहल कदमी लिई निम्न कार्य गर्नुपर्नेछ भन्ने रास्वपा को स्पष्ट धारणा रहेको छ।

१. सहकारी संस्थाका समस्या एवम् चुनौतीहरु:

१.१ सहकारीको मूल्य, मान्यता विपरित संस्था संचालन हुनु: सहकारीका मूल्य, मान्यता र सिद्धान्तको बुझाई अध्यारोमा हात्ती छामेजस्तै भएको छ। सहकारीलाई सदस्यहरुको सामूहिक स्वामित्वमा अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाको रुपमा विश्वव्यापी स्वीकार्य प्रदान गरिएको छ तर स्वायत्तको बुझाईमा सहकारी संस्थाहरुमा समस्याहरु उत्पन्न हुदै गई रहेको छ।

१.२ सहकारी संस्था शहर केन्द्रीत हुनु: सहकारी आफ्ना समान आर्थिक, सामाजिक एवम् सांस्कृति आवश्यकता र आकांक्षाहरुलाई संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने संस्थामार्फत आर्थिक आवश्यकता परिपूर्ति गर्नका लागि संस्था स्थापना गरिन्छ।तर बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरु

स्थापन गर्दा जुन क्षेत्रमा सर्वसाधारण व्यक्तिहरु वित्तिय क्षेत्रको पहुँच भन्दा टाडा रहेका छन् त्यस क्षेत्रमा स–सानो बचत संकलन गरी आफ्नो गर्जो टार्नु पर्नेमा बैंकहरु शहर केन्द्रीत भई ठुलो कारोवार गर्ने सहकारी संस्थाहरु नै धेरै समस्यामा परेका छन् ।

१.३ वार्षिक साधारण सभा तथा नीति निर्माण प्रकृयामा चासो नराख्नु: वार्षिकरुपमा सहकारी संस्थाले सम्पूर्ण सदस्यहरु उपस्थित गराई संस्थाको सम्पूर्ण कारोवारको वारेमा जानकारी दिनुको साथै संस्थाले निर्माण गर्ने नीति नियम तथा संस्थाले गर्ने भावी कार्यक्रमहरु माथी सदस्यहरुको राय सुझाव लिई साधारण सभा सम्पन्न गर्नु पर्नेमा राजनीतिक तथा सामाजिक प्रभावमा सदस्यहरुलाई साधारण सभाको गणपुरक संख्या पुराउन भत्ताको होडवाजी चलाई दस्तखत गराउने, विभिन्न अतिथिहरु साधारण सभामा उपस्थित गराई संचालकहरुको गुणगान गराउने र अन्तमा साधारण सभाको औपचारिकता प्रदान गरी सचालकहरुले चाहे बमोजिमको निर्णय प्रमाणित गराई संस्था आफू खुसी संचालन गर्ने र सहकारीका सदस्यहरुले संस्था प्रति कुनै निगरानी र चासो नराख्नुको कारण सहकारी संस्था समस्यामा परेका छन् ।

१.४ बचत फिर्ता, कोषको व्यवस्थापन तथा कार्ययोजना बनाउन नसक्नु: सहकारी संस्थामा बचत रकम वृद्धि गर्न संचालक समितिले विभिन्न आकर्षक योजना सहित बचतमा विविधीकरण गरी बचत रकम संकलन गर्ने तर उक्त योजना अनुरुप बचत फिर्ता कार्यविधी तथा कार्ययोजना बनाउनु पर्नेमा सदस्यहरु निश्चित समय पश्चात एकै पटक बचत फिर्ता माग गर्दा तरलता व्यवस्थापन हुन सक्दैन । संस्थामा संकलित बचत रकम कुन कुन समयमा कति कति रकम फिर्ता गर्नु पर्ने हुन्छ र सदस्यहरुलाई लगानी गरेको रकम कहिलेसम्म कति अशुली हुन सक्दछ आदी कुराको व्यवस्थापन गर्न नसक्दा खराव नियत नभएका सहकारी संस्थाहरु पनि समस्यामा पर्ने गरेका छन् ।

१.५ संचालकहरुले ठूलो परिमाणको ऋण गैरकानूनी ढंगबाट लगानी गर्नु: सहकारी संस्थाका संचालक समिति तथा एकाघरका सदस्य तथा आफन्तहरुलाई गैरकानूनी ढंगवाट ऋण सुरक्षण विना ठूलो परिमाणमा ऋण लगानी गरी घरजग्गा, शेयर बजार लगायतका क्षेत्रमा ऋण लगानी गर्ने गरेको र घरजग्गा तथा शेयर बजार आदि क्षेत्रमा लगानी गरेको रकम नोक्सानी हुँदा त्यसको प्रत्यक्ष असरको कारण सहकारी संस्था समस्यामा परेका छन् ।

१.६ कोभिड-१९ र रुस युक्रेन युद्ध र विश्वभर देखिएको आर्थिक मन्दी: नेपालमा दुई दशकयता वास्तविक आर्थिक वृद्धिको दाँजोमा कर्जा प्रवाह दर उच्च भईरहेको कारण जोखिमपूर्ण बनेको अर्थतन्त्र मा एकपति अर्को आएका कोभिड १९ र रसिया युक्रेन युद्ध जस्ता वाह्य प्रभावको कारण सरकारले ल्याएको वित्तीय तथा मौद्रिक नीतिहरुले आर्थिक गतिविधीहरुमा ब्रेक लाग्नाले अर्थतन्त्रमा शिथिलता ल्याएको छ।अर्थतन्त्र गतिहिन हुनाले गैर उत्पादनशील क्षेत्रमा लगानी गरेको सहकारीको बचत रकमा फिर्ता गर्न नसक्ने अवस्था सिर्जना हुनाले सहकारी संस्थाहरु समस्यामा परेका छन् ।

१.७ सहकारी संस्था स्विकृत कार्यक्षेत्र भन्दा बाहिर गएर कारोवार गर्नु: सहकारी संस्था दर्ता गर्दा स्विकृत कार्यक्षेत्र भित्रका सदस्यहरु बिच पारस्परिक सहयोगको भावनाले संस्था संचालन गर्नु पर्नेमा स्विकृत कार्यक्षेत्र भन्दा बाहिरका सदस्यहरुसंग बचत संकलन गर्ने, धितोमा ठूला कारोबारी ऋण लगानी आदि कार्यगर्ने सहकारी संस्थाहरु समस्यामा परेका छन् ।

१.८ संचालकरु स्वयम् सेवा भावनाले काम गर्न नसक्नु तथा आर्थिक प्रलोभनमा पर्नु: कुनै पनि सहकारी संस्थाका संचालकहरु स्वयम् सेवी भावनाले संस्था संचालन गर्नु पर्नेमा संचालक समिति राजनैतिक संरक्षण भएका तथा योग्यता र व्यवसायिकता नभएका सीमित व्यक्तिहरु आर्थिक प्रलोभनमा पर्नाले सहकारी संस्थाहरु समस्यामा परेका छन् ।

१.९ सहकारी नियमनको लागि छुट्टै स्वायत्त निकाय नहुनु: सहकारी संस्था स्वनियमकारी संस्था भएता पनि सहकारी संस्थाका सदस्यहरुले आफूले जम्मा गरेको बचत संचालक समितिले कहाँ, कुन क्षेत्रमा लगानी भएको छ ? आदि विषयमा नियमन गर्न नसक्ने तथा राजनैतिक पहुँचको आधारमा निर्वाचित संचालक समिति स्थानिय क्षेत्रमा पारेको प्रभावको कारण सदस्यहरु केही वोल्न नसक्नु र नेपाल सरकारवाट सहकारी संस्था अनुगमन तथा नियमनको लागि छुट्टै स्वायत्त संस्था गठन गरी संचालन नगर्नु, सहकारी विभागमा प्रयाप्त तथा दक्ष जनशक्तिको अभाव हुनु तथा रु ५० करोड भन्दा बढीको कारोवार गर्ने सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको समन्वयमा अनुगमन तथा नियमन गर्ने व्यवस्था भएता पनि कार्यान्वयन गर्न नियमनकारी राजनैतिक प्रभावमा परि, काम गर्न नसक्दा सहकारी संस्थाहरुमा समस्या देखा परेका छन् ।

१.१० लेखा सुपरिवेक्षण समिति प्रभावकारी नहुनु: सहकारी संस्थाको आन्तरिक लेखासुपरिवेक्षण समिति नाम मात्रको गठन गर्ने र उक्त समिति सधै निष्क्रिय रहने, सहकारी संस्थाको वित्तीय स्वस्थताको जाँच, तरलता जोखिम विश्लेषण, पूँजीको अनुपातमा ऋण लगानी आदि विषयमा दक्ष एवम् सक्रिय लेखा सुपरिवेक्षण समिति नहुँदा सहकारी संस्थाको वित्तीय असन्तुलन हुँदा सहकारी संस्थाहरुमा समस्या देखा परेका छन्

१.११ बैङकिङ्ग क्षेत्र जस्तो नागरिकलाई निक्षेप आकर्षित गर्नु: सहकारी संस्थामा ठुलो रकमा भित्र्याउन विभिन्न योजना सहित बचत रकमको लागत खर्च र ऋण लगानीवाट हुने आम्दानीको स्पष्ट आधार विना प्रतिस्पर्धाको नाममा व्याजदर निर्धारण गरी सदस्यहरुलाई आकर्षित गरी बचत संकलन गर्ने स संकलित बचत रकम गैर कानूनी ढंगवाट संचालकहरुले विभिन्न व्यवसायमा लगानी गर्ने सहकारी संस्थाहरुमा समस्या देखा परेका छन् ।

१.१२ प्रयाप्त सुरक्षण विना ऋण लगानी गर्नु: सहकारी संस्थावाट ऋण लगानी गर्दा विना सुरक्षण ऋण लगानी गर्ने तथा सुरक्षणको नाममा कमसल धितो लिने वा प्रयाप्त धितो सुरक्षण नलिई ऋण लगानी गर्ने सहकारी संस्थाहरुमा असुली समस्या देखा परेका छन् ।

१.१३ सदस्यहरुलाई लगानी गरेको ऋण समयमै अशुल गर्न नसकी व्याज पूँजीकरण गर्दै जानु: सहकारी संस्थाले सदस्यहरुलाई ऋण लगानी गर्नु पूर्व ऋणीले ऋण तिर्न सक्ने सामथ्र्यको अनुसन्धान नगरि अन्धाधुन्द लगानी गरेको ऋण समयमै भुक्तानी गर्न नसक्ने सदस्यहरुलाई भाखा नाघेको ऋण कम गर्न पाकेको व्याज समेत पूँजीकरण गरी नयाँ लगानी गरेको अशल ऋण देखाउने अभ्यास गर्ने सहकारी संस्थाहरुमा ऋणीले शुरुमा लिएको ऋण भन्दा छोटो अवधिमा दुई तिन गुणा ऋण वृद्धि हुनाले संस्थामा भाखा नाघेको ऋण बढ्न जाने र भाखा नाघेको ऋणको अनुपातमा ऋण सुरक्षणको कोषको व्यवस्था गर्न नसक्ने अवस्थामा पुगेका सहकारी संस्थाहरुमा समस्या देखा परेका छन् ।

१.१४ पाकेको व्याज तर नगद आम्दानी नभएको व्याज आम्दानी बाँधी लाभांश वितरण गर्नु: सहकारी संस्थामा सदस्यहरुलाई खुसी पार्न तथा अन्य सहकारी संस्था भन्दा अव्वल देखाउन पाकेको व्याज तर नगद आम्दानी नभएको व्याजलाई सिधै आम्दानीमा देखाउने र सोही आम्दानीको आधारमा सदस्यहरुलाई लाभांश वितरण गर्ने प्रतिस्पर्धाले गर्दा सहकारी संस्थाहरुमा समस्या देखा पर्न थालेका छन् ।

१.१५ सहकारीले अनुत्पादक क्षेत्रमा ऋण लगानी गर्नु: सहकारी संस्थाले सदस्यहरुको आय आर्जन हुने क्षेत्रमा सुरक्षित ढंगवाट ऋण लगानी गर्नु पर्नेमा अनुत्पादक क्षेत्रमा अधिक ऋण लगानी गर्दा समयमै सदस्यले ऋण भुक्तानी गर्न नसक्दा सदस्यहरुको बचत जोखिममा पर्दछ भने संस्थामा भाखा नाघेको ऋणको प्रतिशत अधिक हुन जाने र सदस्यको बचत फिर्ता गर्न नसक्ने जोखिम बढ्दछ । जुन जुन सहकारी संस्थामा अनुत्पादक क्षेत्रमा धेरै लगानी भएको छ ती सहकारी संस्थाहरुमा समस्या देखा पर्न थालेका छन् ।

१.१६ संचालक हुन न्युनतम मापदण्ड नहुनु र दक्ष कर्मचारीको अभाव हुनु: संस्थामा निर्वाचित हुने संचालक समिति र लेखा सुपरिवेक्षण समितिको न्यूनतम योग्यता निर्धारण नहुँदा सहकारी संचालन सम्वन्धि आधारभुत व्यवसायिकता र तालिमको कमी देखिन्छ , जसको कारण सहकारीको मूल्य, मान्यता र सहकारी सिद्धान्त अनुसार संस्था संचालन हुन सक्दैन भने उक्त संस्थामा कार्यरत दक्ष कर्मचारीको अभावमा आधुनिक तथा प्रविधियुक्त सदस्यहरुको चाहना बमोजिम सेवा दिन नसक्ने सहकारी संस्थाहरुमा समस्या देखा परेका छन् ।

१.१७ एक व्यक्ति धेरै सहकारी संस्थाको सदस्य बन्नु: सहकारी संस्थाका सदस्यहरुमा एउटा सहकारीवाट लिएको ऋण उपभोग्य तथा अनुत्पादक खर्चका लागि प्रयोग गर्ने र उक्त संस्थाको किस्ता भुक्तानी गर्न अर्को सहकारी संस्थावाट ऋण लिने प्रवृत्ति मौलाउदै जानाले ऋणी तथा सहकारी संस्थाहरुमा समस्या देखा पर्ने गरेको छ ।

१.१८ शेयर सदस्य र कारोवारी सदस्य भनि सहकारीले विभेद गर्नु: आर्थिक लाभ लिने उद्देश्यका साथ स्थापना भएका सहकारी संस्थाका सिमित व्यक्तिहरुले शेयर सदस्य र कारोवारी सदस्य गरी विभेद गर्ने र सहकारी संस्थाको मुनाफा शेयर सदस्यहरुले मात्र लिने र बचत तथा ऋणको कारोवार गर्दा महंगो व्याजदरमा कारोवारी सदस्य भनि ऋण लगानी गर्ने सहकारी संस्थाहरुमा समस्या देखा परेको छ ।

१.१९ सदस्यको बचत रकमले सहकारीको भवन निर्माण: सहकारी संस्थालाई अत्यावश्यक पर्ने फर्निचर, उपकरण, मेशिनरी औजार आदि सम्पत्ति समान संस्थाको जगेडा कोषमा जम्मा भएको रकमको ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालक समितिको निर्णय अनुसार खरिद गर्न सकिन्छ तर बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले वाह्य रुपमा सदस्यहरुलाई प्रभाव पार्न ठुलो आकर्षक बैंक जस्तो देखाउन सदस्यहरुवाट संकलित बचत रकम प्रयोग गरेका सहकारी संस्थाहरुमा समेत समस्या देखा पर्न थालेको छ ।

१.२० ऋण सुरक्षण कोषको व्यवस्था नगर्नु: बचत तथा ऋणको कारोवार गर्ने संस्थाले लगानी गरेको ऋणको अवस्था अनुसार अनिवार्यरुपमा ऋण सुरक्षण कोषमा (भाखा नाघेको ऋणको आधारमा) खर्च लेखी छुट्टाएर मात्र नाफा नोक्सानको हिसाव गर्नु पर्नेमा ऋण सुरक्षण कोषमा लैजानु पर्ने रकम नछुट्टाई बढी

आम्दानी र धेरै शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष बाँड्ने होडवाजीमा लागेका सहकारी संस्थामा समस्याहरु देखा पर्न थालेका छन् ।

२. नीतिगत समस्याहरु

१. सहकारी संस्था दर्ता गर्नुको वखत व्यवसायिकताको सम्भाव्यता विश्लेषण नहुनु,
२. पटक पटक नेपाल सरकारले सहकारीमा देखिएका समस्या समाधानको लागि गठित छानविन आयोगले उठाएका नीतिगत समस्या परिमार्जन नहुनु
३. बचत तथा ऋण सहकारी संस्थाहरुको लागि छुट्टै ऐनको व्यवस्था नहुनु र सवै प्रकृतिका सहकारी संस्थाहरुलाई एउटै कानूनले निर्देशित गर्नु,
४. मिति २०८० माघ २४ मा पारित सम्पत्ति शुद्धीकरण ऐनमा पनि सहकारी ऐनलाई थप कमजोर बनाउनु,
५. सहकारी संस्थाको कार्यक्षेत्र विस्तार तथा देशैभरी सेवाकेन्द्र खोल्न पाउने व्यवस्था हुनु,
६. सहकारीको कार्यक्षेत्र भित्र स्थायी बासिन्दा मात्र सदस्य हुन पाउनु पर्नेमा कार्यक्षेत्रमा बसोवास गर्ने वा व्यापार व्यवसाय गर्न पाउने व्यक्ति पनि सदस्य हुन पाउनु ,
७. सहकारी ऐन २०७४ को दफा ८२ मा व्यवस्था भए बमोजिम कर्जा अशुलि न्यायधिकरण गठन नहुनु,
८. सहकारी सम्वन्धी मुद्दामा प्रायः मुलुकी अपराध संहिता २०७४ बमोजिम ठगी मुद्दा दायर गर्ने अभ्यास भएकोले सहकारी सम्वन्धि विशेष ऐनद्वारा छुट्टै कसुर मानी सजाय गर्ने व्यवस्था नहुनु,
९. ग्रामिणमुखी सहकारी नीतिको अभावले गर्दा सहकारी संस्थाहरु शहर केन्द्रीत तथा प्रेरित हुनु।

३. समस्या समाधानका लागि अवलम्बन गर्नु पर्ने उपायहरु

३.१ सहकारी ऐन, २०७४को दफा ८२ मा व्यवस्था भए बमोजिम कर्जा अशुलि न्यायधिकरण गठन गर्ने,
३.२ सहकारी संस्थाहरुको वित्तिय कारोवारको जोखिम न्यूनिकरण गर्न कर्जा सूचना केन्द्र र ऋण सुरक्षण कोषको अनिवार्य व्यवस्था गर्नु पर्ने,
३.३ आन्तरिक लेखापरिक्षण अनिवार्य प्रभावकारी बनाउनु पर्ने,
३.४ सहकारी संस्थाहरु अनिवार्य रुपमा कोपोमिस प्रणालिमा अध्यावधिक गर्नु पर्ने,
३.५ सहकारी संस्थाको वार्षिक लेखापरिक्षण गर्न सहकारी विभागबाट सूचिकृत लेखापरिक्षक मध्येवाट गराउनु पर्ने,
३.६ संचालक समिति तथा उच्च व्यवस्थापनमा रहेका कर्मचारी र उनका एकाघरका परिवार भित्र ऋण लगानी गर्न नपाउने नीतिगत व्यवस्था गर्नु पर्ने,
३.७ PEARLS सूचांकको आधारमा सहकारी संस्था अनिवार्य संचालन गर्नु पर्ने नीतिगत व्यवस्था गर्नु पर्ने,
३.८ सहकारी संस्थावाट ऋण लिई भुक्तानी नगर्ने गलत मनाशाय भएका सदस्यहरुलाई स्थानीय, प्रदेश र संघीय सरकारवाट सिफारिस लगायतका सेवासुविधा, निर्वाचन लगायतका राजनैतिक रुपमा नियुक्ति हुन नपाउने व्यवस्था गर्ने,
३.९ सहकारी संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा एकरुपता ल्याउन सूचिकृत सफ्टवेयर मात्र प्रयोग गराउने,
३.१० विद्यालय तथा विश्वविद्यालय तहका पाठ्यक्रममा सहकारी विषयलाई समावेश गराउनु पर्ने,
३.११ सहकारी संस्थाको नियमित अनुगमन र निरिक्षणको लागि स्वायत्त नियामक निकायको व्यवस्था गर्नु पर्ने,

३.१२ बचत तथा ऋण सहकारी संस्था दर्ता प्रकृया हाललाई स्थानिय तह भित्र सीमित गर्ने,

३.१३ बैंक तथा सहकारीको पहुँच पुग्न नसकेको स्थानमा मात्र सघन विश्लेषण गरेर मात्र दर्ता गर्नु पर्ने,

३.१४ सहकारी संस्थाको कार्यक्षेत्र तथा सेवाकेन्द्र वा संजाल विस्तारमा रोक लगाउनु पर्ने,

३.१५ समस्याग्रस्त उन्मुख देखिएका सहकारी संस्थाका संचालक र व्यवस्थापन प्रमुखहरुको बैंक खाता, अचल सम्पत्ती र राहदानी रोक्का गर्नु पर्ने,

३.१६ तरलताको समस्यामा परेका सहकारी संस्थाहरु पहिचान गरी राष्ट्रिय सहकारी बैंक तथा अन्य निकायवाट सहुलियत पूर्ण व्याजदरमा ऋण उपलव्ध गराउनु पर्ने,

३.१७ पचास करोड भन्दा बढीको कारोवार गर्ने सहकारी संस्थाको निरिक्षण तथा हिसाब किताब जाँच गर्न नेपाल राष्ट्र बैंकको समन्वयमा छुट्टै निरिक्षणको व्यवस्था मिलाउने,

३.१८ सहकारीको मूल्य, मान्यता र सिद्धान्त विपरित काम गर्ने संस्थालाई कारवाही गर्ने,

३.१९ सहकारी संस्थाको वित्तीय जोखिम न्यूनिकरणको लागि स्थानीय तहमा कर्जा सूचना केन्द्र स्थापना गर्नु पर्ने,

३.२० वार्षिक लेखापरिक्षण प्रभावकारी बनाउने तथा समय समयमा सहकारी मापदण्ड तयार गरी कार्यान्वयनको तहमा जानु पर्ने,

३.२१ सहकारी संस्थामा कार्यारत कर्मचारीहरु तथा संचालकहरुको क्षमता अभिवृद्धिको लागि समय समयमा तालिम गोष्ठीको आयोजना गर्नु पर्ने,

३.२२ एक आपसमा बाझिएका सहकारी ऐन नियम र कार्यविधीहरु संशोधनको लागि यथा शिघ्र पहल कदमी चाल्नु पर्ने,

३.२३ असल कारोवार गर्ने सहकारी संस्थालाई पुरस्कृत र खराब नियतले संचालन गरेका वा नियमको वर्खिलाप संचालन भएका सहकारी संस्थालाई दण्ड जरिवाना गर्नु पर्ने,

३.२४ समस्या ग्रस्त उन्मुख सहकारीहरु समयमै पहिचान गरी सदस्यहरुको बचत सुरक्षणको लागि आवश्यक प्रकृया शुरु गर्नु पर्ने,

३.२५ सहकारीका छाता संगठनहरुलाई हटाउनु पर्ने,

३.२६ सहकारी संस्थाको संस्थागत स्वस्थता सुनिश्चित गर्दै दिगो र गुणस्तरीय सेवा प्रवाहका लागि स्तरिकरण वा विषयगत वर्गिकरण कार्यक्रम संचालन गर्नु पर्ने,

३.२७ दोहोरो सदस्यता लिएका सदस्यहरुको लागि कडाईको साथ एउटा सहकारीमा मात्र सदस्य बन्न पाउने नीति लागू गराउने।

सहकारी र लघुवित्त संस्थाहरूको समस्या समाधानका नीतिगत उपाय र योजना

राष्ट्रिय स्वतन्त्र पार्टी

अर्थ नीति विभाग

माघ २०८०

विषय सूची

पेज नं.

भूमिका ——— i

कार्यकारी सारांश ——— १

१. पृष्ठभूमि ——— ५

२. समस्याका प्रमुख कारणहरु ——— ६

२.१ आर्थिक धक्का ——— ६

२.२ संस्थागत कुशासनको राजनीतिक संरक्षण ——— ७

२.३ नियमनको अभाव ——— १०

३. समाधानका उपाय ——— ११

३.१ सरकारले तत्काल गर्नुपर्ने हस्तक्षेप ——— ११

३.२ आवश्यक कानून तथा नीति निर्माण ——— १२

३.३ नयाँ नियमनकारी संयन्त्र ——— १३

३.४ प्रविधिको प्रयोग गरी केन्द्रिकृत डाटाबेस ——— १३

३.५ सुशासनका लागि क्षमता अभिवृद्धि तथा वित्तीय शिक्षा ——— १४

सामूहिकताको पुनर्जागरण ——— १५

मुख्य सन्दर्भ सामग्रीहरु ——— १६

भूमिका

नेपालका सहकारी तथा लघुवित्त क्षेत्रमा वर्षौंदेखि विद्यमान समस्याहरु पछिल्लो समयमा झनै विकराल बन्दै गएको तथ्यलाई मनन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीको २०८० मंसिरमा सम्पन्न जलेश्वर बैठकले अर्थ नीति विभाग प्रमुखको रुपमा मेरो संयोजकत्वमा अध्ययन सम्पन्न गरी समाधानका उपायहरु सिफारिस गर्ने जिम्मेवारी दिए अनुरुप यस प्रतिवेदन तयार गरिएको हो ।

प्राप्त कार्यादेश अनुसार रास्वपाको अर्थ नीति विभागका सदस्यहरु रहने गरी बनेको समितिले प्राविधिक तथा तथ्यगत विश्लेषण, विभिन्न संचार माध्यममा आएका समाचारहरुको संश्लेषण, स्थलगत भ्रमण, अन्तर्वार्ता तथा २०७९ चैतमा डा. प्रकाश कुमार श्रेष्ठको संयोजकत्वमा गठित लघुवित्त वित्तीय संस्थाहरुका समस्या र समाधान सम्बन्धी प्रतिवेदन र २०८० वैशाखमा डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को प्रतिवेदन, सहकारी ऐन २०७४ को विश्लेषण गरेको थियो । साथै समितिले विषयगत विज्ञहरुसंग परामर्श गरी क्षेत्रीय तथा विश्वव्यापी उत्तम अभ्यासहरुलाई पनि अध्ययन गरी प्रतिवेदनमा समेटेको छ ।

यस प्रतिवेदनले सहकारी तथा लघुवित्त क्षेत्रका समस्याको समाधान गरी पीडितहरुलाई छिटो भन्दा छिटो न्याय दिलाउनको लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रुपमा चाल्नुपर्ने राजनैतिक, कानूनी, प्राविधिक तथा संस्थागत उपायहरु प्रस्तुत गरेको छ । सहकारी तथा लघुवित्त संस्थाहरुको समस्या सधैंको लागि समाधानार्थ रास्वपाको आधिकारिक धारणालाई थप प्रष्ट पार्न यस अध्ययनले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु । साथै यस प्रतिवेदनमा सम्मिलित सुझावहरुलाई राष्ट्रिय स्वतन्त्र पार्टीले पूर्ण रुपमा आत्मसात गरी बचतकर्ता तथा सहकारी लघुवित्त पीडितहरुको समस्या समाधान गर्नको लागि सदन र सडकमा जोडदार रुपमा प्रस्तुत गर्नेछ ।

यस प्रतिवेदन तयार पार्नको लागि अहोरात्र खटिनु भएका रास्वपाको अर्थ नीति विभागका सदस्य सुशील खड्का र विकास योजना तथा नीति तर्जुमा विभागका सदस्य शिलशिला आचार्यलाई विशेष धन्यवाद दिन चाहन्छु । अर्थ नीति विभागका सदस्य सीर्जना के.सी., भोजन अर्याल र सुरेश कर्णप्रति पनि आभारी छु । साथै अर्थ नीति विभागको अनुरोधमा आफ्नो अमूल्य समय दिई सहकारीसंग जोडिएका महत्वपूर्ण व्यावहारिक पक्षहरु प्रकाश पारिदिनुहुने रास्वपा प्रवास विभागका सदस्य पदमराज पन्थी, सहकारी विद् ज्ञानेन्द्र पौडेल लगायत किरण बर्तौला तथा तोयानाथ अधिकारी, राष्ट्र बैंकका पूर्व संचालक रामजी रेग्मी, कानूनी पक्षका प्राविधिक सुझावहरु सिफारिस गर्नुहुने अधिवक्ताद्वय हार्दिक सुवेदी र रविन शर्मा, ईन्फोग्राफिक्स बनाउनुहुने सुशील खनाल, तथा प्रतिवेदनको 'पियर समीक्षा' गरी सुझाव प्रदान गर्नुहुने अर्थविद् नरबहादुर थापा, पूर्वन्यायाधीश गौरीबहादुर कार्की र पूर्वसचिव कृष्ण ज्ञवालीप्रति कृतज्ञ छौं ।

नेपालको अर्थतन्त्रको महत्वपूर्ण खम्बा ७३.८ लाख जनता सदस्य रहेको र ४.८ खर्ब बचत परिचालन गर्ने सहकारी क्षेत्र, २३.१ लाख ऋणीहरु रहेको र ४.४ खर्ब कर्जा परिचालन गर्ने लघुवित्त क्षेत्रमा व्याप्त समस्याहरुको प्रभावकारी समाधान गरी पीडित जनतालाई राहत प्रदान गर्ने दिशातर्फ अगाडि बढ्नको लागि यो प्रतिवेदन कोशेढुंगा सावित हुनेछ भन्नेमा म आशावादी छु ।

डा. स्वर्णिम वाग्ले
उपसभापति तथा प्रमुख, अर्थ नीति विभाग
राष्ट्रिय स्वतन्त्र पार्टी

कार्यकारी सारांश

१ विगत दुई दशकयता नेपालमा उच्च दरमा कर्जा प्रवाह भइरहेका कारण जोखिमपूर्ण बन्दै गईरहेको अर्थतन्त्रमा एकपछि अर्को गर्दै आएका कोभिड- १९, रसिया-युक्रेन युद्ध जस्ता विश्वव्यापी विषम परिस्थितिहरु र यस्ता आकस्मिक परिस्थितिहरुसंग जुध्न सरकारले ल्याएको वित्तीय नीति र राष्ट्र बैंकले ल्याएका मौद्रिक नीतिहरुको कारणले आर्थिक गतिविधिहरुमा सुस्तता आउनु, ऋण लगानी मन्द हुनु, कित्ताकाट रोकिंदा घरजग्गाको कारोबार ठप्प हुनु जस्ता आन्तरिक प्रतिकुलताले अर्थतन्त्रमा शिथिलता छाएको छ । साधारण बचतकर्ताहरुको खर्बौं रुपैयाँ परिचालन गर्ने सहकारी क्षेत्र समस्याग्रस्त हुँदा प्रणालीगत जोखिम (systemic risk) बढ्न गई समग्र अर्थतन्त्रलाई नै धराशायी बनाउने खतरा बढेको छ ।

